उत्सः- उत्-सः । सा.पू.प.पृ.१४७, उत्सः । ऋ. ८ । ६१ । ६ (७अ.)

उपसर्गादिः (अ.सू.८)

निर्वचनम्- नि. १०।४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्सरणाद्, उत्सदनात्, उत्स्यन्दनाद्, उद् ऊर्ध्वं सरति गच्छति अन्तरिक्षे। ऊर्ध्वं सदति। उनत्ति क्लेदयतीति उत्सो मेघवाचकः। सोपसर्गकशब्दनिर्वचनमस्य विहितं यास्केन सकाररूपसामान्यादर्थप्राधान्येन च।

१९. वाताप्यायः-

वाताप्याय-वात-आप्याय। सा.पू.प.पृ. ९९।

वाताप्याय। ऋ. १०।१०५।१। विभागे च (अ.सू.२)

यत्र पदविभागे सति पञ्चाक्षराणि जायन्ते, तानि पदान्यवगृह्यन्ते। निर्वचनम्-

वाताप्यमुदकं भवति, वात एतद् आप्यायति। वायुरेतज्जलमाप्यायति शीतलं करोति। नि. ६।४। अथवा वायुः पानीयं वर्द्धयति। दुरुहार्थशब्दनिर्वचनक्रमे शब्दोऽयं परिगणितः। अनवगतमर्थं गमयति सारल्येन पदपाठः सामवेदीयः। अत्र सामपदपाठमनुसृत्य निरुक्तं पदमिति सामपदपाठसिद्धान्तैः प्रभाविता यास्कीयनिर्वचनसिद्धान्ताः सन्तीति निश्चप्रचं ज्ञायते। नारदीयशिक्षायामवग्रहसूत्रे च परिगणिता ऋक्सामवेदयोश्च पठिताः शतक्रतो-वृत्रहा-जातवेदः गोपतिसत्पति शब्दाः उभयत्र सावग्रहाः समुपलभ्यन्ते। निर्वचनेऽपि तादृशः पदविभागोऽनुसृतो दृश्यते। अनेनापि प्रभावितो यास्कः इति प्रतिफलति।

बाह्वृच्यपदकारेण शाकल्येन कृतं **वाय** इति शब्दस्य पदपाठं **वेति च य इति चकार शाकल्य** इत्यादिना समुद्धृत्य **वने इव वायोः वेः पुत्रश्चायन्** इत्यत्र वेः (पक्षिणः) पुत्रः वाय इति पक्षिशावकोऽर्थो निरुक्तो यास्केन (नि.६.५, पदसंख्या ११४) न तु पदविभाजनानुरूपं निर्वचनं कृतम् एवं सामपदपाठानां प्रभावो यास्कीयनिर्वचनेषु हस्तामलकवद् दृश्यते। अथापीदमन्तरेण पदविभागो न विद्यते इति यास्कीयपदविभागगतसिद्धान्तश्चार्थानुरूपो मन्त्राणां पदविभागो भवतीत्याचष्टे (नि.१.६)। यास्केन पदविभागस्योदाहरणत्वेन प्रस्तुतम् ऋक्सामगतम् **'अवसाय पद्वते रुद्र मृड'** अवसायाश्वान् इत्यनयोर्मन्त्रयोः समुदितं **'अवसाय'** इति पदं क्रमेण पथ्यदन (अन्न) विमोचनार्थबोधकमस्ति। एवं यास्कीयनिर्वचनप्रकारः सामपदपाठादप्यभिन्नोऽस्तीति ज्ञायते।

तदेवमत्र प्रस्तुतं पदविभागानुरूपं निर्वचनं तत्र तत्र ताण्ड्यादिब्राह्मणग्रन्थेषु विद्यत एव। ब्राह्मणोक्तानां तेषां तेषां निर्वचनानामनुसरणं सामपदपाठकारेण गार्ग्येण नियतरूपेण कृतं भवत्येवेति धिया ब्राह्मणोक्तं निर्वचनं नोल्लिखितं मया। परं ब्राह्मणग्रन्थान् साक्षात्कृतवता गार्ग्येण विहितं पदपाठमनुसृत्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवर्तितोऽहं प्रकृतविषयनिबन्धनाय। किञ्च सामपदपाठे विभक्तानां तेषां तेषां पदानां निर्वचनं यास्केन कथं संपादितमिति समीक्षणे मया प्रयतितम्। अथ च सामपदकारेण विभक्तानां सतामपि बाह्वृच्यपदकारेणाविभक्तानां पञ्चदशाधिकपदानामनुशीलनेन निष्कर्षोऽयञ्जायते यद् यास्कीयनिर्वचनग्रन्थे विकल्परूपेण प्रस्तुतेषु निर्वचनप्रकारेषु सामपदपाठसिद्धान्तानां बहुशः प्रभावोऽस्तीति। अथ च पूर्वोद्धृतानां तत्समानानाञ्च पदानां निर्वचनं सामपदपाठमनुसृत्य अर्थनित्यतया व्यधायीति प्रतिफलति। यतः स्वकीयनिर्वचने शाकल्यकृतं 'वाय' इत्यस्य पदपाठं नैवानुसरते यास्कः परं सामवेदीयानामृक्स्तोभपदानां पदपाठानुरूपमर्थं निर्वूते। किञ्च निर्वचनप्रसङ्गे शब्दार्थनिरूणार्थमुदाहृतान् बहून् ऋग्मन्त्रान् विषयीकृत्य यास्कप्रणीतं निरुक्तमृग्वेदीयमिति निगदतां पूर्वपक्षिणां मुखपिधानमप्यनेन विश्लेषणेन जायते। सिद्ध्यति चैवमृग्वेदीयपदपाठादधिकं सामवेदपदपाठानामुपरि यास्कस्य दृष्टिरासीदिति। एवञ्च कदाचिद् यास्कः स्वयमपि सामवेदी स्यादित्युत्प्रेक्षा च सामयिकी प्रतीयत इति दिक्।

सन्दर्भग्रन्थाः

१. **निरुक्तम्** शास्त्री, छज्जूराम-देवशर्मकृतटीकया दुर्गाचार्यटीकया विभूषितम्, मेहरचन्दलछमनदासपब्लिकेशन्स सन् १९९३ तमे, १ अन्सारीरोड, दरियागञ्ज, नईदिल्ली ११०००२ तः प्रकाशितम्।

२. **निरुक्तम्,** दुर्गाचार्यटीकायुतम्,

३. **ऊहोह्यगानभूमिका**, ए. एम्. रामनाथदीक्षितसम्पादिता, काशीहिन्दुविश्वविद्यालयवाराणसीतः संवत् २०२३ तमे प्रकाशिता।

४. **अवग्रहसूत्रम्,** सामवेदपूर्वार्चिकः पदपाठश्चेति पुस्तके पश्चात्समाविष्टम्, श्रुतिस्मृतिपुराणप्रकाशनसमितिमद्रप्रदेशमुद्रापितम् (१९७८तमे) मा. रामनाथदीक्षितसंपादितम्।

५. **सामवेदपूवार्चिकः पदपाठश्च,** श्रुतिस्मृतिपुराणप्रकाशनसमितिमुद्रापितम् (१९७८ तमे) मा. रामनाथदीक्षितसंपादितम्।

६. **सामवेदीयउत्तरार्चिकः पदपाठश्च,** श्रुतिस्मृतिपुराणप्रकाशनसमितिमुद्रापितः (१९८२ तमे) मा. रामनाथदीक्षितसंपादितः।

७. **ऋग्वेदसंहिता,** नाग पब्लिसर्स ११ ए.डू. ए.जवाहरनगर दिल्लीतः सन् २००४ तमे प्रकाशितम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. **नारदीय शिक्षा,** भट्ट शोभाकरकृतविवरणटीकायुता, उपा आर्. विसे अनुदिता, भण्डारकरओरियण्टल रिसर्च इन्स्टिच्युट पुनातः १९८६ तमे सम्पादिता ।

९. **सामवेदसंहिता,** सायणभाष्योपेता, रामस्वरूप शर्मगौडसम्पादिता, चौखम्वाविद्याभवनवाराणसीतः १९९४ तमे खिष्टाब्दे प्रकाशिता ।

१०. **निघण्टुः,** शास्त्री, छज्जूराम-देवशर्मकृतटीकया दुर्गाचार्यटीकया विभूषितः, मेहरचन्दलछमनदासपब्लिकेशन्स सन् १९९३ तमे, १ अन्सारीरोड, दरियागञ्ज, नईदिल्ली ११०००२ तः प्रकाशितः ।

११. **अथर्ववेदसंहिता,** सायणभाष्योपेता, पाण्डुरङ्गसुनूना शंकरेण संशोधिता निर्णयसागरमुद्रणालये मुद्रिता १९९८ तमे ईशवीये प्रकाशिता ।

१२. **स्तोभभाष्यम् – अक्षरतन्त्रम्,** मा. रामनाथदीक्षितेन १९८४ ईशवीये मद्रप्रदेशे सम्पादितं प्रकाशितञ्च ।

१३. **स्तोभपदपाठः,** सामवेदपूर्वार्चिकः पदपाठश्च, इत्यत्र पश्चात्सन्निविष्टः श्रुतिस्मृतिपुराणप्रकाशनसमितिमुद्रापितः (१९७८ तमे) मा. रामनाथदीक्षितसंपादितः ।

१४. **बृहदारण्यकोपनिषद् –** आनन्दाश्रसंस्कृतग्रन्थावलिः १५, पुण्याख्यपत्तनि १९०२ (सन्) तमे प्रकाशिता ।

१५. **सामसारसर्वस्वम्–** मा. रामनाथदीक्षितसम्पादितम्, १९७२ ईशवीये मद्रासनगरतः प्रकाशितम् ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्तमान नेपालको सन्दर्भमा संस्कृत र धर्म निरपेक्षता

✍ प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटा

खण्ड (क)

१. विश्वका १७२ प्रमुख राष्ट्रहरू मध्ये नेपाल पनि एक हो । यो अनादिकालदेखि स्वतन्त्र, सार्वभौम र प्रभुसत्तासम्पन्न हिन्दूराष्ट्र रहँदै आएको छ । विदेशीद्वारा अधिकार जमाएर परतन्त्र न वनाइएको राष्ट्र हो यो । नेपालमा किरातकाल, लिच्छवीकाल र मल्लकाल कुनै पनि कालमा यति ठूलो धार्मिक र राजनैतिक परिवर्तन भएको थिएन जति ठूलो २०६० को दशकमा शाहकालमा भयो, यसमा अनादिकालदेखि चल्दै आएको सनातन धर्ममा हिन्दुधर्म र राजसत्तामा समेत प्रश्न चिन्ह लाग्यो । २०६३ को नेपालको अन्तरिम संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गऱ्यो हिन्दूलाई सहयोग गर्ने व्याख्या गर्ने र चिनाउने संस्कृत भाषाको उपेक्षा भयो । द्वन्द्वकालमा वन्द गराइएका र साधारणीकृत संस्कृत विद्यालयहरूको उपेक्षा गरी द्वन्द्वोत्तर कालमा पनि ती चलाइएनन् । तल्ला कक्षामा पढाइने वैकल्पिक संस्कृतलाई पनि शिक्षा मन्त्रालयले हटायो नेपालमा संस्कृतको पनि आवश्यकता नभएको प्रमाणित गऱ्यो विना छात्रस्रोतको नेपाल संस्कृत विश्वविद्यालयवाट पनि उत्तरमध्यमा तहलाई हटाउने नीति वनाइयो । विना छात्रहरूको विश्वविद्यालय वनाएर स्वयं बन्द हुने स्थिति सिर्जना गरियो, जो नेपालमा संस्कृतभाषाको समाप्तिको सूचक हो । यसवाट गणतान्त्रिक सरकारको हिन्दूराष्ट्र र संस्कृतभाषा सम्वन्धी नियत स्पष्ट हुन्छ ।

२. संस्कृतसंग हाम्रो रगतको नाता छ । हाम्रा जन्मदेखि लिएर मरणसम्म र मरणोपरान्तका संस्कारहरू पनि संस्कृतमा नै छन् ।हाम्रा चारै वेदहरू, अठ्ठारै पुराणहरू र अन्य सम्पूर्ण संस्कृत वाङ्मयले हाम्रो संस्कृतमयतालाई हाम्रो सनातनधर्मितालाई स्पष्ट पारेका छन् । हाम्रो आयुर्वेद, योग र प्राकृतिक चिकित्सा आदि संस्कृतमा रहेका र राष्ट्रभाषा नेपाली र नेपालमा अन्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषिकाहरू संस्कृतवाट उपकृत र पोषित भएको सन्दर्भमा संस्कृतको उपेक्षा देखेर प्रश्नहरू उठ्छन्। नेपालका राष्ट्रिय भाषिकाहरू नेवार, गुरुङ, शेर्पा, मैथिली, भोजपुरी, मागधी र थारू आदि भाषाहरूको स्रोतभाषा र जननी भाषा संस्कृत होइन ? के संस्कृत भाषा रूपी नरहे ती भाषाका मूल सुक्दैन ? तिनको जल र मल समाप्त हुँदैन ? संस्कृतरूपी एक विशालवटवृक्षका हाँगाविँगा होइनन्। यी भाषिकाहरू ? संस्कृतको वटवृक्ष ढले ती ढल्दैनन् ? संस्कृत सुक्यो भने ती भाषिकाहरू सुक्दैनन्। हाम्रा विशेषताको परिचायक होइन संस्कृत ? आदि।

३. संस्कृत भाषालाई र सनातन हिन्दू धर्मलाई प्रगतिशीलताको वाधक गणतान्त्रिक सरकारले मानेको छ भने, त्यो गलत सोचाइ हो। विशाल दिल र दिमाग वनाउनु पर्दछ र वसुधैव कुटुम्वकम्को भावनाले व्यवहार गर्दछु भन्ने संस्कृत वाङ्मयले के उनीहरूकै कुरागरिरहेको छैन ?

यावत् भ्रियेत जठरं तावत्स्वत्यं हि देहिनाम्।
अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति ॥ भागवत-७।१४।८
धनिकं चाप्रदातारं दरिद्रं चातपस्विनम
द्वावम्भसि निवेष्टव्यौ गले वद्ध्वा दृढां शिलाम् ॥ -विदुरनीति

अर्थात् जतिले सामान्य मर्यादित व्यवहार चल्दछ, त्यतिमा मात्रै व्यक्तिको हक हुन्छ र त्यसभन्दा बढी थुपार्ने व्यक्ति दण्डनीय हुन्छ। सामाजिक कार्यमा अंशदान नदिने धनी र परिश्रम नगर्ने निर्धनलाई घाँटीमा ठूलो ढुङ्गो झुण्डाएर गहिरो प्रवाहमा धकेलिदिनु पर्दछ।

४. संस्कृतलाई आरोप लाग्ने गर्दछ- यो व्यवहारिक छैन, या प्रायोगिक छैन। यसमा सिद्धान्त र कल्पनाका कुरामात्र छन् भनेर। संस्कृतवाङ्मयभित्र प्रवेश नगरिकन, त्यसलाई न पढीकन त्यसको विशेषता र मर्म थाहा हुँदैन। आयुर्वेदशास्त्रको विशाल फाँट संस्कृत वाङ्मयको प्रायोगिक पक्ष हो। यो संस्कृतको स्वास्थ्यविज्ञान हो। यसको उपयोगबाट परापूर्वकाल देखि जनताले स्वास्थ्यलाभ गरेकै हुन् र हाल पनि परम्परागत उपचारको रूपमा नेपालमा चलेकै छ। योग र प्राकृतिक चिकित्सा पनि संस्कृत कै विषयवस्तु हुन्। योगर्षि रामदेव आदिले यसको उपयोगलाई पतञ्जलि-योगपीठका माध्यमले व्यापक बनाएकै छन् र अन्य चिकित्सापद्धतिबाट स्वास्थ्य हुन नसकेकाहरूलाई यसै पद्धतिले स्वस्थ बनाएका घटना प्रशस्त छन्। यसरी अध्ययन नै नगरी संस्कृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्यावहारिक भन्नु नै अव्यावहारिक हो । शत प्रतिशत व्यावहारिक पक्ष त अङ्ग्रेजी वाङ्मयमा पनि छैनन् ।

५. संस्कृत काव्य शास्त्रमा महारथी कालिदास आफ्नो रघुवंश महाकाव्यमा लेख्दछन्-

प्रजानां विनयाधानाद रक्षणाद् भरणादपि ।
स पिता पितरस्तासां केवलं जन्महेतवः ॥

अर्थात् राजा दिलीप आफ्ना प्रजाका राजा मात्र थिएनन्,उनी आफ्ना नागरिकका पिता पनि थिए, किनकि उनले आफ्ना सम्पूर्ण प्रजाको शिक्षा, रक्षा र भरणपोषणको आर्थिकभार राज्यकोषबाट नै बेहोर्ने गर्दथे । प्रजाका पिता माता त केवल जन्मदाता मात्र थिए । के यो व्यवहारिकता होइन ? यसले प्रजारञ्जन राजा या सरकारको मुख्य कर्तव्य हो भन्दैन ? सरकारको कर्तव्यको ऐतिहासिकतालाई स्पष्ट पार्दैन ?

६. वेद भन्दछ- 'समानि आकूतिः समा हृदयानि वः समानमस्तु वो मनः ।' तपाईहरूको एउटै सोचाइ विचार र निर्णय होस् सम्पूर्ण देशवासी सँगै हिँडून, एउटै कुरा बोलून् एकमना भएर काम गरून् । अर्को वेदवाक्य छ- **केवलाघो भवति केवलादी** । परिवार र समाजको उपेक्षा गरी एक्लै खाना खाने व्यक्ति पाप खान्छ आदि भनाइ संस्कृतका व्यावहारिक भनाइ हुन्- सधैं काम लाग्ने भनाइ हुन । भोजप्रबन्धमा राजा भोजको एउटा विद्वता समर्थक भनाइ छ-

विप्रोऽपि यो भवेन्मूर्खः स पुराद् बहिरस्तु मे ।
कुम्भकारोऽपि यो विद्वान् स तिष्ठतु पुरे मम ॥

अर्थात् उच्च कुलघरानाको ब्राह्मण नै भए पनि नपढेको मूर्ख छ भने, त्यसलाई मेरो राजधानीबाट बाहिर निकालीदिनु र तल्लो कुलघरानाको र पढे लेखेको विद्वान् कुमाल जातिको नै भए पनि मेरो राजधानीमा बसाइरहनु यस्तो यथार्थतावादी र प्रगतिशील संस्कृतलाई अव्यवहारिक र रूढिवादी भन्न मिल्दैन । हिन्दी भाषाका भाषा वैज्ञानिक कपिलदेव द्विवेदीले आफ्नो भाषा विज्ञानको पुस्तकमा फारसी कवि, अङ्ग्रेज कवि, हिन्दी कवि र संस्कृत, कविका भनाइहरूको तुलना गरेको पढेको थिएँ । त्यसमा फारसी कवि भगवान्सँग आफ्ना लागि स्वास्थ्य र इज्जत आदि ६ वटा वस्तुहरू माग्दछन् । अङ्ग्रेज कवि नित्यका लागि आफ्नो मात्र भोजन चाहन्छ । हिन्दीका सन्त कवि कबीर आफ्नो परिवार रअतिथिको मात्रै भोजनको व्यवस्था चाहन्छन् र संस्कृतका भक्त एवं कवि रन्तिदेव व्यासको भाषामा यस्ता छन् जसलाई राज्य स्वर्ग पुनर्जन्म र मोक्ष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही पनि चाहिँदैन, चाहिन्छ केवल दुःखतप्त र व्याधिग्रस्त प्राणिमात्रको दुःख र व्याधिनाश । ऊ दुःखीको सहायता र उद्धारमा आफ्नो समय, शरीर र वुद्धि लगाई दिन चाहन्छ । यस्तो उत्तम विचार र उपदेश भएको संस्कृत अव्यावहारिक हुन्छ ?

८. संस्कृतको व्यावहारिक र समाजोन्नायक पक्ष प्रवल भएको तथ्य वेदहरूले पनि स्पष्ट पार्दछन् । यजुर्वेद (३०/१७) भन्दछ- 'भूत्ये जागरणमभूत्यै स्वपनम्' प्रगतिका लागि जागरुकता आवश्यक हुन्छ भने, अवनति या अविकासका लागि शयन या निष्क्रियता अथर्ववेद (७।५२।८) भन्दछ- 'कृतं मे दक्षिणे हस्ते जयो मे सव्यआहितः' दाहिने हातले काम गरियो भने देब्रे हातमा फल पाइन्छ । यस्तै काम गरेर नै सय वर्ष वाँच्ने इच्छा राख्नुपर्दछ । निष्क्रिय भएर होइन भनेर उपनिषद् भन्दछ- 'कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः' यस्तै- इन्द्रले पनि क्रियाशील व्यक्तिको सहयोग गर्दछन् र क्रियाशील व्यक्तिले नै मिठो फल पाउँछ भनेर ऐत्तरेय ब्राह्मण भन्दछ- इन्द्र इच्चरतः सखाः, 'चरन् वै मधु विन्दति' आदि ।

९. समाजमा समर्थित शिल्पकला आदिद्वारा नागरिकले जीवन निर्वाह गर्नु पर्दछ र विदेशमा बनेका कपडा आदिको उपयोग गर्नुहुँदैन भनेर धर्मशास्त्रका माध्यमले संस्कृतले नै भन्दछ-

विधाय द्रोपिते वृत्तिं जीवेन्नियममाश्रिता ।
प्रोषिते त्वविधायैव जीवेच्छिल्पैरगर्हितैः ॥
न स्यूतेन न दग्धेन न पाक्येन विशेषतः
भूषिकोत्कीर्णजीर्णेन कर्म कुर्यात् विपासण ॥

यसरी सनातन संस्कार, संस्कृति रधर्मको जानकारी समेत प्राप्त गर्न नेपाली मात्रले संस्कृतको जानकारी राख्नु आवश्यक छ । हाम्रा देशका छात्र-छात्राहरूले शेक्सपियर, गेटे, मिल्टन र अन्य इङ्गिलस र तदन्य भाषा कवि एवं लेखक भवभूति, भारवि, श्रीहर्ष, सिंहप्रताप शाह छविलालसूरि शक्तिवल्लभ र संस्कृतिदत्तयन्त्र आदिलाई पढ्न पाउने व्यवस्था सरकारले गर्नुपर्दछ । तलदेखि माथिसम्म सबै तह र कक्षामा संस्कृत राख्ने व्यवस्था गर्नु पर्दछ ।

१०. उपर्युक्त यथार्थतालाई हृदयङ्गम गरी निम्नलिखित आवश्यकतापूर्तिका लागि नेपालमा तल्लो कक्षादेखि नै संस्कृत पढ्ने पढाउने व्यवस्था वर्तमान र आगामी सरकारले समेत गर्नु पर्दछ -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क. राष्ट्रिय एकताका लागि गणतान्त्रिक नेपालमा हिमाली, पहाडी र तराई भागका नेपालीहरू सँग कुनै कुनै रूपमा संस्कृत सम्बद्ध रहेको हुँदा एक राष्ट्रिय संस्कार र राष्ट्रिय एकता कायम राख्न सबैले संस्कृत पनि पढ्नु पर्दछ ।

ख. भाषिक र वैचारिक स्रोत प्राप्तिका लागि कवि, लेखक विचारक र दार्शनिक बन्न संस्कृतको अध्ययन आवश्यक छ । यूरोपमा तब सम्म कसैलाई शिक्षित मान्न सकिन्न जबसम्म ऊ त्यहाँको क्लासिक्स ग्रीस र ल्याटिन भाषा जान्दैन यस्तै संस्कृत नेपालको क्लासिक्स हो त्यसलाई सबैले जान्नु नै पर्दछ ।

ग. राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रियभाषाहरूको समृद्धिका लागि संस्कृत, नेपाली र नेपालका भाषिकासँग मात्र सम्बद्ध नभएर अङ्ग्रेजी भाषासँग समेत सम्बद्ध भएको विचार भाषा वैज्ञानिकहरू गर्न थालेका छन् । अतः अङ्ग्रेजीसँग संस्कृतको र संस्कृतसंग अङ्ग्रेजीको सम्बन्ध जान्न पनि आज संस्कृतको ज्ञान आवश्यक भएको छ । विश्वविद्यालयहरूमा विभिन्न क्षेत्रका शब्दहरूको नेपालीमा अनुवाद गर्ने लक्ष्य पनि, संस्कृतको विशेषज्ञता र जानकारीबाट सहज एवं सफल हुनसक्नेछ ।

घ. सनातन धर्म र संस्कृतिको ज्ञान संरक्षण, सम्बर्धन र नैतिक शिक्षाका लागि पनि संस्कृतको अध्ययन आवश्यक छ । कुनै पनि तहको पाठ्यक्रममा नैतिकशिक्षाको व्यवस्था हुनुपर्ने कुरामा शिक्षाविद्हरू पनि सहमत हुन थालेका छन् । ठूलाठूला अनुशासनप्रधान विद्यालय र महाविद्यालयमा पनि नैतिकतालाई प्रमुख विषय बनाइएका घटनाहरू पनि सुनिन्छ । नैतिकता र सदाचारका विषयवस्तुहरू संस्कृतमा पर्याप्त भएकाले त्यसको पठनपाठन आवश्यक छ । सुनिन्छ, लोकरावण उपाधि पाएको रावण बुद्धिमान् थियो । ऊसँग दश जना व्यक्तिहरूको बुद्धि र पराक्रम थियो । तर, लोकसंग्रह र लोककल्याणको शक्ति त राममा मात्रै आयो, जसले एक पत्थर (अनसूया) लाई छुने वित्तिकै एक नारी बनायो र बाँदर (हनुमान) लाई देवता । यसरी एक शिर र दुई हातवाला भगवान् राम अवतार मानिए । अनि दश शिर र त्यसै अनुपातमा हात भएको रावणभन्दा श्रेष्ठ लोकोपकारी भए । अतः संस्कृत शिक्षा छात्र छात्राहरूको मस्तिष्कका साथै हृदयलाई पनि विशाल र समाजोपकारी बनाउनु पर्दछ । त्यो संस्कृतमा रहेको नैतिक शिक्षा दिन सक्षम छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ङ. संस्कृतका व्यावसायिक विद्याद्वारा लाभ लिन र समाजलाई देन दिन संस्कृत आवश्यक छ। आयुर्वेद, योग, प्राकृतिक चिकित्सा र ज्योतिप संस्कृतका व्यावसायिक विद्या हुन इनको जानकारी भएमा मानिस नीरोग र जीवनमा सफल हुन्छ।

च. पर्यावरण वा वातावरणमा शुद्धि ल्याउन संस्कृत वाङ्मय उपयुक्त छ। वन-जङ्गल, नदीहरू, हिमालय र पहाडहरूको महत्त्वगानको उपार्जन गरेर वृक्षको रोपण, रक्षण र संरक्षण हुने भएकोले पर्यावरण प्रदूपणवाट वच्न र वचाउन सकिन्छ। आकाश, अन्तरिक्ष, र पृथ्वी आदिमा शान्तिको कामना संस्कृतले नै गर्दछ।

छ. लाघवप्रधान भापा भएका कारण कम्प्यूटर आकाशवाणी आदिमा उपयुक्त ठहरेको हुँदा पनि संस्कृत आवश्यक छ।

ज. संस्कृतका सम्पूर्ण ग्रन्थहरूको नेपालीमा अनुवाद असम्भव भएकोले र अनुवादद्वारा उक्त तथ्यहरू र संस्कृतमा रहेका अन्य विशेपताहरूको मर्म नवुझिने भएकाले मूल संस्कृत नै पढ्नु पर्दछ।

झ. ने.सं.वि.का छात्र स्रोत वनाउनका लागि पनि प्रवेशिकासम्म भए पनि संस्कृतका छात्रछात्राहरूलाई आवश्यक छ। हाल ने.सं.वि. विना जराको रुख भएर अडेको छ। त्यसको छात्रस्रोत कहाँवाट आउने ? किनकि धेरै सं.मा.वि. बन्द भै सके।

ञ. नेता, मन्त्री, शासक र प्रकाशकहरू संस्कृतको ज्ञानले रामायण र महाभारतको ज्ञान लिनसक्ने भएकोले पनि संस्कृत आवश्यक छ। किनकि राजनीति र प्रशासनमा पनि आफ्नोपन हुनु पर्दछ।

ट. पाश्चात्त्य विद्वान् विल्सन, मैकडानल, हफिङ्गस, पीटर्सन, हर्टल, एजटेन, रिजवे, कीथ, अलेक्जेण्डर, हेमिल्टन र कवि फैडरिच श्रेगल आदिद्वारा यूरोपमा प्रशंसित र प्रचारिंत भएकोले पनि नेपालीले संस्कृत जान्नु आवश्यक छ।

खण्ड (ख)

१. धर्मनिरपेक्षता शब्द धर्म, निर् र अपेक्षता शब्दले व्याकरणको प्रक्रिया पूरा गरी बनेको हो। धर्मशब्दका व्युत्पत्ति हुन- ध्रियते लोकोऽनेन, जसवाट लोक वा संसार धारित हुन्छ। त्यो धर्म हो। 'धरति, धारयति वा लोकमिति धर्म ? यो पनि विग्रह हो। यसअनुसार लोकधारक धर्म हो। यी दुवै विग्रहका एकै अर्थ हुन, केवल वाच्यमात्र फरक हो। तेस्रो विग्रह हो- 'ध्रियते यः स धर्मः'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसद्वारा धारित हुने भएकोले पनि धर्म हो । अर्थात् जसलाई लोकले धारण गर्दछ र धारण गर्नु पर्दछ एवं जसले लोकको धारण गर्दछ, त्यो धर्म हो । हामीले या जनताले धर्मको पालना गरेमा धर्मले हाम्रो रक्षा र उन्नति गर्दछ । यसको आशय हो । अपेक्षा शब्दको अर्थ आवश्यकता या चाहना हो । निर उपसर्गको अर्थ अभाव हो यसरी धर्मको आवश्यकता नभएको राष्ट्र भन्ने यस शब्दको अर्थ हुन्छ । यसरी धर्म निरपेक्षता शब्द बन्दछ ।

२. धर्मनिरपेक्ष शब्द अङ्ग्रेजीको Secular शब्दको अनुवाद हो । डिक्सनेरीहरूमा यसको अर्थ लेखिएको छ- Unconnected with Polition गरिएको छ । यसको अर्थ हुन्छ धर्मसँग असम्बद्ध या अधार्मिक राष्ट्र भन्ने धर्मनिरपेक्षताको औपचारिक धारणा बनाउने यस शब्दको प्रयोग सर्वप्रथम बेलायती लेखक जर्ज हालियोकले ई.सं. १८५१ मा ल्याएका हुन् । यससंग सम्वद्ध विचार राख्ने ग्रीक र रोमन विद्वान्हरू मार्कस अरलियस र विकरस आदि थिए । धर्मको प्रभाव विनाको राज्यशासन र समाजव्यवस्था त्यसको लक्ष्य थियो । त्यतिखेर यूरोप र अमेरिका आदिमा धार्मिक गुरु नै शासक हुने या धर्म प्रभावित व्यक्तिहरू नै राज्य सत्तामा जाने परम्परा रहेकोले अन्य धर्मावलम्बीहरूप्रति शोषण र उत्पीडन बढी हुने गरेकोले धर्मनिरपेक्षताको धारणा त्यहाँ आएको हो । हामी कहाँ शासक र धर्मशासक अलग-अलग व्यक्ति भएकोले धार्मिक शोषण कहिल्यै पनि नभएका कारण धर्मनिरपेक्षता आवश्यक छैन । यो अन्धानुकरण मात्र हो, यहाँ राष्ट्र शब्दले राष्ट्रका जनतालाई लिनुपर्ने हुँदा कुनै पनि जनता धर्म विहीन र अनैतिक हुन्छ भन्न मिल्दैन । यसको परिभाषिक अर्थ हो-. राज्य कुनै धर्म विशेषलाई महत्त्वमा प्रधानता दिँदैन र ऊ सबै धर्मलाई समान आदरभाव दिन्छ भन्नु । तर यो परिभाषिक अर्थ सबैले बुझ्दैनन् र बुझ्दछन् यौगिक या व्युत्पत्तिजन्य अर्थ मात्र जो अधार्मिक र अनैतिक भन्ने हुन्छ । जस्तै- पद भनेको सुवृत्त र तिङन्त शब्द हो भन्ने कुरा व्याकरण पढेकाले मात्र जान्दछन् । अरुले त सामान्य शब्द भन्ने जान्दछन् । यसरी राजनीतिशास्त्रको विद्वान्ले मात्र पारिभाषिक अर्थ जान्ने सामान्यले नजान्ने भएकोले धर्मनिरपेक्ष राष्ट्रमा अधार्मिकता र अनैतिकता बढ्ने हुन्छ जस्तो कि आज नेपालमा देखिँदैछ ।

३. जहाँ धर्म सम्बन्धी कुनै विवाद नै छैन, अनादिकाल देखि सनातन हिन्दुधर्मलाई

ओङ्कारमूलमन्त्राढ्यः पुनर्जन्मदृढाशयः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोभक्तो मूर्तिभक्तश्च हिन्दुर्हीनत्वदूपकः ॥

ओङ्कारलाई मूलमन्त्र मान्ने, पुनर्जन्म मान्ने, गाईको पूजा गर्ने मूर्तिको पूजा गर्ने र हीन भावना नराख्ने हिन्दु हुन्। यस लक्षणअनुसारका ८० प्रतिशतभन्दा वढी जनताले यस धर्मलाई मान्दै आएका छन् त्यहाँ धर्मनिरपेक्षताको नारा र संविधानमानै त्यसको व्यवस्था हुनु ठूला पार्टिका केहीनेताहरूको अविवेकी जल्दवाजी र घातक कदम हो। धर्मको आवश्यकता केवल दुई स्थिति वा अवस्थामा हुँदैन एक त्यो अवस्था जव हामीमा अगाडि पछाडि र भूत एवं भविष्यलाई देख्ने र विचार गर्ने शक्ति हुँदैन अर्थात् जव हामी पशुहरूको स्थितिमा हुन्छौं। दोस्रो त्यो अवस्था हो जव हामीहरू समस्त भूत र भविष्यलाई देखिसकेका हुन्छौं, अनुभव गरिसकेका हुन्छौं सम्पूर्ण ज्ञातव्यको ज्ञान गरिसकेको हुन्छौं। जव हामी शाश्वत, अखण्ड नित्य र सर्वव्यापक सत्तालाई प्राप्त गरिसकेका हुन्छौ। यस अवस्थामा धर्मको उद्देश्य पूरा भइसकेको हुन्छ। किनकि जीवमात्रसँग हाम्रो एकता भइसकेको हुन्छ। यी दुवै स्थिति नेपाली जनतामा नभएको हुँदा धर्मनिरपेक्षता हुन सक्दैन, नेपाल धर्म निरपेक्ष राष्ट्र वन्न सक्दैन। धर्मनिरपेक्ष वनाउनु हुँदैन। आगोको धर्म पोल्नु हो सूर्यको धर्म प्रकाश र ताप दिनु हो पोल्ने काम, प्रकाशित र तापित गर्ने काम तिनले गर्दैनन् भने आगो आगो नभएर अंगारको डल्लो पनि हो र सूर्य नभएर एक विम्व मात्रै भए झैं हिन्दुता, सनातनधर्मिता निकाली दिने हो भने त्यो नेपाल हुन सक्दैन त्यसको अर्कै नाम राखे हुन्छ।

४. हाम्रा पूर्वजहरूले धर्मलाई सधैं सापेक्ष मानेका छन् । सत्यवादी राजा हरिश्चन्द्र धर्म सापेक्षाताका ज्वलन्त उदाहरण हुन उनलाई कहीँ त्रिशङ्कुका छोरा र कहीँ सत्यव्रतनामक राजाका छोरा मानिएको छ। पहिले यिनका पुरोहित ऋषि विश्वामित्र थिए। पछि क्षत्रिय कुलका भन्ने जानेर वा अन्यकारणले हरिश्चन्द्रले वशिष्ठलाई पुरोहित वनाए। यसबाट विश्वामित्र अपमानित भएर हरिश्चन्द्रसँग रुष्ट भए। उनलाई सन्तुष्ट प्रसन्न पनि उनले आफ्नो श्री सम्पत्ति सबै दिएर पनि सन्तुष्ट पार्न सकेनन् यसै दक्षिणाका लागि आफ्नो पत्नी तारामती र छोरा रोहितलाई एक ब्राह्मणलाई वेची आफू एक चाण्डालको दास वने। तैपनि विश्वामित्र प्रसन्न भएनन् उनले क्रोधावेशमा सर्पको सृष्टि गरेर रोहितलाई डस्न पठाएर पनि मारे यसपछि ऋषि विश्वामित्रले हरिश्चन्द्रलाई रोजाए तिमी आफ्नो धर्मलाई छोड्छौ कि आफ्ना पुत्र र पत्नीलाई आफ्नो सत्यवादितालाई छोड्यौ भने पत्नी र पुत्र सबै प्राप्त गर्नेछौं भने। त्यस भनाइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि राजा हरिश्चन्द्रले म धर्मसापेक्ष छु, धर्मलाई कहिल्यै पनि छोड्न सक्दिन भने पछि उनको परीक्षा पूर्ण भयो र मृतपुत्र समेत जीवित भएर पुरानो स्थितिमा हरिश्चन्द्र पुगे भन्ने कुरा पुराणहरूमा आएको छ। यसैकथानकलाई सङ्केत गर्दै कवि क्षेमेन्द्रले आफ्नो 'चारूचर्या' मा लेखेका छन्।

न त्यजेद धर्ममर्यादामपि क्लेशगतङ्गतः
हरिश्चन्द्रो हि धर्मार्थी सेहे चाण्डालदासताम्॥ (श्लोक १३)

यस्तै धर्मरक्षाका लागि आफ्नो शरीर र जीवन अर्पण गर्ने दधीचि ऋषि पनि हुन्। यिनले अधार्मिक र अनैतिक वृत्तासुर आदि राक्षसहरूको पराजयका लागि आफ्ना हड्डीहरू इन्द्रलाई दिए। इन्द्रले देवाशिल्पी विश्वकर्माद्वारा वज्र बनाएर राक्षसहरूलाई जितेर सनातन धर्मको रक्षा गरे। यस्तै धर्मात्मा राजा शिविले एक परेवाको बराबर आफ्नो शरीरको मासु मारेर दिई परेवाको रूपधारी अग्निलाई बाजरूपधारी इन्द्रबाट बचाएर शरणागत वत्सलता देखाए शरणको मरण हुन नदिए सनातन धर्मको रक्षा गरेका यी उदाहरणहरू हाम्रा सम्बल हुन्।

५. पाश्चात्य केही विद्वान् र पाश्चात्य विद्या पढेका हाम्रा केही नेपाली विद्वान् र नेताहरू पनि पूर्वीय राजनीति र धर्मलाई भ्रमात्मक र अन्धविश्वासमा आधारित मान्दछन्। उनीहरू हाम्रो सनातन धर्मको मानवीयता र लोकमङ्गलकारी सिद्धान्तमा विश्वास गर्दैनन्। यसैकारण हाम्रो प्राचीन राजनीतिक पद्दतिको उपेक्षा गरे र नयाँ प्रजातन्त्र पद्दतिको आयात गरिरहेका छन्। धर्म निरपेक्षता पनि आयात हो र अर्काको अन्धानुकरण पनि हो। यो हाम्रो छिमेकी भारतको नक्कल हुन सक्छ। भारतमा लगभग ८ सय वर्ष जति मुसलमान अङ्ग्रेज र अन्य विधर्मी आक्रामकहरूले राज्य गरे र त्यहाँ आफ्ना धर्म, संस्कृति र संस्कारका जरा गाडे। यसैकारण त्यहाँ नाना धर्म-संस्कृति र संस्कारले गर्दा धार्मिक युद्ध हुने डरले धर्मनिरपेक्षताको घोषणाको औचित्य स्थापित गर्न सकिन्छ वुझ्न सकिन्छ तर स्वतन्त्र नेपाल सदैव हिन्दु राजाहरूले नै राज्य गरेकाले त्यो स्थिति नभएका कारण यहाँ धर्म निरपेक्षताको घोषणा प्रायोजित हो। धर्म निरपेक्षता हुँदैमा विखण्डन नहुने र साम्प्रदायिक लडाइँ नहुने कुरा पनि गलत सावित भइसकेको छ। भारतमा धर्म निरपेक्षताको स्वीकृति हुँदाहुँदै पनि पाकिस्तान किन बन्यो ? र काश्मीर किन अलग हुन चाँहदैछ ? प्रश्नहरू यथावत् छन्। हाम्रा नेताहरूले पनि नेपाललाई धर्म निरपेक्षताका माध्यमले नेपालको पुरानो पश्चिमी सीमा काँगडालाई कायम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न सक्छन् र पूर्वी प्राचीन सीमा समेत दार्जलिङ्लाई नेपालमा भित्र पार्न सक्छन् ? यसकारण नभएमा समस्या जन्माएर राजमार्ग खोज्ने नयाँ नेताको चाल नेपाल र नेपालीको हितमा छैन । धर्म सापेक्षता भएका राष्ट्रहरूको संख्या पनि विश्वमा कम छैन । सबै मिलाएर १५८ राष्ट्रहरू धर्म सापेक्ष छन् । तिनमा समृद्धि शान्ति र भाइचारा पनिछ भने के को आकर्षणले नेपालमा धर्म निरपेक्षता ? धर्म निरपेक्षताका कायम रहेका निम्नलिखित समस्याहरू जन्मने छन्:

१. अनादिकालदेखि नेपालीमा रहेको सद्भावलाई खलवलाएर 'फूट डालो और राज करो' को स्थिति जन्मनु ।
२. धार्मिक स्वतन्त्रताको नाममा इतर धर्मावलम्वीहरूलाई प्रोत्साहित गराएर शान्ति र सद्भावमा खलल पुऱ्याउनु ।
३. हिन्दू मठ र मन्दिर भएका ठाउँहरूमा अन्य धर्मावलम्वीहरूलाई आफ्ना मस्जिद, चर्च आदि वनाउने वातावरण तयार गर्नु ।
४. हाम्रा गरीव र अशिक्षित र चेतना विहीन नेपालीहरूलाई धर्मपरिवर्तन तिर धकेल्नु ।
५. नेपालको धर्म सहिष्णुतालाई चुनौति दिनु काठमाडौंको नारायणहिटी राजदरवार कै अगाडि मस्जिद वनाउन दिनु र जाउलाखेल आदिमा चर्च वनाउन दिनु हाम्रा धर्म सहिष्णुताका उदाहरण हुन । यी सबै धर्मसापेक्षता भएकै वेलामा रचना हुन र यिनले पनि नेताहरूलाई त्यसको अनावश्यकता सूचित गर्न सकेनन् ।
६. नेपालीमात्रलाई अधार्मिक र अनैतिक बनाएर नेपालको विकासमा अवधि र विकृति ल्याउन ।
७. वस्तुगत यथार्थता नहुँदा नहुँदै धर्म निरपेक्ष वनाएर विदेशीको चाल र जालमा देशलाई फँसाउनु ।
८. नेपालमा कुनै पनि वाध्यात्मक स्थिति नहुँदानहुँदै धर्म निरपेक्षताको घोषणा गरेर अरबभन्दा बढी हिन्दु धर्मको आस्था र श्रद्धामा लात मार्नु जनतालाई जनार्दन मान्नेहरू र त्यसको उपेक्षा गरेर हचुवा निर्णय गर्नु ।
९. जनआन्दोलन २०६३ को एजेण्डामा नपरेको धर्म निरपेक्षतालाई अन्तरिम संविधानमा राखेर जन आन्दोलनका सहिदहरूको उपहास गर्नु ।
१०. विश्वको एकमात्र हिन्दु राष्ट्रभएको हैसियतले नेपालले मगाएको र कमाउने इज्जत र प्रतिष्ठालाई ध्वस्त पार्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११. धर्म निरपेक्षता छिमेकी देशको नक्कल भए जस्तै अल्पसंख्यकहरूका लागि नियम कानुन पनि त्यस्तै खालका वन्ने छन र परिवारनियोजन गर्नु उनीहरूको धर्मविररद्ध भएकोले उनको सन्तान वृद्धि हुने छन् र त्यसै संख्याको आधारमा राजनीतिक अधिकारको माग भई देश र हिन्दु जनता अशान्त हुने छन् ।

१२. कुरान न मान्नेहरू पनि अत्याचार र उन्नीहरूको हत्या भएका अल्लाह खुशी हुनेछन र बाइबलको पछि वन्दुकपनि आउने छ र गोमांस नेपालमा मासी-मांस हुनेछ । यसकारण नेपालको अब वन्ने संविधानमा 'धर्मनिरपेक्ष' शब्द हटाउनु पर्दछ । जनमतसङ्ग्रह पनि नेपाली हिन्दूहरूको विभेद भई अशान्ति र भीडन्तको कारण वन्नेछ । तर हिन्दु धमांवलम्वीहरू यसवाट पर भाग्ने छैनन् ।

सन्दर्भ ग्रन्थसूचिः

१. विभिन्न लेखकहरू- जयतु संस्कृतम पत्रिका, जयतु संस्कृतम् ।
२. वेदव्यास- श्रीमद्भागवतम् ।
३. विदुर आदिका नीतिशास्त्रहरू ।
४. कालिदास रघुवंशमहाकाव्यम् ।
५. राजा भोज भोज प्रवन्ध ।
६. प्रो. हंसराज अग्रवाल, संस्कृत साहित्यका इतिहासकार अनुवाद, चौखम्वा विद्यमान वाराणसी, परिशिष्ट-२, १९६५ ई.
७. गीताप्रेस, गोरखपुर कल्याणको हिन्दुसंस्कृति अङ्क ।
८. स्वामी चन्द्रेश- शङ्खघोप, बूढानिलकण्ठ आश्रम २०६६
९. नन्ददुलारे वाजपेयी धर्मो कीं एका, नवलकिशोर प्रेस/सार (लखनउ, १९४१ ई.)
१०. यदुनन्दन कपूर- धर्म निरपेक्ष भारतकी परम्परा वाल्मीकि विद्यापीठ पुस्तकालय ।
११. भारतीय संस्कृतिकोश पृ.१००६ राजपाल एण्ड सन्स मदरसा रोड कश्मीरी गेट, दिल्ली ।
१२. मार्ग वडिक्सनरी, भार्गव प्रेस, वाराणसी ।
१३. विभिन्न कोश ग्रन्थहरू र कार्यपत्रहरू ।
१४. इन्टरनेटको सामान्य अध्ययन ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तितत्त्व दर्शन र दुर्गापूजाको सम्बन्ध

✍ डा. बद्री पोखेल

शक्तितत्त्व मायातत्त्वको अर्को रूप हो। शक्तिविना कुनै पनि कार्यसिद्ध हुन सक्तैन, चाहे त्यो शक्ति मानसिक वा शारीरिक किन नहोस्। यसै कारणले शक्ति चिन्तन कार्य सिद्धिका लागि अपरिहार्य तत्त्वको रूपमा स्वीकारिने गर्दछ। कार्य सिद्धिको निमित्त जुन वस्तु, जुन कुरा र जुन चीजको महत्त्व हुन्छ वास्तवमा त्यसलाई धर्मका रूपमा पनि धारण गर्न सकिन्छ। अर्थात् शक्ति नै धर्म हो र धर्म नै शक्ति हो। शक्तितत्त्वको यो चिन्तनले धर्मको महत्त्व, अस्तित्त्व र यथार्थतालाई पनि उद्घाटित गर्दछ।

धर्मविना मानव समाजको शाश्वत अस्तित्त्व सम्भव छैन। समाजका रीतिरिवाज सामाजिक मान्यता, प्राचीन वा आधुनिक परम्परा धर्मकै शृङ्खलामा आबद्ध हुन्छन्। यति मात्र होइन सम्पूर्ण चराचर विश्व नै धर्ममा अडेको हुन्छ। 'धर्मो विश्वस्य जगतः प्रतिष्ठा'। समाज एउटा लङ्गडो व्यक्ति हो भने धर्म त्यसमा चैतन्य ल्याई गतिशीलता प्रदान गर्ने महत्त्वपूर्ण तत्त्व हो। धर्मद्वारा निर्देशित र प्रेरित चित्शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिद्वारा समाजको पूर्ण विकास हुन्छ।

कुनै पनि मानिस ज्ञात वा अज्ञात जुनसुकै रूपले भए पनि कुनै एक धर्मप्रति आकृष्ट अवश्य हुन्छ र त्यसबाट उसले आफ्नो जीवनदर्शनमा आवश्यक सम्वल प्राप्त गर्दछ। यसरी आफूले अनुसरण गरेको धर्मको विषयमा उसमा वढी जिज्ञासा स्वभावतः उठ्न थाल्दछ। यस धर्मको अनुसरणवाट मैले आफ्नो जीवनको निश्चित लक्ष्यमा पुग्न के कति उपलब्धि हासिल गर्नुपर्छ र गर्न सक्छु भन्ने कुरा सोच्न थाल्दछ।

कुनै पनि धर्म एक वा अनेक महापुरुषको सत्प्रयास वा योगदानले अनुप्राणित हुन्छ। वैदिक सनातन धर्म वा हिन्दु धर्ममा यस प्रकारको तत्त्व अनादि शक्तिको स्रोत मानिन्छ। त्यसैलाई शक्तिरूपा देवी भनिन्छ। जसप्रति वढी आस्था, श्रद्धा एवं भक्ति, अनुराग वा प्रेम हुन्छ त्यसैलाई शक्ति वा प्रेरणाको केन्द्रविन्दु मानिन्छ। त्यसैले भावना वा दिव्यतालाई अगाल्दै दैवी शक्तिको रूप लिन्छ। हाम्रो वैदिक हिन्दु धर्म अनुसार कसैले जगज्जननी जगन्मातालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तिको स्रोत मान्दछन् त कसैले सरस्वती, लक्ष्मी, उमालाई ब्रह्मा-विष्णु-शिव शक्तिको केन्द्रविन्दु मान्दछन् । अर्थात् सारांशमा जुन आफ्नो आराध्य छ, इष्ट छ, जस प्रति आफ्नो निष्ठा छ, श्रद्धा छ, विश्वास छ, जसवाट भक्तको ऐहलौकिक र पारलौकिक कल्याण वा आत्यन्तिक सुख प्राप्त हुन्छ त्यो नै शक्तिको स्रोत हो, शक्तिको स्वरूप हो ।

उहिले एकपटक शक्तिको वास्तविक स्वरूपको अन्त्य नपाएर स्वयं जगत्स्रष्टा विधाताले नतमस्तक भएर करपल्लव जोर्दै यसरी आफ्नो जिज्ञासा प्रकट गर्नुभएको थियो- जगन्माता शक्तिको सामीप्य पाउन- "एक अद्वितीय ब्रह्मतत्त्व भनेर ब्रह्मतत्त्वको वर्णन वृहद् रूपले गरिएको छ, त्यो वृहद् ब्रह्मतत्त्व हजुर नै होइवक्सन्छ कि कसो ? यदि हजूर नै होइवक्सन्छ भने हे माता ? हजूर स्त्री या पुरुष के होइवक्सन्छ ?" यसको प्रत्युत्तरमा जगज्जननी शक्तिमाताले आफ्नो प्यारो भक्तको आकांक्षा शान्त गर्दै आफ्नो स्वरूप यसरी स्पष्ट पार्नु भएको छ-

सदैकत्वं न भेदोऽस्ति सर्वदैव ममास्य च
योऽसौ साहमहं योऽसौ भेदोऽस्ति मतिविभ्रमात्
नाऽहं स्त्री न पुमांश्चाहं न क्लीव सर्गसंक्षये
सर्गे सति विभेदः स्यात् कल्पितोऽयं द्विधा पुनः

देवीभागवत

अर्थात्- "म र ब्रह्ममा कुनै अन्तर छैन । हामी दुवै एकै हौं । जो ब्रह्म हो त्यो म हुँ, जो म हुँ त्यै ब्रह्म हो, केवल बुद्धिको भ्रान्ति वा भेदबुद्धिले मात्र अन्तर जस्तो देखापर्छ संसारको प्रलयको अवस्थामा म फेरि न स्त्री हुन्छु, न पुरुष हुन्छु, न त नपुंसक नै, केवल चित्त चलायमान अवस्थामा मात्र भेद बुद्धि देखिएको हो, वास्तवमा म र ब्रह्म एकै हौं, फरक छैन ।"

यसरी ब्रह्माजीलाई जगज्जननी विष्णुमायाले आफ्नो साक्षात् स्वरूप वताएर सन्तुष्ट पारिदिनु भएको कुरा हामी देवी भागवतवाट थाहा पाउँन सक्तछौं । यस प्रकार शक्ति रूपा देवी नै ब्रह्म र ब्रह्म रूप शक्ति नै देवी हुँदा वेदान्तादि षड्दर्शनको सिद्धान्त शास्त्र संगत हुन आउँदछ ।

यी शक्तिको तीन रूप मानिन्छ- महाकाली, महालक्ष्मी र महासरस्वती । यी तीनै रूप शक्तिको महत्ता र वैशिष्टचमा सप्तशती (चण्डी) गाथा आधारित भएको कुरा सर्वविदित छ । यिनै त्रिशक्तियुता देवीले नै महिषासुर, रक्तबीज, शुम्भ, निशुम्भ आदि भयङ्कर दानवहरूलाई विनाश गर्नु भएको कुरा सप्तशतीको पाठवाट ज्ञान गर्न सकिन्छ । त्यसैले अद्वैतवादी शंकराचार्यले पनि अद्वैतवादको तत्त्वार्थ र शक्तिको महत्तालाई दर्शाउँदै यसो भन्नुभएको थियो- "अद्वैतनाम्नी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमेशशक्ति" जब मानिस दैवी शक्ति र संपद युक्त हुन्छ तब उ सच्चा मानव हुन्छ। यसप्रकार मानवताको पराकाष्ठानै दैवी संपद् र शक्तिको प्राप्ति हो भन्ने कुरा निर्विवाद छ।

"योऽसौ साहमहं योऽसौ

न मति विभ्रमात्" भन्ने देवी वाक्य र 'तत्त्वमसि' 'अहं ब्रह्मास्मि' भन्ने दार्शनिक वेद एवं ब्रह्म वाक्यका बीच पर्याप्त सामीप्य पनि पाइन्छ। शक्ति स्वरूपा देवीका विषयमा उल्लेख भएका सबै वाक्यको अर्थबोध गर्न सरल नभए तापनि शक्तितत्त्व चिन्तनका क्रममा थोरै भए पनि ज्ञान दिएर जगज्जननी जगन्माता भगवती नवदुर्गा भवानीको स्मरण, पूजन एवं पाठकमा भने यसै लघु चिन्तनबाट पनि यथोचित सम्बल मिल्ने कुरामा विश्वास लिन सकिन्छ।

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता

नमस्तस्यै, नमस्तस्यै नमस्तस्यै नमो नमः

शक्तिले नै बीजाङ्कुरादिहरूलाई आविर्भाव गराइरहेकी हुन्छिन्। त्यसै प्रकार त्यसको संरक्षण र संहार पनि प्रकृतिकै काल चक्रबाट हुन्छ। साङ्ख्यदर्शन अनुसार त्रिगुण सत्व रज तमको साम्यावस्यालाई नै प्रकृति मानिन्छ र यसैमा मनुष्यले मनुष्यत्वको ज्ञानगर्न सक्तछ। सत्त्वगुण प्रधान भएको समयमा मानिसमा दिव्यता आउँछ र ऊ विश्व बन्धुको रूपमा देखापर्छ। तमोगुण प्रधान भएको समयमा मानिस कर्तव्याकर्तव्य ज्ञानरहित भएर पतनोन्मुख हुन्छ। यसरी सत्त्व र तमोगुण प्रधान भएको अवस्थामा प्रकृतिबाट महत्तत्त्व तेइस गुणहरूको सृष्टि हुन्छ। यस प्रकारले शक्तिको महत्त्व विभिन्न अन्य दर्शन शास्त्रमा पनि वर्णन गरिएको छ।

यस क्रममा वेदान्त दर्शन अनुसार शक्तिको दुई रूपमा विभाजन भएको हामी पाउँछौं- विद्या र अविद्या। विद्यारूप शक्तिबाट मुक्ति वा कैवल्य तथा आत्यन्तिक सुख प्राप्त हुन्छ। यसै शक्तिद्वारा हाम्रा विभिन्न कार्यहरू निर्विघ्न रूपले सम्पन्न हुन्छन्। विद्याको ठीक उल्टो हो अविद्या। जुन मुक्तिको सट्टा बन्धनमा पार्दछ।

या विद्या परमा मुक्तेर्हेतु भूता सनातनी

संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी

यिनै जगज्जननी शक्तिलाई विष्णुको मायावतार भनेको पनि पाइन्छ। विष्णुमायाको रूपमा पनि तिनै शक्तिले अतुलनीय योगदान दिएको फलस्वरूप "विष्णुमायां प्रतुष्टुवुः" भनेको पाउछौं। यसै वर्गीकरण अन्तर्गत ब्रह्मारूप पनि उही शक्ति रहिछिन् भन्ने कुरा वागाम्भृणी सूक्तबाट अवगत हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैकसैले यिनै शक्तिलाई ब्रह्ममहिपीको रूपमा स्वीकार गरेको पनि पाइन्छ। "सतां भक्तेर्बीजं त्वमसि पर ब्रह्ममहिपी"।

यस प्रकार यिनै कल्याणप्रदायिनी शक्तिलाई शिवा रूपले पनि अभयार्चना गरिन्छ, जुन शिवालाई कार्यको शुरुमा स्मरण गरिन्छ, निर्विघ्न कार्यसिद्धिको निमित्त यिनै देवी समस्त मानवात्मामा विष्णुमाया, चेतना, बुद्धि, ज्ञान, लज्जा आदि रूपले प्रतिष्ठित छन्।

यिनै शक्तिको हामी हिन्दुहरू शरद कालमा वडो आनन्दमय वातावरणमा अभ्यर्थना गर्दछौं। अर्चना गर्दछौं। यसलाई नै दशैंको रूपमा स्वीकार्दछौं। औंसीको प्रतिपदादेखि नवमीसम्म अर्थात् नौं दिन देवीको विभिन्न रूपले विभिन्न शक्ति पीठ एवं मन्दिरहरूमा गएर पूजा पाठ जय आदि गर्दछौं र दशौं दिनमा त्यसको प्रसाद स्वरूप दही अक्षता यवाङ्कुर जमरा ग्रहण गर्दछौं। यसरी शक्तिलाई प्रसन्न पारेर आत्म शुद्धि र सन्तुष्टि प्राप्त गर्ने परम्परा अनादि मानिन्छ। वीरता वा शक्तिलाई समानार्थक मान्दै शक्तिका उपासकका रूपमा विश्व विख्यात हामी नेपालीका आ-अफ्ना घर-घरमा गरिने देवी स्तोत्र, देवी भागवत, चण्डी आदिद्वारा हाम्रो शक्ति प्रतिको सुन्दर वातावरण वा अनुराग प्रदर्शित गर्दछन्। उक्त नौ दिनमा देवीको क्रमशः शैलपुत्री, ब्रह्माचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदातृका नामले प्रतिदिन छुट्टा छुट्टै अर्चना गरिने हाम्रो शास्त्रीय परम्परा छ।

प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति चतुर्थकम्
पञ्चमं स्कदमातेति षष्ठं कात्यायनीति च
सप्तमं कालरात्रि च महागौरीति चाष्टमम्
नवमं सिद्धिदातृ च नवदुर्गा प्रकीर्तिताः

यसरी शक्तिका विभिन्न रूप र मान्यताहरूलाई हृदयङ्गम गरेर नै हाम्रा पूर्वजहरूले शक्तिपूजाको परम्परा वसाएको कुरामा हामी विश्वस्त छौं।

अस्तु देव्यै नमः॥

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीभद्र शर्माका साहित्यिक कृतिहरूको अध्ययन

✍ सहप्राध्यापक नवराज कट्टेल

१. विषयप्रवेश

श्रीभद्र शर्मा (१९८३-२०६५ माघ ८ गते) नेपालको राजनीति र साहित्य दुवै क्षेत्रमा ससम्मान लिइने नाम हो। तनहुँमा माता तारादेवी र पिता अंशुमाली उपाध्याय खनालको कोखवाट जन्मनुभएका शर्माले संस्कृतमा शास्त्री, नेपालीमा एम.ए. र हिन्दी साहित्यमा विशारद गर्नुभएको देखिन्छ। २००४ सालको **जयतु संस्कृतम् आन्दोलन**का अग्रणी रहेका शर्मालाई राणा शासनले उपत्यका चारभन्ज्याङ्गवाट निष्कासन गरेको थियो। उनी नेपालको पश्चिमतिरको गाउँगाउँमा क्रान्तिको चेतना फैलाउँदै वनारस पुगी नेपाली कांग्रेसमा समावेश भएर २००७ सालको क्रान्तिमा गण्डकक्षेत्रको कमान्डर र स्थानीय सरकारको प्रमुखसमेत वन्न पुगेका थिए। २०१६ सालमा नेपाली कांग्रेसको महामन्त्री वन्न सफल शर्मा ०३४ मा मन्त्रीसमेत वन्न पुग्दछन्। नेपाल पुकारका सम्पादकसमेत शर्माले शारदा, उद्योग, युगवाणी, उदयजस्ता पत्रिकामा कथा, लेख, समालोचना छपाएको भेटिन्छ। (भट्टराई, २०५६, पृ.६६०) हालसम्म शर्माका १४ वटा कृति तयार भएको देखिन्छ। तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क. राजनीतिक कृतिहरू

१. तनहुँको आवाज (भाग एक र दुई)
राष्ट्रिय पञ्चायतमा प्रकट गरेका विचारहरूको संकलन
२. नेपालको सन्दर्भमा समाजवाद र साम्यवाद
३. हाम्रो रष्ट्रियता र नेपालभारत सम्वन्ध
४. मेची र महाकाली (महाकली सन्धिका वारेमा लेख)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. समाजवादको वाटो : प्रजातन्त्र कि अधिनायकवाद (प्रकाशनको प्रतीक्षा)

ख. संस्मरण

१. जयतु संस्कृतम् आन्दोलनः एक स्मरण ०५४
२. बी.पी.संगका केही संस्मरण ०५७
३. मेरो मनाङ यात्रा (यात्रा संस्मरण) ०६०
४. संझनाका फूलहरू (प्रकाशनको प्रतीक्षा)

ग. साहित्यिक

१. विनोद उत्तरमाला ०५९
२. दुर्गा सप्तसती चण्डी (सम्पादन, परिमार्जन र परिपूरण, मूल अनुवादक डिट्ठा अंशुमाली उपाध्याय खनाल)
३. भानुभक्तले कलम किन चलाए ? ०६२
५. श्रीमद् भगवद्गीता : समच्छन्दी नेपाली अनुवाद (पूर्व र उत्तरकथासहित) ०६३
४. रति र काम (महाकवि विलियम सेक्सपियरको भीनस र अदनीस को अनुवाद झ्याउरे लयमा) ०६४
६. आफैतिर फर्केर हेर्दा (प्रकाशनको प्रतीक्षामा)

२. व्यक्तित्व

२.१ श्रीभद्र शर्माको राजनीतिक व्यक्तित्व

श्रीभद्र शर्मा विद्यार्थी जीवनदेखि नै राजनीतिमा संलग्न हुन थालेको पाइन्छ । काठमाडौंमा अध्ययनरत भएकाले १९९३ देखि नै काठमाडौंमा भित्रभित्रै चलेको राणाविरोधी गतिविधिबाट उनी परिचित थिए । १९९७ सालको शहीदकाण्डले पनि उनलाई झस्काएको थियो । बनारसमा परीक्षा दिन जानुपर्ने कारणले गर्दा भारतमा चलेको स्वतन्त्रता संग्रामबाट पनि शर्मा प्रभावित भएको देखिन्छ । २००२ सालको त्रिचन्द्र कलेजमा चलेको छात्र आन्दोलनबाट पनि प्रभावित देखिन्छन् । परीक्षाका कारण हण्डर खेपेका विद्यार्थीहरूको माग वेवास्ता गरेकाले २००४ सालमा जयतु संस्कृतम् आन्दोन चलेको थियो । यस आन्दोलनको नेतृत्व शर्मा र समकालिक मित्रहरूले गरेका थिए । (शर्मा, ०५४: ९) २००४ जयतु संस्कृतम् आन्दोलनमा ४२ जना विद्यार्थीहरू उपत्यकाबाट निष्कसनमा परेका थिए । निष्कासनमा परी शर्मा बनारस पुगेर कांग्रेसमा लागी २००७ सालको क्रान्तिमा गण्डक क्षेत्रको नेतृत्व गरेका थिए । पश्चिमाञ्चलको नेतृत्व गरी बन्दीपुरमा जनसरकारको स्थापना गरी त्यसको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गभर्नर समेत वनेका थिए। २०१५ साल फागुन। ७ मा सम्पन्न आम निर्वाचनमा क्षेत्र नं १०३ तनहुँवाट विजयी भई संसद सदस्य वन्न सफल भएका थिए श्रीभद्र शर्मा। २०१६ सालमा शर्मा नेपाली कांग्रेसका महामन्त्री वन्न सफल हुन्छन्। २०१७ सालमा ६ वर्षसम्म जेल परी छुठ्छन् र पछि ०३१ सालमा संविधान सुधार आयोगको सदस्य पदमा मनोनित हुन्छन् भने पञ्चायतमा प्रवेश गरी २०३४ सालमा मन्त्रीसमेत वन्न सफल हुन्छन्। ०३८ र ०४४ मा राष्ट्रिय पञ्चायतमा तनहुँवाट निर्वाचित हुने अवसरसमेत शर्माले पाएका थिए। ०४७ पछि उनी राजनीतिवाट पछि हट्दै सामाजिक र साहित्यिक क्षेत्रमा सक्रिय हुन थाल्दछन्। ०५७ मा नेपाली कांग्रेसका महासमिति सदस्यमा निर्वाचित भएको पाइन्छ।

२.२ श्रीभद्र शर्माको सामाजिक व्यक्तित्त्व

०४५ सालपछि उनी सामाजिक क्षेत्रमा संलग्न हुन थाल्दछन्। भ्रष्टाचारको विरुद्धमा पनि उनी सक्रिय देखिन्छन्। कोटेश्वर कलेजको व्यवस्थापन समितिको अध्यक्षसमेत वनेको पाइन्छ भने जयतु संस्कृतम् संस्थाको संस्थापक अध्यक्ष भएर ६ वर्षसम्म यसको नेतृत्व प्रदान गरेको देखिन्छ। जयतु संस्कृतम् स्वर्ण महोत्सव समारोह सम्पन्न गर्न पनि शुरुदेखि नै शर्माको सक्रियता महत्त्वपूर्ण रहेको थियो। यसअघि संस्कृत छात्रावास शतवार्षिक समारोह समितिमा रहेर पनि समारोह सम्पन्न गर्न अतुलनीय योगदान गर्नुभएको थियो। ट्रान्परेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष भएर पनि काम गरेको पाइन्छ। स्वयं सामाजिक संस्था खोलेर पनि काम गरेको भेटिन्छ भने टंकनाथ आचार्य स्मृति प्रतिष्ठानमा पनि विभिन्न पदमा रहेर काम गर्नुभएको पाइन्छ।

२.३ श्रीभद्र शर्माको साहित्यिक व्यक्तित्त्व

श्रीभद्र शर्मा नेपाली साहित्यका साधक र स्रष्टा पनि हुन्। छात्रजीवनदेखि नै कलम चलाउँदै आएका शर्माले हालसम्म १४ वटा कृति तयार गरेका छन्। दर्जनौं पत्रपत्रिकामा शर्माका सयौं लेखरचना प्रकाशित भएको पाइन्छ। शर्माका लेखरचनामा विचारको सुस्पष्टता र भाषाको मृदुलता रहेको भेटिन्छ। छरिएका रचनाको संकलन हुन सकेमा उनका लेखरचनाको विश्लेषणात्मक अध्ययन गर्न सकिन्थ्यो। शर्माको लामो जीवन राजनीतिमा नै वित्यो त्यसैले गर्दा मेधावी भएता पनि त्यो मेधा, त्यो प्रतिभा साहित्यक्षेत्रमा धेरै पोखिन पाएन। जीवनको उत्तरार्धमा जेजति पोखिन भ्यायो त्यसैको आधारमा उनको मूल्याङ्कन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुपर्ने भएको छ। व्यस्त राजनीतिक जीवनमा पनि १४ वटा कृति आउनु ज्यादै महत्त्वपूर्ण कुरा हो भन्ने मलाई लाग्दछ।

३ कृतित्व

३.१ श्रीभद्र शर्माका गद्यरचनाको अध्ययन

३.१.१ जयतु संस्केतम् आन्दोलन : एक स्मरण

जयतु संस्केतम् आन्दोलन एक स्मरण ०५४ सानो भइकन पनि ज्यादै महत्त्वपूर्ण कृति हो। यो जयतु संस्कृतम् आन्दोलनको रूपरेखा प्रस्तुत गर्न सफल छ। १६ पेजे फर्माको ४२ पेजको आकारमा विस्तारित कृतिमा ऐतिहासिक विषयवस्तु प्रस्तुत छ। २०५४ सालमा जयतु संस्कृतम् आन्दोलन २००४ स्वर्णमहोत्सव समारोह २०५४ सम्पन्न भएको थियो। सोही सन्दर्भमा यो कृति तयार भएको बुझिन्छ। शुरुकै दुई शब्दमा यस कुराको संकेत पाइन्छ।

यो लघुकलेवरयुक्त कृति २० उपशीर्षकमा बाँडिएको छ। १ आन्दोलनको पृष्ठभूमि, २ हिन्दु मुस्लिम दंगा र परीक्षा स्थगित, ३ विद्यार्थीहरूको काठमाडौं प्रत्यागमन, ४ छात्रहरूको आक्रोश र मंगला गौरी प्रतिज्ञा, ५ आन्दोलनको तयारी, ६ हड्ताल र गिरफ्तारी, ७ रिहाइ र पाटीको वास, ८ दोस्रो दिनको आन्दोलन संस्कृत मृत भाषा हो ९ संघर्षको नयाँ रूप, १० मोहन शमशेरसँगको वार्ता ११ नयाँ डाइरेक्टरको नियुक्ति, १२ पुनः परीक्षा वहिष्कार र माग पूरा गर्ने बारे छलफल, १३ टेष्ट परीक्षा र कमलजीको असहमति, १४ अन्तिम संघर्ष, १५ छात्रहरूको निष्कासन र महाभिनिष्क्रमण, १६ लक्ष्य काशीको : वाटो पहाडको १७, दुई समूह पोखरा र वन्दीपुर, १८ पाल्पा यात्रा र तानसेनको छोटो वसाइ, १९ बुटवल कमलजीसँग भेट र वनारस यात्रा, २० बी.पी. सँगको भेट र नेपाली राष्टिय कांग्रेसमा विलय जस्ता शीर्षकमा यो पुस्तिका विभक्त छ । २००४ सालमा काठमाडौंवाट निकालिएकाहरू जो वनारस पुगे '२००७ सालको क्रान्ति सफल तुल्याउन पहाडी जिल्लाहरूमा यिनीहरूको भूमिका ज्यादै महत्त्वपूर्ण रह्यो' (शर्मा : ०५४ : ४०) भनी शर्माले अफ्नो अनुभव राख्नुभएको छ। यस पुस्तकमा विषयवस्तुलँई सरल ढंगमा केलाइएको छ। कृतिमा भाषा वहावयुक्त र प्रभावपूर्ण छ। आस्वाद्य र पठनीय छ।

३.१.२ बी.पी. सँगका केही संस्मरण

प्रस्तुत कृति दोस्रो संस्मरणका रूपमा पाठकको हातमा आएको हो। शर्माका चार वटा संस्मरण संकलन गरिएको कुरा उनका विवरणबाट थाहा लाग्दछ। विभिन्न संस्मरणहरूमध्ये यो कृति विभिन्न कोणबाट हेर्दा महत्त्वपूर्ण देखिन्छ। ०५७ मा प्रकाशित यो कृति वजारमा चाँडै नै सकिनुले पनि यसको महत्त्वबोध गर्न सकिन्छ। १६० पृष्ठमा फैलिएको यस कृतिमा २८ वटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शीर्षकहरू रहेका छन्। यस ग्रन्थले नेपालको राजनीतिक सन्दर्भ र २००४ सालदेखि ०३९ सम्मका अनेक घटनाहरू प्रस्तुत गरेको छ। वी.पी.संग प्रथम **साक्षात्कार, वी.पी. र राष्ट्रिय स्वाभिमान, पुस १ गतेको त्यो दिन, म पक्राउ पर्दाको त्यो क्षण, वी.पी. छुटेको रात, जब म बनारस पुगें, वी.पी.को स्वदेश प्रत्यागमन, जनमत संग्रहको घोषणा, वी.पी.को अन्तिम दर्शन** जस्ता शीर्षकहरूमा महत्त्वपूर्ण विचारहरू लिपिवद्ध भएका छन्। यस कृतिले वी.पी.को व्यक्तित्त्वको प्रकाशन गरेको छ। वी.पी.मा अरूको समस्या तत्काल वुझ्न सक्ने र कुनै पनि समस्यामा आफूले दिनुपर्ने निर्णय तत्कालै दिन सक्ने क्षमता रहेको थियो। (शर्मा, ०५७ : २२) वी.पी. तार्किक र समन्वयकारी हुनुहुन्थ्यो, अरूलाई आफ्नो विचारमा सहमत गराउन सक्ने क्षमता वी.पी.मा रहेको थियो भनी वी.पी.को व्यक्तित्त्वमाथि प्रकाश पारिएको छ। (पूर्ववत् : २३) श्रीभद्र आफ्नु विचार ज्यादै स्पष्टसंग राख्न सिफालु देखिन्छन्। उनको अभिव्यक्ति रुचिकर छ, रसमय छ, र भाषा प्रवाहमय छ।

३.१.३ मेरो मनाङ यात्रा

मेरो मनाङ यात्रा नेपाली नियात्रा साहित्यमा महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ। २००९ सालमा शर्माले मनाङको यात्रा गरेका थिए। त्यस यात्रामा प्राप्त गरेको ज्ञान अनुभव र अनुभूति यस कृतिमा समाहित भएको पाइन्छ। यस कृतिमा मनाङको प्राकृतिक सौन्दर्य, खोलानाला, झरना, पहाडपखेरा, हिमाल, हिमशृंखला, खेतीपाती, जनजीवन, संस्कृति आदिको सुन्दर वर्णन पाइन्छ। यसमा मनाङ यात्राको प्रसङ्ग, वाटो टुकुचेको, जुगाको रमाइलो, मार्शल : रमाइलो घटना लगायत ४२ उपशीर्षकहरू रहेका छन्। ५८ पेजमा विस्तारित यस यात्रा संस्मरणमा रोचक प्रसङ्गहरू प्रशस्त मात्रामा आएका छन्। भ्रमणको महत्त्वलाई शर्माले यसरी महत्त्व दिएका छन् 'हाम्रो भ्रमण जनतामा नयाँ चेतना ल्याउने र जनसहयोगबाट ग्रामीण क्षेत्रमा कुनै न कुनै रचनात्मक कार्य गर्ने अभिप्रायबाट प्रेरित हुन्थ्यो। यस्ता रचनात्मक कार्यमा प्राथमिक विद्यालय र प्रौढ शिक्षालय खोल्ने कुरामा विशेष महत्त्व दिन्थ्यौं।' (शर्मा ०६० : १)

३.१.४ भानुभक्तले कलम किन चलाए ?

भानुभक्तले किन कलम चलाए यो एउटा सानो पुस्तिका हो तर यसको मूल्य र महत्त्व धेरै छ। यसले दूरगामी अर्थ र प्रभाव राख्दछ। भानुभक्त नेपाली साहित्यका आदिकवि हुन्। उनले रामायण, रामगीता, प्रश्नोत्तरी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तमाला, वधूशिक्षा र अन्य फुटकर कविताहरू समेत रचना गरेर नेपाली भाषा, साहित्य, संस्कृतिको विकासमा महनीय भूमिका निर्वाह गरेका थिए। भाषिक एकता, सांस्कृतिक एकता र सामाजिक एकतालाई समेत भानुका काव्यकृतिले महत्त्वपूर्ण कार्य गरेको अनुभव हुन्छ। भानुकै महत्त्वलाई आत्मसात् गरेर शर्माले कलम चलाएको देखिन्छ। डिमाइ साइजको ७४ पृष्ठमा विस्तारित प्रस्तुत कृतिमा ९ वटा शीर्षक रहेका छन्। भानुभक्तका समयको तनहुँ..., भानुभक्तको अक्षरारम्भ..., नेपाली राष्ट्रियताको निर्माणमा भानुको कर्तृत्व, नेपाली स्वरवर्णको भानुभक्तीय प्रयोग, भानुभक्त र प्रकृति, अध्यात्म रामायण र भानुभक्तीय रामायण एक तुलनात्मक अध्ययन, भानुभक्तले कलम किन चलाए, भानुभक्तको छायाचित्र र भेषभूषा लगायतका शीर्षक रहेका छन्। भानुको योगदानलाई शर्माले नयाँ ढंगले हेरेका छन्। 'यस कारण यो मान्नुपर्छ कि रामायण लेख्नुमा उनको उद्देश्य लोक हितभन्दा अरू केही पनि थिएन र उनका लागि सवभन्दा ठूलो आकर्षण नै लोकहित थियो' (शर्मा, ०६२ : ७१) भन्ने निष्कर्ष उनको रहेको छ।

३.१.५ प्रकीर्ण लेखरचना

शर्माका दर्जनौं लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन्। दैनिक पत्रिका, साप्ताहिक, मासिक, विशेषाङ्क, मुखपत्र, संग्रह आदिमा शर्माका लेखरचनाहरू छरिएर रहेका छन्। गोरखापत्र, कान्तिपुर, नेपालपुकार, युगसंवाद, राष्ट्रवाणी अरूणोदय, जयतु संस्कतम् अदि पत्रिकामा अनेक विपयका अनेक लेखरचनाहरू प्रकाशित भएका छन्। हरेक लेखरचनामा विचारको स्पष्टता र भाषाको रुचिरता एवं प्रवाहशीलता शर्माका वैशिष्ट्य हुन्। उनका फुटकर लेखरचनाहरूको सङ्कलन सम्पादन हुन सकेमा थप अध्ययन गर्न सकिन्थ्यो।

३.२ श्रीभद्र शर्माका पद्यकृतिको अध्ययन

३.२.१ विनोद उत्तरमाला २०५९

विनोद उत्तरमाला मध्यमआकार (डिमाइ साइज) को ३३ पृष्ठमा विस्तारित लघुकलेवरयुक्त काव्य हो। यसमा कविशिरोमणि लेखनाथ पौडेलका बौद्धिकतापूर्ण प्रश्नहरूले भरिएका बुद्धिविनोदका ६७ श्लोकको उत्तर दिइएको छ। यस अघि नयराज पन्त र पिनाकीप्रसादका उत्तरहरू पनि प्रकाशमा आइसकेका छन्। समकालिक राजेश्वर देवकोटाको उत्तर पनि २०५८ मा प्रकशित भएको पाइन्छ। त्यतिमात्र नभएर देवकोटाले तयार पारेको विनोद पुष्पाञ्जलिको भूमिका समेत शर्माले लेखेका हुन्। भूमिका लेख्दा नै वहाँलाई पनि उत्तर लेख्ने इच्छा जागृत भएर आयो र लहडैलहडमा यो कृति तयार भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(लेखकबाट प्राप्त जानकारी) शर्मापछि प्रा. शिवहरि मरहट्टाले पनि बुद्धिविनोदको उत्तर लेखी प्रकाशित गरेको भेटिन्छ । त्यस्तै रराले पनि २०४५ मा बुद्धिविनोदको उत्तर लेखेको कुरा थाहा लाग्दछ । हालसम्म बुद्धिविनोदका ६ वटा उत्तर प्रकाशित भएको पाउन सकिन्छ । अरू पनि उत्तर छाएका होलान् ।

बुद्धिविनोदका उत्तरहरू आ-आफ्नै ढङ्गबाट आएका छन् । यसका प्रश्नहरू मौलिकमात्रै छैनन्, मूलतः चर्पट मञ्जरी र अंशतः संस्कृतका वेदान्तपरक ग्रन्थहरूबाट प्रभावित देखिन्छन् । जे भए पनि यसमा संकलित प्रश्नहरू ज्यादै मार्मिक छन्, दार्शनिक छन् र मननीय छन् । प्रश्न कर्ताले सर्वत्र अन्त्यानुप्रास मिलाएका छन् तर शर्माले उत्तर दिंदा अन्त्यानुप्रासलाई ख्याल गरेका छैनन् र देवकोटाले पनि त्यता त्यति ध्यान दिएका छैनन् । तर नयराज पन्त र पिनाकीप्रसाद आचार्यले भने अन्त्यानुप्रासको समेत ख्याल गरेर कलम चलाएका छन् । केही उदाहरण हेरौं :

प्रश्नः उही कुलो खेत बिउ सबै उही
उसै गरी रोपिदए पनि कही
हुँदैन धान्यादिक चैत्रमा किन,
तँलाइ मालुम् छ कि यो करा मन ॥ (लेखनाथ)

उत्तरः गर्मी र पानी जब ठीक मिल्दछ,
धान्यादि सारा तब मात्र फल्दछ ॥
जो चाहिने ठीक हिसाबमा यहाँ
मिल्दैन गर्मी जल चैत्र मासमा ॥

(नयराज पन्त)

उही कुलो खेत बिऊ उहीं सब,
गराइ उस्तै बुझ वायुमण्डल ।
सखे बुझ्यौ रोपिदियौ भने अनि,
हुनेछ धान्यादिक चैत्रमा पनि ॥

(डा. पिनाकीप्रसाद आचार्य)

पुगेन शाली गरियो विकास नि,
निकृष्ट चैते पनि धान मानियो ।
अचम्म मान्ने दिन ती बिती गए,
नयाँ नयाँ संकर निस्किदा भए ॥

(राजेश्वर देवकोटा)

पानी र माटो बिउ मात्र नै पनि,
हुँदैन धान्यादिकको त कारक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अलीकता ताप वढाइ रोपिँदा,
फल्यो नि धान्यादिक चैत्रमा पनि ॥

(श्रीभद्र शर्मा)

विद्विविनोद वेदान्तपरक प्रश्नहरूको सँगालो नै हो यसैले वेदान्तपरक उत्तर सर्वथा उपयुक्त हुन सक्तछन् तर शर्माले वेदान्त सिद्धान्तभन्दा भिन्न कोणवाट पनि उत्तर दिएका छन् । वेदान्तीहरूले बौद्धको शून्यवादको खण्डन गरेका छन् र शून्यको पनि प्रतीति गर्ने अखण्ड ब्रह्मसत्ता बाँकी रहन्छ भनेका छन् ।

शर्मा : म शून्य आँफै अनि शून्यमै थिएँ ।१।
म वाच्य जो वस्तु छ शून्य हो तर ।२।
त्यो शून्य हो ब्रह्म उही छ कारक,
ब्रह्माण्डको नै सवको नियामक ।३।
यहाँ ब्रह्म र शून्यलाई एकै मानिएको छ ।
सृष्टिको कारण विष्फोट मानिएको छ
प्रारम्भमा एक महान पिण्डिका
विष्फोट भै वन्न पुग्यो अनेकन ।

तर वेदान्तले त **एकोऽ हं बहु स्याम** लाई कारण मान्दछ । मानिस सधैं किन सुख प्राप्त गर्न मरी मेट्छ भन्ने प्रश्नको उत्तरमा असन्तोष नै उन्नतिको कारण हो (शर्मा, ५९ : १५) भन्ने उत्तर पनि वेदान्त सम्मत देखिँदैन । मानिस सत्, चित् र आनन्द रूप भएकाले अफ्नो आनन्दरूप मूल प्रवाहमा प्रवाहित हुन चाहन्छ भन्ने वेदान्तपरक उत्तर हुन सक्छ । शर्माले भन्दा देवकोटाले वेदान्त दर्शनको नजिक बसेर उत्तर दिएको होकि जस्तो लाग्दछ । विस्तृत र गहन अध्ययन नगरी यसै भन्न सकिदैन । जे होस् शर्माले तयार गरेको विनोद उत्तरमाला नेपाली साहित्यको एउटा सुन्दर फूल त हुँदै हो, यसको सुवास पनि सुन्दर र मनमुग्धकारी छ ।

३.२.२ दुर्गासप्तशती चण्डी (नेपाली अनुवाद)

यसका मूल अनुवादक शर्माका पिताजी अंशुमाली उपाध्याय खनाल हुन् । उनले गरेको अनुवाद पूरा भएको थिएन त्यसैले गर्दा वाणको कादम्वरी गद्य काव्यजस्तै पुत्रश्री शर्माले पिताजीको अधुरो काम फत्ते गरी पाठकको हातमा यो कृति पुऱ्याए । बाँकी अंशको अनुवाद गरी पुरानो अनुवादको परिष्कार परिमार्जनसमेत गरी प्रस्तुत गरिएको यस ग्रन्थको भाषा स्तरीय र परिष्कृत रहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.२.३. गीताको समच्छन्दी अनुवाद २०६३

श्रीमद्भगवद्गीता विश्वप्रसिद्ध कृति हो । वेद, उपनिषद् र अन्य पौरस्त्य दार्शनिक ग्रन्थहरूको निचोड गीतामा रहेको कुरा विद्वान्हरूले उल्लेख गरेको पाइन्छ । संसारका सवैजसो भाषामा गीताको अनुवाद भएको पाइन्छ । नेपाल भारतका सयौं भाषामा गीताको अनुवाद भएको छ । नेपालीमा एक दर्जनभन्दा बढि गीताको अनुवाद प्राप्त गर्न सकिन्छ । कोमलप्रसाद अधिकारीदेखि सुरु भएको पद्यानुवाद र राणाकालदेखि सुरु भएको गद्यानुवाद दुवैको परम्परा अद्यापि यथावत् चल्दै रहेको पाइन्छ । वालगंगाधरको हिन्दी अनुवाद, अम्बिकाप्रसाद अधिकारीको लोकभाष्य र प्रा.डा. दीर्घराज घिमिरेको दार्शनिक व्याख्या पंक्तिकारलाई निकै मन परेका गद्यव्याख्या हुन् ।

प्रस्तुत कृति १६ पेजे फर्मा साइजको २७१ पृष्ठमा फैलिएको छ । यसमा तीन अंग रहेका छन् । क. पूर्वकथा ख. गीताको मुख्यभाग ग. उत्तराङ्ग कथा । पूर्वकथामा महाभारतको युद्धपूर्वका प्रमुख घटनाको सार ४५६ पद्यमा प्रस्तुत गरिएको छ । यस भागका सवै पद्यरचनाहरू अनुष्टुप् छन्दमा रहेका छन् । कथा स्रोत महाभारत भएपनि यस खण्डका सवै श्लोकहरू मौलिक हुन् भन्ने देखिन्छ । उदाहरण हेरौं :

हस्तिनापुरमा एक राजा शन्तनु नामका ।
थिए प्रतापी ती ज्यादै कुरुवंशप्रदीपक ॥१॥
शिकार खेल्नका लागि निस्केथे ती कुनै दिन ।
देखे जंगलमा एक नारी अत्यन्त सुन्दरी ॥२॥
राखेर रथमा राजा फर्के दर्बार तत्क्षण ॥८॥

यसमा कविले शन्तनु र गंगाको विवाह, गंगा गमन, भीष्म प्रतिज्ञा र मत्स्यगन्धासंगको विवाह, दुई चित्राङ्गद र विचित्रवीर्य पुत्रको जन्म, तिनको विवाह, शन्तनुका दुवै छोराको मृत्यु, सत्यवतीको आदेशमा वेदव्यासबाट धृतराष्ट्र र पाण्डुको जन्म, दासीमा विदुरको जन्म, धृतराष्ट र पाण्डुका पुत्रहरूको जन्म र अंशलाई लिएर युद्धको आरम्भ सम्मका घटना (शर्मा, ०६३: १४-२०) सरल सहज र प्रवाहशील भाषामा प्रस्तुत भएको पाइन्छ । अनुष्टुप् छन्दको अनुशासनलाई सर्वत्र पालना गरिएको देखिन्छ । अन्त्यानुप्रास कतै मिलेको छ भने धेरैजसो ठाउँमा वास्ता गरिएको छैन र पनि काव्यात्मा क्षति हुन दिएका छैनन् ।

यस्तै नै हर्षको वेला राजा शान्तनुले पनि ।
विदा लिए लोकबाट दिवङ्गत भए तिनी ।६९।
यसमा अन्त्यानुप्रास मिलेको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागे दुवै पक्ष त्यहाँ आफ्नो आफ्नो तयारीमा ।
कुरूपाण्डवको युद्ध प्रारम्भ यसरी भयो ॥४५३॥
यहाँ अनुप्रासलाई ख्याल गरिएको छैन ।

४८ पृष्ठदेखि २४५ पृष्ठसम्म गीताको मूल अंश एकापट्टि संस्कृत र एकपट्टि नेपाली अनुवाद प्रस्तुत गरिएको छ । कतिपय श्लोकको अनुवाद एक श्लोकमा मात्र नभएर दुई श्लोक लगाएर पनि गरिएको देखिन्छ । नजायेत म्रियते (२०) श्लोकको अनुवाद हेरौं :

न जन्म यो लिन्छ न मर्छ कैले,
जन्म्यो न पैले न त जन्मनेछ ।
यो हो अजन्मा र सदा छ नित्य,
शरीर मर्दा पनि यो रहन्छ ॥२/२०॥

वासांसि जीर्णानि को अनुवाद हेरौं

फाली पुराना कपडाहरू सबै, नयाँ नयाँ फेर्छ जसो गरी नर ।
आफ्ना जति छन् शरीर ती, फालेर आत्मा पनि फेर्छ त्यो नयाँ ॥२/२२॥

अनुवादमा शर्माले मूलको मर्मलाई मर्न नदिईकन शब्द, अर्थ र भावसमन्वितिलाई सहज र सरलढंगमा प्रस्तुत गरेका छन् ।

उत्तर भागमा १५७ श्लोक रहेका छन् । गीतोपदेशपछि अर्जुन युद्ध गर्न तयार हुन्छन् र घमासानको युद्ध १८ दिन सम्म चल्छ । युद्ध जितेर पनि वैरागी वनेका पञ्चपाण्डवलाई श्रीकृष्णले शरशय्यामा लडिरहेका भीष्मपितामह समक्ष लैजान्छन् र भीष्मवाट अनेक उपदेश प्राप्त गर्दछन् ।

मेटिए मनका शङ्का वैराग्य पनि मेटियो ।
ठानी ठूलो राजधर्म सबै नै घर फर्किए ॥१५४॥

र लामो समयसम्म राज्य संचालन गरी स्वर्ग यात्राको दिव्य मार्गमा लाग्दछन् ।

धेरै वर्ष गरी राज्य सबै नै पृथिवी जिती ।
यज्ञयाग गरी नाना कमाएर निकै यश ॥१५६॥
नातिलाई दिई राज्य अन्तमा सब् साधु भई ।
स्वर्गयात्रातिरै लागे द्रौपदी साथमा लिई ॥१५७॥

गीताको अनुवाद दार्शनिक, धार्मिक, सांस्कृतिक र साहित्यिक दृष्टिले समेत महत्त्वपूर्ण रहेको अनुभव हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.२.४ रति र काम

शर्माको रति र काम अर्को महत्त्वपूर्ण कृति हो । यो विश्वप्रसिद्ध कवि एवं नाटककार विलियम सेक्सपियरको भीनस र अदनीस को नेपाली रूपान्तरण हो । सुरुमा लेखक स्वयम्को, अभि सुवेदी र जयराज आचार्यको मन्तव्यसमेत रहेको छ । यस काव्यमा १९९ वटा अनुच्छेदहरू आएका छन् र पेज र पंक्ति गणना गरी आनुपातिक हिसाव निकाल्दा १३२० पंक्ति काव्यमा प्रयोग भएको देखिन्छ । अन्त्यमा उनकै, कर्नेलको घोडा र भीनस र अडोनिस सँग दाँजि हेर्दा, समीक्षात्मक आलेख पनि राखिएको छ । शर्मा अंग्रेजीका विज्ञ, विद्यार्थी केही होइनन् । विद्यालयमा अंग्रेजी पढेका पनि होइनन् तर पनि उनको पद्य अनुवादलाई अंग्रेजीका प्राध्यपकहरूले पनि प्रशंसा गरेकाले उनको प्रातिभ क्षमतालाई समादर गर्नै पर्छ । अनेक काव्यमा पुरुषले नारी सौन्दर्यको वर्णन गरेको पाइन्छ । नायकले नायिकालाई पाउन मरिहत्ते हालेको पाइन्छ तर यस काव्यमा नायिकाले नायकको सौन्दर्यको वर्णन गरेको र नायकका प्रति मरिहत्ते हालेको कुरा ज्यादै प्रभावपूर्ण देखिन्छ । हुन त विश्वप्रसिद्ध महाकवि कालिदासको कुमारसंभव काव्यमा पनि नायिका पार्वतीले नायक शिव प्राप्तिका लागि तपश्चर्या गरेकी छन् । तर शिवमा नायकत्व भाव मात्रै नभएर देवत्व बुद्धि पनि छ । भीनस र अदनीसमा त्यस्तो भाव छैन ।

रतिदेवी (भीनस) ले एक सुन्दर शिकारी युवा मनुष्य (अडोनिस) को सुन्दर शरीर देख्दछिन् र ऊसंग यौन सम्पर्क गर्न आक्रामक प्रयास गर्दछिन् । उनले त्यस युवकलाई आफ्नो अनुकुल वनाउन रातभर अनेक हाव भाव कटाक्ष र अनेक प्रशंसा सूक्ति वाचन गर्दछिन् । रतिको प्रेमप्रणयको अनेक प्रयत्न असफल रहन्छ ॥ प्रेमलाई ऊ घृणा गर्दछ, वासना ठान्दछ । आफूलाई त्यहाँवाट प्रस्थान गर्न दिने शर्तमा एक चुम्वन दिन्छ तर रति हजार चुम्वन दिन्छिन् । रतिको आक्रमण र अँगालोवाट फुत्किएर वँदेलको शिकारमा संलग्न काम (अदनीस) भोलिपल्ट विहान वँदेलवाट मारिएको भेट्दछिन् । रतिकै विलापमा काव्य टुंगिन्छ । उनी प्रेमलाई श्रापित पनि गर्दछिन् । यो काव्य कालिदासको कुमारसंभव महाकाव्य ४ सर्गमा वर्णित रति विलापसंग केही तुल्य छ ।

काव्य नेपाली भ्याउरे लयमा अनुदित छ । अन्त्यानुप्रासलाई त्यति ध्यान दिइएको छैन तर पनि कतिपय ठाउँमा अनुप्रास मिलेको छ

काम त अव जे भन्यो मान्छ विरोध गर्दैन ।
सकेको जति चुस्तछिन् रति चाहना मेटिन्न ॥ (शर्मा, ०६४ : २९)

छोड्देउँ मलाई अनि त कथा समाप्त भैहाल्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वित्यो नि रात वसेर यहाँ के गर्न वाकी छ । (शर्मा, ०६४ : ३६)

कामासक्त घोडा र घोडीको कथा पनि यसमा जोडिएर आएको छ । भाषा परिष्कृत परिमार्जित भएपनि वहाव छैन, कम सहजसंवेद्य छ काव्य । तर पनि यो नेपाली साहित्यको महत्त्वपूर्ण उपलब्धि हो भन्ने देखिन्छ ।

४. अन्त्यमा

श्रीभद्र शर्माले छात्रजीवनदेखि राजनीतिमा संलग्न रहेर पनि समसामयिक विषय र साहित्यिक क्षेत्रमा समेत सशक्त रूपमा कलम चलाएको पाइन्छ । उनको जीवनको लामो हिस्सा राजनीतिमा वितेको कुरा सवैलाई अवगत भएकै विषय हो । जीवनको उत्तरार्धमा कलम चलाउन थालेर पनि जुन योगदान दिएका छन् त्यो ज्यादै महत्त्वपूर्ण रहेको वुझिन्छ । शर्माले गद्यपद्य दुवै विधामा कलम चलाएर आफ्नो प्रातिभ क्षमताको राम्रो परिचय दिएका छन् । उनका साहित्यिक रचनाहरूको हालसम्म खासै अध्ययन भएको पाइँदैन । शर्मा जस्तो राष्ट्रिय व्यक्तित्त्वका कृतिको अध्ययन हुनुपर्दछ ।

सन्दर्भ सामग्री

भट्टराई घटराज — २०५६, काठमाडौं, नेपाली साहित्यकार कोप, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान

श्रीभद्र शर्मा — २०५२ जयतु संस्कृतम् आन्दोलन एक स्मरण, स्वयम्

" " — २०५९ विनोद उत्तरमाला, काठमाडौं, आँखा प्रकाशन

" " — २०६० श्रीमद्भागवद्गीता, काठमाडौं, स्वयम्,

" " — २०६० मेरो मनाङ यात्रा (यात्रा संस्मरण) राष्ट्रवाणी प्रकाशन,

" " — ०६३ बी.पी. संगका केही संस्मरण, काठमाडौं, एकता प्रकाशन

" " — २०६४ रति र काम, काठमाडौं, आरति र अरूणा खनाल

" " — ०६४ दुर्गा सप्तसती चण्डी

" " — २०६५ संझनाका फूलहरू

आफैंतिर फर्केर हेर्दा (प्रकाशनको प्रतीक्षामा)

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्ख नबन्न जान्नै पर्ने मूर्ख लक्षण

✍ डा.जीवन अधिकारी

अग्रकथन

मानिसका विचारहरू जानेर जानिनसक्ना छन्। व्यक्तिको निजी पहिचानको, नितान्त व्यक्तिगत चिन्तनको उपज हुन सक्छ विचार। को, किन, कसदेखि फरक छ भन्ने छुट्याउने र खुट्याउने आधार पनि हो यो। साम्य, विभेद, मतभेद, मतैक्य, सहमति, असहमति, जे जे भने यी पनि वैचारिक विभेदका परिणाम हुन्। विमति राख्दा एकका दृष्टिमा अर्को तर्कहीन र असामयिक लाग्छ। ठान्नु न हो, यस्तो विचारगत असामञ्जस्य राख्नेहरू परस्पर एक-अर्कालाई मूर्ख ठान्छन् "कस्तो मूर्ख कुरा गर्छ भन्या, त्यसले भन्दैमा म कहाँ मान्छु र" आदि, आदि। मूर्खहरूका पनि तहहरू बनाइन सक्छन्। राजनीतिमा, सरकारी वा गैरसरकारी सेवामा, व्यापार-व्यवसायमा, शिक्षण-प्राध्यापन पेसामा, कानुनसम्मत या गैरकानुनी क्रियाकलापमा, जहाँ कहीं होस्, व्यक्ति आफूले अरूलाई मूर्ख बनाएको ठान्छ र कतिपय स्थितिमा आफू मूर्ख बनाइएको पत्तै पाउँदैन। "आफू विज्ञ छु, अरूलाई मूर्खमात्र होइन मुर्गा नै बनाउन सक्छु" भन्नेहरू पनि यदाकदा अरूबाट मूर्ख या मुर्गा बन्न पुगेका भेटिन्छन्। यथार्थमा मूर्ख कस्ता हुन्छन् त, यो तत्त्वज्ञान नहुँदासम्म सबैका सामु मूर्ख बनाइन सक्ने परिस्थिति आइरहन सक्छ, अनेक पटक।

मूर्खका बारेमा संस्कृत वाङ्मयमा नीतिका कुरा गर्दा काव्य-महाकाव्य आदिमा प्रशस्त चर्चा भएको पाइन्छ। यी यत्रतत्र छरिएर रहेका मूर्खसम्बद्ध कथन या विचारहरूलाई एकत्रित गरी कुनै सज्जनले मूर्खका सयवटा लक्षणहरू समावेश गर्दै एक लघुकाव्य रचना गरेका छन्। यो काव्य अद्यावधि अप्रकाशित छ। नेपाल सरकार, शिक्षामन्त्रालय राष्ट्रिय अभिलेखालयमा हस्तलिखित ग्रन्थका रूपमा संरक्षित एवं सूक्ष्मछविचित्र (माइक्रो-फिल्म) निर्माण भइसकेको यो काव्य 'मूर्खशतकम्' तथा 'शतमूर्खलक्षणम्' नामबाट सूचीकृत छ। यसको उपयोगिता र महत्त्वलाई आंकलन गरी यही रचनालाई आधार मानेर यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्खका स्वरूप वा लक्षणवारे जानकारी दिंदै मूर्ख नवन्न सर्वसामान्य पाठकवर्गलाई सचेत गराउने चेष्टा गरिंदै छ ।

मूर्ख शब्दको व्युत्पत्ति र अर्थ

मूर्ख-शब्द संस्कृतको 'मुह'-धातुवाट वन्दछ । 'मुह'-धातुको अर्थ 'वैचित्य' अर्थात् अविवेकीपन हो ।[१] 'वैचित्य' शब्द चित्त अस्थिर हुनु, मानसिक रूपमा विकल हुनु, शोक या अपशोचले ग्रस्त हुनु आदि अर्थमा प्रयुक्त हुन्छ ।[२] 'मुह'-धातुको अर्थगत सम्वन्धलाई हेर्दा वैचित्य शब्दका समानार्थी शब्दहरू अपाङ्गता, मानसिक विकलता, उत्साहहीनता, उद्विग्नता, अस्तव्यस्तता, मूर्च्छित अवस्था, बेहोसीपन, अज्ञान, चेतनाहीनता, लुलो वा लङ्गडोपन आदि हुन सक्छन् ।[३] यही 'मुह'- धातुमा 'ख'- प्रत्यय लाग्दा 'मुह'- धातुको सट्टामा 'मूर्' आदेश भई 'मूर्ख'- शब्द व्युत्पन्न हुन्छ ।[४] 'मूर्ख'- शब्दको पर्यायवाची शब्दका रूपमा अज्ञ, मूढ, यथाजात, वैधेय र वालिश शब्दहरू लिइएका छन् ।[५] अंग्रेजी भाषामा Fool शब्दले यही मूर्खशब्दले वुझाउने अर्थलाई ग्रहण गरेको छ । आप्टेले Fool शब्दका मूर्ख, मूढ, निर्वुद्धि, अज्ञ, जड, मन्द, अवुध, अप्राज्ञ, प्रज्ञाहीन, स्थूलधी, जडधी, अल्पधी, अल्पमति, मन्दधी, मन्दमति, अनात्मज्ञ र वर्वर, यी अर्थ छन् भनी उल्लेख गरेका छन् ।[६] नेपाली भाषामा यो शब्द साह्रै नै कम बुद्धि भएको वा वुद्धि नै नभएको, कुनै कुरा वा ज्ञानका विपयलाई पटक्कै वुझ्न नसक्ने, नासमझ, वेवकुफ, अशिक्षित वा अपढ भन्ने अर्थमा प्रयोग गरिन्छ ।[७]

शब्दकोशहरू थुप्रै प्रकाशित छन् र खाजिपसे 'मूर्ख'-शब्दको उल्लेख गरिएका अनेक शब्दकोशको सूची पादटिप्पणीमा समावेश गर्न सकिन्छ तर अर्थहरू खोज्दै जाँदा 'मूर्ख'-शब्दले प्रायः माथि वताइएका अर्थहरूलाई नै वुझाउने गरेको यथार्थ हाम्रो व्यावहारिकताले पनि स्पष्ट गर्दछ ।

---

१. श्रीमद्वरदराजाचार्य, **मध्यसिद्धान्तकौमुदी** (वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, अष्टम संस्करण, ई. १९८३), (दिवादिप्रकरण) पृ. २७१ ।

२. वामन शिवराम आप्टे, **संस्कृत हिन्दी शब्दकोश** (दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्राइवेट लिमिटेड, द्वो.सं, ई. १९९७), पृ. ९७९ ।

३. पूर्ववत्, पृ. ८०९ ।

४. मुहः खो मूर्च, (उणादिसूत्र- ७००), सोमनाथ सिग्देल, **प्रतिसंस्कृता सिद्धान्तकौमुदी** (काष्ठमण्डप : नेपाल एकेडेमी, वि. सं.२०१५), उत्तरार्ध पृ. ३०४ ।

५ अमरसिंह, **अमरकोश** (मुम्वई : तुकराम जावजी, तृतीय संस्करण, ई. १९०५), तृतीय काण्ड, विशेष्यनिघ्नवर्ग, पृ. ४२१ ।

६ Vaman Shivaram Apte, **The Student's English Sanskrit Dictionary** (Delhi : Nag Publishers, Revised Edition, 1997 AD) Page :167.

७. वालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४०), पृ. १०९२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली परिवेशमा मूर्खशब्दको प्रयोग विशेष गरी अपढ, अवुध, अटेर, कुतर्की, नासमझ आदि अर्थमा वढी गरिने गरिएको पाइन्छ। यस्ता मूर्खले दैनन्दिन व्यवहारमा के-कस्ता चरित्रको प्रकाशन गर्छन्, पढे-लेखेर पनि कतिपय व्यावहारिक अकुशलता र मर्यादाविपरीत आचरण प्रदर्शन गर्नाले मानिसहरू कसरी मूर्ख वन्नपुग्छन् भन्ने कुरा वुझेर व्यवहार गर्न जानिएन भने आफू पनि मूर्ख वन्ने सम्भावना रहिरहन्छ।

मूर्ख वन्न सायद कोही पनि चाहँदैनन्। उच्च वा उन्नत वन्न खोज्नु सर्वसामान्य मानवीय स्वभाव नै हो। तर, कतिपय परिस्थितिमा मानिसले वुझेर पनि वुझ पचाइदिंदा मूर्ख वन्ने गरेको प्रत्यक्ष अनुभव पनि हामीसित हुन सक्छ। यस्तो नहोस् वा मानिसले जानेर वा नजानेर मूर्ख वन्न नपरोस् भन्नाका खातिर संस्कृत वाङ्मयमा प्रशस्त चिन्तनहरू भएका छन्। तिनै चिन्तनमध्येकै एक हो- 'मूर्खशतक' या 'शतमूर्खलक्षण' नामको एक लघुकाव्य। यस काव्यमा मूर्खको स्वरूप के-कस्तो वताइएको छ त, यसवारे अगाडि चर्चा गरिंदै छ।

मूर्खशतक काव्य र मूर्खका सय लक्षणहरू

नेपाल सरकार, शिक्षामन्त्रालय अन्तर्गत राष्ट्रिय अभिलेखालयमा प्राचीन पाण्डुलिपिहरूको सङ्ग्रहका रूपमा 'मूर्खशतकम्' यस काव्यको पनि पाण्डुलिपि सुरक्षित राखिएको पाइन्छ। पुस्तकको नाम- मूर्खशतकम्, विषय- काव्य, पाण्डुलिपि लगत संख्या- ३/१०४, संक्षिप्त सूचीपत्र संख्या- ४४१३, माइक्रो फिल्म संख्या- A/३८५/१४, वि.सं.- ५३८, को ४ पत्रको पाण्डुलिपि त्यहाँ उपलब्ध छ। 'मूर्खशतलक्षणम्' नामवाट काव्य-विषय अन्तर्गत पाण्डुलिपि लगत संख्या- A/३८५/१६, वि.सं- ५३८ को २ पत्रयुक्त अर्को पाण्डुलिपि पनि उपलब्ध छ। दुवै पाण्डुलिपिमा लेखक वा रचनाकारको नाम उल्लेख गरिएको छैन। पछिल्लो पाण्डुलिपिको पहिलो पानामा दायाँतिर 'हेरम्व' भनी लेखिएको पाइएको र मूल पाठभित्र त्यस्तो अर्थ दिने शब्द कुनै नपरेको हुँदा यो काव्य सार्ने व्यक्ति सायद हेरम्व नामका कोही थिए कि भन्ने अनुमान लगाउन सकिन्छ। मूल लेखक को हुन् भन्ने कुरा त भावी अनुसन्धानकै गर्भमा छ। पाठको आरम्भ या समाप्तिमा पनि कुनै लेखकीय विवरण नदिइएकाले उपलब्ध यी दुई पाण्डुलिपिवाट यस काव्यका लेखक वा रचनाकार को थिए भन्ने कुरा खुल्न सक्दैन। यसवारे आगामी दिनमा जिज्ञासुजनवाट गरिने अन्वेषणले थप प्रकाश पार्लान् भन्ने सङ्केतका लागि मात्र यो प्रसङ्ग उठाइएको हो। अब यस मूर्खशतक काव्यभित्र समाविष्ट मूर्खशतशलक्षणलाई प्रस्तुत गर्नेतर्फ कलम अघि वढाइँदै छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्खशतक काव्यभित्र संस्कृत भाषामा लेखिएका अनुष्टुप् छन्दका जम्मा छब्बीसवटा पद्य छन्। भूमिकाका रूपमा कुनै राजालाई सम्बोधन गरेर प्रथम श्लोक लेखिएको छ-

शृणु मूर्खशतं राजन्' तं तं भावं विवर्जय।
येन त्वं राजसे [८] लोके दोषहीनो मणि[९] र्यथा॥

हे राजन् ! मूर्खशत अर्थात् सयथरी मूर्खहरू कस्ता हुन्छन्, तिनका लक्षणहरू सुन्नुहोस् र ती ती मूर्खका भाव- व्यहारलाई त्याग गर्नुहोस् जसले गर्दा हजुर लोकमा निर्मल मणिझैं शोभायमान हुनुहुनेछ। भूमिकास्वरूपको यस पद्यबाहेक बाँकी पच्चीस पद्यभित्र मूर्खका सयवटा लक्षणहरू प्रस्तुत गरिएका छन्। यस आलेखमा तिनलाई संस्कृतका पद्यको उल्लेख नगरी नेपालीमा अर्थमात्र खुलाएर क्रमसंख्या दिई प्रस्तुत गरिएको छ।

सामर्थ्य भएर उद्योग नगर्ने (१), विद्वान्का सभा या परिपद्मा आफ्नो प्रशंसा गर्ने (२), वेश्याका वचनमा विश्वास गर्ने (३), घमण्डी वा अहङ्कारीका रूपमा विख्यात व्यक्तिमाथि विश्वास गर्ने (४), जुवा, तास आदि गलत मार्गवाट सम्पत्ति कमाउने इच्छा राख्ने (५), रिस वा द्रोह गर्नेमाथि पनि शङ्का/सन्देह नगर्ने[१०] (६), बुद्धि नभएको तर प्रौढकार्य गर्ने इच्छा राख्ने (७) र एकान्तप्रेमी व्यापारी (८) यी मूर्ख मानिएका छन्। त्यस्तै पैसा ऋण लिएर अचल सम्पत्ति किन्ने (९), वुढो भएर कन्याप्रति आदरभाव राख्ने- कन्यापिपासु (१०), नपढिएका, नसुनिएका ग्रन्थको व्याख्या गर्न तम्सिने (११), प्रत्यक्ष वस्तुलाई ढाकछोप गरी लुकाउने (१२), चञ्चल चित्त भएकी व्यभिचारिणी स्त्रीको पति भएर त्यस्तै अरूप्रति ईर्ष्यालु (१३), सयौं शत्रु भएर पनि आशङ्कित नहुने या कसैमाथि शङ्का नगर्ने [११] (१४), अरूलाई धन दिने र पछि 'व्यर्थै दिएको' भनी पछुताउने (१५) तथा कविताको भाव नबुझ्ने तर आफूलाई कविताताविज्ञ ठानी जथाभावी पढ्ने पाठक (१६) अर्काथरी मूर्ख हुन्छन्। अर्कातिर कुनै विषय वा प्रसङ्ग कतै कसैले नउठाएको अवस्थामा वडो जान्ने वा चतुर बनेर बोल्ने (१७), तर प्रस्ताव गरिएका विषयका बारेमा केही नबोली मौन बस्ने (१८), लाभ वा फाइदा हुने बेलामा कलह गर्ने (१९), खाने वेलामा रिस उठ्ने/रिसाउने (२०), ठूलो लाभ भएका बेलामा जथाभावी पैसा खर्च गर्ने (२१), सामान्य लोकका उक्तिमा (उखान-टुक्कामा) अति क्लिष्ट संस्कृत प्रयोग गर्ने वा अस्पष्ट/असजिला

---

८. अर्को पाण्डुलिपिमा 'राजसे' का सट्टामा 'दीप्यसे' यो पाठान्तर छ।
९. अर्को पाण्डुलिपिमा 'मणि' का सट्टामा 'मुनि' यो पाठान्तर छ।
१०. अर्को पाण्डुलिपिमा 'कृतद्रोहेपशंसय' का सट्टामा 'कृष्याद्यर्थेपु संशयी' यो पाठान्तर छ।
११. अर्को पाण्डुलिपिमा 'शतशत्रुः' का सट्टामा 'शक्तशत्रु' यो पाठान्तर छ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द प्रयोग गर्ने संस्कार वा वानी भएको (२२), धन छोराको अधीनमा दिएर आफू तिनको अधीनमा परेको वा हीन भएको (२३) र स्वास्नीका पक्ष-नातागोतावाट धन-सम्पत्ति माग्ने (२४) यिनीहरू पनि मूर्खका एक एक नमुना हुन्।

आफ्नी विहे गरेकी पत्नीवाट असन्तुष्ट वा खिन्न भई अर्की स्वास्नी ल्याउने (२५), आफ्ना छोराको रिसले दत्तक पुत्र राख्ने अर्थात् अर्काको छोरालाई ल्याई पाल्ने (२६), अधिक भोगी वा कामुकको दाँजोमा लागेर प्रतिस्पर्धा गर्दै सम्पत्ति दान दिने (२७), कसैसित याचना गर्ने वा वाणजस्ता तिखा वचन प्रयोग गर्ने भिखमङ्गाका भनाइमा आफूलाई गौरवशाली ठान्ने (२८)हरू अर्काथरी मूर्खमा पर्छन्। चोरवाट पनि अहित कुरा सुनिरहने वा 'म जस्तो बुद्धिमान् कोही छैन' भनी बुद्धिमान्का हितकारी वचन नसुन्ने[१२] (२९), 'मेरो जस्तो कुल कसैको छैन, म अर्काको सेवक किन वन्ने' भन्ने घमण्ड गरी अरूको सेवा नगर्ने (३०), दुर्लभ वस्तुहरूलाई दिएर कामी अर्थात् अतिशय भोगी वन्ने (३१), शुल्क दिएर गलत वाटोमा- वेश्याभोग वा व्यभिचारमा लाग्ने (३२), लोभी राजावाट धनलाभको इच्छा राख्ने (३३), दुष्ट शासकवाट न्यायको अपेक्षा राख्ने (३४), कायस्थ- काइते लेखनदासका मायाले वशीभूत भई उसवाट प्रेमपूर्वक केही प्राप्तिको आशा राख्ने (३५) र क्रूर मन्त्री हुँदा पनि निर्भय भई वस्ने (३६), यिनको पनि मूर्खका लहरमा गणना गरिएको छ।

गुन नचिन्नेहरू कृतघ्न हुन्छन्। त्यस्ता कृतघ्नको प्रीतिका लागि कार्य गर्ने (३७) व्यक्ति मूर्ख मानिन्छ। त्यसैगरी नीरस वा कठोर व्यक्तिमा गुणको बिक्री वा उपदेश गर्न चाहने (३८), स्वस्थ हँदाहुँदै वैद्यको उपचार आदि क्रियाको सेवन गर्ने अर्थात् कुनै रोग नभई औपधी सेवन गर्ने[१३] (३९), रोगी भएर पनि वैद्यदेखि पराङ्मुख हुने अर्थात् वैद्यकहाँ नगई रोग पालेर वसिरहने वा रोगी भएर पथ्य कुराको सेवन नगर्ने[१४] (४०), लोभका कारण आफन्तजनलाई त्याग गर्ने (४१), रुखो वाणीले मित्रलाई वैरागी वा दिक्क वनाउने (४२), फाइदा भइरहेका समयमा अल्छी वन्ने (४३), ठूलाबडा वा सज्जन महात्माहरूसित कलह गर्न चाहने (४४), ज्योतिपीका कुरा वा भनाइमा लागेर राज्यप्राप्तिको चाह राख्ने[१५] (४५), मूर्खले बताएका मन्त्र वा गोप्य कुरा पत्याएर तिनमा श्रद्धा वा आदर राख्ने (४६), दुर्बल वा कमजोर मानिसलाई सताउनमा

---

१२. अर्को पाण्डुलिपिमा 'चोरतो-प्यहितश्रोता' का सट्टामा 'धीदर्पात्-धीवर्यात् न हितश्रोता' यो पाठान्तर छ।
१३. अर्को पाण्डुलिपिमा 'वैद्यक्रियासेवी' का सट्टामा 'वैद्यक्रियाकाङ्क्षी' यो पाठान्तर छ।
१४. अर्को पाण्डुलिपिमा 'वैद्यपराङ्मुख' का सट्टामा 'पथ्यपराङ्मुख' यो पाठान्तर छ।
१५. अर्को पाण्डुलिपिमा 'गणकस्योक्त्या' का सट्टामा 'गणकस्योक्तौ' यो पाठान्तर छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफूलाई शूरो ठान्ने[१६] (४७) र आफूमा रोग-व्याधि देखिँदा पनि स्त्रीसंसर्गका प्रति लालायित भइरहने (४८) व्यक्ति पनि मूर्खकै कोटिमा पर्दछन् ।

राम्रा गुणहरूलाई व्यवहारमा उतार्ने कुरामा- गुणको अभ्यासमा एकैछिन मात्र अनुराग देखाउने (४९), अरूले सम्पत्ति जोगाइदिएमा मज्जाले खर्च गर्ने वा अर्काको सम्पत्ति उडाउने[१७] (५०), मौन बसेर कुनै वार्तालाप वा कुराकानी, छलफल आदिको अनुकरण गर्ने[१८] (५१) र भाषण या वादविवादमा राजा, मन्त्री आदिको निन्दा गर्ने (५२) पनि मूर्खकै श्रेणीमा पर्दछन् ।

दुःख परेका वेलामा जोसुकै अगाडि आफ्नो दीनता या दरिद्रताको पीडा प्रकट गरिरहने (५३), सुखी वा सम्पन्न भएका अवस्थामा पहिलेको दुर्गति वा दरिद्रता विर्सने (५४), थोरै धन वा अन्य तुच्छ वस्तुको रक्षाका लागि थुप्रै धन खर्च गर्न तयार हुने (५५), कुनै परीक्षा वा प्रतियोगिताका निमित्त विप खान तत्पर हुने[१९] (५६), धातुवाद- खनिज-विज्ञानका पछि लागेर आफूसित भएका घर आदि वस्तुहरू समेत डढाउने[२०] (५७), रसायनको रसलाई विनाकाम क्षय गर्ने (५८), आफ्ना अगाडि विविध सम्भावनाहरू देखिँदा स्तब्ध वा निष्क्रिय रहने (५९), क्रोधको आवेशमा आई आफैंलाई मार्न उद्यत हुने (६०), निष्फल कार्यमा नित्य हिंडिरहने (६१), वाण लागेर घाइते भएर पनि युद्ध हेर्न गइरहने वा युद्धमा भिड्न उत्सुक भइरहने (६२), शूर, पराक्रमी वा शक्तिसम्पन्न मानिसको विरोध गरी आफैंलाई क्षति पुऱ्याउने (६३) र थोरै प्राप्तिमा पनि प्रशस्त घमण्ड वा अहङ्कार देखाउने (६४) अर्काथरी मूर्ख हुन् ।

अर्काले विद्वान् नभने पनि 'मजस्तो पण्डित कोही छैन' भनी भनिरहने (६५), 'मजस्तो सिपालु सैनिक कोही छैन' भन्ने ठानी निर्भय हुने (६६), कसैको प्रशंसा गरेर पनि उसलाई वाक्क-दिक्क बनाउने (६७), हाँसेर प्रकट गरिएका बोलीद्वारा अरूको मर्ममा प्रहार गर्ने[२१] (६८), दरिद्रका हातमा धितोका रूपमा सम्पत्ति राख्ने, (६९), सन्देहास्पद वस्तु वा स्थान वा प्रयोजनका निम्ति सम्पत्ति खर्च गर्ने (७०), आफूले गरेको खर्चमा लेखक वा अन्य कुनै व्यक्तिलाई दोषी ठहऱ्याई उसप्रति द्वेष गर्ने (७१), दुर्भाग्यवश पुरुषार्थ त्याग गरेको (७२), दरिद्र भएर सभा-समारोह या गोष्ठीहरूमा जान लालायित हुने, (७३), लागू पदार्थ खाएर मात्तिनाले खाना खानै विर्सने (७४), राम्रा गुणहरूले रहित आफू हुँदाहुँदै

---

१६. अर्को पाण्डुलिपिमा 'दुर्वलवाधायां' का सट्टामा 'दुर्वलवाधासु' यो पाठान्तर छ ।
१७. 'परीक्षायै विषादनः' यो पाठान्तर छ ।
१८. 'धनार्थी' यो पाठान्तर छ ।
१९. 'ऋतोक्तिभिः' यो पाठान्तर छ ।
२०. 'सन्दिग्धेऽर्थकृतव्ययः' यो पाठान्तर छ ।
२१. 'लेखके द्वेषी' यो पाठान्तर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि आफ्नो कुलको प्रशंसा गर्ने (७५) र रुखो वा खस्रो आवाज भएको भए पनि गीत गाउन रुचाउने (७६), यी सबै एक-एक मूर्खका विशिष्ट नमुना रहेका छन् ।

पत्नीका व्यवहारवाट खिन्न भएर विरुद्ध कुराको चाहना गर्ने वा विपरीत कार्य गर्ने (७७), कृपणता- लोभीपनले गर्दा सम्पत्ति भएर पनि दुर्दशामा परेको (७८), प्रकट रूपमा दोष देखिएका मानिसको पनि वार वार प्रशंसा गर्ने (७९), पण्डित विद्वान्हरूको सभावाट विचैमा निस्केर हिंड्ने (८०)-लाई पनि मूर्खकै वर्गमा राखिएको छ । त्यस्तै समाचार दिने दूत भएर मालिक वा अन्य कुनै व्यक्तिको सन्देश या भन्नुपर्ने कुरा नै विर्सने (८१), कासवान् अर्थात् निरन्तर खोकिरहने रोगवाट ग्रस्त भए पनि चोरी गर्न हिंडिरहने (८२), कसैका सामु आफ्नो नाम राख्न वा कीर्ति कमाउनका लागि भोज्य वा खाद्य पदार्थमा प्रशस्त सम्पत्ति खर्च गर्ने (८३), कसैले 'यहाँ त थोरै खाएर पनि अघाउनुहुन्छ' भनी प्रशंसा गरेमा वा त्यसरी प्रशंसा गर्छन् भन्ने देखिएमा पेट नै नभरिने गरी अत्यन्त थोरै भोजन गर्ने [२२] (८४), अति थोरै भोजनप्रति ज्यादै रसिक वा धेरै पकाउनमा अत्यन्त रसिक[२३] (८५), अरूले छलपूर्वक गरेका प्रशंसाका वचन सुनेर अति खुसी भई पागलझैं विक्षिप्त हुने [२४] (८६), वेश्याका शत्रुहरूसित झगडा गर्ने (८७), दुईजनाले गोप्य कुरा गरिरहेका ठाउँमा तेस्रो वन्न जाने (८८), आफूप्रति राजा प्रसन्न छन् वा राजाको वरप्रसाद आफूलाई प्राप्त छ भन्ने ठानी त्यसमा अतिशय विश्वास गर्ने [२५] (८९), अन्याय गरेर माथि उठ्न चाहने वा धनसम्पत्ति बढाउन चाहने (९०), सम्पत्ति नभएर पनि प्रशस्त धन खर्च हुने कार्य गर्न अति इच्छुक (९१) र युद्धमा शत्रुपक्ष वा अन्य कुनैलाई गोप्य कुरा वताउँने (९२) व्यक्ति पनि मूर्खकै कोटिमा समाविष्ट छन् ।

यसै गरी कीर्तिका निमित्त कुनै काममा धितो वा धरौटी नलिने (९३), कुनै कुराको तथ्य वा प्रमाण बताइदिने वा हितकर सल्लाह दिने व्यक्तिप्रति ईर्ष्या वा डाह गर्ने (९४), जहिलेसुकै जोसुकैमाथि पूर्ण विश्वस्त रहने वा कसैमाथि कुनै शङ्का नगर्ने (९५), लोकव्यवहारको कुनै ज्ञान नभएको (९६), माग्ने वा भिक्षुक- जोगी भएर तातो वा ताजा भोजनको इच्छा राख्ने (९७), गुरु-गौरवशाली महान् मानिस भएर पनि शिथिल कर्म गर्ने अर्थात् कुनै कामप्रति दृढ नहुने (९८), कुकर्म गर्न पटक्कै लाज नमान्ने (९९) र जहिलेसुकै जुनसुकै

---

२२. अर्को पाण्डुलिपिमा 'श्लाघायां स्वल्पभोजनः' का सट्टामा 'श्लाघायै त्यक्तभोजन' यो पाठान्तर छ ।
२३. अर्को पाण्डुलिपिमा 'स्वल्पभोज्ये-तिरसिको' का सट्टामा 'बहुपच्यातिरसिको' यो पाठान्तर छ ।
२४. अर्को पाण्डुलिपिमा 'विक्षिप्तश्च प्रचाटुभिः' का सट्टामा 'विक्षिप्तश्छद्मचाटुभि' यो पाठान्तर छ ।
२५. अर्को पाण्डुलिपिमा 'राजप्रसादे'का सट्टामा 'राज्ञः प्रसादयो पाठान्तर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरालाई पनि हाँसोमा उडाउँने गरी बोल्ने (१००) व्यक्ति पनि मूर्खमध्येकै एक-एक स्तरीय नमुना मानिएका छन् ।

निष्कर्ष

माथि बताइएका मूर्खलक्षणहरूलाई राम्ररी मनन गरी हेरेमा व्यावहारिक परिवेशमा कुनै न कुनै मानिस कसरी कसरी मूर्ख बन्न पुगिरहेको झैं प्रतीत हुन्छ । कतिपय लक्षण त कतै मैलाई लक्ष्य गरेर भनिएका त होइनन् भन्ने पनि पाठकलाई लाग्न सक्छन् । जे होस् एउटा सानो आकारको काव्यका माध्यमवाट मूर्खहरू कस्ता कस्ता कर्म गर्दा रहेछन् र समाजले तिनलाई कुन रूपमा हेर्दो रहेछ भन्ने ज्ञान पाउन हामी सफल हुन्छौं; यो नै यस लघुकाव्यको प्राप्ति पनि हो ।

अज्ञात लेखकद्वारा रचिएको, अनुष्टुप् छन्दका छव्वीस श्लोक रहेको काव्य 'मूर्खशतकम्'-वाट मूर्खका स्वरूप वा लक्षणवारे सामान्य जानकारी दिने प्रयास यस लेखमा गरिएको हो । यद्यपि सज्जनका चरित्र, स्वरूप वा लक्षणबारे चर्चा गर्नु उपयुक्त थियो तथापि साहित्यशास्त्रीय ग्रन्थहरूमा उपादेय तत्त्वको उल्लेख गर्नुभन्दा पहिले हेय अर्थात् त्याग्न योग्य तत्त्वको चर्चा गरिने पनि गरिएको सत्यलाई अनुसरण गर्न खोज्दा यो आलेख तयार पार्ने रहर जागृत भएकाले यहाँ मूर्खका सम्बन्धमा चर्चा गरिएको हो । नराम्रा गुणहरूका वारेमा पहिले जानकारी भएपछि तिनलाई त्यागेर राम्रा गुणहरू ग्रहण गर्न सहज वातावरण बन्ने, विपरीत चरित्रका व्यक्तिवाट टाढै रहनका लागि मार्गदर्शन हुने र यी लक्षण पढिसकेपछि यथाशक्य आफू त्यस्तो मूर्ख नबन्न मनमा प्रेरणा जागेर आउने सकारात्मक परिणति निस्कने अपेक्षा गरिएको छ । अद्यावधि असम्पादित हुँदा पाण्डुलिपिकै रूपमा रहेको यस लघुकाय काव्य 'मूर्खशतकर्म्' वा 'शतमूर्खलक्षणम्'-को मूलपाठ पनि यथामति सम्पादन गरी यहाँ समावेश गरिएको छ । यसमाथि पनि विज्ञ पाठकको समीक्षकीय दृष्टि पुग्ने नै छ । यस्तो काव्यको रचना गरी मानिसलाई सज्जन, सच्चरित्रवान्, व्यवहारकुशल एव पाण्डित्यसम्पन्न बनाउनेतर्फ महत्वपूर्ण योगदान पुऱ्याउने तिनै अज्ञात लेखकप्रति साधुवाद प्रकट गर्दै मूर्खका सयवटा लक्षण जानेर त्यस्तो हुनबाट आफूलाई जोगाउँदै पाठक सबैमा सौजन्य र सद्भाव जागृत होओस् भन्ने कामनाका साथ लेखनी विसाउँछु ।

सन्दर्भग्रन्थसूची

१. श्रीमद्वरदराजाचार्य, मध्यसिद्धान्तकौमुदी, वाराणसी : चौखम्बा अमरभारती प्रकाशन, अष्टम संस्करण, ई. १९८३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. आप्टे, वामन शिवराम, संस्कृत हिन्दी शब्दकोश, दिल्ली : मोतीलाल वनारसीदास पब्लिशर्स प्राइवेट लिमिटेड, द्वितीय सस्करण, ई. १९९७ ।
४. सिग्देल, सोमनाथ, प्रतिसंस्कृता सिद्धान्तकौमुदी, काष्ठमण्डप : नेपाल एकेडेमी, वि.सं. २०१५ ।
५. अमरसिंह, अमरकोश (रामाश्रमीटीकासहित), मुम्वई : तुकराम जावजी, तृतीय संस्करण, ई. १९०५ ।
६. पोखरेल, वालकृष्ण र अन्य (सम्पा.), नेपाली वृहत् शब्दकोश, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४० ।
७. लेखक- अज्ञात, पुस्तकनाम- **मूर्खशतकम्,** विषय- काव्य, पाण्डुलिपि लगतसंख्या- ३/१०४, संक्षिप्त सूचीपत्र संख्या- ४४१३, माइक्रो फिल्मसंख्या- A/३८५/१४, वि.सं.- ५३८, को ४ पत्रयुक्त पाण्डुलिपि ।
८. लेखक- अज्ञात, पुस्तकनाम- **मूर्खशतलक्षणम्,** पाण्डुलिपि लगतसंख्या- प ३४८६ संक्षिप्त सूचीपत्र संख्या- ४४१३, माइक्रो फिल्मसंख्या- A/३८५/१६, वि.सं.- ५३८ को २ पत्रयुक्त पाण्डुलिपि ।
९. Apte, Vaman Shivaram, **The Student's English Sanskrit Dictionary,** Delhi : Nag Publishers, Revised Edition, 1997 AD.

मूर्खशतलक्षणम्

श्री गणेशाय नमः ।

श्रृणु मूर्खशतं राजन् तं तं भावं विवर्जय ।
येन त्वं राजसे[1] लोके दोषहीनो ***मणि[2]र्यथा*** ॥१॥
सामर्थ्ये विगतोद्योगः स्वश्लाघी प्राज्ञपर्षदि ।
वेश्यावचनविश्वासी प्रत्ययी दम्भडम्वरे ॥२॥
द्यूतादिवित्तबद्धाशः कृतद्रोहेऽप्यसंशयः[3] ।
निर्बुद्धिः प्रोढकार्यार्थी विविक्तरसिको वणिक् ॥३॥
ऋणेन स्थावरक्रेता स्थविरः कन्यकादरः ।
व्याख्याता चाश्रुते ग्रन्थे प्रत्यक्षार्थेऽप्यपह्नवी ॥४॥
चपलापतिरीर्ष्यालुः शतशत्रु[4]रशङ्कितः ।

---

१. 'दीप्यसे', यो पाठान्तर छ ।
२. 'मुनि' यो पाठान्तर छ ।
३. 'कृष्याद्यर्थेषु संशयी' यो पाठान्तर छ ।
४. 'शक्तशत्रु' यो पाठान्तर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दत्वा धनान्यनुशयी कविताहण्ट (हन्त) पाठकः ॥५॥
अप्रस्तावे पटुर्वक्त प्रस्तावे मौनका(धा)रकः ।
लाभकाले कलहकृन्मन्युमान् भोजनक्षणे ॥६॥
कीर्णार्थः स्थूललाभेन लोकोक्तौ क्लिष्टसंस्कृतः ।
पुत्राधीने धनेऽधीनः[५] पत्नीपक्षार्थ[६]याचकः ॥७॥
भार्याखेदात् कृतोद्वाहः पुत्रकोपाच्च दत्तकः ।
कामुकस्पर्धया दाता गर्ववान् मार्गणोक्तिभिः ॥८॥
चोरतोऽप्यहितश्रोता[७] कुलोत्सेकादसेवकः ।
दत्वार्थान्[८] दुर्लभान् कामी दत्वा शुल्कममार्गगः ॥९॥
लुब्धे भूभुजि लाभार्थी न्यायार्थी दुष्टशास्तरि ।
कायस्थे स्नेहबद्धाशः क्रूरे मन्त्रिणि निर्भयः ॥१०॥
कृतघ्ने प्रीतिकार्यार्थी नीरसे गुणविक्रयी ।
स्वस्थे[९] वैद्यक्रियासेवी[१०] रोगी वैद्यपराङ्मुखः ११ ॥११॥
लोभेन स्वजनत्यागी वाचा मित्रविरागकृत् ।
लाभकाले कृतालस्यो महद्भिः[१२] कलहप्रियः ॥१२॥
राज्यार्थी गणकस्योक्त्या[१३] मूर्खमन्त्रे कृतादरः ।
शूरो दुर्बलवाधायां[१४] दृष्टदोषेऽङ्गनारतिः ॥१३॥
क्षणरागी गुणाभ्यासे सञ्चयेऽन्यैः कृतव्ययः[१५] ।
कथानुकारी[१६] मौनेन जल्पे राजादिनिन्दकः ॥१४॥
दुःखे दर्शितदैन्यार्तिः सुखे विस्मृतदुर्गतिः ।
वहुव्ययोऽल्परक्षायै परीक्षाविपभक्षणः[१७] ॥१६॥

---

५. 'धने हीनः' यो पाठान्तर छ ।
६. 'पत्नीपक्षे च याचकः' यो पाठान्तर छ ।
७. 'धीदर्पात्/धीवर्यान्न हितश्रोता' यो पाठान्तर छ ।
८. 'कृत्वार्थान्' यो पाठान्तर छ ।
९. 'स्वस्थो' यो पठान्तर छ ।
१०. 'वैद्यक्रियाकाङ्क्षी' यो पाठान्तर छ ।
११. 'पथ्यपराङ्मुख' यो पाठान्तर छ ।
१२. 'महर्द्धिः' यो पाठान्तर छ ।
१३. 'गणकस्योक्तौ' यो पाठान्तर छ ।
१४. 'दुर्बलवाधासु' यो पाठान्तर छ ।
१५. 'कृतव्ययी' यो पाठान्तर छ ।
१६. 'कृशानुकारी मानेन' यो पाठान्तर छ ।
१७. 'परीक्षायै विषादनः' यो पाठान्तर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दग्धार्थो[१८] धातुवादेन रसायनरसक्षयी ।
आत्मसम्भावनास्तब्धः क्रोधादात्मवधोद्यतः ॥१६॥
नित्यं निष्फलसञ्चारी युद्धप्रेक्षी शराहतः ।
क्षयी शक्तविरोधेन स्वल्पार्थः स्फीतडम्बरः ॥१७॥
पण्डितोऽस्मीति वाचालः सुभटोऽस्मीति निर्भयः ।
उद्वेजयति स्तुतिभिर्मर्मभेदी स्मितोक्तिभिः[१९] ॥१८॥
दरिद्रहस्तन्यस्तार्थः सन्दिग्धेऽर्थे[२०] कृतव्ययः ।
स्वव्यये लेखकद्वेषी[२१] दैवशात् त्यक्तपौरुषः ॥१९॥
गोष्ठीरतिर्दरिद्रश्च क्षैव्य[२२]विस्मृतभोजनः ।
गुणहीनः कुलश्लाघी गीतगायी खरस्वनः[२३] ॥२०॥
भार्याखेदाद्विरुद्धार्थी कार्पण्येनाप्तदुर्दशः ।
व्यक्तदोषजनश्लाघी सभामध्याद्विनिर्गतः ॥२१॥
दूतो विस्मृतसन्देशः कासवाँश्चौर्यकारकः[२४] ।
भूरिभोज्यव्ययः कीर्त्यै श्लाघायां[२५] स्वल्पभोजनः[२६] ॥२२॥
स्वल्पभोज्येऽतिरसिको विक्षिप्तश्च प्रचाटुभिः ।
वेश्यासपत्नकलही द्वयोर्मध्ये तृतीयकः[२७] ॥२३॥
राजप्रसादे[२८] स्थिरधीरन्यायेन विवर्धिपुः ।
अर्थहीनोऽर्थकार्यार्थी जन्ये गुह्यप्रकाशकः ॥२४॥
अज्ञातप्रतिभूः कीर्त्यै हेतुवादिनि मत्सरी[२९] ।
सर्वत्र विश्वस्तमाना न लोकव्यवहारवित् ॥२५॥
भिक्षुकश्चोष्णभोजी च गुरुश्च शिथिलक्रियः ।
कुकर्मण्यपि निर्लज्जः स्यान्मूर्खश्च सहासगीः ॥२६॥
इति मूर्खशतलक्षणानि ।

---

१८. 'धनार्थी' यो पाठान्तर छ ।
१९. 'ऋतोक्तिभिः' यो पाठान्तर छ ।
२०. 'सन्दिग्धेऽर्थकृतव्ययः' यो पाठान्तर छ ।
२१. 'लेखके द्वेषी' यो पाठान्तर छ ।
२२. 'सेवा' यो पाठान्तर छ ।
२३. 'सभामध्येषु निर्गतः' यो पाठान्तर छ ।
२४. 'चौरकारतः' यो पाठान्तर छ ।
२५. 'श्लाघायै त्यक्तभोजनः' यो पाठान्तर छ ।
२६. पद्य पृथक् छ–
भार्याभयान्निषिद्धार्थी कार्येऽन्यैर्न्यस्तदुर्दशः ।
व्यक्तरोषजनश्लाघी गीतगायी खरस्वनः ॥
२७. पद्य पृथक् छ–
वहुपच्यातिरसिको विक्षिप्तश्छद्मचाटुभिः ।
वेश्यासपत्नकलही द्वयोर्मध्ये तृतीयकः॥
२८. 'राज्ञः प्रसादे' यो पाठान्तर छ ।
२९. 'हितवादिनि मत्सरी' यो पाठान्तर छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पौरस्त्य काव्यमा काव्यशास्त्र

✍ मुकुन्दप्रसाद लामिछाने
सहप्राध्यापक

१. पृष्ठभूमि

काव्य साहित्यको सबैभन्दा प्रभावशाली विधा हो र काव्यशास्त्र सबैभन्दा बलियो साहित्यशास्त्र हो । साहित्यिक वा सृजनात्मक लेखनमा काव्य सबैभन्दा बढी प्रतिभाशाली र व्युत्पत्तिशालीले कलम चलाउने विधा हो भने काव्यशास्त्र सबैभन्दा व्युत्पत्तिशाली र प्रतिभाशालीले कलम उठाउने विषय हो । पौरस्त्य तथा पाश्चात्य दुवै साहित्यिक परम्परामा लक्ष्यग्रन्थहरूभित्रै लक्षणग्रन्थका चिन्तनबीजहरू रोपिएका पाइन्छन् । अतः संसारमा काव्यीय सूर्योदयका साथसाथै काव्यशास्त्रीय चिन्तनका उषा-किरणहरू काव्यसंसारमा छरिएको पाइन्छ । अर्थात् काव्यसँगसँगै काव्यशास्त्रका संस्कारहरू लेखिए र लिखित साहित्यकै अन्तर्दर्शनबाट काव्यशास्त्र जन्मिए । अझ काव्यभित्रै साग्रह सर्जकले प्रकट गरेका विचारले काव्यशास्त्रको गर्भाधान नै भएको हुनुपर्छ । सफलतम काव्यहरू प्रत्यक्षतः साहित्य र अप्रत्यक्षतः साहित्यशास्त्र वा काव्यशास्त्र हुन् । भाषाभित्रै व्याकरण लुकेर बसेजस्तै काव्यभित्र काव्यशास्त्र प्रच्छन्न रूपमा रहन्छ ।

२. पौरस्त्य काव्यभित्र काव्यशास्त्र

पौरस्त्य परम्पराका वैदिक, लौकिक, अर्वाचीन र आधुनिक साहित्यिक रचनाहरूमा काव्यशास्त्रीय तत्त्वहरूको अन्तर्दर्शन गर्न सकिन्छ । त्यसैले प्रस्तुत लेखकमा वैदिक साहित्य, पौराणिक साहित्य र संस्कृत दृश्य/श्रव्य काव्य (नाटक-महाकाव्य) हरूमा बीजरूपमा रहेका प्रतिनिधि काव्यशास्त्रीय सङ्केत व्यक्त गर्ने प्रयत्न गरिन्छ ।

२.१ वैदिक साहित्यमा काव्यशास्त्र

पौरस्त्य परम्परामा वैदिक ग्रन्थलाई अपौरुषेय ग्रन्थ र तिनको समयलाई अनादिकाल मानिए पनि आधुनिक अध्ययनले 'ई.पू. ४५०० देखि ई.पू. ८००'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मको समयावधिलाई वैदिककाल (शर्मा, २०५६:२) मानेको छ। वैदिक काललाई पनि पूर्व वैदिककाल र उत्तर वैदिककाल मान्ने क्रममा अध्येताहरूले ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद संहिताहरूलाई पूर्ववैदिक साहित्य र ब्राह्मण, आरण्यक, उपनिषद् र वेदाङ्गहरूलाई उत्तरवैदिक कालीन साहित्यका रूपमा उल्लेख गर्ने गरिएको पाइन्छ। यी दुवै समयका वैदिक वाङ्मयभित्र काव्यशास्त्रीय चिन्तनहरू विकीर्ण रूपमा यत्रतत्र देखापर्दछन्। पौरस्त्य कविताको मूल जरो ऋग्वेद हो भने त्यसको ऋचा ऋचामा प्रकट हुने काव्यिक सौन्दर्य काव्यशास्त्रको संस्कार हो। उपस्सूक्त, नासदीयसूक्त लगायत अनेक ऋग्वैदिक वाक्यहरूमा कविताका सुन्दर नमुनाहरू पाइन्छन् भने कविताका माधुर्यभित्र काव्यशास्त्रीय चिन्तनबीजहरू प्रस्फुटित हुँदै गएको पाइन्छ। ऋग्वेदको उपासम्बन्धी एक ऋचामा चार पटकसम्म उपमा अलङ्कारको प्रयोग भेट्न सकिन्छ भने अर्को एक ऋचामा अतिशयोक्ति अलङ्कारको स्पष्ट सङ्केत देखापर्दछ। (गैरोला, २०१७:९४०-९४१)। ऋग्वेदको निम्नलिखित ऋचाको चारै पाउमा उपमालङ्कारको स्पष्ट प्रयोग देख्न सकिन्छ :

अभ्रातेव पुंसः एति प्रतीची गर्तारुरिव सनये धनानाम्।
जायेव पत्यु उशती सुवासा उषा हस्नेव नि रिणीते अप्सः॥

(शर्मा, गोपीकृष्ण २०५६:२)

यसै गरी ऋग्वैदिक वाक्यका सयौँ ठाउँमा उपमा, रूपक, अतिशयोक्ति, व्यतिरेक, पर्याय, उत्प्रेक्षा लगायतका अर्थालङ्कार र शब्दालङ्कारका प्रायः सबै भेदका चमत्कृतिजनक प्रयोग देख्न सकिन्छ।

वैदिक धरातलकै ग्रन्थ भए पनि यास्कले निरुक्तमा भूतोपमा, रूपोपमा, सिद्धोपमा, तथा रूपक अलङ्कारका विषयमा मौलिक कुरा उल्लेख गरेका छन् भन्ने कुरा गार्ग्य नामक विद्वान्को नामोल्लेख गर्दै उपमा अलङ्कारको निम्नलिखित लक्षण समेत प्रस्तुत गरेका छन्। (गैरोला, २०१७: ९४१)

अथात उपमा यद् अतद् तत्सदृशमिति गार्ग्यः।

यसबाट ई.पू.७०० का यास्कभन्दा अगाडिदेखि नै काव्यशास्त्रमाथि ग्रन्थ लेखिँदै थिए भन्ने प्रमाणसमेत प्राप्त हुन्छ। सोमेश्वर नामक कविले साहित्य कल्पद्रुमको यथासङ्ख्यालङ्कारको प्रकरणमा भागुरीको काव्यशास्त्र विषयक मत उद्धृत गरे (पूर्ववत्, ९४२) बाट समेत पौरस्त्य परम्परामा काव्यशास्त्रीय चिन्तनको प्राचीनता स्पष्ट हुन्छ। ध्वन्यालोकको लोचन टीकामा अभिनव गुप्तले भागुरीकै रसविषयक मन्तव्यलाई उल्लेख गरे। (पूर्ववत्: ९४२-९४३) बाट उक्त कुरा अझै प्रामाणिकता निकट देखापर्दछ। ई.पू. ५०० का मानिने उत्तर वैदिककालीन ऋषि पाणिनिले अष्टाध्यायीमा 'उपमानादाचारे' (३।१।१५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'उपमानानि सामान्यवचनैः', (२।१।५५) 'उपमितं व्याघ्रादिभिः सामान्याप्रयोगे' (२।१।५६) जस्ता सूत्रहरूमा उपमा, उपमान, उपमित आदि शब्दको प्रयोग गरे (पूर्ववत्: ९४३) वाट उपमादि अलङ्कार प्रयोगको परम्परागत प्राचीनता अझ स्पष्टिदै र प्रमाणित हुँदै गएको पाइन्छ। १० औं शताब्दीका काव्यशास्त्री राजशेखरका विचारमा शिक्षा, कल्प, निरुक्त, छन्द, ज्योतिप र व्याकरण जसरी उपकारक हुनाले क्रमशः वेदका षडङ्ग हुन्, त्यसै गरी उपकारक भएकाले अलङ्कार वेदको सातौँ अङ्ग हो र त्यसको स्वरूप ज्ञान नगरी वेदार्थवोध हुँदैन (राजशेखर, १९९१ : १२) त्यति मात्र होइन उनले आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीतिपछि पाँचौँ विद्याका रूपमा साहित्य विद्यालाई लिएका छन् र त्यसलाई अन्य चार विद्याको निष्कर्पका रूपमा प्रस्तुत गरेका छन् (पूर्ववत्: १८)। राजशेखरको जस्तै उनीभन्दा पुराना भरत, भामह, दण्डी लगायतका काव्यशास्त्रीहरूका आँखा पनि काव्यशास्त्रीय चिन्तनका विरुवाहरू खोज्न वैदिक साहित्यसम्म नै तानिएका पाइन्छन्। यसरी वैदिक काव्यमा काव्यशास्त्रीय चिन्तन निहित थिए भन्न सकिन्छ।

२.२ पौराणिक साहित्यमा काव्यशास्त्र

वैदिक साहित्यमा भन्दा पौराणिक साहित्यमा काव्य अत्यधिक स्पष्ट, मूर्त र वोधगम्य वनेर प्रकट भएका छन्। लौकिक संस्कृतका विराट् आर्प ग्रन्थहरू रामायण र महाभारतमा कवितातत्त्व वढी छर्लङ्ग हुँदै आएका छन् भने पुराणहरूमा अझ वढी स्पष्टतर हुँदै गएको अनुभव गर्न सकिन्छ। *(गैरोला, २०१७: ९४२)* वाल्मीकि रामायणमा प्रयोग भएको निम्न लिखित श्लोकले महाकवि कालिदासलाई रघुवंशको निम्नलिखित श्लोक लेख्न प्रेरित गऱ्यो :

वाल्मीकिको श्लोक :

मा निषाद प्रतिष्ठास्त्वमगमः शाश्वती समाः।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्॥

(बालकाण्ड, २/१५)

कालिदासको श्लोक :

तामभ्यगच्छद्रुदितानुसारी कविः कुशेध्माहरणाय यातः।
निषादविद्धाण्डजदर्शनोत्थः श्लोकत्वमापद्यत यस्य शोकः॥

(रघुवंश, १४/७०)

यी दुवै श्लोकले आनन्दवर्धनलाई ध्वन्यालोकमा रसध्वनिलाई सर्वोपरि सिद्धान्त प्रमाणित गर्ने निम्नलिखित कारिका लेख्न प्रेरित गरे :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यस्यात्मा स एवार्थस्तथा चादिकवेः पुरा ।
क्रौञ्चद्वन्द्ववियोगोत्थः शोक श्लोकत्वमागतः ॥

(ध्वन्यालोक १/५)

यसरी पूर्ववर्ती काव्यहरूभित्र काव्यशास्त्रका प्रेरक वीजहरू यत्रतत्र छरिएका देखिन्छन् । पुराणहरूमा पनि विशेष गरी श्रीमद्भागवतका पचासौं अध्यायहरूमा महर्षि वेदव्यास कवितारूपी अमृत वर्षा गर्ने कृष्णमेघ प्रमाणित भएका छन् । श्रीमद्भागवतका ती महत्त्वपूर्ण काव्यसौन्दर्यलाई पछाडिका महाकविहरूले समेत उछिन्न नसकेको समीक्षाशास्त्रीहरूको भनाइ छ । श्रीमद्भागवत पौरस्त्य/पाश्चात्य सवै परम्पराका सर्वश्रेष्ठ पद्य कविहरूमात्र होइन, गद्यकविहरूलाई समेत तर्साउने स्तरका विम्वप्रतीक विधानको विशाल प्रयोगशाला हो । श्रीमद्भागवतको कवितामा अद्भुत चमत्कार छ, जसले सयौं वर्षदेखि सहृदय पाठकहरूलाई आफ्नो शव्दमाधुरी र अर्थचातुरीले हठात् आकर्षण गरिरहेको छ । (उपाध्याय, १९७८:९०) यस्ता सामान्य लघुकाय लेखमा त्यस्ता प्रयोगका उदाहरणहरू दिएर साध्य हुँदैन । महर्षि वेदव्यासका १८ वटै पुराणहरूमा कविता छन् । तर अग्निपुराण र स्कन्दपुराणमा काव्यशास्त्र समेत सङ्गृहीत छन् । समयका विपयमा विवाद रहे पनि पुराण भन्नासाथ अग्निपुराणलाई धेरै पछाडिको मान्न मिल्दैन । काव्यशास्त्रीय चिन्तनका दृष्टिले अग्नि-पुराण एउटा आलङ्कारिक ग्रन्थकै रूपमा परिचित छ भने स्कन्दपुराणमा पनि कौमुदीका सूत्रदेखि लिएर छन्द अलङ्कारको समेत उल्लेख भएको पाइन्छ । त्यसै गरी अग्निपुराणका तीन अध्यायमा छन्दसम्वन्धी र अलङ्कार लगायत काव्य शास्त्रीय थुप्रै विपयहरू अनेकौ श्लोकहरूमा चर्चा हुनुले पौराणिक साहित्यभित्र छरिएका काव्यशास्त्रका विपयहरूलाई टिप्न र नयाँ ग्रन्थनिर्माण गर्न काव्यशास्त्रीहरूलाई प्रेरित–प्रभावित बनाइरहेको देख्न सकिन्छ । यसरी गहिरिएर खोज्दै जाने हो भने १८ पुराण र उपपुराणहरूवाट काव्यशास्त्रका ठेलीहरू निकाल्न सकिन्छ ।

२.३ संस्कृत काव्यमा काव्यशास्त्र

संस्कृत नाटक र काव्यका युगमा सर्जकहरूले काव्यशास्त्रीहरूलाई र काव्यशास्त्रीहरूले सर्जकहरूलाई प्रभावित पारेको देखिन्छ । अर्थात् दृश्य र श्रव्य दुवै काव्यभित्र काव्यशास्त्रका संकेतहरू रहेका देखिन्छन् ।

२.३.१ संस्कृत नाटकमा काव्यशास्त्र

महाकवि कालिदास, भास र भवभूति लगायतका नाटककारहरूका नाटकमा भरतको नाट्यशास्त्रको ठूलो प्रभाव परेको छ । संस्कृत साहित्यका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथम नाटककार महाकवि भासका उपलब्ध १३ वटै नाटकमा **'भरतनाट्यम्'**को गम्भीर प्रभाव देखिन्छ । संस्कृत साहित्यका प्रथम नाटककार महाकवि भासका उपलब्ध १३ वटै नाटकमा **'भरतनाट्यम्'**को केही न केही प्रभाव देखिन्छ भने महाकवि कालिदास **'अभिज्ञान शाकुन्तलम्'**का अनेक प्रसङ्गमा नाटककार मात्र होइन, काव्यशास्त्री बनेर बोलिरहेका देखिन्छन् । नाटकको सुरुकै निम्नलिखित अभिव्यक्तिले कालिदासलाई नाट्यशास्त्री समेत बनाएको छ :

आपरितोषाद् विदुषां न साधु मन्ये प्रयोगविज्ञानम् ।

यस पद्यांशमा कालिदासले नाटकलाई प्रयोगविज्ञानका रूपमा चित्रण गर्दै त्यसको मूल उद्देश्य विद्वान्हरू (सचेत सामाजिकहरू)को सन्तुष्टि हो भन्ने कुरा ठीक त्यसै गरी स्पष्ट पारेका छन्, जसरी निम्नलिखित श्लोकहरूमा आचार्य भरत नाटकको उद्देश्यमाथि प्रकाश पार्दछन् –

दुःखार्तानां श्रमार्तानां शोकार्तानां तपस्विनाम् ।
विश्रान्तिजननं काले नाट्यमेतद् भविष्यति ॥
धर्म्यं यशस्यमायुष्यं हितं बुद्धिविवर्धनम् ।
लोकोपदेशजननं नाट्यमेतद् भविष्यति ॥

नाट्यशास्त्र (१/११५,१/११६)

माथिका कारिकाहरूमा भरत दुःखार्त, श्रमार्त, शोकार्त र तपस्वीहरूलाई विश्रान्तिप्रदान गर्नु तथा लोकलाई धर्म, यश, आयु, हित तथा बुद्धिवृद्धिको शिक्षा दिनुका साथै लोकोपदेश गर्नु समेत नाटकको उद्देश्य हो भन्ने स्पष्ट पार्दछन् ।

यसै गरी कालिदास आफ्ना तीन ओटै नाटकका ठाउँ ठाउँमा नाटक, नायक, रस, स्थायीभाव आदिको नाट्यशास्त्रीय नियम र लक्षणहरू बताइरहेका देखिन्छन् । निम्नलिखित पद्यांशमा कालिदास दुष्यन्तले भ्रमरलाई सम्बोधन गरेको प्रसङ्गमा नायिकाको अधरलाई रतिको सर्वस्व हो भन्दै श्रृङ्गाररसविषयक चर्चा गरिरहेका छन् :

चलापाङ्गां दृष्टिं..... ॥
करौ व्याधुन्वत्या पिबसि रति सर्वस्वमधुरम् ॥

(अभिज्ञानशाकुन्तल, १/२३)

यसै गरी कालिदास पछिका अत्यन्त चर्चित नाटककार भवभूति 'उत्तररामचरित' नाटकको निम्नलिखित श्लोकमा नाटककारभन्दा बढी काव्यशास्त्री बन्दै रस र रसका भेदका विषयमा चर्चा गरिरहेका छन् –

एको रसः करुण एव निमित्तभेदाद्
भिन्नः पृथक् पृथगिवाश्रयते विवर्तान् ॥
आवर्तबुद्बुदतरङ्गमयान् विकारा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नम्भो यथा सलिलमेव तु तत्समग्रम् ॥

(उत्तररामचरित, ३/४७)

त्यसै गरी भवभूति अर्को एक श्लोकमा पनि नाटकको प्रमुख रस करुण हुने कारण खुलाइरहेका छन् र नाटककार नभएर रसवादी काव्यशास्त्री वनिरहेका छन्–

अनिर्भिन्नो गभीरत्वादन्तर्गूढघनव्यथः ।
पुटपाकप्रतीकाशो रामस्य करुणो रसः ॥

(उत्तररामचरित, ३/१)

यसरी नाटकभित्रै नाट्यशास्त्र र काव्यशास्त्रका कुराहरू खोज्दै जाँदा अन्य थुप्रै नाटककारहरू काव्यशास्त्रीका रूपमा भेटिने कुरामा कुनै शङ्का छैन । नाटकको समीक्षणवाट अभिव्यक्त हुने काव्यशास्त्रीय तत्त्वहरूको प्रसङ्ग त यसै भिन्न छँदै छ ।

२.३.२ संस्कृत महाकाव्यमा काव्यशास्त्र

संस्कृत नाटकमा जस्तै संस्कृत महाकाव्यहरूमा पनि काव्यशास्त्रीय विचारका वीजहरू यत्रतत्र विकीर्ण रूपमा रहेका पाइन्छन् । महाकवि कालिदास नाटकमा मात्र हैन महाकाव्यमा समेत काव्यशास्त्रीहरूका गुरु वनेका देखिन्छन् । अर्थात् पूर्ववर्ती कालिदासका महाकाव्यमा व्यक्त विचारहरूले परवर्ती काव्यशास्त्रीहरूलाई काव्यशास्त्रीय ग्रन्थ लेख्न उत्प्रेरित गरेको अनुभव गर्न सकिन्छ । रघुवंश महाकाव्यको निम्नलिखित मङ्गलाचरण श्लोकले भामहलाई काव्यालङ्कार लेख्ने सूत्र दिएन भन्न सकिन्न :

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥

(रघुवंशमहाकाव्य, १/१)

यस श्लोकमा कालिदासले शव्दलाई वाक् र शव्दमा विद्यमान शक्तिलाई अर्थ भनेका छन् । शव्दमा ३ किसिमका अर्थ(शक्ति) विद्यमान हुन्छन् : अभिधा, लक्षणा र व्यञ्जना, जसलाई प्राचीन परम्परामा सरला, वक्रा र गभीरा वृत्ति भनिँदै आएको पाइन्छ । कालिदास महाकाव्यको प्रारम्भमा वागर्थ दुवैमा सामर्थ्यप्राप्तिका लागि वागर्थभैँ मिलेका महादेव र पार्वतीको वन्दना गर्दछन् । सुन्दर शब्द र तिनै थरि शक्तिले युक्त अर्थ नै कालिदासको चाहना हो, उनी शव्दार्थमय काव्यरचनामा प्रवृत्त हुने उपक्रममै दुवैको महत्त्व र अविभाज्यतालाई माथिको मङ्गलाचरण श्लोकमा स्पष्ट पार्दछन् । त्यसैले कालिदासको **'वागर्थाविव सम्पृक्तौ'** पदावलीले भामहलाई **'शब्दार्थौ सहितौ काव्यम्'** (काव्यालङ्कार,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१/१६) भनी काव्यपरिभापा गर्न ठूलो ऊर्जा प्रदान गरेको हुनसक्ने अनुमान गर्न सकिन्छ। कालिदासको वागर्थमा जस्तै भामहको सहित शब्दार्थमा पनि वाक् (शब्द) र अभिधा, लक्षणा तथा व्यञ्जनासम्मको अर्थशक्ति विद्यमान छ। त्यसैले भामहले काव्यालङ्कारमा सामान्य शब्द र सामान्य अर्थलाई मात्र काव्य भनेका होइनन्। यसै गरी वामन र रुद्रट पनि आफ्ना पूर्ववर्ती लक्ष्य ग्रन्थ र लक्षण ग्रन्थहरूवाट शिक्षित/दीक्षित हुँदै काव्यशास्त्री वनिरहेका देखिन्छन्। त्यसैले

रीतिरात्मा काव्यस्य

(काव्यालङ्कारसूत्रवृत्ति १,२,३)

भनी रीति नै काव्यको आत्मा हो भन्ने परिभाषा दिने वामन काव्यको समग्र सौन्दर्यलाई

सौन्दर्यमलङ्कारः

(पूर्ववत् १,२,३)

भन्दै काव्यपरिभापामा भामहलाई समर्थन गरिरहेका देखिन्छन्। रुद्रटले त समान नामकै 'काव्यालङ्कार' ग्रन्थ लेखेर भामहको अनुसरण गरेकै छन्। यसरी महाकवि कालिदास अर्वाचीन साहित्यशास्त्रीहरूका लागि प्रेरणाको स्रोत वनिरहेका छन्।

कालिदासपछिका अन्य ठूला महाकवि भारवि र माघका महाकाव्यहरू काव्यशास्त्रीय कलाका प्रयोगशाला मानिन्छन्। उनीहरूका काव्यमा निहित वैशिष्ट्य र कलात्मक पक्षहरूका कारण धेरै काव्यशास्त्रीहरूले गुण, दोष, रीति, वक्रोक्ति, ध्वनि, औचित्य र रसका उदाहरण खोज्न अन्य रचना पल्टाउनै पर्दैन। महाकवि भट्टिले व्याकरण शास्त्र सिकाउन भट्टिकाव्य लेखेझैं भारवि र माघले पनि पाठकहरूलाई काव्यशास्त्रसमेत सिकाउने उद्देश्य राखेको देखिन्छ। भारविले किरातार्जुनीय महाकाव्यको १५औं र माघले शिशुपालवधको १९ औं सर्गमा चित्रकाव्यको असाधारण प्रयोग गरी परवर्ती काव्यशास्त्रीहरूलाई काव्यशास्त्रसमेत पढाउन खोजेका छन्। यी महाकविहरूले उक्त सर्गहरूमा एकाक्षरवन्धदेखि महायमकसम्मका भीषण प्रयोगहरू गरेका छन्। एकाक्षरवन्धका उदाहरण निम्नानुसार छन् :

ननोननुन्नो नुन्नोनो नाना नानाननानानु।
नुन्नोऽनुन्नोननुन्नेनो नानेना नुन्नुन्ननुत्॥

(किरातार्जुनीयमहाकाव्य, १५/१४)

दाददो दुद्दुद्दादी दादादो दुददीददो।
दुद्दादं दददे दुद्दे दादाददददोऽददः॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(शिशुपालवध, १९/११४)

यसरी यी महाकविहरू एउटै वर्णवाट सिङ्गै श्लोक निर्माण गर्ने असाधारण क्षमता राख्तछन्, जसले पछाडिका काव्यशास्त्रीहरूलाई एकाक्षरबन्ध लगायत अनेक चित्रकाव्यका लक्षण र उदाहरण लेख्न प्रेरित गरेको देख्न सकिन्छ । यी महाकविहरू कुनै विशेष प्रसंगमा अर्कै कुरा भनेझैं गरी आफ्ना महाकाव्यहरूमा आफ्ना रचनाका विशेषताहरूको संकेत दिइरहेका हुन्छन् । भारवि निम्नलिखित श्लोकमा आफ्ना काव्यवैशिष्ट्य निम्नानुसार प्रस्तुत गर्दछन् :

विविक्तवर्णाभरणा सुखश्रुतिः प्रसादयन्ती हृदयान्यपि द्विषाम् ।
प्रवर्तते नाकृतपुण्यकर्मणां प्रसन्नगम्भीरपदा सरस्वती ॥

(किरातार्जुनीय, १४/३)

अर्जुनले किरातलाई आफ्ना कुरा भनेको प्रसङ्ग मिलाई भारवि प्रस्तुत महाकाव्यमा आफ्ना काव्यवैशिष्ट्य प्रकट गरिरहेका छन् । भारविले दिएका यस्तै संकेतहरूका आधारमा काव्यशास्त्रीहरू उनका काव्यको समीक्षासूत्र भेटिरहेका छन् । यिनै सूत्रका आधारमा समीक्षाशास्त्रीहरू उनका काव्यमा प्रसाद तथा ओज गुण, वीर रस, कोमलकान्त पदावली र अर्थगाम्भीर्य जस्ता विशेषताहरू देखिरहेका छन् । यस्ता वैशिष्ट्य सूचक अनेक श्लोकहरू भारविका रचनामा देख्न सकिन्छन् । निम्न लिखित श्लोकले पनि उनका माथि बताइएका वैशिष्ट्यहरूलाई भाषान्तरमा प्रस्तुत गरेको छ :

स्फुटता न पदैरपाकृता न च न स्वीकृतमर्थगौरवम् ।
रचिता पृथगर्थता गिरां न च सामर्थ्यमपोहितं क्वचित् ॥

(किराता, २/२७)

यसै गरी महाकवि माघले निम्नलिखित पद्यमा काव्यशास्त्रीलाई समेत सिकाउने गरी सौन्दर्यको परिभाषा दिएका छन् :

दृष्टोऽपि शैलः स मुहुर्मुरारेरपूर्ववद्विस्मयमाततान ।
क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः ॥

(शिशुपालवध, २४/१८)

सौन्दर्यको परिभाषा जस्तो लाग्ने प्रस्तुत पद्यले अपूर्व वस्तु निर्माण गर्न सक्ने प्रज्ञालाई प्रतिभा भनिन्छ (**अपूर्ववस्तु निर्माणक्षमा प्रज्ञा प्रतिभा**) नयाँ नयाँ उन्मेषशाली प्रज्ञा नै प्रतिभा हो (**प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता**) जस्ता अर्वाचीन काव्यशास्त्रीका प्रतिभा सम्बन्धी परिभाषालाई समेत सहज रूपमै प्रभावित बनाएको अनुभव गर्न सकिन्छ । **'रमणीयार्थप्रतिपादक शब्दः काव्यम्'** (रसगङ्गाधर ॥१॥) भनी काव्यपरिभाषा गर्ने आचार्य जगन्नाथ समेत यस भनाइवाट प्रभावित छैनन् भन्न सकिन्न । त्यसै गरी बाणभट्टको कादम्बरीको उज्जयिनी वर्णनमा आएको वक्रोक्तिमा निपुण विलासी मानिसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्त भएकी भन्ने अर्थ दिने **'वक्रोक्ति निपुणेन विलासिजनेन अधिष्ठिता'** (वाणभट्टः १९८२: १६१-१६२) जस्ता पदपदावलीले वक्रोक्ति कविताको जीवन हो भन्ने अर्थ बोकेको **वक्रोक्तिः काव्यजीवितम्** भन्ने कुन्तकको काव्यसिद्धान्तलाई जन्माउन सहयोग गरेनन् भनेर कसरी भन्न सकिन्छ ? यसै गरी समीक्षा गर्दै जाँदा अन्य सयौँ काव्य ग्रन्थहरूमा समेत काव्यशास्त्रीय चिन्तनहरू सङ्कलन गर्न सकिने निश्चित छ। अझ श्रीहर्षजस्ता विलक्षण कविका रचनामा यस खालका चिन्तनहरू कति होलान् ? यो अनुसन्धानकै विषय बन्न सक्तछ।

३. निष्कर्ष

अन्ततः कुनै पनि लक्षणग्रन्थ लक्ष्यग्रन्थका सर्वाङ्गीण वैशिष्ट्यकै अनुसन्धानबाट जन्मिने हो। तर प्रस्तुत लेखमा काव्यहरूमा स्पष्टतः अभिव्यक्त काव्यशास्त्रीय बीजहरूको खोजी भिन्नै प्रयत्न हो। कुनै काव्यको सम्पूर्ण वैशिष्ट्य विश्लेषण गर्दा त्यसमा काव्यशास्त्रीय सबै कुरा देखिन्छन् नै तर कविले प्रकट भएर कहाँ कहाँ काव्यशास्त्र नै बोल्यो त्यो महत्त्वपूर्ण विषय हो। यस दृष्टिले संस्कृतका काव्यमा गहन अनुसन्धान हुनु अत्यन्त जरुरी छ र त्यसले एउटा नयाँ ग्रन्थ दिन सक्छ भन्ने विश्वास गर्न सकिन्छ। यस लेखका माथि अभिव्यक्त विषयवस्तु संकेत मात्र हुन्।

सन्दर्भसूची :

- आनन्दवर्धन : (२०२१) ध्वन्यालोक : चौखम्वा संस्कृत सिरिज।
- उपाध्याय, बलदेव (१९७८), संस्कृत साहित्यका इतिहास, वाराणसीः शारदा निकेतन।
- कालिदास (१९९४) अभिज्ञानशाकुन्तल, वाराणसी : मोतीलाल बनारसी दास।
- .... (१८८२) रघुवंशमहाकाव्य, वम्बे : निर्णयसागर प्रेस।
- कुन्तक (२०१२), वक्रोक्ति जीवित, दिल्ली : आत्माराम एण्ड सन्स।
- गैरोला, वाचस्पति (२०१७) संस्कृत साहित्यका इतिहास, वाराणसी : चौखम्वा विद्याभवन।
- जगन्नाथ (२००१) रसगंगाधर, नवम संस्करण, वाराणसी : चौखम्वा विद्याभवन।
- दण्डी (१९३१) दशकुमार चरित, वम्बे : गंगाविष्णु श्रीकृष्णदास।
- वाणभट्ट (१९८२) कादम्वरी, वाराणसी : चौखम्वा सुरभारती प्रकाशन।
- भरत (२०२८) नाट्यशास्त्र वाराणसी : काशीहिन्दुविश्वविद्यालय, साहित्यानुसन्धान समिति।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- भारवि (२०४३) किरातार्जुनीय, घण्टापथ, सुधा हिन्दीव्याख्या वाराणसी: चौखम्वा ।
- भवभूति (२०३५) उत्तररामचरित, नवम संस्करण, वाराणसी, चौखम्वा संस्कृत सिरिज ।
- भामह (२०५२) काव्यालङ्कार, वाराणसी : चौखम्वा संस्कृत सिरिज ।
- माघ (१९३३) शिशुपालवध वम्वे : पाण्डुराङ् जावाजी ।
- राजशेखर (१९९१) काव्यमीमांसा, वनारस सिटी : चौखम्वा संस्कृत सिरिज ।
- वामन (२०११) काव्यालंकारसूत्रवृत्ति दिल्ली, आत्माराम एण्ड सन्स ।
- शर्मा, गोपीकृष्ण, (२०५६) संस्कृत साहित्यको रूपरेखा : काठमाडौं: अभिनवप्रकाशन ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारीसम्बन्धी केही शास्त्रीय उद्धरण

✍ माधवप्रसाद लामिछाने
उपप्राध्यापक

संसार परिवर्तनशील छ। परिवर्तनका पदचापसँगै समग्र मानवजातिका विविध सभ्यता र संस्कृतिमा पनि परिवर्तन हुँदैगएको देखिन्छ। सभ्यता र संस्कृतिमा आएको यस्तो परिवर्तनले आजसम्मका मान्छेका मूल्य, मान्यता तथा नियम विनियममाथि प्रश्नचिह्न तेर्स्याइरहेको पनि महसुस हुन्छ। परिवर्तनले आज प्राच्य हिन्दुसमाजलाई पनि धेरै हदसम्म प्रभावित पारिसकेको छ। धर्मशास्त्रले निर्देश गरेका सदाचार र अनुशासनका कुरालाई समेत आज मान्छेले अनावश्यक बोझका रूपमा लिन थालेको देखिन्छ। स्त्री र पुरुषबीचको अनादि कालदेखि रहिआएको सम्बन्धमाथि पनि अधिकार र कानूनको विषयले प्रश्नचिह्न लगाएको छ। धेरैजसो मानिसहरू आज धर्मशास्त्रले नारी जातिलाई तल्लो तहमा राखेकाले नारीहरूमा हीनताभास हुन गई उनीहरूलाई सधैं पुरुषवर्गको दासीका रूपमा रहनुपरेको हो भन्न थालेका छन्। महिलामुक्तिका क्रान्तिकारी आवाजहरू गुन्जिदै जाँदा आचारशास्त्रीय लगामहरू निश्चित रूपमै खुकुलिएका छन्। यस सन्दर्भमा प्राच्य धर्मशास्त्रले नारीहरूलाई के निम्नकोटिमै राखेको छ त ? भन्ने जिज्ञासाको यथार्थ अनुसन्धानतर्फ केही क्षण लाग्ने प्रयास गरिन्छ।

वास्तवमा प्राच्य हिन्दुदर्शन समानताको पक्षमा छ। यसले मान्छेदेखि कीटपतङ्गसम्मको यथोचित स्थान र मान निर्धारण गरेको छ। विना भेदभाव सबै प्राणी सुखी होऊन्, सबै प्राणी रोगमुक्त होऊन्, सबैले चिताएको कुरा पुगोस्, कहीँ कसैले दुःख नपाओस् भन्ने मान्यता सञ्चित गरेको छ[1] हिन्दुधर्म र दर्शनले। कसैले कसैमाथि पनि हिंसाभाव राख्नुहुँदैन भन्ने कुरामा शास्त्रकारहरू

१ सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पष्ट छन् ।[२] जुन धर्मले पृथ्वीभरका सम्पूर्ण मानवजातिलाई जातीय प्रेम, राष्ट्रियप्रेम तथा मातृप्रेम गर्ने उत्प्रेरणा जगाएको छ त्यस धर्मले नारीलाई अपहेलना गर्ने तथा होच्याउने भन्ने विचार उचित हुदैन । हिन्दूहरूको आदर्श ग्रन्थ रामायणले आफूलाई जन्माउने आमा र आफू जन्मेको भूमिलाई स्वर्गभन्दा पनि गरिमामयी मानेको छ । हिन्दुधर्मका हस्ती पूर्वका महान् दार्शनिक शङ्कराचार्यले 'पुत्र खराव हुनसक्छ तर माता कहिल्यै पनि खराव हुन सक्दिन' भन्ने उद्घोष गरेका छन् ।[३] ***'नगृहं गृहमित्याहु गृहिणी गृहमुच्यते'*** भन्ने सूक्ति ज्यादै प्रसिद्ध छ, जसको अर्थ हुन्छ- घरलाई घर भनिदैन जहाँ गृहिणी छैन, केवल गृहिणीलाई घर भन्न मिल्छ । गृहस्थाश्रममा पत्नीकै प्रधान भूमिका रहने[४] अर्थात् पत्नीद्वारा नै सम्पूर्ण धार्मिक अनुष्ठानले समेत सार्थकता पाउँछ भन्ने शास्त्रीय मान्यता छ । नेवारी समाजमा कुमारीदेवीलाई जीवित कन्याको रूपमा पूजा गर्ने परम्परा रहिआएको छ । पवित्र कन्यालाई दुषित गर्ने पुरुषलाई कठोर सजायको विधान शास्त्रले गरेको छ ।[५]

धर्मशास्त्रले स्त्रीजातिलाई किमार्थ होच्याउने काम गरेको छैन । सामाजिक स्थिरताका निमित्त स्त्रीजातिको भूमिका पुरुषको भन्दा अधिक हुने भएकोले सामाजिक रूपमा उनीहरूलाई पुरुषको तुलनामा विशेष सुरक्षित गर्नुपर्ने कुराको उल्लेख शास्त्रकारहरूले गरेका हुन् ।[६] विशेषतः नारी जातिको चरित्र विशुद्ध रहनुपर्ने कारणको उल्लेख गर्दै श्रीमद्भगवद्गीताले भनेको छ- 'अधर्मको वृद्धि भयो भने कुलस्त्रीहरू चरित्रहीन हुन पुग्छन्, स्त्रीहरू दूषित भएपछि वर्णसङ्कर (क्रस) को उत्पत्ति हुन्छ र वर्णसङ्करले आफूसहित सम्पूर्ण कुललाई नै नरकमा लगेर पछारिदिन्छ ।[७] गीताको यस उक्तिले हिन्दूसमाजको स्थिरताको लागि एउटा स्पष्ट आधार तयार गरेको छ । यस तथ्यबाट स्त्री शुद्ध हुनु वैदिक धर्मको मूल नै सुरक्षित हुनु हो र अशुद्ध हुनु सम्पूर्ण नष्ट हुनु हो भन्ने तर्कलाई पुष्टि गरेको छ । वास्तवमा नारी पथभ्रष्ट हुने हो भने पुरुषले जतिसुकै चाहेर

---

२ अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम् । वाक्चैव मधुरा श्लक्ष्णा प्रयोज्या धर्ममिच्छता ॥ मनुस्मृति २।१५९

३ पृथिव्यां पुत्रास्ते .....कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति ।
(दुर्गासप्तशती, देव्यापराधक्षमास्तोत्र, पृ.२२८)

४ पत्नीमूलं गृहं पुंसां यदिच्छन्दानुवर्तिनी । गृहाश्रमात्परं नास्ति यदि भार्या वशानुगा ॥ (दक्षस्मृति ४।१ द्र : अष्टादशस्मृतय)

५ दूषणे तु करच्छेद उत्तमायां वधस्तथा ॥ (या.व. २।२८८)

६ यस्मात्तस्मात् स्त्रियः सेव्याः कर्तव्याश्च सुरक्षिताः ॥ (याज्ञ. १। ७८)

७ अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः । स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः ॥
सङ्करो नरकायैव कुलघ्नानं कुलस्य च । ...॥ (श्रीमद्भगवद्गीता १। ४०-४१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि विशुद्ध समाज निर्माण गर्न सक्तैन भन्ने विचार छ पौरस्त्य मनीपीहरूको। अनादिकालदेखि हालसम्म हाम्रा अगाडि जुन सामाजिक परम्परा जीवित छ, त्यसलाई नारी जातिले नै स्थिरताप्रदान गरेका हुन् भन्नु अत्युक्ति नहोला।

जुन समाजमा नारीहरूको कदर गरिन्छ त्यहाँ देवताहरू समेत खुसी हुन्छन् भन्ने मनुको विचार छ।[८] तर कतिपयले नवुझेर उनकै ग्रन्थ मनुस्मृतिलाई जलाउने समेत काम गरेका छन्। मदिरा पिई उन्मत्त भएर घरमा श्रीमती कुट्ने तथाकथित सभ्यहरु नै आज हिन्दूधर्मले नारीलाई दवाएको छ भन्दै ज्यादा गर्जन गरिरहेका छन्। यदि समाजविकास गर्ने नाउँमा नारीलाई पनि मदिरा पिलाएर त्यसको तालमा जे पायो त्यही वोल्न र मनमा आएको कुरा गर्न उक्साउने हो भने हाम्रो धर्म र संस्कृतिले कहाँ कोसँग गएर सम्झौता गर्नुपर्ने हो थाहा छैन।

वास्तवमा नारी र पुरुष भनेका एउटै चेतनवृक्षका दुई पृथक् शाखा हुन्, एउटै आत्माका दुई जीवात्मा हुन् अथवा एउटै व्यक्तिका दुई पृथक्पृथक् अनुभूति हुन्। यस यथार्थलाई हाम्रा धार्मिक ग्रन्थहरूले, प्रस्तुत गरेकै छन्। स्त्री र पुरुषलाई समान महत्त्वका हुन् भन्ने स्वीकार गरेरै हिन्दूधर्मले उनीहरूलाई एउटै शरीरका दुई पृथक् अङ्ग मानेका हुन्। शास्त्रले स्त्रीहरूलाई वायाँ अङ्ग मानेको छ। नारीलाई शब्दान्तरमा **वामा** पनि भनिएको छ। जगत्स्रष्टा भगवान् ब्रह्माले यो जगत् सृष्टि गर्ने उद्दश्यले आफ्नै देहलाई दुई भाग लगाई आधा भागद्वारा पुरुष र आधा भागद्वारा स्त्री भई विराट् पुरुषको सृष्टि गरे भन्ने कुरा मनुस्मृतिमा उल्लिखित छ।[९]

संस्कृतका ग्रन्थहरूमा पाइने प्रशंसापरक तथा निन्दापरक वाक्यहरू पनि स्त्री वा पुरुषमध्ये कुनै एकलाई उच वा नीच देखाउनुभन्दा मानवप्रकृतिको यथार्थ चिरफार गरी उनीहरूका कमी र कमजोरीहरू औंल्याउदै मानवलाई सन्मार्गतिर उन्मुख गराउन क्रियाशील छन्। हिन्दु धर्म वास्तवमा सन्मार्गमा हिँड्ने पुरुषको भन्दा सन्मार्गमा हिँड्ने स्त्रीको नै ज्यादा प्रशंसक छ।

जो नारी स्वयं प्रज्ञाशालिनी छ, जो स्वयं नै बलवती छ र जो स्वयं नै आफ्नो चरित्रको संरक्षण गर्न सक्षम छ, त्यस्ती नारी हिन्दूधर्मअन्तर्गत पनि कहीं अस्वतन्त्र रहेको पाइँदैन। विश्वकै सर्वप्राचीन मानिएको ऋग्वेदग्रन्थमा सौभाग्यशालिनी र बलशालिनी नारी स्वयं स्वतन्त्र हुन सकेको उदाहरण

---

८ यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः॥ (मनु ३।५६)

९ द्विधा कृत्वात्मनो देहमर्धेन पुरुषोऽभवत्।
अर्धेन नारी तस्यां स विराजमसृजत्प्रभुः॥) (मनु १।३२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ। ऋग्वेदको दसौँ मण्डलको १५९ औँ सूक्तमा 'म केतु हूं, म मूर्धा हूं, म उच्च प्रतिभाशालिनी नारी हूं; मेरा पति मेरा इच्छा अनुसार काम गर्छन्। मेरो पुत्र शत्रुघातक हो, मेरी पुत्री दीप्तिवाली र म स्वयं विजयिनी .....[१०] जस्ता नारीको स्वाभिमान व्यक्त गर्ने शब्दावलीहरू आएका छन्। यसरी हिन्दुधर्मले नारीको सुरक्षाद्वारा धर्मको रक्षा गर्ने उद्देश्यले नै नारीलाई सामान्य रूपमा केही संयामित रहन लगाए पनि स्वयं आत्मसुरक्षा गरी धर्मको रक्षा गर्नसक्ने नारीलाई पूर्णस्वतन्त्र बनाएको देखिन्छ।

आज छोरीलाई अंश दिने विषयमा पनि निकै छलफल भएको देखिन्छ। हाम्रा धर्मग्रन्थहरूले पनि छोरीलाई दिने अंशको चर्चा गरेका छन्। तर छोरासरह छोरीलाई अंश दिने कुराचाहिं धर्मशास्त्रसँग मेल खादैन। योगीश्वर याज्ञवल्क्यले बाबुआमाको शेषपछि छोराहरूले पैत्रिक सम्पत्ति बराबर बाँडेर लिनुपर्ने र छोरीहरूले आमाको सम्पत्ति पाउने कुराको उल्लेख गरेका छन्।[११] पिता स्वयंले पुत्रहरूमा अंशविभाजन गर्दा उसले पुत्रसरह नै पत्नीलाई पनि अंशभाग दिनुपर्छ भनेका छन्।[१२] यस तथ्यद्वारा आमा र छोरा बीच सम्पत्तिको समान हिस्सेदारी रहने कुरा स्पष्ट हुन आउँछ।

यसरी हाम्रा शास्त्रीय ग्रन्थहरूको अवलोकन गर्दा के पाइन्छ भने यस शास्त्रीय परम्परामा नारी अस्मितालाई प्रशस्त महत्त्व दिएको पाइन्छ। बरु आज नारीको व्यक्तित्व उजागर गर्ने नाममा विदेशीहरूद्वारा प्रारम्भ गरिएका सुन्दरीप्रतियोगिता लगायतका विविध आधुनिक भनिने कार्यक्रमहरूले कन्याहरूको चीरहरण गरेका छन्। सार्वजनिक स्थलमा नारीका अङ्गप्रत्यङ्गको नापजाँच गराई मोलतोल समेत गर्ने परिपाटीका विरुद्ध नारीअस्मिताका पक्षधर भनिएकाहरूको ध्यान नजानु तर मनुस्मृति लगायतका धार्मिक ग्रन्थहरूको खोइरो खन्ने दिशातिर चाहिँ लागिरहनुले तत्सम्बद्ध व्यक्ति र संस्थाहरूको ठम्याइ कति भरपर्दो छ त ? भन्ने बुझ्न गाह्रो पर्दैन।

उपर्युक्त टिपोटहरूलाई आधार बनाई निचोडमा के भन्न सकिन्छ भने हिन्दुधर्मशास्त्रले नारीलाई कुनै पनि हालतमा निम्न तहमा राखेको छैन। बरु पुरुषको तुलनामा गरिमामय स्थानमा नै राखेको छ। समाजमा नारीको त्याग-तपस्या र पवित्रताले नै सामाजिक स्थिरता कायम रहेको हो भन्ने जुन कुरा शास्त्रहरूले उठाएका छन्, त्यसको गहिरिएर अध्ययन गर्न सकिएको खण्डमा हिन्दु समाजभित्र पसी नारी र पुरुषबीच **तँछाड्मछाड्को** भावना

---

१० अहं केतुरहं मूर्धाहमुग्रा विवाचिनी। मेदनु क्रतुं पतिः सेहनाया उपाचरेत...॥

११ विभजेरन् सुताः पित्रोरूर्ध्वं रिक्थमृणं समम्।
मातुर्दुहितरः शेषमृणात्ताभ्यःऋतेऽन्वयः। (या.स्मृतिः२।११७)

१२ यदिकुर्यात् समानंशान् पत्न्यः कार्याः समांशिकाः॥ या.स्मृ. २।११५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जागृत गराएर व्यक्ति, परिवार र समाज बिगार्ने तत्त्वहरूद्वारा सिर्जित अनावश्यक भ्रमको खेती निष्फल हुनेछ भन्ने कुरा घामजत्तिकै छर्लङ्ग छ ।

सन्दर्भसामग्री

- *क्षेमराजः श्रीकृष्णदासश्रेष्ठी (सम्पा.)* ***अष्टादशस्मृतयः,*** *मम्बईः श्री वेंकटेश्वरस्टीमयन्त्रालय, शक १८८१*
- *चौवे अर्जुन (अनु.),* ***धर्मशास्त्र का इतिहास*** *(तृतीय भाग), लखनऊः, हिन्दी समिति, १९६५ ई. ।*
- ***बृहत्स्तोत्ररत्नाकर*** *(प्रकाशक) खेमराज श्रीकृष्णदास, वम्बईः श्री वेंकटेश्वर प्रेस, १९८० ई. ।*
- *भट्टश्रीनीलकण्ठ,* ***व्यवहारमयूख,*** *मुम्बई : निर्णयसागर प्रेस । (१९२६ ई),*
- ***मनुस्मृतिः,*** *दिल्ली : मोतीलाल बनारसी दास (१९८३ ई),*
- *मित्रमिश्र,* ***वीरमित्रोदय व्यहारप्रकाश*** *बनारसः चौखम्बा संस्कृत सिरिज १९२९ ई ।*
- *याज्ञवल्क्यस्मृति, दिल्ली : मोतीलाल, बनारसीस्दास, सन् १९९७*
- **दुर्गासप्तशती, गोरखपुर : गीताप्रेस, २०६० वि.सं.**
- **श्रीमद्भगवद्गीता गोरखपुर : गीताप्रेस, २०६० वि.सं.**

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत ग्राम किन दोलखामा नै ?

✍ जनार्दन घिमिरे
(उपप्राध्यापक त्रि.वि.) सि.ए.ओ-डि.ए.वी.
कार्यक्रम प्रस्तोता-रेडियो कान्तिपुर

दोलखा जिल्लाको लापिलाङ्, लामीडाँडा र बाबरे गाविसलाई विश्वकै एकमात्र आर्दश संस्कृत ग्राम बनाउने स्थानीयवासीहरूको चाहनाले मुलुकमा थुप्रै व्यक्तिहरूका तीव्रतर जिज्ञासालाई जन्म दिएको छ र ती सबैको निराकरण हुन अत्यन्त जरुरी छ।

संस्कृत ग्राम भनेको के हो ? र यो किन आवश्यक छ ? भन्ने जिज्ञासा सर्वप्रथम उठ्न सक्छ। त्यसबारेमा एक छिन चर्चा गरौं। अवधारणा अघि सारिएको छ। तर नेपालमा खोलिन लागेको, संस्कृत ग्राममा नेपाली, नेपालमा बोलिने कुनै पनि स्थानीय भाषा वा अँग्रेजी, हिन्दी आदि कुनै पनि भाषा बोलेमा पनि त्यसलाई संस्कृत ग्राम भित्रकै अङ्गको रूपमा लिइन्छ।

भारतमा चाहिँ संस्कृतग्राम भन्नाले केवल भाषात्मक पक्षलाई मात्र लिएर संस्कृत भाषा बोल्ने ग्रामको रूपमा लिइएको छ र तदनुरूप केरला, बङ्गलोर आदि ठाउँमा यस्तो गाउँको कल्पना गरिएको छ तर दोलखामा चाहि संस्कृत, नेपाली वा हिन्दी, तिब्बती आदि जेमा व्यवहार गरिए पनि त्यसमा हाम्रो कुनै आपत्ति छैन। अंग्रेजी बोल्दैमा कोही संस्कृतेतर बनेका छैनन् बरु अंग्रेजी भाषामा थुप्रै संस्कृतका अपभ्रंश शब्दहरू रहेका छन्। तुलनात्मक रूपमा नेपाली, नेपालका स्थानीय भाषा र हिन्दी, बंगाली आदि भाषामा संस्कृतका प्रत्यक्ष शब्दहरू मुखारित भएका छन् त कतिपय अपभ्रंश-स्तरमा त्यसैले नेपाली, हिन्दी आदि भाषाहरूलाई 'आधुनिक संस्कृत' को रूपमा पाश्चात्यहरूले व्यवहार गर्ने गरेका छन्। त्यसैले संस्कृत ग्रामको अध्ययन क्षेत्रभित्र यी सबै भाषाहरू पर्दछन्। मूलतः यी भाषाहरूको पनि बीजाक्षर वा वर्णमातृकाको अध्ययन पाणिनि व्याकरणको विधिबाट सम्यक्तया हुने भएकाले हामीले पाणिनि व्याकरणको अध्ययन-अध्यापन प्रक्रियामा जोड दिने गर्दछौं। पाणिनि व्याकरण 'संस्कृत' को मात्र नभएर सबै अपभ्रंश भाषाहरूको अध्ययन गर्ने मूल पद्धति भनेर हामीले मानेका छौं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरणका लागि 'हेर्नु' भन्ने अर्थमा प्रयुक्त 'दृश्' धातुको अध्ययन गर्नुभन्दा पहिले ग्रीक साहित्यको डिक, हिन्दीको दिख नेपालीको देख् र अंग्रेजीको 'डेक' जसबाट डेकोर इत्यादि बन्छ, सबै पढाइसकेपछि मात्र 'दृश' धातु पढ्न विद्यार्थीलाई प्रेरित गरिन्छ भने 'दृश्' का ठाउमा पश्य आदेश किन भएको भनेर पढाउनुपर्दा अटोप्सी र बायोप्सीमा रहेको प्सीमार्फत् 'पश्य' आदेश गर्नुपर्ने औचित्य बताइन्छ। 'लोक् दर्शने' पढ्नुभन्दा पहिले Look को राम्रो अभ्यास गराइन्छ। लोचृ दर्शन पढ्नुभन्दा अगाडि Lechor को राम्रो अध्ययन गरिनेछ। 'ईक्ष दर्शन' पढ्नुपूर्व Examine पढिनेछ। 'वि+इक्ष्' पढ्नुभन्दा पहिले Vis र त्यसबाट जन्मिने Vision, Video, Visit या Visualization इत्यादि सबै पढाइनेछ। यस्तो गरेपछि पूर्वीय र पाश्चात्य भाषाहरूबीचको भेद सामाप्त हुने गर्दछ। जुन भेदलाई देखाएर यत्रोविधि संस्कृतलाई होच्याइएको छ, यही भेदबुद्धिको समापन गराएर यथार्थ ज्ञानको उद्दीपन गराउने ठाउँ नै संस्कृत ग्राम हो।

संस्कृत विश्वविद्यालय हुँदाहुँदै किन चाहियो संस्कृत ग्राम ?

विश्वविद्यालयको काम पढाउने र सर्टिफिकेट बाँड्ने मात्र भएको छ। देशको विकास प्रक्रिया र पछिल्लो दशकको प्रतिस्पर्धात्मक चरित्रसँग आफूलाई अद्यावधिक गर्न गराउन नसकेकाले संस्कृत विश्वविद्यालय उत्पादनहीन कर्मचारीहरूको भर्ती केन्द्र मात्र बन्दै गइरहेको छ, जुन देशकै लागि ठूलो दुर्भाग्य हो। फेरि एक सफल मानव जीवन बाँच्नका लागि 'सर्टिफिकेट' मात्र भएर पुग्दैन, उसका संभावना, रोजगारी, कृषि तथा जीवनका विविध आवश्यकतालाई विश्वविद्यालयीय अवधारणाले र संरचनाले सम्बोधन गर्न सकेन र सक्दैन पनि। त्यसैले संस्कृतसम्बन्धी हरेक गतिविधिलाई एकद्वारीय प्रणालीभित्र राखेर समग्रमा समाधान खोज्ने कार्यकम नै संस्कृत ग्राम हो।

हाल नेपालमा संस्कृत विश्वविद्यालय सरकारी स्तरको भन्दा पनि निजी स्तरको होस् भन्ने बौद्धिक व्यक्तिहरूको भावना मुखरित हुँदै गइरहेको छ। जुन अति नै सकारात्मक भए तापनि केवल सत्ता प्रतिस्थापन भन्दा पनि स्वरूप प्रतिष्ठानतिर लाग्नुपर्ने हुन्छ। दाङ्को सरकारी विश्वविद्यालयभन्दा देवघाटमा खोलिने भनिएको निजी संस्कृत विश्वविद्यालय खुबै चल्ने त होला तर यो पनि त्यसैको प्रतिच्छाया बन्ने खतराबाट किमार्थ मुक्त हुन सक्दैन। त्यसैले विश्वविद्यालयभन्दा पनि माथिल्लो र प्रयोगप्रधान संस्कृत ग्रामको स्थापना नै वर्तमानका लागि एक मात्र सर्वोत्तम विकल्प हो। दोलखाका लापिलाङ्, लामिडाँडा र बाबरे निवासी ती वासिन्दाहरूको मागलाई राष्ट्रिय योजना आयोगले पनि गम्भीरतापूर्वक लिनुपर्ने देखिन्छ भने शिक्षा मन्त्रालयले पनि सम्बद्ध निकायहरूमा अन्तःक्रिया कार्यक्रम तुरुन्त सञ्चालन गर्नुपर्ने देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्तो छ त संस्कृत ग्राम प्रस्तावित स्वरूप ?





Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत ग्रामका केही विशेषताहरू

यस ग्रामका लागि ऋग्वेदमा प्रतिपादित ससर्परी विद्याको जागरण गर्न खोजिएको छ जसको उल्लेख ऋग्वेदको तेस्रो मण्डलमा गरिएको छ यो विश्वकै लागि नौलो र अनौठो वाग्देवीको स्थापना हो । हाल प्रचलनमा आएकी सरस्वती ब्रहमाकी मानस पुत्री हुन् भने सर्सपरी चाहिँ सूर्यपुत्री हुन् । यिनलाई तीव्रगामिण्नी वाग्विद्याको रूपमा साधकहरूले लिएका छन् । यसको संरचना 'गौरी' मोडलमा गरिएको छ । यो 'गौरी मिमाय सलिलानि तक्षते' भन्ने ऋचाको निकै नजीक छ । यसको इन्जिनीयरिङ्का सम्पूर्ण कामहरू वरिष्ठ इन्जिनीयर शंकरनाथ रिमालले गरिरहनुभएको छ ।

संस्कृत ग्रामको शैक्षिक केन्द्र

यसको शैक्षिक केन्द्र लामीडाँडा- ८ को लामपोखरी क्षेत्रमा रहने भएको गत मंसीर २४ गते आयोजित आम भेलाले पारित गरेको छ । यो शैक्षिक केन्द्रको खास योजना त वन्दैछ तर पनि मोटामोटी विभाग-विभाजन यस्तो र हेको छ । यसमा केही थपघट र सुधार गरिनेछन् ।

विद्वान्हरूसँगको विस्तृत र सघन अन्तर्क्रियापछि यसलाई अन्तिम रूप दिइनेछ । हाल यो प्रारम्भिक अवस्थाको मार्गचित्र विज्ञजनसमक्ष राय, सुझावका लागि प्रस्तुत गरिन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस अनुसार हरेक विभागमा ४ वटा उपाधि (डिग्री) दिइनेछ- विद्, कोविद्, संवित् र प्रतिसंवित्। यी प्रत्येक विभाग अन्तर्गत ४ वटा उप-विभागहरू हुनेछन्। ती सबैको विस्तृत विवरण पछि प्रकाशित गरिनेछ। यसको विस्तृत इन्जिनियरिङ्ग पनि भइरहेको छ।

संस्कृत ग्रामका गतिविधिहरू

दोलखा जिल्लाका लापिलाङ्, लामीडाँडा र वावेर गाविसलाई विश्वकै आदर्श 'संस्कृत ग्राम' गर्ने प्रस्ताव अघि सारिएको छ, यसलाई २०६५ सालमा वसेको दोलखा जिल्ला परिषद्को बैठकले समेत अनुमोदन गरिसकेकाले यसप्रतिको जनचासो र जिज्ञासा अझ बढ्दो छ। यसै प्रयोजनका लागि 'गौरीशङ्कर संस्कृत ग्राम' नामक संस्था दोलखा जिल्लामा दर्ता गरिएको छ र यसमा विविध जातजाति, भाषाभाषीको संयुक्त प्रयासमा यस अभियानलाई अघि वढाइएको छ।

यसै अभियान अन्तर्गत लामीडाँडा गाविसमा अवस्थित श्रीहिलेपानी संस्कृत उच्च मा.वि.को पुनः सञ्चालन भइसकेको छ भने वरिपरिका अन्य साधारण विद्यालयहरू पनि संस्कृत मा.वि.को संरचनामा जानका लागि गृहकार्यमा जुटिरहेका छन्। यस अभियानमा माओवादी, काँग्रेस र एमाले लगायतका सबै दलहरू समान चासो र सहभागिताका साथ अघि बढिरहेका छन्। श्रीहिलेपानी संस्कृत उच्च मा.वि.मा 'आयुर्वेद' विषय जिल्लाभरिकै नयाँ विषयको रूपमा पढाइन थालेको छ। यस विषय प्रति विद्यार्थीको झुकाव पनि दिनानुदिन बढ्दै गइरहेको छ। हाल उच्च शिक्षका लागि समेत आयुर्वेदको पठनपाठन त्यहीं सञ्चालन हुनुपर्ने अभिभावकको व्यापक दवाव परिरेहेको छ। हाल काठमाडौंस्थित हिमालयन आयुर्वेद मेडिकल साइन्स कलेज, जाउलाखेलमा केही विद्यार्थीहरू भर्ना भएर पढ्न सुरु गरिसकेका छन्। हाल त्यहाँ सेवानिवृत्त कविराज श्रीमुक्तिनाथ घिमिरे विगत ४ वर्षदेखि निःशुल्क आयुर्वेद विषय अध्यापन गराइरहनुभएको छ। हाल त्यहाँबाट २ पिंढीले आयुर्वेद विषय लिएर नै एस.एल.सी. परीक्षा उत्तीर्ण गरिसकेका छन्।

संस्कृत ग्रामका लागि लब्धप्रतिष्ठित एवं स्वनामधन्य इन्जिनियर श्रीशङ्करनाथ रिमालले करिब ३००० रोपनी जग्गामा संस्कृत ग्राम सञ्चालनका लागि इन्जिनियरिङ्ग संरचना निर्माण गरिरहनुभएको छ भने हालै सो क्षेत्रमा पानीको व्यवस्था गर्न निर्माण तथा भौतिक योजना मन्त्रालयका तर्फबाट राज्यमन्त्री माननीय देवी खड्काले खुबै चासो र मेहनतका साथ काम गरिरहनुभएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोलखा जिल्लाका एमाले, काँग्रेस र माओवादी नेताहरूमा अघोषित प्रतिस्पर्धा शुरु भएको छ। त्यो प्रतिस्पर्धा भनेको कसले बढी संस्कृत ग्रामलाई सहयोग पुऱ्याउने भन्ने तहमा छ। माओवादीका तर्फबाट मन्त्री भएपछि माननीय देवी खड्काले चासो दिनुभएपछि प्रतिस्पर्धाको यो आयतन अझ फराकिलो हुँदै जानेमा कुनै शङ्का छैन।

हालै शिक्षा विभागबाट प्रदान गरिएको भवन निर्माण संरचना अन्तर्गत करीब २४ लाख रूपैयाँ श्रीहिलेपानी संस्कृत उच्च मा.वि.को भवन निर्माणका लागि निकासा भइसकेको छ। जिल्ला शिक्षा अधिकारी श्रीगेहनाथ गौतमले संस्कृत ग्रामका लागि पुऱ्याउनुभएको योगदान, सक्रियता र चासो स्तुत्य मात्र छैन प्रशंसनीय रहेको छ।

यसै क्रममा ध्याङ्मा अवस्थित प्रस्तावित मा.वि.मा यस वर्षदेखि १ कक्षाबाटै संस्कृत पढाउन सुरु गर्ने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुल ब. बुढाथोकीको दृढता झनै स्वागतयोग्य रहेको छ। यस अभियानबाट अन्य विद्यालयहरूमा पनि १ कक्षबाटै १ पत्र संस्कृत अध्यापनको क्रम अझ घनीभूत हुँदै जाने देखिन्छ। यो अभियान अझ पूर्णतातिर निखारिँदै गएमा र लापिलाङ्, लामीडाँडा र बावरेमा रहेका सबै प्राविहरूले र मा.वि.हरूले यो अभियानलाई द्रुतता दिएमा संस्कृत ग्राम निर्माणको अभियान व्यावहारिक रूपबाटै सफलतम प्रयोग हुन सक्नेमा कुनै शंका छैन।

एमालेका तर्फबाट श्रीकृष्णप्रसाद न्यौपानेले गुम्बेसीको योजना अघि सार्नुभएको छ। सो योजना एमालेको अग्रसरतामा रहे तापनि त्यो पनि तीनवटै गाविसलाई एकै संस्कृत ग्रामको सूत्रमा कस्ने महत्त्वपूर्ण अर्को कडी हुनेमा शङ्का छैन। अझ गुम्बेसी देवीको मन्दिर नजीकै एउटा राम्रो संस्कृत गुरुकुल सञ्चालन हुन सकेमा यसले संस्कृत ग्रामको अर्को आयामलाई परिपूर्ति गर्न सक्नेछ।

लपिलाङ्मा रहेको जिल्लाको सबैभन्दा पुरानो आयुर्वेद औषधालयलाई मूल मियो बनाएर यसैको भावना अनुरूप व्यावसायिक जडीबुटी खेती, आयुर्वेद उद्यान र आयुर्वेद चिकित्सा भवन सञ्चालनमा ल्याउन सकिएमा त्यो क्षेत्रका वासिन्दाको आय-आर्जनमा समेत प्रशस्त सुधार हुन सक्नेछ र यसका लागि लापिलाङ्स्थि मा.वि.ले प्रयास अघि बढाइरहेको छ। अझै पनि प्राकृतिक चिकित्सा, योग जस्ता अन्य विधाहरूमा तीव्रता आउन सकेको छैन। भारतको हरिद्वारस्थित पतञ्जलि योगपीठ र देवसंस्कृति विश्वविद्यालय जस्ता संस्थाहरूसँग कुराकानी भई आएता पनि त्यसले ठोस एवं मूर्त रूप लिन सकेको छैन तर द्विपक्षीय वार्ताहरू भने जारी रहेको छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत ग्रामको प्रारम्भिक संरचना स्थापना गर्ने लामपोखरी क्षेत्र लापिलाङ्, लामीडाँडा र बावरे तीनवटै गाविसको संगम क्षेत्र पर्दछ। हाल यसको लागि संस्कृत ग्राम साहित्य निर्माण गर्ने उद्देश्यले प्रकाशित 'शब्द सन्दोह' नेपाली विज्ञजनका बीचमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमै महत्त्व दिइएको छ। भारतको नयाँ दिल्लीस्थित डी.के. एजेन्सीले यस पुस्तकको विश्वका ५० भन्दा बढी भाषाहरूमा अनुवाद गरी बिक्रीवितरण शुरु गरिसेको छ। सम्पूर्ण संस्कृत ग्रामवासीका लागि यो अत्यन्त हर्षको विषय हो।

पूर्वपट्टि गौरीशंकर हिमाल, पश्चिमपट्टि कालिञ्चोकी देवी र भीमेश्वर मन्दिर दक्षिणतर्फ ताम्राकौशिकी नदी र उत्तरतर्फ प्रसिद्ध विगु गुम्वाको बीचमा संस्कृत ग्राम स्थापना हुन लागेको छ। प्राकृतिक एवं भौगोलिक वातावरण ज्यादै सुन्दर छ। प्रसिद्ध तीर्थस्थ देवलिङ्गेश्वर जाने नाका पनि यही हो।

त्यहाँको अलि टाठावाठा व्यक्तिहरू सबै काठमाडौं आइसकेको छन्। तथापि हिलेपानी, विस्मुरे, थाङ्वारु, भण्डारीगाउँ सिस्नेरी लगायतका थुप्रै बाहुन गाउँका व्यक्तिहरू संस्कृत पढेका छन् अब त्यहाँका अन्य जातिहरू संस्कृत ग्राम स्थापनाका लागि कस्सिएका छन्। थामी जाति र संस्कृतभाषाको सम्बन्ध त्यत्तिकै प्रगाढ छ, यो कुरा त यसै पत्रिकामा केही अगाडि एउटा लेख प्रकाशित भइसकेको छ। दलितहरूको संस्कृत प्रतिको चासो झनै स्वागतयोग्य छ। त्यसैले सो ठाउँ संस्कृत ग्राम निर्माणका लागि रोजिएको हुन सक्छ। जे होस्, जहाँबाट प्रस्ताव आएको छ त्यहाँ काम थाल्नु उपयुक्त हुन्छ किनकि प्रस्ताव आएको छ त्यहाँ काम थाल्नु उपयुक्त हुन्छ किनकि पूरा नेपाल संस्कृतका लागि बोल्नुपर्ने बेलामा पनि चूप लागेर सुतिरहेको बेलामा त्यहाँका वासिन्दा जागा रहे। आफ्नो आवजलाई दब्न दिएनन्। झन् संस्कृत ग्रामको अवधारणा अघि बढाई नै रहें। आपत्मा साथ दिने मित्र नै सही मित्र हो। त्यसैले दोलखा जिल्लाका ती निवासीहरूको यो उपकार नेपालीले कहिल्यै बिर्सने छैनन् र अवश्य संस्कृत ग्राम स्थापनामा सहयोगी बनेर अवश्य गुण तिर्नेछन् भन्ने विश्वास लिन सकिन्छ।

अस्तु

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिघात

✍ सीताराम अधिकारी

म भएँ मरुझैँ आज लुटे मूल नदीहरू
शुष्क, जीर्ण भयो छाती उम्रदैनन् यहाँ तरु
छट्पटी भित्रको पीडा सही नसक्नु खप्नु छ
निमुखा मुखमा रातो ज्वाला असह्य वल्दछ ॥१॥

च्यातियो काटियो छाती धुजा-धुजा बनाइयो
स्वार्थका कोरिए रेखा सहअस्तित्व मारियो
दिनरात बजेका छन् हिंसाका नाद निष्ठुर
अभावै मात्र बाँडेर कुर्लन्छन् किन दुच्छर ? ॥२॥

इतिहास कहाँ खोजूँ ? हिंसाको हातमा पुग्यो
ज्यादतीको चल्यो आँधी सुख मूल सबै सुक्यो
आफ्नै सन्ततिमा फाटो तीव्र पार्दै लगे किन
माटो रगतको पाटो बिसँदै उफ्रिए किन ? ॥३॥

खोतल्छौ मुटु यो मेरो रक्तजिह्व बनी किन ?
धमनी धरती तिम्रै फुट्ला, मर्छौ, कुनै दिन
जल्ले जन्म दियो आज उसैलाई सताउँछौ ?
मत्त उन्मत्त भै व्यर्थै आफैँलाई गुमाउँछौ ॥४॥

उद्दण्ड स्वार्थका रेखा कोरी हिंसा मडारियो
प्रकृति न्यायका फूल भेल आई बडारियो
जिउने छैन आधार हातगोडा मठारियो
शान्तिको दीप मारेर हत्या हिंसा उतारियो ॥५॥

डाँको छाडी रुँदै छन् ती टुहुरा शिशु सुन्दर
असहायहरू सारा अलपत्र विनाघर
कसरी अस्मिता राखून् बलात्कार जतातै
सारा सन्ततिकी आमा रुन्छिन् छैन दया कतै ॥५॥

अनामनगर, २०६८/१२/४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीपशुपति क्षेत्र विकासका लागि सुझाव

✍ प्रा. विद्यानाथ उपाध्याय भट्ट

भगवान् श्रीपशुपतिको प्रसिद्ध मन्दिर नेपालको राजधानी काठमाडौंको इशानकोणमा श्लेषमान्तक (श्लेषमान्तक) वनको पश्चिमपट्टि वागमती नदीको पश्चिमी किनारामा विद्यमान छ। यस मन्दिरमा भगवान् शिवको प्राणीमात्रको कल्याणकारी यो पशुपति मूर्ति जलमाथि खडा भएको चतुर्मुख लिङ्गका रूपमा विराजमान छ। शिवको यस विग्रहमा पूर्व, पश्चिम, दक्षिण र उत्तर दिशामा एक-एक गरी चार मुख, प्रत्येक मुखमा तीन-तीन नेत्र, दुई-दुई हात, तिनमा अक्षमाला र कमण्डलु, उत्तरतर्फ विशेष गरेर शिव-शक्ति समन्वित अर्धनारीश्वरको दर्शन हुन्छ। यी प्रत्येक मूर्तिका बेग्लाबेग्लै नामहरू छन्, पूर्वमूर्तिको तत्पुरुष, पश्चिमको सद्योजात, दक्षिणको अघोर र उत्तरके वामदेव। यी मूर्तिका अतिरिक्त पनि पशुपतिका अर्ध्व = माथि रहेको मूर्ति ईशान र अद्यः तलको मूर्ति कालाग्निरुद्र छन्। अर्थात् श्री पशुपतिका पञ्चमूर्ति (तलको कालाग्निरुद्र बाहेक) अथवा कालाग्निरुद्र समेतको षड्मूर्ति मानिन्छन्।

'शिव' यस शब्दको अर्थ कल्याण हो र 'शंकर' शब्दको कल्याणकारी। उहाँको अर्को प्रकृत नाम पशुपति शब्दको अर्थ समस्त प्राणीले पशुत्वबाट मुक्त गर्ने ईश्वर भन्ने हो। 'पशुपति' यस शब्दभित्र ठूलो दर्शन नै विद्यमान छ। खासगरी नकुलीश पाशुपत र सिद्धान्त शैव दर्शन अनि वीर शैव दर्शन पनि पशुपतिसँग सम्बन्धित छन्।

नकुलीश पाशुपत दर्शन वेदका पाँच मन्त्र **'सद्योजातं प्रपद्यामि, वामदेवाय नमः, तत्पुरुषाय विद्महे, अघोरेभ्योऽथ घोरेभ्यः, हवामः सर्वदेवानाम्**। यी पाँच वेदका मन्त्रहरूमा आधारित र विश्लेषित छ। यसलाई पञ्च ब्रह्मको विश्लेषण गरेको छ। यसले पशुपतिलाई पञ्च ब्रह्मको स्वरूप मानेको छ। वक्तका दृष्टिले नकुलीश दर्शनले कार्य, कारण, योग, विधि र दुःखान्त पाँच तत्त्य मानेर र यीमध्ये श्री पशुपतिलाई यसले सम्पूर्ण जीव,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जगत्, ब्रह्माण्ड रूप, कार्य जसलाई पाशले बद्ध भएको हुँदा पशु भनिन्छ तिनका कारण पति र तिनीहरूलाई दृक् शक्ति (सबै कुरा जान्न सक्ने क्षमता) र क्रिया शक्ति (सबै कुरा गर्न सक्ने शक्ति)ले सम्पन्न बनाएर योग एवं विधिद्वारा दुःखको अन्त गरिदिने परब्रह्म मानेको छ ।

सिद्धान्त शैव दर्शनले पति, पशु र पाश तीन तत्त्व मान्दछ र श्री पशुपतिलाई समस्त प्राणीरूप पशुहरू जो पाशबद्ध छन् तिनीहरूको मल रूप पाशो र मुक्ति प्रदान गर्ने ईश्वर पनि मानेको छ ।

वीर शैव दर्शनले श्री पशुपति स्वरूप शिवलाई सूक्ष्म चित् र सूक्ष्म अचित् रूपा शक्तिले युक्त मानेर स्थुल अचित् शक्ति विशिष्ट जीवको उनीसित अभिन्नता स्थापित गरी चित् सम्पूर्ण चराचर जगत्लाई शिवमय बनाउने ज्ञान प्रदान गर्दछ ।

श्रीपशुपतिको मान्यता उत्कर्ष वेदले पनि राम्ररी मानिआएको छ । वेदकालमा शिवलाई रुद्रका उपमा मानी उनको उपासना गर्ने चलन देखिन्छ । रुद्रलाई सम्पूर्ण प्राणीका दुःख कष्टलाई हरण गर्ने, उनीहरूको इष्ट सिद्ध गर्ने, सुभिक्ष प्रदान गर्ने देवताका रूप वेदकालमा ज्यादै उत्कृष्ट मान्यता भएको र श्री पशुपति उनै रुद्र रूप शिव भएकाले श्रीपशुपति स्वरूपको मान्यता वेदकालमा पनि उत्कृष्ट थियो भन्ने मान्नुपर्ने हुन्छ । प्रत्यक्षतः सम्पूर्ण मानवहरू कृषि कार्यमा लाग्ने र कृषिजन्य पदार्थहरूबाट जीविका चलाउने हुनाले यसका विभिन्न पशुहरूको ज्यादै आवश्यकता पर्ने हुँदा उनीहरूको उपयोग प्रचुर संख्यामा गर्ने गर्दथे । पशुहरूको सम्पत्ति रहिरहोस्, बढ्दै जाओस्, उनको संख्या न घटोस्, उनको रक्षा होस् भन्ने चाहना गर्दै पशुहरूका मालिक श्रीशिवको उपासना, श्रीपशुपतिका रूपमा गर्नु स्वाभाविक नै थियो । त्यसैले रुद्राभिषेक पनि 'पशूनां पतये नमो नमः' भनेर पशुपतिको आराधना वन्दना गर्ने कुरा वेदमा बताइएको छ जो अद्यावधि चलिरहेकै छ । विभिन्न उपनिषद्हरूमा श्रीपशुपतिलाई नित्य बुद्ध मुक्त, सत्, चित्, आनन्द स्वरूप परब्रह्म मानेको प्रसङ्ग धेरै पाइन्छ । ब्रह्मपुराण, शिवपुराण, स्कन्दपुराण, लिङ्ग वराहपुराणपुराण आदि धेरै पौराणिक साहित्यमा श्री पशुपतिलाई निर्गुण रूप ब्रह्म र सगुण कल्याणकारी देवताका रूपमा आराधना गर्नुपर्ने विधान पाइन्छ ।

तन्त्र साहित्यमा त श्री पशुपतिको महिमा अत्यन्त उत्कृष्ट रूपमा वर्णन गरिएको पाइन्छ । श्री पशुपतिनाथलाई निरञ्जन, निराकार, निर्विशेष, नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्, चित्, आनन्दरूप निगुर्ण ब्रह्मका रूपमा एकातिर तन्त्र साहित्यले निरूपण गर्दछ भने अर्कातिर उहाँका सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह यी पाँच कृत्य गर्ने पाँच मुख भएका र पूर्व, पश्चिम, दक्षिण, उत्तर,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि र तल यी छाआम्नायका आगम तन्त्र साहित्यको उपदेशक आदि गुरुका ६ मुख भएका देवता श्रीपशुपतिका रूपमा वर्णन गर्दछ ।

तन्त्र साहित्यका दृष्टिमा श्री पशुपति नै सम्पूर्ण प्राणीको, प्राणीको मात्र न भै सम्पूर्ण चराचर जगत्को सृष्टि गर्नुहुन्छ, रक्षा गर्नुहुन्छ, संहार गर्नुहुन्छ, प्रलयकालमा यो चराचर जगत् श्री पशुपतिमै तिरोहित हुने हुनाले तिरोधान पनि उहाँले नै गर्नुहुन्छ र फेरि सृष्टिको आरम्भमा उहाँको अनुग्रहवाट सम्पूर्ण कार्य हुने हुनाले अनुग्रह पनि उहाँ नै गर्नुहुन्छ । यसका लागि शरीरको आवश्यकता पर्दछ । त्यसैले श्री पशुपतिले उपर्युक्त वेदका पञ्च मन्त्रहरूको दिव्य देह लिनुहुन्छ । अथवा भनौं इच्छा, ज्ञान, क्रिया, चित्ति र आनन्द यी पाँच शक्तिहरूको शक्तिमय शरीर लिनुहुन्छ । त्यही श्रीपशुपतिको पाँच मुख भएको दिव्य देह हो ।

श्रीपशुपतिको उक्त पाँच मूर्तिको नामहरूमध्ये....पश्चिमपट्टिका मूर्तिको नाम सद्योजात, पूर्वपट्टिको तत्पुरुष, उत्तरको वामदेव, दक्षिणको अघोर र माथिको ईशान हो । श्रीपशुपतिका मूर्तिमा विशेषतः माथिको मूर्तिमा आकाश रुप भएकाले वाहिरी आँखाले देखिँदैन र उत्तरपट्टिको मूर्तिमा शिव र शक्तिको जोडिएको अर्धनारीश्वरको दर्शन हुन्छ ।

यी पाँच मूर्तिहरू यसका श्रीपशुपतिको स्वरूप वेग्लावेग्लै पनि होइन । यौटै ईश्वरका यौटै देहका पाँच अंगहरूको नाम उक्त सद्योजात आदि हुन् भन्ने उल्लेख पनि तन्त्रमा नै पाइन्छ । त्यसअनुसार ईशान श्री पशुपतिको मस्तक (शिर), तत्पुरुष मुख, अघोर-हृदय, वामदेव गुह्य र सद्योजात पाउ हुन्छ । भगवान्का यी पाँच अंगहरूको पूजन उक्त पाँच मन्त्रहरूवाट गर्ने विधान पनि पाइन्छ ।

तन्त्र साहित्यमा नै श्रीपशुपतिका ६ मूर्तिहरूको वर्णन पाइन्छ । भगवान् श्रीशिव त ब्रह्मरूप नै हुनुहुन्छ, उहाँका नाम र रूप, देह केही हुँदैन । तर लोकका कल्याणको लागि उहाँले देह धारण गर्नुहुन्छ । यसको रहस्य ब्रह्मदेखि लिएर स्थावरसम्म सम्पूर्ण चराचर जगत् पाशबद्ध भएकाले पशु नै हो । पशुत्व नै वस्तुतः पाशो हो । त्यो अज्ञान रूप छ । अज्ञानी भएकाले नै सबै पशु मानिएका छन् । अज्ञानलाई नाश नगरी कसैको पशुता जाँदैन त्यसवाट मुक्त होइँदैन । अज्ञान ज्ञानवाट मात्र हट्न सक्तछ । ज्ञान निष्ट हुन शास्त्र चाहिन्छ । त्यसैले शास्त्रको उपदेश गरे ज्ञान प्रदान न गरुञ्जेल पशुको अज्ञान जाँदैन । यसकारण भगवान् श्री शिव नै स्वयं ज्ञान स्वरूप हुनुभएकाले आफ्नो त्यो स्वरूप ज्ञान आफैँ गुरूपदमा रहेर आफूदेखि अभिन्न रूपमा रहेकी शक्तिलाई शिष्य पदमा राखी, शिष्य शक्तिले प्रश्न गर्ने, शिव आफू गुरु भै आदेश दिने गरेर समस्त आगम शास्त्रका ज्ञानको अविभाव गर्नुभयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगम शाक्तको आविर्भावका विषयमा पनि भगवान् श्री शिवले आफू यौटै भएर पनि ६ वटा मूर्ति = गुरु मूर्तिको स्वरूप धारण गर्नुभयो र आफ्नीशक्ति उमालाई पनि छ वटै मूर्ति = शिष्या मूर्तिको रूप दिई आगमहरूको उपदेश गर्नुभयो । सद्योग्नातले कुञ्जिकेश्वरीलाई पश्चिम आम्नायक, वामदेवले सिद्धेश्वरीलाई उत्तर आम्नापका, तत्पुरुपले पूर्वेश्वरीलाई आभायका, अघोरले निशेश्वरीलाई दक्षिण आम्नाय, ईशान = कामेश्वरले कामेश्वरीलाई ऊध्व (माथि) आम्नाय र कालानिरुद्रले बज्रेश्वरीलाई अघ (तल) आम्नायका तन्त्रशास्त्रको उपदेश गर्नुभएको हो । अथवा तत्तत ईश्वरले तत्तद् ईश्वरीलाई जुन तन्त्र शस्त्रको उपदेश दिनुभयो त्यही त्यही आम्नायका शास्त्रका रूपमा ती प्रसिद्ध भए अर्थात् सिद्ध भए ।

कतै तन्त्रहरूमा नै श्री पशुपतिका कुनै मुखबाट कुनै र दुईवटा मुख मिलेर कुनै, तीनवाट मुख मिलेर कुनै र सबै मुख मिलेर कुनै तन्त्र शास्त्रको आविर्भाव गर्नुभयो भन्ने उल्लेख पाइन्छ । जे होस् सम्पूर्ण तन्त्रशास्त्रको आविर्भाव शिवले शक्तिलाई उपदेश गरिएका हुन्, ती सबै शिव आफ्नो हुन्, तिनीहरूको अभ्यास, मनन र आत्मसात् करणवाट सम्पूर्ण जीव पशुत्ववाट मुक्त हुन्छन् भन्ने कुरामा भने ऐकमत्य छ । यसरी श्री पशुपतिवाट नै आफू गुरूपदमा रहेर आफ्नी शक्तिलाई शिष्या पदमा राखेर दश शैव आगम, अठार रुद्र आगम र चौसट्ठी मूल तन्त्रहरूको आविर्भाव भयो । तिनैका आधारमा देश, काल, परिस्थितिका भिन्नता, आवश्यकताहरूले गर्दा धेरै आगमहरू, उपतन्त्रहरू सिद्ध महात्माहरूबाट आविर्भूत भए । आज अनगिन्ति तन्त्र छन् जो शिव शास्त्रका रूपमा प्रसिद्ध छन् ।

भगवान् श्री पशुपति मूर्ति शिवका प्रसिद्ध आठमूर्तिहरूमध्ये पनि यौटा पर्दछ । पुष्पदन्तले आफ्नो शिवमहिम्नस्तोत्रमा पनि तिनीहरूको नाम उच्चारित गरेका छन् । भव, शर्व, रुद्र, पशुपति, उग्र, महान् (महादेव), भीम, ईशान यिनै ती शिवका अष्ट मूर्ति हुन् । यी मूर्तिहरू पृथ्वी, जल, तेज, वायु, आकाश, यजमान, सूर्य र चन्द्रमाका स्वरूप हुन् । यिनै भिम श्री शिव अन्तर्यामीका रूपमा रहेर लोकको कल्याण गर्दछन् । यसैले भक्तहरू तिनीहरूका स्वयं शिवको दर्शन गर्दछन् ।

लोकमा श्री पशुपतिलाई उत्कृष्ट शिवमूर्तिका रूपमा मानेर उपासना गर्ने सन्दर्भमा अनेकौं कथाहरू प्रचलित छन् । नेपालमा रहेको श्रीपशुपति मूर्ति भारतमा रहेका द्वादश ज्योतिर्लिङ्गमध्ये यौटा श्रीकेदारेश्वरको शिरोभागको मानिन्छ । यसमा शिवपुराणको पाण्डवसम्वन्धी कथालाई प्रमाणका रूपमा लिइन्छ । हिमवत्खण्डमा समेत श्री पशुपति कोटि कोटि देवताहरूका साथ ज्योतिर्लिङ्गका रूपमा नेपालमा विराजमान हुनुभएको कुरा वर्णित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तन्त्र साहित्यका शिवकारुप सद्योजात आदि मुखमण्डलको धेरै वर्णन गरिन्छ। त्यहाँ त प्रत्येक दिशामा पाँच पाँच मुख भएका, विभिन्न दिव्य शक्ति रुपले युक्त पशुपति मूर्तिको समेत वर्णन छ। श्रीपशुपतिलाई महान्, महत्त्व र लघु यी तीन पाशुपतास्त्र विद्याका रूपमा पनि उपासना गरिने तन्त्रमा विधान विद्यमान छ। तीमध्ये महापशुपतास्त्र विद्याको त ध्यान नै धेरै जसो वर्तमान श्रीपशुपतिको विग्रहसँग समता राख्दछ। श्रीपशुपतिको पूजा विधिमा समेत श्रीपाशुपतास्त्रा विद्याले पूजा गर्ने विधान देखिन्छ। पशुत्व अज्ञान हो, त्यसको छेदन ज्ञानरूपी खड्गले गर्नुपर्दछ भन्ने कुराले नपुगेर अज्ञानलाई समूल नष्ट गरेर मोक्ष प्राप्त गर्न पाशुपतास्त्र विद्याको प्रयोग गर्नुपर्दछ भन्ने यस उपासनाको मर्म हो।

श्रीपशुपतिको शक्ति समन्वित उपासना गर्नुपर्ने निर्देश तन्त्रहरूमा पाइन्छ। शक्ति र शक्तिमान्को पारमार्थिक भेद छैन। ती दुवै तत्त्वतः अभिन्न छन्। तैपनि लोक कल्याणका लागि शिवले आफूदेखि अभिन्न आफ्नै आदि शक्ति, (जसलाई ब्रह्मशक्ति, महामाया आदि नामले पुकारिन्छ।) आविर्भूत गरेर पञ्चकृत्य सम्पन्न गर्दछन्। शक्ति पनि वासुतः यौटै छ तथापि कार्यभेदले भिन्न स्वरूपका अनेक हुन्छन्। उनका पाँच शक्ति इच्छा, ज्ञान, क्रिया, चिति र आनन्द उत्कृष्ट छन्। यिनैका सहयोगले अथवा शक्तिका माध्यमले शिवका कार्य सम्पन्न हुन्छन्। शक्तिविना शिव शिव (कल्याणकारी) हुनै सक्तैनन्। उनलाई स्पन्दित हुन पनि शक्ति चाहिन्छ।

यसै मर्म वा रहस्यका आधारमा श्रीपशुपति नेपालका कोटि कोटि योगिनी एवं भैरवीहरू, देवीहरूका साथमा विराज हुनुभएको संकेत शास्त्रमा पाइन्छ।

स्वयं शिवलिङ्गका मुखलिङ्गका रूपमा विराजमान श्री पशुपतिका मस्तक भागमा उहाँ आफैँलाई कामेश्वर मानेर कामेश्वरी = राजराजेश्वरी = त्रिपुरमहासुन्दरी भगवतीको श्रीचक्रमा अर्चना हुन्छ। श्री गुह्येश्वरी (श्री गुह्यकाली), श्री वत्सलेश्वरी (श्री वत्सरेश्वरी), श्री राजराजेश्वरी (नवदुर्गाका रूपमा प्रसिद्ध), श्री जय वागिश्वरी (सरस्वती), श्री भुवनेश्वरी, श्री झङ्गेश्वरी, श्री वज्रेश्वरी, श्री मनमानेश्वरी, श्री कोटेश्वरीप यी नौ शक्ति एवं यिनका अतिरिक्त श्री वनकाली (श्री चम्पकेश्वरी), श्री मनकामना आदि अरू पनि शक्तिलाई वरिपरि राखी, उनीहरू नै शक्तिद्वारा लोकको कल्याण गर्दै विराजमान हुनुभएको छ।

श्री पशुपतिका मस्तकमा नित्य अर्चना हुने श्री महात्रिपुरसुन्दरी श्री विद्या हुन्। काली, तार, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगलामुखी, मातङ्गी र कमला (लक्ष्मी) यी दश महाविद्यामध्ये तेस्रो महाविद्या

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री विद्या हुन्। उनको पोडशी यो नाम उनका पोडशकला एवं मन्त्रबीजका कारणले पनि भएको हो। (यसको व्याख्या रहस्यमय र गुप्त छ।) यिनको अर्चना विभिन्न आवरणसहित श्रीचक्रमा हुन्छ र तन्त्रोक्त विधानको यसको पूजन परम्परा रहेको र विशेषरूपमा दीक्षित व्यक्तिले गर्दछन्। यिनको पूजन त्रैलोक्य गुरु श्रीपशुपतिका पिङ्गात्मक विग्रहको पनि मस्तकमा विधिपूर्वक हुन यिनको उत्कृष्टताको प्रमाण हो। श्रीविद्या विश्वात्मक भएर पनि विश्वोत्तीर्ण छ। सम्पूर्ण विद्याका अधीश्वरी हुन्। ब्रह्माण्डमा प्रत्येक वस्तु उनैको व्यष्टि विग्रह हो र शिवको शिवता एवं श्री पशुपतिको पशुत्व विमोचिनी शक्ति नै हुन् यो तन्त्रशास्त्रको मर्म हो।

श्री पशुपतिमा शिवको मुख लिङ्गात्मक विग्रहको पूजन र उहाँको शिरमा श्रीचक्ररूप यमराज लेखेर त्यसमा राजराजेश्वरी श्री त्रिपुरसुन्दरीको सावरण अर्चना पाशुपत एवं श्रीविद्याको उच्चतम विशिष्ट दीक्षा भएका दाक्षिणात्व, गृहस्थ हुने परम्परा छ। यो व्यवस्था आचार्य श्रीशंकराचार्य भगवत्पादकै परम्पराका श्री शंकराचार्यबाट चलाइएको हो, जो अद्यावधि प्रचलित र मान्य छ। यो अर्चना पनि भारतका दक्षिणात्य विशिष्ट दीक्षा परम्परा भएका शुद्ध स्वस्थ श्री ब्राह्मणवाटै शास्त्रीय (वैदिक एवं तान्त्रिक) विधिवाट सम्पन्न गरिने गरिन्छ। नित्य, नैमित्तिक, एवं काम्य सबै पूजन उनीहरूबाटै हुने भएकाले यो यौटा विशिष्ट अनवच्छिन्न परम्परा हो।

श्रीपशुपतिकै परिसरमा वरिपरि केही नजिक केही टाढा अन्य देवता शिव, विष्णु, हरिहर, भैरव, देवी, गणेश रहेका छन्। तिनीहरूको पनि पूजन केही वैदिक, केही तान्त्रिक, केही मिश्रित विधिबाट हुने गर्छ। तीमध्ये श्रीपशुपतिकै मुख्य प्राङ्गणमा श्री वासुकिनारायण (नागराज) का मिश्रित भट्ट पुजारीबाट वैदिक पौराणिक विधिवाट अर्चना हुन्छ। अर्थपूर्ण, ज्वरहरेश्वर, चण्डेश्वर, गणेश आदिको पूजन श्रीपशुपतिकै पूजाका अङ्गका रूपमा पूजा हुन्छ। श्री कीर्तिमुख भैरव र श्री उन्मत्त भैरवको पूजन पूर्ण तान्त्रिक विधानवाट हुनछ। सप्तमातृका, नवग्रहहरूको र अन्य प्राङ्गणमा रहेका शिवमूर्ति एवं विष्णमूर्तिको पनि पूजा त्यसैगरी पौराणिक विधिवाट सामान्य वा विशिष्ट प्रकारले हुन्छ।

मूल प्राङ्गणबाट बाहिर श्री भुवनेश्वरी श्री जय वागेश्वरी, श्री राजराजेश्वरी, श्री झङ्केश्वरी, श्री बज्रेश्वरी, श्री मनमानेश्वरी, श्री तुलजा, श्री वनकाली (चम्पकेश्वरीको पनि पूजन तान्त्रिक दीक्षित पूजकले तान्त्रिक विधि विधानबाट गर्ने गर्दछन्। श्री गुह्येश्वरी श्री गुह्यभैरवसहितको झन् विशिष्ट तान्त्रिक विधिवाट दीक्षित पूजकवृन्दले नित्य, नैमित्तिक र काभ्य पूजा गर्ने शास्त्रीय एवं लौकिक परम्परा छ। श्री गुह्यकाली उत्तर आम्नायकी अधिष्ठात्री, योगेश्वरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धपीठ हो महाकालसंहिता उहाँको महातन्त्र हो । अन्य तन्त्रातरमा पनि श्री गुह्यकालीको सपर्याविधि उत्कृष्टरूपमा वर्णित छ । श्री परब्रह्मरूपा भुक्तिमुक्ति प्रदायिनी, समस्त सिद्धि दात्री, नेपालकी खास रूपमा मान्यताप्राप्त भवानी हुन् र उनको मान्यता प्राचीनकालदेखि यहाँ चलेको छ । साथि श्लेष्मान्तक वनमा श्री गोरखनाथको धुनी र पीठस्थान त्यत्तिकै महत्त्वपूर्ण छ र अर्का मान्यता परम्परा प्राप्त छ । त्यहीँ अर्को देवस्थान विश्वरूप वा विश्वरूपा कामेश्वर-कामेश्वरीको मन्दिर त्यहाँका सावरण देवताको प्रतिष्ठा केही अर्वाचीन भए पनि मान्यतामा कमी छैन । श्रीवत्सलेश्वरी सम्पूर्ण प्राणीलाई जीवनकालमा परम वात्सल्यको रक्षागर्ने अन्नपूर्णेश्वरी र मृत्युपछि पनि सद्गति प्रदान गर्ने श्मशानेश्वरी (जम्बूकेश्वरी) का रूपमा आरध्या छिन् । श्री राजराजेश्वरी पीठ सिद्धि र मोक्ष प्रदान गर्ने भगवती सम्पूर्ण आवरणमातृका सहित विराजमान छिन् र उनको तान्त्रिक विधिवाटै अर्चना दीक्षित पूजकवाट हुन्छ । श्रीराम, श्री भष्मेश्वरमा श्रीसर्व मङ्गला, श्रीगङ्गा, श्री मृगेश्वर आदि आदि अनगिन्ति देवदेवताका पुण्यमय मन्दिर श्री पशुपति क्षेत्रमा विराजमान भएर जनजनको मान्यता, श्रद्धा र आस्थाका प्रतीक रूपमा रहेका छन् ।

श्रीपशुपतिको स्वयं आफ्नो, उहाँका प्राङ्गण, परिसरमा रहेका समस्त देवीदेवताको, उनीहरूका मान्यताको, उनीहरूसँग सम्वद्ध आस्था, श्रद्धा र परम्पराको एकै शब्दमा भन्दा श्री पाशुपत संस्कृतिको अविच्छिन्न संरक्षणका लागि प्राचीनकालदेखि राज्यले, धनीमानी श्रद्धावान् व्यक्तिले सबैले धार्मिक र सामाजिक व्यवस्था गरेका र बसालेका थिए । तीमध्ये कति अद्यावधि चल्दैछन् र कति कालक्रमले, मानिसहरूका अनास्थाले, लोभले र स्वार्थले ती व्यवस्थामा विकृतिहरू आइसकेका छन् । यसले गर्दा नेपालको आफ्नो मान्यता, मर्यादा र संस्कृतिमा नै आघात पर्न लागेको छ । यस आघातवाट आफ्नो संस्कृतिलाई वचाउन श्री पशुपति क्षेत्रमा प्रभावकारी सुधारात्मक व्यवस्था गर्न अत्यन्त आवश्यक छ ।

यसका निमित्त केही सुझावहरू

१) श्री पशुपति क्षेत्रको सम्पूर्ण रूपमा संरक्षण र विकास गर्न राज्यले राष्ट्रको संविधानमै 'राष्ट्रका धार्मिक निकायलाई राज्यले आफ्नो हस्तक्षेपबाट मुक्त राखी तत्क्षेत्रमा स्वतन्त्र निकायवाट व्यवस्थापन र सञ्चालन गर्न दिनेछ, तर तिनीहरूको भौतिक संरक्षण राज्यले गर्नेछ भन्ने आशयको व्यवस्था गर्नु आवश्यक छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२) श्री पशुपतिको व्यवस्थापन र सञ्चालन गर्न श्री पशुपति क्षेत्र विकास स्वतन्त्र संस्थान (ट्रष्ट) 'Independent Trust for Shree Pashupati Area Development' को स्थापना हुनुपर्दछ ।

३) ट्रष्टको यौटा परिषद् रहनुपर्नेछ, त्यसमा कुनै पनि राजनीतिक पार्टीका सदस्य नभएका, राजनीतिक पूर्वाग्रहरहित, शैव, शाक्त धर्ममा आस्था राख्ने, विविध क्षेत्रका विद्वान्, सामाजिक कार्यकर्ताहरू वढीमा ५१ जना सदस्य रहनुपर्दछ र त्यसको अध्यक्ष वा संयोजक उक्त गुण सम्पन्न पूर्वप्रधानन्यायाधीश हुन आवश्यक छ ।

४) उक्त परिषद्बाट छानिएर वा मनोनित भएर बढीमा ११ जनाको ट्रष्ट कार्यकारिणी समिति रहनुपर्दछ । यसको अध्यक्ष पदेन परिषद्कै हुनुपर्ने र सचिव विशिष्ट योग्यतावान्, आस्थावान्, सक्रिय व्यक्ति हुनुपर्ने र कार्यकारिणी समितिको प्रमुख हुनुपर्नेछ ।

५) ट्रष्टलाई सल्लाह दिन धार्मिक र व्यवस्थापकीय दुईवटा छुट्टाछुट्टै परामर्श समिति रहनुपर्नेछ र यी समितिमा २१ जनाभन्दा बढी सदस्य रहनुहुँदैन । समितिमा आस्था, कामको प्रकृति अनुरूप योग्य क्षमतावान् व्यक्ति रहनु आवश्यक छ ।

६) श्री पशुपति क्षेत्र विकास स्वतन्त्र संस्थान (ट्रष्ट) : आवश्यक अनुरूप यो क्षेत्र राज्य छन् । कानूनी रूपमा संरक्षित हुनुपर्दछ र यसको आन्तरिक सुरक्षाका लागि यसको यौटा छुट्टै सुरक्षा बल रहनुपर्दछ ।

७) यसै ट्रष्ट अन्तर्गत देवी-देवताहरूको नित्य, नैमित्ति, काम्य पूजा पद्धतिको निर्माण, भएकाको परिकार र पूजक नियुक्तिको रायदान र पूजन अनुगमनका लागि ३ देखि ५ सम्म वेद, पुराण, धर्मशास्त्र, तन्त्रका विद्वान्, तन्त्र दीक्षित सदस्य रहेको यौटा धार्मिक समिति रहनुपर्दछ, जसका ४ जना तत्तदषियका विद्वान् सक्षम सदस्य र १ जना जुन देवताको पूजनसँग कार्य सम्पन्न गर्नुपर्ने हुन्छ, त्यहाँका परम्परागत मुख्य पूजक रहुन् ।

८) श्रीपशुपतिका पूजनसँग सम्बद्ध सामग्रीको शुद्धता, मात्रा आदिको निरीक्षण, अनुगमन गर्ने आदि काम पनि उक्त धार्मिक समितिद्वारा हुन सक्तछ ।

९) सर्वसाधारणले श्रीपशुपतिमा चढाउने शुद्ध सामग्री, संकुचित मुल्यमा उपलब्ध गराउने प्रयोजनका लागि ट्रष्टकै आधिकारिक पसलको व्यवस्था हुनुपर्दछ ।

१०) श्रीपशुपतिमा समर्पण गर्न केवल उक्त आधिकारिक पक्षहरूबाट प्राप्त पञ्चामृत, फूल र नैवेद्य मात्र ग्राह्य हुने व्यवस्था हुनुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११) श्रीपशुपति प्राङ्गण र परिसरका देवी-देवताको नित्य र/वा नैमित्तिक अर्चनाको नियमित व्यवस्था हुन आवश्यक छ। देवताको प्रकृति अनुरूप धार्मिक समितिवाट वनेका विधिवाट सुयोग्य पूजकवाट हुनुपर्दछ। पूजा छुट्नु, रोकिनु हुँदैहुन्न। पूजा खर्च, पूजकको प्रारम्भिक समुचित दर्पण हुने व्यवस्था ट्रष्टवाट हुन आवश्यक छ।

१२) श्री पशुपतिका प्राङ्गण र परिसरमा रहेका देवी-देवताको परिचय, उनको महिमा, पूजनको विधि आदि भएको पुस्तिका प्रकाशित हुनुपर्दछ, जसमा नक्सा आदि पनि रहोस्।

१३) श्री पशुपतिको आयस्रोत ट्रष्टअन्तर्गत रहोस्, जग्गा जमिनको परिचालन ट्रष्टले नै गरोस्, तिनीहरूमध्ये कुनै पनि व्यक्तिको नाममा दर्ता नहोस्, भएको भए वदर होस्। भेटीघाटी पारदर्शी होस्, ट्रष्टले नै सम्पूर्ण पूजनको व्यवस्था गराओस्, यसमा एकद्वार प्रणाली लागू होस्, आय र व्यय पारदर्शी होस्, वैंक प्रणालीवाट आम्दानी खर्चको संचालन होस् यो अत्यन्त आवश्यक छ।

१४) भट्ट पूजकहरू भण्डारीहरू, अन्य देवीदेवताका अर्चकहरू उनीहरूको कार्य प्रकृति, संलग्नता, परिचय, जिम्मेवारी अनुरूप युगानुरूप, वर्तमान परिस्थिति अनुरूपको पारिश्रमिक ट्रष्टले प्रदान गर्नुपर्दछ।

१५) श्री पशुपति प्राङ्गण रवि परिसरमा धार्मिक शुद्ध, पवित्र वातावरण वन्नु र रहिरहोस् भन्नको लागि र शैव, ज्ञान विज्ञान, भक्तिभाव, पूजा, आराधनासँग परिचित गराउँनका लागि भजन कीर्तन नियमितरूपमा भइरहने, विद्वान्हरूको प्रवचन चलिरहने व्यवस्था हुनुपर्दछ। अझ सकिन्छ भने शैव-शाक्त कर्मकाण्ड, ज्ञान-विज्ञान, दर्शनको शिक्षा दिने विद्यालयको संचालन पनि हुन राम्रो हुन्छ। यसमा हालका वनकालीको वेदविद्याश्रमलाई त्यही रूपमा ढाल्न सकिन्छ र यसको व्यवस्था ट्रष्टले गर्नुपर्दछ।

१६) श्री पशुपति परिसरमा अनुचित प्रेमालाप गर्ने, नशालु पदार्थको सेवन गर्ने आदि काम कडाइका साथ रोक्नुपर्दछ र त्यहाँका जोगीहरूलाई पनि यस्ता कामबाट गाँजा, भाङबाट निरुत्साहित गर्नुपर्दछ। यस क्षेत्रमा पाइने बिक्रीवितरण हुने सामग्रीको गुणस्तरमा कुनै कमी आउन नदिने प्रयत्न हुनुपर्दछ।

१७) श्री पशुपति परिसरको नजिक यसै क्षेत्रमा केही जग्गा उपलब्ध गरी छुट्याई कसैले चाहेमा ट्रष्टकै नाप-नक्सा बमोजिम र निर्देशनअनुसार मापदण्डमा फरक नपर्ने गरी कुटीहरू बनाउन पाउने, यो सम्पत्ति ट्रष्टकै हुने र व्यक्तिगत नहुने, पछि पनि नामसारी अंशवण्डा नहुने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनाउनेले जीवनभर भोग गर्ने, मृत्यु भएपछि ट्रष्टले उपयोग गर्ने यस्तो व्यवस्था गर्न आवश्यक छ ।

१८) श्री पशुपति परिसरमा भएका घरहरूमा श्री पशुपतिका र देवीदेवताका अर्चक परिवारले मात्र सम्मान र सुविधापूर्वक बस्न पाउने हुनुपर्दछ । साथै उपलब्ध हुन सके यस्ता स्थानमा विद्वान्, महात्माहरू, तपस्वी, मनीषीहरू रहुन् भन्ने आशयले यस्तो व्यवस्था गर्नुपर्दछ ।

१९) (मेरो पुरानो सोच पनि यहाँ सम्मिलित गर्न अनुमति माग्दछु) श्री पशुपति परिसरमा नेपालको लिच्छविकालीन इतिहास प्रसिद्ध 'कैलासकूट भवन' त्यही वर्णन अनुरूप बनोस् । त्यसैभित्र शैव ज्ञान विज्ञानको अध्ययन अनुसन्धान चलोस्, ट्रष्टको कार्यालय पनि त्यहीँ बनोस् । यो यौटा अभूतपूर्ण संरचना हुनेछ ।

२०) श्री बागमती शुद्ध बनोस्, ढल नबगोस्, त्यहाँ स्नान सन्ध्या गर्न पाइयोस्, बागमती सरस्वती नदी हुन् त्यहाँ स्नान मात्र गर्नाले बाण विकसित र पूर्ण हुन्छ, मुक्ति र शिद्धि प्राप्त हुन्छ भन्ने शास्त्रीय वचन चरितार्थ बनोस् ।

२१) उपर्युक्त सुझावहरूका आधारमा तिनीहरूको कार्यान्वयनमा क्रमशः लघुकालीन र दीर्घकालीन योजना बनी विकास होस् ।

शेष भगवान्को सेवा प्रति सदा समर्पित रहन पाइयोस् यसका लागि प्रभुसँग प्रार्थना गर्ने ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत-विद्याको संरक्षण र संवर्धन

✍ माधवशरण उपाध्याय

पृष्ठभूमि :

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न राज्यका रूपमा विश्वमानचित्रमा परिचित नेपालमा संस्कृतशिक्षाले प्राचीनकालदेखि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको तथ्य सर्वविदित छ। मावजातिको प्राचीन सभ्यता र संस्कारलाई आत्मसात् गर्दै अनेकौं आरोह अवरोह छिचल्दै लामो इतिहास बोकेको संस्कृतशिक्षा नेपाली समाजमा अविच्छिन्न रूपमा आफ्नो प्रभाव छोड्न सफल रहेको पाइन्छ। लिच्छविकाल र मल्लकालमा संस्कृतभाषाले राजकीयसम्मान पाएको कुरा तात्कालिक अभिलेखहरूबाट अवगत हुन्छ भने वर्तमानमा पनि नेपाली जनजीवनका हरेक पक्षमा संस्कृत भाषा र वाङ्मयको प्रभाव टङ्कारो रूपमा अनुभव गर्न सकिन्छ। राष्ट्रभाषा नेपाली र अन्य भारोपेली भाषाको जननी भाषाका रूपमा समाहित संस्कृतको प्रभाव पूर्वीय भेगका साहित्य, धर्म, दर्शन, इतिहास, संस्कृति, संस्कार र कलाकौशल आदिमा अक्षुण्ण रहेको अनुभूत हुन्छ।

नेपालमा संस्कृत शिक्षा :

धार्मिक सांस्कृतिक विविधताले गौरवान्वित नेपाली भूभागमा प्रागैतिहासिक कालदेखि संस्कृतशिक्षा अनवरत रूपमा चल्दै आएको देखिन्छ। मानवमात्रलाई भौतिक र आध्यात्मिक दुवैथरि चिन्तन प्रवाहित गर्न प्राचीन समयमा संस्कृत भाषाकै आश्रय लिइन्थ्यो भन्ने कुरा निर्विवाद छ। शिक्षाक्षेत्रमा पाश्चात्य प्रवाह प्रारम्भ हुनुभन्दा पहिले पौरस्त्य ज्ञान विज्ञानको संवाहकका रूपमा संस्कृत शिक्षा नै प्रचलित हुनाले त्यस समयमा संस्कृत र शिक्षा पर्यायवाची भएर रहेका थिए भन्दा अत्युक्ति न होला। प्रारम्भिक कालमा ऋषि मुनिहरूका गुरुकुलमा पठन-पाठन हुने गरेको संस्कृतशिक्षा समयको परिवर्तनसँगै मठ, मन्दिर, गुम्बा आदिमा अनौपचारिक शिक्षाका रूपमा प्रवाहित भएर रहेको थियो। यसरी नियाल्दा विद्यालय र विश्वविद्यालयको औपचारिक स्वरूपलिनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दा पहिले नै नेपालका गाउँ-गाउँमा यसको प्रभाव परिसकेको देखिन्छ। यद्यपि नेपाली जनजीवनमा आस्थाको पर्याय बनिसकेको संस्कृतशिक्षाले औपचारिकरूप कहिलेदेखि लियो भन्ने समय किटान गर्न सजिलो छैन तथापि हालसम्मको अध्ययनले वि.सं. १८९६ भाद्रवदी ९ रोज ७ मा श्री ५ राजेन्द्रद्वारा नारायण पण्डितलाई दिएको लिखतबाट त्यस समय संस्कृत पाठशालाको अस्तित्त्व रहेको कुरा ज्ञात हुन्छ। वि.सं. १९२७ पौष शुदी १५ को उपस्थिति विवरणबाट नारायणहिटीमा संस्कृत विद्यालयको अवस्थिति पुष्ट हुन्छ। त्यस्तै वि.सं. १९३२ मा भोजपुरको दिङ्ला र वि.सं. १९३४ मा काठमाडौंको रानीपोखरी संस्कृतविद्यालयको सञ्चालन प्रारम्भ भएको देखिन्छ। वि.सं. १९४३ सालमा तीनधारा पाकशालाको स्थापनाले संस्कृतशिक्षाको विकासमा टेवा पुगेको कुरा अनुभव गर्न सकिन्छ। दाङ, मटिहानी, जनकपुर, कलैया, रिडी, तौलिहवा, पाल्पा, पोखरा आदि स्थानमा संस्कृत विद्यालयको सञ्चालन प्रारम्भ भएपछि संस्कृत शिक्षाले अधिराज्यव्यापीरूप लिएको तथा वि.सं १९५८ मा एकै पटक ७५ भापा पाठशाला सञ्चालनमा आएपछि र वि.सं. २०१० सालसम्म अधिराज्यभरि भापा पाठशालाको संख्या २ सय ३३ पुगेपछि प्राथमिक र निम्नमाध्यमिक तहको संस्कृतशिक्षाको प्रचार प्रसारले व्यापकता पाएको देखिन्छ।

वि.सं. २०११ देखि शिक्षासम्बन्धी राय सुझाव लिन विभिन्न आयोग समिति आदि गठन हुने क्रमसँगै आधुनिक शिक्षा प्रणालीको व्यापकता र संस्कृतशिक्षाको क्षेत्र साँघुरिँदै गएको पाइन्छ। २०११ मा गठित राष्ट्रिय शिक्षा योजना आयोगबाट भापा पाठशालाको खारेजीको सिफारिशले संस्कृतशिक्षाले ठूलो क्षति वेहोर्नु परेको थियो भने सर्वाङ्गीण शिक्षा समिति (२०१८), संस्कृतशिक्षा सुधार परामर्शदात्री समिति (२०२३), राष्ट्रियशिक्षा सल्लाहकार परिषद् (२०२४), राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२), शाही उच्चं शिक्षा आयोग (२०४०) राष्ट्रिय शिक्षा आयोग (२०४९) उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) विद्यालय शिक्षाको कार्यनीति र कार्ययोजना (२०५८) र विद्यालयस्तरीय राष्ट्रिय पाठ्यक्रम प्रारूपमा संस्कृत शिक्षाको स्थान पहिचान (२०६२) आदिद्वारा संस्कृत शिक्षा सम्बन्धमा कतिपय अंशमा सकारात्मक एवं कतिपय अंशमा नकारात्मक प्रभावद्वारा संस्कृत शिक्षाले अनेकौं कठिनाइको सामना गर्नुपरेको वस्तुतथ्य नकार्न मिल्दैन।

संस्कृत शिक्षाको औचित्य र महत्त्व :

नेपालको राष्ट्रिय मौलिकता संस्कृत भाषासँग गाँसिएको छ। राष्ट्रभाषा, राष्ट्रियभाषाहरू, पुरातात्त्विक विषयवस्तु, इतिहास एवं सामाजिक मूल्य मान्यता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि संस्कृत भाषाबाटै अनुप्राणित छन्। प्राचीन समयदेखि नेपाली मौलिक परिचय संस्कृतविना सम्भव छैन। संस्कृतसँग धर्म, धर्मसँग संस्कृति, संस्कृतिसँग सभ्यता र सभ्यतासँग नेपालीमात्रको अस्तित्त्व सम्बद्ध रहेको हुनाले यस भेगका हरेकका निमित्त संस्कृतशिक्षा आवश्यक रहेको कुरा छर्लङ्ग हुन्छ। शिक्षाको एउटा उद्देश्य चरित्र निर्माण पनि रहेको र वर्तमान समयमा युवा शिक्षित वर्गमा अपेक्षित चारित्रिक विकास हुनसकेको छैन। शिक्षित व्यक्तिमा हुनुपर्ने विनय, पात्रता, शिष्टता सच्चरित्रता आदि सद्गुण विकसित गर्न संस्कृतवाङ्मयमा निहित अथाह ज्ञानराशिको उपयोग नेपाली शिक्षितमात्रले गर्न सके चारित्रिक उन्नयनमा ठूलै फड्को मार्न सकिने निश्चित छ।

संस्कृत शिक्षाको औचित्य र अपरिहार्यता सिद्ध गर्ने विषय वस्तुलाई सूत्ररूपमा यसरी परिगणन गर्न सकिन्छ।

(क) राष्ट्रिय अस्तित्त्वको जगेर्ना गर्न।
(ख) नेपाली मौलिकताको यथार्थता ठम्याउन।
(ग) चरित्र निर्माण र नैतिकताको पाठ सिक्न।
(घ) सामाजिक सद्भाव तथा सहिष्णुताको जगेर्ना गर्न।
(ङ) उदात्त मानवीय भावको विकास गर्न।
(च) नेपाली इतिहास एवं पुरातात्त्विक विषयको गवेषण र विवेचन गर्न।
(छ) आयुर्वेद र योग प्राकृतिक चिकित्सा प्रणालीबाट लाभ लिन।
(ज) व्यावसायिकता र सामाजिक विकासमा टेवा पुऱ्याउन।
(झ) राष्ट्रलाई एकसूत्रमा आबद्ध गरिराख्न।

उपर्युक्त महत्त्व हुँदा हुँदै पनि संस्कृत शिक्षा आफ्नै मूलथलोमा उपेक्षित र तिरस्कृत हुने क्रममा छ। संस्कृत शिक्षाको अपरिहार्यतालाई नकार्ने तथा संस्कृतशिक्षाप्रति विभिन्न निहुँमा घात अपघात गर्ने क्रम बढेको पाइन्छ। संस्कृतशिक्षाको दुरवस्थाका कारण संस्कृत विद्याको संरक्षण नै चुनौती पूर्ण भएको छ भने यसको संवर्धन त आकाशपुष्प जस्तै हुन पुगेको छ।

संस्कृत विद्याको संरक्षण र संवर्धनमा देखिएका केही चुनौतीहरू :

समग्र संस्कृतशिक्षाभन्दा पनि मुख्यतया शास्त्रीय विषयहरूको संरक्षण र संवर्धन यस पत्रको उद्देश्य भएको हुनाले यससँग सम्बद्ध समस्याहरू मुख्यरूपमा प्रस्तुत गरिन्छ। संस्कृतमाध्यमिक विद्यालयहरू र विद्यापीठहरूको मूल उद्देश्य संस्कृत विद्याका विविधविधाको शिक्षण र अनुसन्धानद्वारा संरक्षण तथा संवर्धन गर्ने हो तापनि यी उद्देश्यहरूको परिपूर्तिमा केही चुनौतीहरू भएका कारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्देश्य प्राप्तिमा अपेक्षित सफलता हातलाग्न सकेको छैन । तसर्थ केही प्रमुख चुनौतीहरू सूत्ररूपमा प्रस्तुत गरिन्छन् ।

(क) संस्कृत विद्याको अध्ययनमा छात्रहरूमा अभिरुचिको कमी देखिनु ।

(ख) छात्रावास, भोजनवृत्ति, नगदवृत्ति आदि सुविधा दिएर पनि विद्यार्थीहरूमा आकर्षणको कमी यथावत् रहनु ।

(ग) संस्कृत अध्ययनका निमित्त उपलब्ध गराइएका सुविधाको वहुधा आधुनिक विद्यालयको शुल्कभरणमा उपयोग गर्ने परिपाटीले संस्कृतको विकासका निमित्त विनियोजित रकमको सदुपयोग हुन न सक्नु ।

(घ) संस्कृत विद्या शिक्षणमा प्रभावकारिताको कमी रहनु ।

(ङ) संस्कृत विद्याको विविधता अनुरूप विकासका कार्यक्रमहरू कार्यान्वयन हुन नसक्नु ।

(च) बहुसङ्ख्यक जनतालाई संस्कृतशिक्षाको महत्त्ववाट परिचित गराउन नसक्नु ।

(छ) संस्कृत विद्या अध्ययन गरेका आधारमा जीविकाको मुख्यसाधन मानिएका सरकारी सेवामा पहुँच हुन नसक्नु ।

(ज) सामान्यतया संस्कृत अध्ययनका आधारमा चाहिने जीविकाका क्षेत्र (पौरोहित्य, कर्मकाण्ड, यज्ञानुष्ठान, पुराणवाचन आदि) वाट सामाजिक प्रतिष्ठाको कमी हुनु ।

(झ) संस्कृतभित्र सबै कुरा छ यसलाई परम्परागत रूपमा नै सञ्चालित गर्नुपर्छ भन्ने सोचका कारण युगानुकूल प्राज्ञिक प्राविधिक समन्वयकारी विपयका रूपमा प्रस्तुत गर्न हिचकिचाहट रहनु ।

(ञ) संस्कृतवाङ्मयका प्राविधिक विद्या (आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, खगोल विज्ञान, वास्तुशास्त्र आदि) को विकास र विस्तारमा अपेक्षित गति आउन नसक्नु ।

(ट) संस्कृत विद्या निश्चित जात धर्म र वर्गका मानिसहरूका निमित्तमात्र उपयोगी छ, समग्र नेपालीका निम्ति यसको उपयोगिता छैन भन्नेजस्ता भ्रमको निराकरण हुन नसक्नु ।

(ठ) संस्कृत विद्या धार्मिक सहिष्णुता आपसी सद्भाव र सहयोगको माध्यम हो । यसमा रहेको अपार ज्ञानको उपयोग नेपाली मात्रले गर्नु आवश्यक छ भन्ने यथार्थबोध नहुनु ।

(ड) विश्वकै धेरै मुलुकहरूले संस्कृत अध्ययन अनुसन्धानलाई महत्त्व दिने गरेको परिप्रेक्ष्यमा नेपाललाई प्रमुख अनुसन्धान केन्द्रका रूपमा विकसित गर्न अग्रसरता लिन न सक्नु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ढ) संस्कृत शिक्षणसंस्थाहरूमा संलग्न शिक्षकहरूमा अध्ययन अनुसन्धानका आधुनिक प्रविधिसँग परिचित हुने प्रवृत्तिको कमी ।

उपर्युक्त चुनौतीहरू निदर्शनमात्र हुन् । यस्तै अन्य समस्याहरू पनि समय-समयमा उपस्थित भएर संस्कृत विद्या संरक्षणमा वाधक वनेका हुन्छन् तिनको निराकरण नगरी संस्कृतविद्याको संरक्षण कठिन छ ।

समाधानका उपायहरू

संस्कृतका शास्त्रीय विपयहरूको अध्ययनमा विद्यार्थीहरूको अभिरुचि नहुनुको मुख्यकारण संस्कृत विद्या अध्ययन गरेका भरमा जीविका प्राप्त गर्न सक्ने वातावरणको अभाव नै मुख्यरूपमा लिन सकिन्छ । त्यसकारण उक्त आशङ्का हटाउन राष्ट्रिय योजनामा समन्वय गरी जीविकाका केही क्षेत्र संस्कृतका शास्त्रीय विपयहरू अध्ययन गरेका आधारमा प्राप्त गर्न सकिने खालको सुनिश्चितताले संस्कृत विद्या संरक्षणमा सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ । राष्ट्रिय शिक्षानीतिअनुसार पाठ्क्रम तयार गरी मूलधारमा संस्कृत शिक्षालाई पनि सञ्चालन गर्नु पर्दछ, यसरी नीति निर्धारण गर्दा राष्ट्रिय आवश्यकता र शास्त्र संरक्षण दुवै कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ ।

संस्कृत शास्त्रीय विपयको गम्भीर अध्ययन अनुसन्धान गर्ने प्रामाणिक सदाचारी निष्ठावान् जनशक्ति तयार गर्ने उद्देश्य निर्धारित गरेर गुरुकुलसंस्कृत शिक्षालाई शिक्षाको राष्ट्रिय मूल धारमा समावेश गर्ने नीति नेपाल सरकारले लिएको सन्दर्भमा संस्कृत विद्याको विकासमा यस धारको उपयोग गरिनु उपयुक्त हुने देखिन्छ । शिक्षाक्षेत्रमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास एवं प्रचलनका आधारमा नेपालको विद्यालयस्तरीय संस्कृतशिक्षा कक्षा १२ सम्म हुनु आवश्यक छ । उपर्युक्त प्रसङ्गमा आधारभूत प्राथमिक तह (कक्षा : १-५) उच्च प्राथमिक तह (कक्षा : ६-८) आधारभूत माध्यमिक तह (कक्षा : ९-१०) उच्च माध्यमिक तह (कक्षा : ११-१२) गरी चार तहमा पाठयक्रम संरचना निर्धारण गरिनु वाञ्छनीय देखिन्छ ।

संस्कृत विद्यालयीय शिक्षा एवं उच्च शिक्षामा दुई धारको व्यवस्था :

संस्कृत विद्या संरक्षणका निमित्त प्रारम्भिक तहदेखि उच्चतहसम्म दुई किसिमको अध्ययनप्रणाली सञ्चालित गरिनु पर्दछ । पहिलो प्रणालीमा वेदविद्याश्रमपद्धतिका विद्यालयहरूमा सञ्चालित पाठ्यक्रमका आधारमा माध्यमिक तहसम्मको अध्ययन पूरा गरेका छात्रहरूलाई शास्त्रीय विपयको अध्ययन अनुसन्धान गर्न क्षमतावान् तुल्याउन शास्त्रीय विपय प्रधान पाठ्यक्रममा समावेश गर्नु मनासिव देखिन्छ । संस्कृत माध्यमिक तहको साधारण प्रणालीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यार्थीले अनिवार्य क्षेत्रमा नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययनजस्ता विषयसँगै संस्कृतको अध्ययन गरेका हुन्छन्, त्यस्ता जनशक्तिलाई उच्चतहमा पनि साधारण प्रणालीको पाठ्यक्रममा सम्मिलित गराउनु पर्दछ। उपर्युक्त अवधारणा कार्यान्वयन गर्न विद्यालय तह र विश्वविद्यालय तहमा पाठ्यक्रमको अवधारणा तय गरिनु उपयुक्त हुन्छ। साधारण प्रणालीको सं.मा.वि. तहको पाठ्यक्रमको प्रारूप :

तह	प्राथमिक तह		माध्यमिक तह	
आधारभूत (कक्षा १–५)	उच्च (कक्षा ६–८)		आधारभूत (कक्षा ९–१०)	उच्च (कक्षा ११–१२)
विषय				
नेपाली	अनिवार्य	अनिवार्य	अनिवार्य	अनिवार्य
अंग्रेजी १				
संस्कृत भाषा	अनिवार्य	अनिवार्य	अनिवार्य	अनिवार्य
विज्ञान	–	अनिवार्य	अनिवार्य	ऐच्छिक
सामाजिक शिक्षा	अनिवार्य	अनिवार्य	अनिवार्य	अनिवार्य
शास्त्रीय संस्कृत	–	एच्छिक-१	एच्छिक-१	ऐच्छिक-
व्यावसायिक विषयहरू	–	–	एच्छिक-१	ऐच्छिक-

कक्षा ९ र १० का लागि ऐच्छिक (१) विषयहरू वेद, व्याकरण, न्याय ज्यौतिष साहित्य, नीतिशास्त्र।

कक्षा ९ र १० का लागि ऐच्छिक (२) कर्मकाण्ड, शिक्षाशिक्षण, अतिरिक्त गणित, आयुर्वेद प्राकृतिक चिकित्सा, योग, कम्प्युटर, पत्रकारिता, फलित ज्यौतिष। कक्षा ११ र १२ मा छान्नुपर्ने ऐच्छिक विषयहरू ऐच्छिक प्रथम (कुनै एक) व्याकरण, साहित्य, न्याय, ज्यौतिष, नीतिशास्त्र, वेद, इतिहास पुराण।

ऐच्छिक द्वितीय (कुनै एक) नेपाली, अंग्रेजी, गणित, अर्थशास्त्र, संस्कृति, पत्रकारिता, दर्शन, नेपाली भाषा शिक्षण, अंग्रेजी भाषा शिक्षण, संस्कृत भाषा शिक्षण, गणित शिक्षण

विज्ञान समूह- जीव विज्ञान, रसायन शास्त्र, भौतिकशास्त्र आदि।

द्रष्टव्य : आयुर्वेद अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि विज्ञान समूहका पत्र थप गरी अध्ययन गराउनु पर्ने हुन्छ।

१. शास्त्रीय प्रणालीको पाठ्यक्रम प्रारूप विद्यालयस्तरीय :

कक्षा : १, २, ३

क्र.सं.	विषय	पाठ्याभार	पूर्णाङ्क
१.	नेपाली	६	१००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.	संस्कृत/अंग्रेजी	६	१००
३.	गणित	६	१००
४.	सामाजिक अध्ययन कला	६	१००
५	विज्ञान	५	१००
६.	सदाचार शिक्षा	५	१००
७.	योग	३४	६००

२. कक्षा : ४ र ५

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	६	१००
२.	गणित	६	१००
३.	सामाजिक अध्ययन+सिर्जनात्मक	६	१००
४.	संस्कृत रचना	६	१००
५.	प्रारम्भिक वेदाध्ययन	५	१००
६.	सदाचार शिक्षा	५	१००
७.	अतिरिक्त ऐच्छिक अंग्रेजी	५	१००
	जम्मा	३४	६००

३. कक्षा ६, ७, ८

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	संस्कृत व्याकरण	५	१००
४	सामाजिक अध्ययन	४	१००
५.	विज्ञान	५	१००
६.	इच्छाधीन संस्कृत	५	१००
७.	संस्कृत भाषा	५	१००
८.	योग	३४	७००
९.	अतिरिक्त अंग्रेजी	५	१००

इच्छाधीन संस्कृत- वेद, नीतिशास्त्र कर्मकाण्ड, योग तथा स्वास्थ्य आयुर्वेद ।

४. कक्षा ९, १०, ११ र १२

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२	पूर्वीय गणित	५	१००
३.	संस्कृत भाषा	५	१००
४.	सामाजिक अध्ययन	५	१००
५.	वेद	५	१००
६.	ऐच्छिक प्रथम	५	१००
७.	ऐच्छिक द्वितीय	५	१००
८.	योग	३५	७००
९.	अतिरिक्त अंग्रेजी	५	१००

ऐच्छिक : १- ज्यौतिष, न्याय, नव्य व्याकरण, संस्कृत साहित्य, दर्शनमध्ये एक ।

ऐच्छिक : २- कर्मकाण्ड, फलित ज्यौतिष, गणित, योग शिक्षा, आयुर्वेद, प्राकृतिक चिकित्सा, कम्युटर मध्ये एक ।

शास्त्रीय विषय प्रधान पाठ्यक्रमको प्रारूप विश्वविद्यालय स्तरीय :

राष्ट्रिय पाठ्यक्रममा १०+२ लाई विद्यालय शिक्षामा समाहित गर्ने नीति अनुरूप संस्कृततर्फ पनि सोही अनुरूप पाठ्यक्रम निर्धारित हुनु पर्दछ । सं.मा.वि. को साधारण पाठ्यक्रमबाट अध्ययन गरेका व्यक्तिहरू साधारण पाठ्यक्रमबाट उच्चशिक्षा प्राप्त गर्न समर्थ हुनेछन् । गुरुकुल शिक्षाको अवधारणा अनुरूप पाठ्यक्रम अनुसारका अध्येताहरूलाई संस्कृत विद्या संरक्षणका निमित्त परिकल्पना गरिएको शास्त्रीय प्रणालीको पाठ्यक्रमअनुसार अध्ययन-अध्यापन गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्ता विद्यार्थीहरूका निमित्त निम्नअनुसारको व्यवस्था गर्ने:

शास्त्री त्रिवार्षिक

	अनिवार्य क्षेत्रमा अंग्रेजी/अनिवार्य वैकल्पिक संस्कृत रचना	२००
	अनिवार्य संस्कृत	१००
	अनिवार्य नेपाली	१००
क.	वर्गमा शास्त्रीय विषयमध्ये कुनै एक	८००
ख.	वर्गमा आफूले लिएको शास्त्रीय विषयको उपकारक कुनै एक शास्त्रीय विषय	६००
	जम्मा	**१८००**

उपर्युक्त अवधारणामा नेपाली र अंग्रजीबाहेक सबै अङ्ग संस्कृतका शास्त्रीय विषयहरूका निमित्त छुट्याइएको तथा अंग्रेजी अध्ययन नगरेका विद्यार्थीहरूले त त्यसको स्थानापन्न वैकल्पिक संस्कृत रचना लिएर अध्ययन गर्दा संस्कृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केन्द्रित अध्ययन हुने देखिन्छ। उक्त शास्त्रीय पाठ्यक्रममा अनुसन्धान प्रविधि, ग्रन्थ सम्पादन प्रविधि, कम्प्युटर आदिको शिक्षण/प्रशिक्षण गर्ने प्रावधान राखिनु पर्दछ। लिपिहरूको प्रशिक्षण दिने र पाण्डुलिपि सम्पादनको कार्यसमेत परियोजनाका रूपमा गर्न लगाउँदा बढी उपयोगी हुने देखिन्छ।

आचार्य तहमा शास्त्रीय विषयहरूको अध्यापनका क्रममा तुलनात्मक अध्ययन र अनुसन्धान प्रविधिको अनिवार्य प्रशिक्षण आवश्यक देखिन्छ। अनुसन्धान पत्रका रूपमा शोधपत्र नै तयार गर्नेतर्फ विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुपर्छ। यस प्रकारको प्रौढपाण्डित्य आर्जन गरेका विद्यार्थीहरूलाई योजनाबद्धरूपमा नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत अनुसन्धान केन्द्र अथवा विभिन्न विद्यापीठहरूमा अनुसन्धान एवं शिक्षणको अवसर प्रदान गर्ने नीति लिनु आवश्यक छ। जीविकाको निश्चिन्तता भएपछि विद्यार्थीहरूमा संस्कृत विद्या अध्ययनमा आकर्षण बढ्न सक्ने निश्चित छ।

संस्कृत विद्यासंरक्षण र संवर्धनका निमित्त भावी योजनको स्वरूप :

संस्कृत विद्या संरक्षणका लागि दीर्घकालिक योजना बनाइनु आवश्यक छ। सरकारी दायित्वले मात्र संस्कृतसंवर्धन कार्य सफल हुन न सक्ने हुँदा संस्कृतका निम्ति दाताहरूले दिएका अधिराज्यभरि छरिएर रहेका अचल सम्पत्तिबाट एकीकृत कोषखडा गरेर त्यसको व्याजबाट शास्त्रीय विषय संरक्षणका निमित्त कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुनेछ। भारतमा तिरूपति देवस्थान ट्रस्टद्वारा वेद संरक्षणका निमित्त अध्ययनकाल र आजीवन आवास एवं समुचित नगदवृत्तिसमेत दिएर चारै वेदको संरक्षण विश्वविद्यालय सञ्चालन आदि गरिए जस्तै पशुपति विकास कोषबाट वेदको संरक्षण परियोजना सञ्चालित गरी संस्कृत विद्या प्रवर्धनमा योगदान पुऱ्याइनु आवश्यक छ। सरकारले पनि राष्ट्रिय पुरातात्त्विक महत्त्वका धरोहरको संरक्षणमा विश्वका दातृराष्ट्रको सहयोग जुटाउन पहल गरेजस्तै संस्कृत विद्या संरक्षण संवर्धनमा पनि विश्वसमुदायको ध्यानाकर्षण गर्नुपर्दछ।

उपर्युक्त प्रयोजन सिद्धिका निमित्त अपनाइनु पर्ने कार्ययोजना सूत्ररूपमा प्रस्ताव गरिएको छ।

१. संस्कृत विद्यासंरक्षणार्थ दस वर्षे योजना बनाइनु पर्दछ।
२. २०६५ सालदेखि कार्यान्वयनमा जाँदा कक्षा ९ देखि शास्त्रीयप्रणालीका अध्येता छनोट गरिनु पर्दछ र स्नातक (शास्त्री) तहको चारवर्षे पाठ्यक्रम परिकल्पना गरेर १० वर्षमा आचार्य तह उत्तीर्ण गराउने नीति तय गर्नु उपयुक्त हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. प्रत्येक तहमा वार्षिक परीक्षाका माध्यमबाट योग्यता परीक्षण गर्नु वाञ्छनीय हुन्छ ।

४. वेद, व्याकरण, न्याय, मीमांसा, वेदान्त, दर्शन, ज्यौतिप, साहित्य, धर्मशास्त्र, पुराणजस्ता प्रत्येक विषय संरक्षणका निमित्त विषयको कोटा निर्धारण गरी उपयुक्त जनशक्तिलाई अध्ययन पूरा गरेपछि अनुसन्धान सहायक अथवा शिक्षण सहायकका रूपमा वृत्ति प्राप्त गर्ने व्यवस्था मिलाउनु समुचित हुनेछ ।

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको आवश्यकताको अध्ययन गरेर तदनुरूप जनशक्ति उत्पादन गर्नसके उत्पादित जनशक्तिले काम पाउने निश्चित छ ।

७. विशेष विद्या संरक्षण परियोजनामा संलग्न हुन शिक्षक छनोट गर्दा योग्यताका आधारमा चयन गर्ने परिपाटि विकसित गर्नु आवश्यक छ ।

८. संलग्न शिक्षकहरूलाई वृत्तिविकास तथा पदोन्नतिको समुचित अवसर प्रदान गर्ने नीति तय गरिनु पर्दछ ।

९. पाठ्क्रम र पाठ्यपुस्तक परिमार्जन गर्ने र तिनमा समसामयिक सुधारको व्यवस्था हुनु पर्दछ ।

अध्ययनको प्रतिफलको चाहनाले जीविकाको सम्भावना भएका विषय चयन गर्ने प्रवृत्ति प्रचुररूपमा देखिने हुँदा शास्त्रीय विषय अध्ययन गरेका अध्येतालाई जीविकाका दृष्टिले निश्चिन्त गर्नसके विद्या संरक्षणमा सकारात्मक प्रभाव पर्ने हुँदा गुठीसंस्थान, पशुपति विकास कोष, धार्मिक सघं-संगंठन, गैरसरकारी संस्थाहरूका साथै राष्ट्रिय योजना आयोगसँग समेत समन्वय गरी संस्कृत विद्याको संरक्षण र संवर्धनका निमित्त संस्कृत विश्वविद्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आजको टड्कारो आवश्यकता देखिएको छ । पाठ्यक्रम सुधारमा भएका अध्ययनहरू कार्यान्वयनका क्रममा अगाडि बढाउनु पनि त्यत्तिकै जरुरी रहेको छ । जयतु संस्कृतम् संस्थाले संस्कृत विद्या संरक्षणका निमित्त देखाएको चासो र चिन्ता सान्दर्भिक भएको हुँदा यसतर्फ संगठित प्रयासको नेतृत्वमा पनि जयतु संस्कृतम्को भूमिका अहं हुनसक्ने निश्चित छ ।

अन्त्यमा संस्कृत विद्या संरक्षण र संवर्धन विषयमा कार्य पत्र प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा जयतु संस्कृतम् संस्थाका पदाधिकारीहरूलाई हार्दिक धन्यवाद दिँदै, विज्ञ सहभागीहरूका सुझावअनुसार यस कार्य पत्रमा सुधार गर्ने वचनबद्धता व्यक्त गर्दछु ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२०६५ असार २० धरानमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र)

नेवार संस्कृति एक अध्ययन

✍ रुक्मिणी मास्के
धरान-५

१. नेवार संस्कृतिको ऐतिहासिक परिचय

काठमाडौं उपत्यका नेवारहरूको मूल थलो हो। राज्यको थालनीदेखि आफ्नो धर्म, संस्कृति र कलाको विकास गर्दै नेपाल अधिराज्यको प्रमुख समुदायको रूपमा चिनाउँदै आएको छ।

नेवारहरूको जातीयताको सम्बन्धमा खोज अनुसन्धान गर्दा विद्वान्हरूमा विभिन्न मतभिन्नता देखिन्छ तीमध्ये नेवारहरूको प्राचीन थलो काठमाडौं उपत्यका स्वदेशी तथा विदेशी विद्वान्हरूको विचारलाई सान्दर्भिक प्रमाण मान्न सकिन्छ। भाषा वंशावलीमा 'नेवारहरू ब्रह्मपुत्र क्षेत्रिय' हुन्। यिनको आदि निवास स्थल दक्षिणको **नाएर** प्रदेश हो, नेपालको प्रथम कर्नाटकवंशी राजा नान्यदेवको साथ नेपाल आएका हुन् भनिएको पाइन्छ। विद्वान् वेनसेष्ट स्मिथले नेपालका तथाकथित पेगोडा शैलीको सामञ्जस्य दक्षिणको कन्नडप्रदेश (मलावार) मा देखिएका केही जैन मन्दिरहरूसित मिलेकाले नेवारहरू दक्षिण भारतवाट आएका हुन् भनिएको छ तर स्मिथ महोदयको यो भनाइलाई सत्य मान्न सकिँदैन कारण नान्यदेवको समयको पुस्तकमा बाह्रौं शताब्दीको लगभग प्रमाणित गरिएको छ भने नेवारीवास्तुकलाको वर्णन सातौं शताब्दीदेखि नै भएको चिनियाँ यात्रीहरूको वृत्तान्तमा वर्णन गरेको छ। डिल्लीरमण रेग्मीको भनाइमा 'क्राइष्ट जन्मनु भन्दा छ सय वर्ष अगाडि नेवारहरू देखा परेका छन्' (नेवार जाति-मुक्ति प्रधान) यसरी नेवारहरूको प्राचीनताको बारेमा जर्ज ग्रियर्सन महोदयले- 'नेवारहरू गोरखालीहरूको विजय भन्दा पहिले नेपालका शासक थिए, यिनीहरूको मूलथलो काठमाडौं उपत्यका हो' भनेका छन्।

अझ नेवारहरूको वासस्थान कला, संस्कृतिको ऐतिहासिकताको अध्ययन गर्दा उनीहरूको वासस्थान कान्तिपुर, पाटन, भक्तपुर मात्र नभई मध्यमाञ्चल विकास क्षेत्रका पहाडी जिल्लाहरू (दोलखा, चरिकोट, बाह्रविसे, चौतारा, धुलिखेल,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनेपा, नुवाकोट, धादिङ्ग, मकवानपुर, चित्लाङ्ग) आदि प्राचीन थलो भएको मान्न सकिन्छ। कारण उनीहरू काठमाडौँ उपत्यकाबाट बसाइँ सरेको नभई प्रारम्भिककालदेखि बसोवास गर्दै आएको पाइन्छ। उपत्यका र यस क्षेत्रका नेवार समुदायको रहन सहन, कला संस्कृतिमा नेवारीपनको मौलिकता एकै मिलेको पाइन्छ। त्यसैले नेवारी संस्कृति र सभ्यताको मूलथलो कान्तिपुर, भक्तपुर, पाटन लगायत नेपालमण्डल हो। यी नेवारी आदिवासी जातिहरूले आफ्नो मातृभूमिलाई नेपा र आफूलाई नेवा भन्ने गर्दछन्। त्यसैले नेपाल शब्दको उत्पत्ति यस जातिको आफ्नो नाम नेवाः वाट नेपाल भएको हो।

नेपालकै प्रमुख मानिने नेवार समुदायभित्र विभिन्न जातिहरू छन्। ती जातिहरूद्वारा निर्मित मठ, मन्दिर, चैत्य, विहार, दरवार, ढुङ्गेधारा, चौक, पोखरीका कलात्मक कलाकृतिहरू नेपालका गहनाहरू हुन् भनी नेवारी कलाको वर्णन प्रत्येक विद्वान्हरूले गरेका छन्। नेवार समुदायको मौलिक विशेषता- आदिवासीको रूपमा बसोवास गर्दै आएका नेपाल मण्डलका नेवार जातिहरूको कला संस्कृति, भाषा, पहिरन, भोज भतेर, खानपिन धार्मिक सामाजिक चाडपर्व अन्य जातिको भन्दा तुलनात्मक रूपमा व्यवस्थित, सुसंस्कृत छन्। साथै कला वास्तुकलाको निर्माणशैली नेवारीपनको छुट्टै मौलिकता पाइन्छ। यसरी अन्तर्राष्ट्रियक्षेत्रहरूमा आफ्नो मौलिक पहिचान दिने पक्षहरू नेवार जातिमा विद्यमान छन्। जस्तो सामूहिक पद्धति, आर्थिक जीवन शैली, सामाजिक रीतिरिवाज, गुठीव्यवस्था, भाषालिपिमा मौलिकता, धार्मिक र सांस्कृतिक संस्कार, चाडपर्व, कला वास्तुकलाका कलात्मक शैलीहरू।

२.१ सामूहिक बसोबास पद्धति

नेवारहरू सामूहिक वस्न रुचाउँछन्, ४ पुस्तासम्म संयुक्त परिवारमा वस्छन् परिवारको मूल व्यक्तिलाई नायो वा थकालीको रूपमा मानमर्यादा राख्ने, नायोको नेतृत्वको सम्मान गर्ने, गुठीको दायरामा रहने र धार्मिक वा सामाजिक क्रियाकलापहरू लगायत केही संस्कारहरू आरम्भदेखि समापन कार्यसम्म थकालीकै हातबाट हुने गर्छ। त्यसैले नेवार परिवारमा नायोको महत्त्वपूर्ण भूमिका हुन्छ। यो नायो वा थकाली प्रथा अन्य जातिमा देखिदैन। थकाली प्रथा नेवार समूहमा अझै कायमै रहेको छ। थकालीको सामान्य अर्थ जेठो पाको भन्ने हो त्यसैले समाजमा यस्तो व्यक्तिको आदर गर्नु स्वभाविकै हो। नेवारहरूकोबीच बिस्कुन सुकाउन आँगन पालैपालो गर्ने, घरको बनौट, सानो भ्याल, कलात्मक ढुङ्गेधारा, इनार, धार्मिक र सांस्कृतिक चाडपर्वहंरूमा सहयोगको भावना राख्ने, भोज भतेरमा संयुक्त परिवार हुने। यसरी नेवार समुदायमा एकरूपता भएकोले नेवार जातिको आफ्नो छुट्टै विशेषता देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.२ आर्थिक जीवनशैली:

नेवार समूह अतिचिसो मलिलो भूमिमा वसोवास गर्दै आएकोले सुरुदेखि नै कृषि व्यवसायलाई मुख्य पेशा मान्दछन्। त्यस वाहेक उद्योग व्यवसाय कपडा बुन्ने, पहाडे कागज वनाउने, उच्चस्तरीय प्रस्तर, धातुका देवदेवीका मूर्ति, काष्ठकलामा आकर्पक कलाकृति निर्माण गर्ने शिल्पकारिता, चित्रकारिता आदिमा दक्षशक्ति र कुशल क्षमता भएको पाइन्छ। लिच्छविकाल, मल्लकालमा वनाएका वहुमूल्य धातुका मूर्तिहरू चीन, तिव्वत, अमेरिका जस्ता अन्तर्राष्ट्रिय संग्रहालयहरूमा पुगेका प्रसस्त उदाहरण छन्। नेवार समुदायले उत्पादन गरेका जुनसुकै धातुका भाँडाको छनौट वस्तुपरक र कलात्मक नभएको भाडावर्तन नै हुदैन, यिनीहरू नै नेपालको सम्पत्तिको रूपमा मान्न सकिन्छ। लिच्छवि तथा मल्लकालदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापारमा संलग्न हुने महाजनहरूमा नेवार नै थिए। यिनीहरूले उत्पादन गरेका धातुका भाडाकुडा, मूर्ति निर्माण लगायत अन्य व्यवसायले देशको अर्थतन्त्रलाई समेत ठूलो टेवा पुऱ्याएको छ। व्यापारसँगै विभिन्न उद्योग व्यवसायमा सक्रिय भएको नेवार समुदायका विभिन्न कलात्मक वस्तुहरूको मूल्याङ्कन गर्दा उत्कृष्ट कलाकारिता झल्काउने कुशल क्षमता नेवार वाहेक अन्य जातिमा देखिदैन। त्यसैले व्यापारसँगै सम्वन्धित उद्योग धन्दाहरूको विकासमा नेवारहरूको देन उल्लेखनीय छ।

२.३ सामाजिक रीतिरिवाज :

परम्पराकालदेखि नै रीतिरिवाज पालन गर्ने मेहनती, साधा जीवन निर्वाह गर्ने, आपसी सहयोगको भावना राख्ने, जस्ता सकारात्मक पक्षहरू विद्यमान छन्। धार्मिकताको आधारमा नेवारहरू दुई वर्गमा विभाजित छन्- बौद्ध र हिन्दू। बौद्ध समाजमा बज्राचार्य, शाक्य, तुलाधर, ताम्राकार, कंसाकार, चित्रकार, मानन्धर आदि हुन्। बौद्धधर्ममा समाविष्ट भएका जातिहरूको पुरोहित वज्राचार्यलाई गुभाज्यू मान्दछन्।

हिन्दू समाजमा नेवारहरू आफूलाई राजोपाध्याय गुरुवाचार्य राजलट लेख्दछन्। छथरे नेवार श्रेष्ठ, मल्ल, प्रधान, मास्के, अमात्य आदि क्षेत्रीय हुन्। पाँच थर कहलाइएका अन्य नेवारहरू वैश्य हुन् यिनीहरूको पुरोहित द्यौभाज्यू, ब्राह्मण हुन्थे। यसरी नेवार समुदायमा जातीय व्यवस्था मिलाउने श्रेय राजा जयस्थिति मल्ललाई मानिन्छ। वास्तवमा मल्लकालमा जसले जुन काम गर्दथ्यो, त्यही आधारमा उसको जातियता मान्न थालियो भने केही राजकीय शासन तथा कार्मिक अनुष्ठानमा सक्रिय दायित्वबोध लिई सहयोग गर्ने उच्च

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मचारीहरूलाई विभिन्न पदले विभूपित गरिएको हुन्थ्यो । तीमध्ये तराजुको काम गर्ने तुलाधर, तामाको काम गर्ने ताम्रकार, केन्द्रीय शासनको व्यवस्था गर्ने अमात्य, मल्लयुद्धमा जन्मनेलाई मल्ल, राज्यको शासन व्यवस्था गर्ने मास्के, जन्मपत्रिका लेख्ने, ग्रहदशा, शुभाशुभ हेर्ने, पुण्यकार्य गर्ने जोशी, राजालाई सहयोग गर्ने प्रधान, राज्यको भण्डार राजकोपको व्यवस्था गर्ने राजभण्डारी आदि हुन्थे । यसरी नेवारसमाजमा जाति विभाजन व्यक्ति विशेष, कार्यविशेष र पद विशेषमा आधारित देखिन्छ । तर धर्ममा कट्टरता नभएकोले दुवै धर्महरू प्रत्यक्ष अप्रत्यक्ष सामूहिक रूपमा मान्दै आएको पाइन्छ ।

२.४ भोजन परिकार :

नेवार समुदायमा सगुन, नास्ता र भोजनंका परिकारहरू लोकप्रिय मानिन्छ । सगुनको परिकारमा (सम्यवजी) नास्ताको परिकार (तुचा) र भोजनको परिकारमा नेवार सभ्यताले जन्माएको सांस्कृतिक परिकारहरू उल्लेखनीय छन् । सगुन-समयवजीमा तारेको अण्डा, मासको बारा, तारेको सिङ्गो माछा, कालो भटमास, साधेको लसुन, अदुवा, चटामरी, सेकुवा मासु, रक्सी हुन् । नास्तामा माथिका यिनै परिकारको साथमा साधेको लसुनको हरियोपात गेडागुडीको तरकारी आदि परिकारलाई तुचा भनिन्छ । भोजमा मासुको परिकारमा मात्र छोइला, कचिला, सुकुला, किमिला, सेकुवा आदि । रोटीको परिकारमा बारा, लाखामरी, चटामरी, चाकुमरी, स्वटामरी, योमरी आदि मध्ये केही बनाएका हुन्छन् भने ती मध्ये भोजनमा गेडागुडीको तरकारी, दही फलफूल, रक्सी आदि प्रमुख हुन् । नेवार समुदायमा विभिन्न संस्कार र पूजा पर्व आदिमा पेय पदार्थमा रक्सी प्रयोग हुन्छ । भैरव र भैरुवी तथा अन्य देवी देवतालाई मद्य चढाइन्छ र प्रसादको रूपमा ग्रहण गरिन्छ । यिनीहरू नेवार समुदायको सभ्यता र संस्कृतिका परिकारको प्रमुख अङ्ग मानिन्छ । उपत्यका लगायत नेवारहरूको प्राचीन थलो भएको समुदायमा सगुन, भोजभतेरका यी परिकारहरू नबनाउने र नखाने कुनै नेवार हुँदैन, यिनै परिकारहरूले नेवार सभ्यतालाई चिनाउँदै आएको छ ।

२.६ गुठी व्यवस्था :

नेवारहरूको सामाजिक रीतिरिवाज अनुसार अर्को मौलिक विशेषता गुठी प्रथा हो । नेवारहरूलाई एकै सूत्रमा बाँध्ने गुठी प्रथा भित्र साना गुठी, सिगुठी छन्, ती सबै गुठीले एक अर्कामा सहयोग, आत्मीयताको बोध गराउँछ । गुठीले परिवार, वंशलाई समेत सुशासनको ज्ञान दिन्छ । लिच्छविकालदेखि नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धार्मिक र सामाजिक काम गर्ने उद्देश्यले सामूहिक रूपमा एउटा व्यवस्था अन्तर्गत रही काम गर्न गोष्ठी पद्धति सुरु गरेपछि त्यही गोष्ठी नै गुठी मानियो । गुठीको व्यवस्था भएपछि धार्मिक अनुष्ठान, मनोरन्जन, शिक्षा, स्वास्थ्य, यातायातदेखि शारीरिक, मानसिक, आर्थिक र सामाजिक सहयोग, वंशभित्र जन्मदेखि मृत्यु पर्यन्तसम्मका कार्यहरू सरल र सहज रूपले गुठीयारहरूले कार्य सम्पन्न गर्दछ । बौद्ध र हिन्दू दुवै धर्मको आ-आफ्नो गुठी व्यवस्था हुन्छ । नेवार समुदायमा गुठीदेखि अलग रहन सक्दैन साथै नेवारभन्दा अन्य समाजमा गुठी प्रथा पाइदैन । गुठी विना नेवार समाजको धर्म, कर्म, सांस्कृतिक चाडपर्व, कृषि, उद्योग, मनोरन्जन, भोजभतेर आदि कार्यकम अवरुद्ध हुन्छ । गुठी नमान्ने र गुठीको मर्यादा नगरे नेवार समाजबाट निष्कासित समेत हुन्छ । त्यसैले नेवार समाजमा प्राचीनकालदेखि गुठीको स्थान महत्त्वपूर्ण रहेको छ ।

२.७ भाषामा मौलिकता :

भाषागत दृष्टिले नेवार समूह एकै सूत्रमा बाँधिएका छन् । नेवारी लिपि नेपालका विभिन्न लिपिहरूमध्ये प्राचीनकालमा व्यापकरूपमा चलेको मानिएको छ । नेवार जातिको लिपि नेपालको प्रचलित सम्पूर्ण लिपिहरू मध्ये सबभन्दा धेरै ग्रन्थ लेखिएको लिपि हो । त्यस्तै एक शब्दले अनेक अर्थ बुझाउने नेवारी लिपिमा पाइन्छ जस्तो "वा" भन्नाले आउनु, वर्षाको मानी, दाँत, धान, भन्ने अर्थ लाग्छ । यसरी नेवार जातिका लिपिहरू १० वटा छन् ती दशै लिपिहरूमा गन्थहरू लेखिएका छन् । जसले गर्दा प्राचीनकालदेखि नै शिलापत्र, सुवर्णपत्र, ताम्रपत्र, नीलपत्र, काष्ठपत्र आदि र भाँडावर्तनमा समेत ती लिपिहरू लेखिएका छन् ।

९ औं शताब्दीदेखि प्रचलन भएको यो लिपिले अन्तर्राष्ट्रिय मुलुकमा समेत नेवारी जातिको परिचय दिएको छ । इतिहासको आधारमा नेपाल र तिब्बतको व्यापारिक सन्धि कुतिक्षेत्रको खासामा नेपालसम्बत् ८९५ श्रावण शुक्ल १२ गते बुधबारका दिन गरिएको थियो सो सम्पूर्ण सन्धि नेवारी भाषामा लेखिएको थियो । साविक काठमाडौं उपत्यका, भक्तपुर पाटनभरि बोलिने भाषा नेपालकै साझा भाषा **हो** । त्यसैले यसलाई "नेपाल भाषा" भनिएको हो ।

२.८ धार्मिक चाडपर्व:

नेवारी समाजको धार्मिक रीतिरिवाजको अध्ययन गर्दा सबभन्दा बढी धार्मिक क्रियाकलाप उपत्यका लगायत मध्यमाञ्चलमा बसोवास गर्ने नेवार समदायहरूले मनाउने गरेको पाइन्छ । जस्तो उपत्यकामा मात्र मनाउने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धार्मिक र साँस्कृतिक चाडपर्वहरूमा इन्द्रजात्रा, कुमारीपूजा, मच्छेन्द्रनाथ जात्रा, पनौती रथयात्रा, गुह्येश्वरी जात्रा, चाँगुनारायण जात्रा लगायत विभिन्न देवदेवीहरूको जात्रा मनाउने गर्दछन् त्यस्तै अशुभ तत्त्वहरू तथा रोग व्याधि हटाउन सम्पन्न गर्ने पर्वहरूमा घण्टाकर्ण, पिशाच चतुर्दशी आदि चाडपर्वहरू उपत्यका बाहिरका नेवार जातिहरूले मनाउँदैनन् र उपत्यकामा पनि नेवार बाहेक अन्य जातिले मनाउँदैनन्। उपत्यका लगायत बाहिरी क्षेत्रका नेवार समुदायले मनाउँदै आएको चाडपर्वहरू-गाईजात्रा, लाखेनाच, म्हपूजा, सिठीनखः, धान्यपूर्णिमा (यो मरही) क्वाँटी पूर्णिमा, भीमसेन पूजा, देवाली पूजा, मातातीर्थ औंसी (आमाको मुख), गोकर्णे औंसी (बुवाको मुख) आदि धार्मिक चाडपर्व प्राचीनकालदेखि मनाउँदै आएकोले नेवारी सांस्कृतिक चाडपर्वको विशेषताले विदेशी पर्यटकहरूलाई समेत प्रभावित बनाएको छ। उपत्यकामा धेरै जसो पुरानो घरहरूको बार्दलीमा देवीदेवता, सूर्यलाई दियो बालेर झुण्ड्याउने मत्ताकला राख्ने गरेको देखिन्छ। पूजाआजामा चलाउने, सुकुण्डा, पानस आदिले पनि नेवारीपन झल्काउँछ। यो अन्य जातिले प्रयोग गर्दैनन्।

नेवार जातिहरूको सांस्कृतिक गतिविधिहरू धार्मिक भावनाले छोएको हुन्छ जस्तो नवजात शिशु गर्भमा रहेको ३ महिनादेखि सुस्वास्थ्य र दीर्घायुको कामना गरी पूजा गर्ने संस्कार सुरु हुन्छ। शिशु जन्मेपछि जातक कर्म, छैटी, नामकरण, अन्नप्राशन, ब्रतबन्ध, चूडाकर्म, उपनयन संस्कार र छोरी भए इही (बेलविवाह), बारह राख्ने (गुफा राख्ने) गर्ने प्रचलन छ।

(क) इही (बेलविवाह)

बालिकाहरूको बाल्य वस्थामा गरिने संस्कार हो। मल्लकालमा इही भन्नाले सामान्य विवाह बुझिन्थ्यो। यो संस्कारलाई बाल्य वस्थामा "श्री फल विवाह" भनी बेललाई सानो सुनको टुक्राले पूजा गरी "सुवर्ण कुमार" नाम दिई दुलहाको रूपमा सजाई विवाह गरिन्छ। यो प्रथम विवाह हो। यस पछि दोस्रो मानव विवाह हो, मानव विवाह पछि दुलहाको मृत्यु भएपनि विधवा रहनु पर्दैन भन्ने धारणा छ। यो प्रथा नेवार परिवार बाहेक अन्य कुनै जातिमा गरिदैन।

(ख) बारह राख्ने (गुफा राख्ने)

हिन्दू तथा बौद्ध दुवै नेवार सम्प्रदायमा केही फरक विधि भएपनि एउटै उद्देश्यले यो संस्कार सम्पन्न गरिन्छ। मल्लकालदेखि प्रचलित यसको मुख्य बालिकाहरूलाई शारीरिक रूपले वयस्क भएको अवगत गराइन्छ। बाल्यकालमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वयस्कसंस्कारको विधिवत् ज्ञान दिलाई १२ दिनसम्म पुरुष र सूर्यको दर्शन गर्न हुँदैन भनी एकान्तकुनामा राखिने प्रचलन छ र बाह्र दिनमा बालिकालाई बाहिर निकाली गणेश, सूर्य र देवदेवीको पूजा गराई आफन्तहरूबाट सगुन र आशीर्वाद दिई यो कार्य सम्पन्न गराइन्छ। युवा अवस्थाको विवाह संस्कारको आफ्नै विशेषता छ।

(ग) विशेष बुढो जङ्को

त्यसपश्चात् बुढो जङ्कोमा पहिलो ७७ वर्ष ७ महिना ७ दिनको उमेरमा शुभदिन, घडिपला हेरी भीमरथारोहण जङ्को गरिन्छ। दोस्रो ८८ वर्ष ८ महिना ८ दिनको उमेरमा महारथारोहण तेस्रो ९९ वर्ष ९ महिना ९ दिनको उमेरमा देवता सरहमानी देवरथारोहण जङ्गो गरी परिवारले बोकेर नगरपरिक्रमा गरी रमाइलोसँग मनाइने गर्दछन्। चौथो १०० वर्ष १० महिना १० दिनको उमेरमा महादेवारथारोहण जङ्गो गरिन्छ। यो नेवारी समाजका सांस्कृतिक जीवनसँग घनिष्ट सम्बन्ध छ। यो नेवार बाहेक अन्य जाति गर्दैनन्।

२.९ नेवार जातिको कला र संस्कृति :

नेवार समाजमा प्राचीन समयदेखि देखापर्दै आएको कलावास्तुकला र संस्कृतिको बारेमा अमेरिका, जापान, चीन, तिब्बत र भारतलगायत विदेशी पर्यटकहरूले नेवारी कलाको प्रशंसा गरेको पाइन्छ इतिहासकारहरूको भनाइमा- नेपालका राजा अनन्त मल्ल समयमा तिब्बतका राजासँग गहिरो सम्बन्ध भएको थियो, त्यही समय युवा कलाकार अरनिकोको नेतृत्वमा नेपालका असीजना नेवार कलाकारहरू पेकिङ्ग (बेजिङ्ग) पुगेका थिए। ती कलाकारहरूले नेवारी कलाको प्रचार गरेको इतिहास प्रष्ट छ। त्यस्तै नेपालभित्रै अमूल्य कलाले अमरत्व प्राप्त गरेको मानगृह, भद्रनिंवासभवन, कैलाशकूट भवन नेवारी कलाकारकै हातबाट निर्माण भएको इतिहासविद्ले पुष्टि गरेका छन्।

नेवार जातिको महत्त्वपूर्ण विशेषतालाई नियाल्ने हो भने जहाँ नेवार हुन्छ, त्यहाँ कला र संस्कृति हुन्छ उदाहरणमा नेवार वस्ती जहाँ छ त्यहाँ उनीहरूले प्रयोग गरेको भाँडावर्तनमा नेवार कला झल्केको हुन्छ। निर्माण शैलीमा कलात्मक मठ, मन्दिर, देवालय, चैत्य, गुम्बा तथा प्राचीन दरबारहरूको दृश्यावलोकनबाट चर्चित भएको नेपालको कलाको बारेमा कर्क प्याट्रिक महोदयले उपत्यकामा जति मूर्तिहरू छन् त्यति नै मानिसहरू छन् जति घरहरू छन् त्यो भन्दा बढी मन्दिरहरू छन्। ती सबै नेवारी कालिगढहरूद्वारा निर्माण भएको बुझिन्छ। लिच्छवि अभिलेख र वंशावलीहरूमा नेपालमा बनेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्दिर, गुम्वा, देवालय, काष्ठमण्डप, भक्तपुरको स्वर्णद्वार, ५५ झ्याले दरबार, देशेमरु झ्याः मात्र नभई, सुन तामा र पित्तल धातुबाट निर्मित गोमुख, अजामुख, मकर आकृतिका धाराहरू जस्तै लुहिटी, भोटाहिटी, यस्तै पुराना जलाशयहरू नेवारी कलाकृतिका उत्कृष्ट नमूनाहरू नेवारी बस्तीमा मात्र कला संस्कृतिको मौलिक पक्ष आफ्नो कला संस्कृतिको मौलिक पक्ष आफ्नो कला संस्कृतिको संरक्षण र सम्वद्धन गर्नु मुख्य उद्देश्य हो, यदि नेवारी संस्कृति नरहे नेपाल भाषाको अस्तित्त्व रहँदैन त्यस्तै नेपाल भाषा नरहे नेवारी संस्कृति अधुरो छ। नेवारी कला संस्कृति विश्वसम्पदाको सूचीमा समेत समावेश भएको छ ज्वलन्त उदाहरणमा विश्वकै ठूलो पाल्पाली ४ सय किलोग्राम तौल भएको १३ फिट अग्लो यो करुवा बनाउन स्थानीय दिनेश, शेखर बज्राचार्यसहितका कारिगढहरूले तीन हप्तामा तयार गरेको उत्कृष्ट करुवा विश्वकै आकर्षण बनेको छ। (२०६४ फल्गुण ५ गते आइतवारको समाचार-पत्र) यसरी नेवारी समुदायमा वाद्यवादन, दापा धिमे बजाउने, नृत्यसंगीत गर्ने, आफूलाई चाहिने लुगा आफैं वुन्ने नेवार जातिको आफ्नै बाहल्यता छ, यस्ता कला संस्कृति, भाषा, धार्मिक सामाजिक, बाहिरी मुलुकसँगको व्यापार र सांस्कृतिक गतिविधिहरू पूर्णरूपमा विकास भएको पाइन्छ। त्यस समय बनेका नेवारी कलाकृतिहरू पछि कहिल्यै बन्न सकेनन्।

यसै सन्दर्भमा अर्को महत्त्वपूर्ण कुरा कला र वास्तुकलाले देशको आर्थिक स्थितिलाई समेत थप टेवा पुगेको छ। कलाकै अर्को पक्षमा कलाकारको सीप आफ्नो लागि पेशा हो र कला समीक्षकको लागि कला हो। राष्ट्रको लागि सम्पत्ति, अर्न्तराष्ट्रको लागि पहिचान हो। अर्थात् यस्ता कलाका निर्माता स्वयं नेवार जाति नै हो।

यसरी नेवारी समुदायमा आदिवासीको रूपमा विभिन्न ठाउँमा बसोवास गर्दै आएपनि यिनीहरूको बसोवास, भाषा शैली, कला संस्कृति, धार्मिक गतिविधि यदाकदा भिन्न देखिएपनि बहुसंख्यक रूपमा नेवारीपन र आफ्नो मौलिकतामा एक रूपता भएको पाइन्छ। नेवार जातिको जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने कला संस्कृतिको चर्चा गर्दा नेवार जातिले जातिले निर्माण गरेका र बचाइराखेका कला संस्कृति नेपालको मात्र नभई राष्ट्रकै सम्पत्ति हो।

चौतर्फी विकास गर्दै विश्वकै सम्पदामा चिनाउन सफल भएको नेवार राज्यमाथि वि.सं. १८२५ मा पृथ्वीनारायण शाहको विजय पछि राजसत्तामा मात्र नभई नेवार जातिको कला, संस्कृति, भाषा, राजनीतिलाई समेत दखल दिदै त्यहीबेलादेखि जाति विरुद्ध भेदभाव हुन थाल्यो, शासनमा अन्य जातिले अतिक्रमण गरी एकाधिकार शासन सुरु भयो, कला संस्कृतिको विकासतर्फ राष्ट्रिय सोच बन्न सकेन, कलावास्तुकला फष्टाउनको सट्टा लोप हुन थाल्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रमशः नेपालीकलामा अन्धकारका दिनहरू प्रारम्भ हुन गयो भन्दा फरक नपर्ला । सिङ्गो नेपालको कलासंस्कृतिलाई बचाइ राख्न नेवार जातिको भूमिका भनेर प्रयत्न भइरहेपनि आफ्नो संस्कृतिलाई बचाइराख्ने पूर्वाधारहरू क्रमशः लोप हुँदै गएको छ । सरकारी तवरबाट कुनै योजना र लक्ष्य समेत नदेखिएकोले नेपालको खुल्ला संग्रहालयलाई नेवार जातिले आफ्नो कला संस्कृति भनी बचाइराख्न सम्भव थोरै मात्र देखिन्छ । तापनि अन्य जातिहरू मध्ये आफ्नो कला संस्कृति र संस्कारलाई सुरक्षित कायम राख्न प्रयत्न गर्ने जातिहरू मध्ये नेवार जाति पनि प्रमुख सहभागी भएका छन् । यही नेवारहरूको विशेषता हो ।

३.१ संघात्मक लोकतान्त्रिक गणतन्त्र नेपालमा : नेवारजातिको भूमिका

नेपालका प्राचीन जातिहरूमध्ये नेवारजाति पनि एक हो । प्राचीनकालदेखि आफ्नो अस्तित्त्व कायम राख्दै आएको नेवार जाति अन्य जातिको संख्यात्मक तुलनामा बढी भएको पाइन्छ । सामान्य तथ्यांकको आधारमा ५.५ प्रतिशत नेवारहरूको जनसंख्या छ । यिनै नेवार जातिहरूका काठमाडौं उपत्यका लगायत नेपालका अधिकांश ठाउँहरूमा प्राचीन समयदेखि कृषि, पशुपालन, डकर्मी, सिकर्मी, प्रस्तर, काष्ठ, धातु , मूर्तिकला, चित्रकला सृजना गर्ने, कपडा बुन्ने, भाडा कुँडालगायत अन्य वस्तुहरू उत्पादन गर्ने, नेवार जातिले राष्ट्रिय उद्योग, व्यापारदखि प्रोफेसर, चिकित्सक, इन्जिनियर, पाइलट जस्ता उच्चस्तरीय ओहदामा रही राष्ट्रको सेवा गर्दै आएपनि नेवार जातिले आफ्नो जातीय गौरव र दायित्वको सम्मानजनक सन्तुष्टिको अनुभव प्राप्त गर्न सकेको छैन । यसको मूल कारण यी पेशाकर्मीहरूको सीप र कलाको प्रोत्साहन नगरी कलाहरूको निरुत्साह गरेको पाइन्छ । यिनै कारणले उत्पीडित जनजातिहरूमध्ये नेवार जातिले पनि विविध पक्षमा भोग्नु परेको संकट र उत्पीडनको विरुद्ध आन्दोलनमा आफ्नो दायित्व बोध गरी सक्रिय र प्रभावकारी नेतृत्व निर्वाह गर्दै आएको छ । २०४६ साल देखि २०६२-०६३ को दोस्रो जनआन्दोलनमा प्रहरीको गोलीको प्रहारबाट शहिद हुनेहरूमा नेवार जाति पनि देखिन्छन् ।

यसैले वर्तमान भैरहेको जातीय आन्दोलनमा राष्ट्रको दायित्वको बोध गर्ने समाप्ति पछि राष्ट्रको दायित्वको बोध उत्पीडित जातिहरूमध्ये नेवार जातिमा पनि हुनु पर्दछ कारण अन्य संघीय राज्यको संरचनासँग नवगित समानता हुन आवश्यक छ भनी बारम्बार आन्दोलनको नेतृत्व गर्ने नेवार जातिको महत्त्वपूर्ण भूमिका छ । यसरी नेवार जातिले आफ्नो भाषा, कला,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतिले राष्ट्रलाई मात्र नभईअन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपाललाई अझ विस्तृत रूपमा अब निर्माण हुने संघात्मक लोकतान्त्रिक गणतन्त्रको संरचना अन्तर्गत नेवारहरूको नेतृत्व गर्ने एक सुशासित साविकको इलाकामा ऐतिहासिक नेपाल मण्डल राज्य (प्रदेश) को संगठन हुन आवश्यक छ । यदि नेवार जातिमा संघात्मक लोकतान्त्रिक गणतन्त्रको शासनमा समावेश नगरे नेवार जातिमाथि आत्मघात गरेको हुन्छ ।

३.२ निचोड:

विभिन्न पक्षलाई केलाई विश्लेषण गर्दा समय सापेक्षक प्रशासनिक क्रियाकलापमा नेवारजाति अन्य जाति भन्दा अग्रपंक्तिमा रहेको इतिहासवाट प्रष्ट हुन्छ जुन वर्तमान समयका शासकहरूले त्यही मल्ल कालको उपलब्धिलाई राष्ट्रिय सम्पत्तिको रूपमा मानेका सर्वविदितै छ । त्यसैले विगतका सृजनात्मक कार्य नीतिलाई मध्यनजर राख्दै सम्पूर्ण उत्पीडित जनजातिको भावनालाई हृदयंगम गरी संघात्मक राज्य प्रणली वन्नेछ, संघीय राज्यको लागि नीतिगत निर्माण गर्दा समानता हुनुपर्नेछ जसले गर्दा जातीय भाषा, संस्कृतिले आ-आफ्नो पहिचानले राज्यको स्वरूप तथा कार्यक्षेत्रको दायरामा रही कर्तव्य र दायित्वको बोध गर्नु पर्नेछ । यसरी पुनः छुट्टै नेवार जातिको पौरखीपनले फेरि पनि ऐतिहासिक राष्ट्रिय सम्पत्तिलाई उजागर गरी नेपाल स्वर्णयुगको राष्ट्र बन्नेछ ।

सान्दर्भिक सामग्री

१. जनकलाल शर्मा-हाम्रो समाज
२. प्रा.डा गणेश क्षेत्री उपप्रध्यापक-रामचन्द्र रायमाझी-नेपालको इतिहास
३. वालचन्द्र शर्मा-नेपालका ऐतिकासिक रूपरेखा
४. मुक्तिप्रधान-नेवार जाति
५. डोरबहादुर विष्ट-पिपुल्स अफ नेपाल
६. शान्ति सुरभ-ऐतिहासिक पृष्ठभूमिमा नेवार र तिनको संस्कृति एक विवेचना
७. लीलाभक्त मुनकर्मी-नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन
८. अन्य राष्ट्रिय पत्र-पत्रिकाहरू

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वाञ्चलमा आयुर्वेद र जडीबुटी :- वर्तमान स्थिति र सम्भावनाहरू

✍ डा. छत्रपति दाहाल
शिवाजी विश्वविद्यालय ग्वालियर
मध्यप्रदेश, भारत ।

१. प्रस्तावना

धर्मार्थकाममोक्षरूप चतुर्वर्गात्मक पुरुपार्थचतुष्टयको सम्यक् प्राप्ति नै आर्ष-परम्पराको मानव-ब्रह्मले देखेको ध्येय, साध्य, लक्ष्य, गन्तव्य वा उपलब्धि हो । यसका लागि शरीर, सत्व र आत्माको रचनात्मक, क्रियात्मक स्थिति र कर्म सम्यक् व्यवस्थित हुनुपर्दछ । आरोग्य नै त्यस्तो सम्यक् व्यवस्थापनको मूल कारण हो र रोग अर्थात् अस्वास्थ्य नै त्यसका लागि बाधक वा अपहर्ता हो । धर्मार्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम् । रोगास्तस्यापहर्तारः... आचार्य चरकको यस वाक्यले यिनै कुराहरूलाई जोड दिएको पाइन्छ । साथै सृष्टिको प्रारम्भदेखि आजसम्म भएका मानवका विकास-प्रयासहरूको नीर-क्षीर-विवेकयुक्त परीक्षणले पनि यी कुरालाई पुष्टि गरेकै छ । आदिमानव र समस्त चर, अचर जगत्का सृष्टिकर्ता प्रजापिता ब्रह्माले सृष्टिको प्रारम्भ गर्नुभन्दा पहिले नै आरोग्य व्यवस्थापनका लागि ब्रह्मसंहितामा आयुर्वेद-विद्यालाई पनि समावेश गरेको कुरा- "इह खल्वायुर्वेदं नामोपांगमथर्ववेद- स्यानुत्पाद्यैव प्रजाः श्लोकशतसहस्रमध्यायसहस्रञ्च कृतवान् स्वयम्भूः" भन्ने सुश्रुत संहिताको यस वाक्यले पुष्टि गर्दछ । अतः आरोग्यशास्त्र, आयुर्विज्ञान, आयुर्वेद जे पनि सुस्वास्थ्यका लागि सृष्टिको उषःकालदेखि नै आयुर्वेदले प्राणि-जगत्लाई उपकृत गरिआएको कुरा सर्वस्वीकार्य हो र हामीले कहिल्यै बिर्सनु नहुने कुरामध्ये एक महत्त्वपूर्ण कुरा पनि हो ।

आयुर्वेदका सिद्धान्तहरू प्रकृतिसित अनुबन्धित छन्, मानव चिन्तन र मानव स्वभावसित घनिष्ट छन् र हर प्राणीहरूका स्वास्थ्य-समस्याका लागि उपयुक्त पनि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञान र दर्शनका तत्त्वबोधहरूद्वारा अनुप्राणित आयुर्वेदका सिद्धान्त, सूत्र, आप्तोपदेशहरू सर्वकालिक छन्, सार्वजनीन छन् र विश्वजनीन छन् जसलाई हामीले प्रमादवश क्रमशः भुलिरहेका छौँ। फलस्वरूप, यस विद्याको पूर्ण ज्ञानको अभाव, पूर्ण अभावको प्रयोग, अनभ्यास एवं अनध्यायजन्य हाम्रा क्रियाकलापले गर्दा यस्तो शाश्वत विद्यालाई हामीले अनुपयोगी र अवैज्ञानिक सावित हुन दिइरहेका छौँ। हाम्रा आदिम पुर्खाहरूले दिएको त्रिकालोपयोगी यस ज्ञानलाई विकीर्ण बनाउँदै लगिरहेका छन्। अर्कातिर आजको विकसित र वैज्ञानिक-पन्थी मानव दिनानुदिन अस्वास्थ्यका कारण नयाँ-नयाँ समस्याहरूले संग्रस्त हुदै पनि गइरहेको छ। जीवेमः भूयश्च शरदः शतात्-भनेर दीर्घायुष्य, चीरञ्जीवि मात्र होइन "अमृतत्त्व" लाई समेत प्राप्त गर्न सकिन्छ भनी ठान्ने हाम्रा दीर्घतपा, मनस्वी पुर्खाका सन्तान हामी साठी काट्नुलाई पनि ठूलै उपलब्धी ठानेर मख्ख परिरहेका छौँ।

"सर्वं द्रव्यपाञ्चभौतिकम्" तथा पञ्चमहाभूतशरीरिसमवायः पुरुषः भन्दै संसारभरि रहेका सबै पदार्थहरू पनि पाञ्चभौतिक छन्। मानव र मानवेतर समस्त प्राणीहरूका शरीर पनि पाञ्च भौतिक नै छन्। पञ्चभूतात्मक शरीरलाई द्रव्यद्वारा नै सन्तलित तुल्याई स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा र अस्वस्थ व्यक्तिको विकार-प्रशमन गर्नु आयुर्वेदको मूलभूत लक्ष्य हो। "इह खल्वायुर्वेदप्रयोजनं व्याध्युपसृष्टानां व्याधिपरिमोक्षः स्वस्थस्य रक्षणञ्च" "प्रयोजनं चास्य स्वस्थस्य स्वास्थ्यरक्षणमातुरस्य विकार प्रशमनञ्च" आयुर्वेदका संहिताकारहरू यही बताउँछन् आयुर्वेदको उद्देश्य र प्रयोजन। सारा संसार भरिका प्राचीनदेखि अत्याधुनिकसम्मका स्वास्थ्य-विज्ञान, चिकित्सा-विज्ञान, एवं जीव-विज्ञानका मूलभूत लक्ष्यहरू प्राणिज पदार्थ अर्थात् यस जगतमा विद्यमान कुनैपनि पदार्थ आयुर्वेदीय दृष्टिकोणले अनायुष्य हुदैनन्। यसरी व्यापक दृष्टिले हेर्दा सृष्टिदेखि अद्यपर्यन्त स्वास्थ्यका लागि मानवले प्रयोग गर्दै आएका यावत् पदार्थहरू आयुर्वेदीय दृष्टिकोणले प्रयोज्य र उपभोग्य छन्। अब आधुनिक चिकित्सा-विज्ञानको कुन शाखा बाँकी रहला जसलाई आयुर्वेदले नछोएको होस्। दर्शन, विज्ञान, चिकित्सा-विज्ञान सबै थोक हो आयुर्वेद, जो हितायुको लागि अनादिदेखि अनवरत रहि आएको छ। अतः आयुर्वेद शाश्वत चिकित्सा विज्ञान हो, विश्वजनीन आयुर्विज्ञान हो। कुनै प्राणि विशेष, कुनै जाति विशेष या धर्म विशेषको हेयन सारा संसारको साझा सम्पदा हो। हो, हामीले गौरव गर्ने ठाउँ पनि छ किन भने यसको प्रणयन हाम्रै पुर्खाहरूले गरेका थिए त्यो चाहिँ पक्कै हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. जडीबुटी :

हिजो आज जडीबुटी र आयुर्वेदलाई अलि नजिक जोड्ने गरिएको पाइन्छ। अथवा, आयुर्वेद भनेको जडीबुटीद्वारा चिकित्सा प्रणाली हो भनेर बुझ्ने पनि गरिएको छ। यसमा केही आंशिक सत्यता पनि छ। केही अर्थमा यो कुरा असत्य पनि हुन आउँछ। आंशिक सत्य किनभने विराट् विश्वमा विद्यमान समस्त जडीबुटीहरूको आ-आफ्नो द्रव्य-गुण-कर्मानुसार आयुर्वेदले यथावश्यक प्रयोग गर्दछ जो आयुर्वेदका लागि सुलभ र प्रयोग गर्न सजिलो पनि पर्दछ। असत्य चाहिँ के अर्थमा हो भने आयुर्वेदमा जडीबुटीको मात्र प्रयोग हुँदैन अर्थात् यो चिकित्सा पद्धति केवल Herbal Medicine मा मात्र सीमित पद्धति भने होइन। आयुर्वेदले रस-उपरस, धातु-उपधातु, विष-उपविष, रत्न-उपरत्न, सुधा-सिकता आदि गैह्र-जडीबुटीजन्य द्रव्यको पनि यसले प्रयोग गर्दछ। घृत, तैल, वसा, मज्जा, अस्थि, मूत्र, पुरीष, रक्त, मांस आदि अनेक जान्तव पदार्थ पनि यसले प्रयोग गर्दछ। यस जगतमा प्राप्त हुने समस्त पदार्थको हितायुका लागि प्रयोग गर्न आयुर्वेदभित्र अनेकौं चिकित्साविधिहरू छन्। यी कुरालाई नबुझी आयुर्वेदलाई जडीबुटीमा मात्र सीमित गऱ्यौ भने यो हाम्रो ठूलै भूल हुनेछ र विराट आयुर्वेद संकुचित भए र "निरीह" बन्न जानेछ। हो, यति हुँदाहुँदै पनि सुगमताको लागि र सहजताको लागि जडीबुटीको आयुर्वेदले प्रशस्त मात्रामा प्रयोग गर्दछ।

जडीबुटी भन्ने बित्तिकै हामीले के बुझ्ने ? यो पनि एउटा निर्क्यौल गर्ने विषय भएको छ अहिले। हामीले हरेक दिन घोटेर लगाउने गरेको चन्दन जडीबुटी हो कि होइन ? हामीले घस्ने तेल जडीबुटी हो कि होइन ? तरकारीमा हाल्ने मसला र नून जडीबुटी हो कि होइनन् ? जडीबुटी पसलमा पाइने हिङ्, सिधेनून, मिश्री जडीबुटी हुन् कि होइनन् ? बाघको दूध र भालुको पित्त या गैंडाको मूत्र जडीबुटी हुन् कि होईनन् ? यी यस्ता केही प्रश्नहरू छन् जसले जडीबुटी शब्दले हामीले बुझ्ने गरेका कुरा र छुट्टाछुट्टै अर्थ यसरी दिएको पाइन्छ :

जड+ई = जडी = औषधीका लागि प्रयोग गरिने जरो, जडीबुटी।

बूटी = औषधीका काममा आउने झारपात, वनौषधि, केटाकेटीको रक्षाका लागि बाधिने सानो यन्त्र, फूल नफुलिकन फल लाग्ने एक जातको रुख।

जडीबुटी शब्द जडी र बुटी दुई पृथक् शब्दको समास भएर बनेको पाइन्छ। बुहत् नेपाली शब्दकोषले जडीबुटी शब्दको अर्थ औषधिको काममा आउने वनस्पतिको बूटा र जरा, जरीबुटी, कन्दमूल,ओखतिमूलो भनेर उल्लेख गरेको पाइन्छ। प्रस्तुत अर्थलाई ग्रहण गर्ने हो भने पुष्प प्रयोग गरिने, फल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोग गरिने, काण्ड या काण्डका बोक्रा प्रयोग गरिने या तैल, सत्व र घनसत्व प्रयोग गरिने अवस्थामा त्यस्तो प्रयोग जडीबुटी हो वा होइन ? भन्ने प्रश्न फेरि, अर्थसंकोच या अर्थविस्तारको भाषिक विकासक्रमका आधारमा भन्दै जाने हो भने खनिज एवं रस-रसायनको प्रयोग समेत जडीबटी शब्दको अर्थभित्र आकर्षित हुन पुग्यो भने के गर्ने ? यो प्रश्नपनि विचारणीय प्रश्न हुन आउँछ। अतः उपर्युक्त सन्दर्भको सम्यक् विवेचना गरी हालको सन्दर्भमा भन्नुपर्दा वनस्पतिको शुष्क या आर्द्र प्रयोग, जो औषधिको लागि गरिएको हुन्छ सो सन्दर्भलाई जडीबुटीको परिभाषाभित्र पार्नु उचित हुन आउँछ। चलनचल्ती र व्यावहारिक प्रयोगको दृष्टिले हेर्दा भान्छा घरभित्र रहेका र सागवारीमा पाइने तथा कृषि उपजको रूपमा प्रयोग हुने सूप, ज्वानू, मेथी, वेसार, जिरा, धँनिया, रायो, तोरी, चम्सूर, पालुंगो, बेथे, लौका, घिरौंला, करेलो, सिमी, वोडी, धान, जौ, गहूँ, कोदो मकै, फापर लगायतका उपजहरू जडीबुटी भित्र सिधै ग्रहण नगरिएका वस्तुहरूमा पर्न सक्छन्। त्यसै गरी गैह्र-काष्ठ वन पैदावारको रूपमा प्रयोग गरिने अल्लो, लोक्ता, सनपाट, बावियो, खरजस्तालाई जडीबुटीमा राख्ने कि नराख्ने ? यी प्रश्नहरू पनि विचारणीय हुन सक्तछन्। यसर्थ एकातिर जडीबुटीको पहिचानको समस्या छ, अर्कातिर जडीबुटीको सही परिभाषाको पनि अभाव महशुस भइरहेको छ। आयुर्वेदीय दृष्टिकोणले 'सर्वं द्रव्यं पाञ्चभौतिकमस्निन्नर्थे' - भनेर साराका सारा पदार्थलाई द्रव्य मानिएको छ, जो कार्यद्रव्य र कारणद्रव्य गरी दुई भागमा विभक्त हुन्छ। कार्यद्रव्य चेतना भेदले चेतन र अचेतन दुई भागमा बाँडिन्छन्। चेतन पनि दुई भागमा विभक्त छन्:- अन्तश्चेतन र बहिरन्तश्चेतन। यिनमा पनि एकथरिका जरायुज, अण्डज, स्वदेज र उद्भिज्ज गरी चार खालका प्राणीहरू बहिरन्तश्चेतनमा पर्दछन्। अन्तश्चेतनमा भने वनस्पति, वानस्पत्य, वीरुघर ओपधि नामक चार थरीका वनस्पतिहरू पर्दछन्। वनस्पति भनेको फूल नलनगीकन फल लाग्ने द्रव्य हुन्। वानस्पत्य भनेको फूल लागेर फल लाग्ने द्रव्य हुन्। यसरी वनस्पति, वनस्पत्य, वीरुध् र ओपधि मध्येका वनस्पतिजन्य द्रव्यलाई चाहिँ जडीबुटी भन्ने हो कि ? यस्ता प्रश्नहरूको उत्तर पहिल्याउन विज्ञहरू र भाषावैज्ञानिक, वनस्पतिविज्ञ एवं आयुर्वेदसमेतका विज्ञहरू सम्मिलित तद्विद्यासम्भाषापरिषद् (गोष्ठी) गठन गरी परिभाषा - निर्णय गर्नु उपयुक्त हुन्छ। यसरी जडीबुटीको सही परिभाषा र आयुर्वेदको जडीबुटीसँगको अन्तर-सम्बन्धलाई यथोचित निक्यौल नगर्ने हो भने आयुर्वेदमा जडीबुटी र जडीबुटीमा आयुर्वेदको अन्तर्भाव सहज, सार्थक, समीचीन नहुने भएकोले यसतर्फ सम्यक् दृष्टि दिनु अत्यन्त आवश्यक महसुस हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. आयुर्वेद र जडीबुटीबीचको अन्तरसम्बन्ध :

चरकले ५०० जति वनस्पतिजन्य द्रव्यहरूको वर्णन गरेका छन् र सुश्रुतले पनि लगभग त्यत्तिकै वनस्पति द्रव्यहरूको वर्णन गरेका छन् । अथर्ववेद, गरुडपुराण आदिमा पनि यत्रतत्र वनस्पतिजन्य द्रव्यहरूको वर्णन भएवाट वेददेखि संहितासम्म जडीवुटी या वनस्पतिद्रव्यहरूको प्रयोग प्रशस्त भएको पाइन्छ । अथर्ववेदकै उपवेद मानिएको आयुर्वेदले वुद्धकालमा आएर रस-चिकित्सा पद्धति अपनाएको हो । रस-चिकित्साको उद्‌गम हुनुपूर्व काष्ठौपधिको नै ज्यादा प्रयोग हुने गरेको संहिताहरूको अध्ययनवाट स्पष्ट हुन्छ । निघण्टु, द्रव्य-गुण-विज्ञान आदिमा वर्णित द्रव्यहरूमा पनि अधिकांशतः वनस्पतिजन्य द्रव्यको आहार द्रव्यहरूको आहारयोगी द्रव्यहरूको फल शाक आदि द्रव्यहरूकै ज्यादा वर्णन गरिएको पाइन्छ । यी सवैलाई समान दृष्टि दिई भन्ने हो भने आयुर्वेदमा जडीवुटीमूलक द्रव्यहरूको प्रयोग प्रचुर मात्रामा भएको कुरालाई नकार्न सकिँदैन । अतः हाम्रा हालका जडीबुटीहरू र आयुर्वेदको सम्वन्ध अत्यन्त प्रगाढ रहेको कुरा निश्चितै हो । निघण्टु, द्रव्यगुणविज्ञान आदि विज्ञहरूले अध्ययन-मनन गरे तर, जसलाई यी शास्त्रहरू वोधगम्य थिएनन् तिनीहरूले अनुभव र प्रयोगको आधारमा जडीवुटीको उपभोग गर्दै र गराउँदै आए । पछि Penicillin र Salphonamides को आविष्कार भयो । कालक्रमले जीवाणुवादको अभ्युदय भयो । छिट्टै असर गर्ने खालका चामत्कारिक आधुनिक औपधिहरू उत्पादन हुँदै गए । भारतमा अंग्रेजहरूको शिक्षा हावी हुँदै गयो र नेपाल पनि सो अवस्थाबाट पृथक् रहन सकेन । फलतः निघण्टु र द्रव्यगुण शास्त्र एवं आयुर्वेद वाङ्मयका ग्रन्थहरू खोपामा थन्किए । अनुभवजन्य ज्ञानका प्रयोगहरू बूढा मर्दा सँगै मर्दै गए । यसरी जडीबुटीको उपादेयता र तिनीहरूको ज्ञान कालक्रमले ह्रासोन्मुख हँदै गए । यही हो आयुर्वेद र जडीबुटीबीचको अन्तरसम्वन्धमा छेकबार लगाउने सन्दर्भ । तर हालको परिस्थिति पुनः वदलिएको छ । आधुनिक प्रतिजैविकी औपधिको अत्यधिक पार्श्वप्रभाववाट मुक्त हुन मानवजगत् असल उपायको खोजीमा लागिरहेको छ । त्यो असल उपाय भनेको नै आयुर्वेदको ज्ञान-भण्डारमा निहित वनस्पति-द्रव्यको सुरक्षित उपयोग हो । तर यहाँ नेर हेक्का राख्नुपर्ने कुराचाहिँ के हो भने, समस्त जगतभरिका द्रव्यहरूको प्रयोग गर्ने आयुर्वेदका सवै द्रव्यहरू पार्श्वप्रभावरहित छैनन् । प्रशस्त अध्ययन र अनुसन्धान गर्ने हो भने के चाहिँ पक्कै हो भने पार्श्वप्रभावरहित औपधि विकल्पको रूपमा आजको प्रतिजैविकी औपधिको लागि दिने हो भने त्यो विकल्प भनेको आयुर्वेद औपधि नै हो । आयुर्वेदीय वनस्पतिहरू अधिकांशतः यस्ता छन् जो पार्श्वप्रभावरहित नै छन् र भए पनि ज्यादै कम प्रभावयुक्त मात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । तर जडीबुटीका ओखति हानिरहित छन् भन्ने भ्रममा परी विष-उपविष वर्गका औषधि जथाभावी प्रयोग गर्न थालियो भने ठूलै नोक्सानी पनि बेहोर्नुपर्ने हुन्छ । अतः आयुर्वेदीय द्रव्यगुण विज्ञानको सम्यक् अध्ययन नगरी त्यसै प्रयोग गरिएका जडीबुटीजन्य औषधिबाट पनि हानिकारक प्रभाव पर्न सक्दछ र त्यस्ता जडीबुटीको आयुर्वेदीय ढंगले शोधन गरी उपयोग गर्न पनि आयुर्वेदसित जडीबुटीको सम्बन्ध महत्त्वपूर्ण रहेको हुन्छ । जडीबुटी मात्र आयुर्वेद होइनन्, तर आयुर्वेदभित्र सबै जातका जडीबुटीहरू अन्तर्भूत हुन सक्दछन् । यिनै विविध कारणहरूले गर्दा आयुर्वेद र जडीबुटीका बीचको अन्तरसम्बन्ध चाहिँ अत्यन्त महत्त्वपूर्ण र प्रगाढ सावित हुन आउँछ ।

५. संस्कृतवाङ्मय र आयुर्वेद तथा जडीबुटी :

संस्कृतवाङ्मय हामीकहाँ अहिले विवादित अवस्थामा रहेको कुरालाई नकार्न सकिँदैन । यस वाङ्मयभित्रका ज्ञान-विज्ञानका रहस्यहरूलाई समाजका सबै वर्गमा पुऱ्याउन नसक्नु यस्तो हुनुको एउटा मुख्य कारण हो । एउटा विस्तृत, पूर्ण, ज्ञानमय वाङ्मय जो कर्मकाण्ड र ज्योतिषको सडक-फलादेशमा सीमान्तीकृत हुन पुग्यो त्यो दुःखद कुरा हो । तर, जे भए पनि सत्य चाहिँ के हो भने जडीबुटीको गुणको बोध दिने निघण्टु र द्रव्यगुणविज्ञान, सबै संस्कृतभाषामा छन् । संस्कृत भाषाको ज्ञान बिना तिनीहरूको सम्यक् ज्ञान हुन सक्दैन । अतः आयुर्वेद सार्वजनिक र विश्वजनीन विज्ञान हुँदाहुँदै पनि यो संस्कृतवाङ्मयको धरोहर हो । संस्कृतको ज्ञान बिना आयुर्वेद, आयुर्वेदीय जडीबुटी र हामीले परम्परागत रूपमा प्रयोग गर्दै आएका जडीबुटी एवं भविष्यमा आविष्कृत हुन सक्ने नवीन अरू वनस्पति, जो वर्तमान कालका चुनौतीको रूपमा रहेका क्यान्सर, एड्स जस्ता महारोगहरूको निदान र उपचारमा सहायक हुन सक्छन्, त्यस्ता जडीबुटीको ज्ञानका लागि समेत संस्कृत वाङ्मयको अनुशीलन आवश्यक छ । अतः देशमा आयुर्वेद र जडीबुटीको सर्वाधिक प्रयोग गरी असल स्वास्थ्य प्राप्त गर्ने नीति राख्ने हो भने संस्कृतवाङ्मयभित्रका पदार्थविज्ञान, द्रव्यगुणविज्ञान, रसशास्त्र आदिलाई त्यही भाषामा अध्ययन गर्न सक्ने जनशक्ति तयार गर्ने कुरामा पछि पर्न नहुने कुरा निर्विवाद छ । ग्रीक, ल्याटिन र अंग्रेजी शब्दहरू बिना आधुनिक अध्ययन अपूर्ण भएजस्तै संस्कृतवाङ्मयको अनुशीलन बिना आयुर्वेद र जडीबुटीबारेको पूर्ण ज्ञान प्राप्त गर्नु दुरूह कार्य हुन जान्छ । अब संस्कृतबाट विज्ञान झिक्नुपर्छ र वेदबाट व्यावसायिक ज्ञान झिक्नुपर्छ । यसलाई उत्तर आधुनिक कालको कसीमा पनि अझै सम-सामयिक बनाउन सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. पूर्वाञ्चलमा आयुर्वेद र जडीबुटी :

पूर्वाञ्चलमा १६ जिल्लाहरू रहेका छन्। मेची कोशी र सगरमाथा अञ्चल रहेको यस क्षेत्रमा तीन अञ्चल आयुर्वेद औषधालय, १३ वटा जिल्लाहरूमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र रहेका छन्। यी बाहेक हरेक जिल्लामा अन्य साधारण आयुर्वेद औषधालयहरू पनि छन्। ती समेत गरी ३९ वटा सरकारी आयुर्वेदीय स्वास्थ्य संस्थाहरू पूर्वाञ्चलमा रहेका छन्। पाँच गा.वि.स.मा एक आयुर्वेद औषधालय पर्ने गरी औषधालय खोलिनु पर्ने आयुर्वेद स्वास्थ्य नीति विद्यमान भएता पनि हालसम्म सो नीति अनुरूप औषधालयहरू खोल्न सकिएको पाइँदैन। विगतमा भएको द्वन्द्व एवं राजनीतिक अस्थिरता यस कार्यका लागि बाधा भएको हुन सक्दछ।

पूर्वाञ्चल नेपालको वनसम्पदाको दृष्टिकोणले पनि भरपर्दो क्षेत्र हो। यसको हिमाली क्षेत्रमा, मध्यपहाडी क्षेत्रमा तथा तराई क्षेत्रमा समेत प्रशस्त जडीबुटीहरू पाइन्छन्। वनसम्पदाका संरक्षक रहेकाहरूले थाहा नपाउँदै कतिपय आयुर्वेदीय द्रव्यहरू व्यर्थ खेर गइरहेका, तर, त्यस्ता जडीबुटीहरूको संरक्षण व्यापार-विविधीकरण, औषधि-निर्माण आदि कार्यमा भने ठोस नीति र कार्यक्रम सञ्चालन भइरहेको पाइँदैन। हिमाली क्षेत्रमा यार्चागुम्बा, मध्यपहाडी क्षेत्रमा अल्लो, लोक्ता आदिको खेती र स-साना व्यवसायमूलक कार्य भइरहेको पाइएता पनि द्रव्यहरूको विविधता, जडीबुटीहरूको प्रचुरता हाम्रो जैविक विविधताको अवस्था आदिको सन्दर्भमा भन्नुपर्दा गफहरू र हल्लाहरू धेरै गरिएका र कार्यरूपमा खासै केहीगर्न नसकिएका अवस्थाहरू विद्यमान रहेका छन्। गैह्र-सरकारी क्षेत्रमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी हाँसपोसा तरहराले सिट्रोनेला, पारामोजा, मेन्था, केमोमाइलजस्ता सुगन्धित तैलीय जडीबुटीहरूको खेती, उत्पादन, प्रशोधन समेत गरी निर्यात समेत गर्ने गरेको पाइन्छ। तर, यी आयुर्वेदीयभन्दा बढी निर्यातमूलक वानस्पतिक उत्पादन मात्र भएको महशूस हुन्छ। यो बाहेक पूर्वाञ्चलमा त्यस्तो अर्को गैह्र सरकारी संस्था भएको सुनिएको छैन। व्यक्तिगत रूपमा पनि स्थानीय तहमा उपलब्ध हुने जडीबुटीहरू प्रयोग गरेर गाउँ गाउँमा परम्परागत रूपमा उपचारमा संलग्न धामी, झाक्री, ओझा, शेर्पा आदिले समेत प्रयोग गर्नेगरेको सुनिएको छ। तर तिनीहरूको अभिलेख राख्ने र तिनीहरूको प्रयोग गरेको जडीबुटी-उपचारलाई पर्यवेक्षण गरी उचित कुरालाई ग्रहण गर्ने परिपाटी अझै भएजस्तो लाग्दैन। यसतर्फ हाम्रा योजनाकार, नीतिविद्, अर्थविद् तथा विकासका क्षेत्रमा कार्यरत समस्त विज्ञ वर्गको ध्यान आकर्षित हुनु अति जरुरी छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वनसम्पदा, आरक्षण, सिमसार, हिमाल, पहाड तथा तराइमा भएको विस्तीर्ण स्रोतको आधारमा प्रचुर संभावना हुँदा हुँदै पनि आयुर्वेद तथा जडीवुटी क्षेत्रले पूर्वाञ्चलमा उल्लेखनीय रूपमा प्रगति देखाउन भने अझै बाँकी रहेको कुरालाई हृदयंगम गर्नैपर्दछ ।

७. वर्तमान आवश्यकता, समस्या एवं चुनौतीहरू :

योजनावद्ध विकासको क्रममा हामीले दशौं योजनाको अवधि पूरा गरिसकेका छौं । जडीवुटीको लागि "हरियो वन नेपालको धन" भन्दाभन्दै पनि वनविनाश र वनपैदावारको उचित व्यवस्थापन उल्लेखनीय रूपमा गर्न नसेकेको कुरालाई हामीले स्वीकार्नैपर्छ । अझ पछि आएर वनमा भन्दा पनि जलस्रोतमा हाम्रो ध्यान बढी पुगेको देखिन्छ । जलस्रोतको विश्वकै दोस्रो धनी राष्ट्रको रूपमा गौरव गर्ने क्रममा हामीले जंगल र जडीबुटीलाई भुसुक्कै विर्सेको पक्कै हो जसको व्यवस्थापनमा ध्यान दिइरहेको भए आफ्नै देशको मानवस्रोत र सीमित पूँजीवाट पनि धेरै राम्रो आर्थिक वृद्धिदर हाँसिल गर्न सक्ने थियौं । यस कुरामा हाम्रा नीतिविद्, योजनाकार, अर्थवेत्ता, एवं राज्यको समेत सोच नपुगेकै हो । अहिले न हामीले हाम्रो अपार सम्पदा जलस्रोतको नै विकास गर्न सक्यौं न त जंगल र जडीबुटीको नै व्यवस्थापन गर्न सक्यौं । विगतको यस अनुभवलाई पाठको रूपमा ग्रहण गर्दै अब नयाँ पाइला अगाडि चाल्नुको विकल्प हामीसित छैन ।

हालको दशकमा देश द्वन्द्वग्रस्त रह्यो । अहिले द्वन्द्व अवसान तर्फ उन्मुख भएको छ । देश लोकतान्त्रिक संघीय गणतन्त्रात्मकताको संघारमा उभिएको छ । योजनावद्ध विकासको क्रममा हामीसित तीनवर्षीय अन्तरिम योजना २०६४, ०६५, ०६६, ०६७ कार्यान्वयनमा छ । आयुर्वेद तथा जडीवूटीको क्षेत्रमा केही शब्दहरू योजनामा प्रवेश गराइएका छन् तर, ठोस रूपमा राज्यका हरेक तहमा महसुस गर्न सकिने र मुलुकको अर्थव्यवस्थामा यस क्षेत्रले महत्त्वपूर्ण परिवर्तन देखाउन सक्ने अवस्थाको योजना भने देखा परेको पाइँदैन । आयुर्वेद-स्वास्थ्य- नीति २०५२ ले आयुर्वेदलाई देशका विशिष्ट चिकित्सापद्धतिको रूपमा क्रमबद्ध विकास गरिने लक्ष्य राख्तै यसलाई राष्ट्रिय चिकित्सापद्धति मानेको छ । हिमालय र जलस्रोत जस्तै जडीवुटी र आयुर्वेदीय औषधि पनि नेपालको महत्त्वपूर्ण सम्पदा हो । यस दृष्टिले आधारभूत स्वास्थ्यको रूपमा यो क्षेत्र गाउँस्तरमा मात्र होइन वडा-वडासम्म र जन-जनका तहसम्म पुग्नुपर्ने कुरा हो । तर, अहिले हामी जम्माजम्मी देशभरि ३०० भन्दा पनि कम वजेट-विनियोजनको स्थिति हेर्दा त झन् दयनीय स्थिति रहेको हामी पाउँछौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नीतिकै लक्ष्य अनुरूप पनि पाँच गा.वि.स.को माझमा पर्ने एक आयुर्वेदीय औषधालय स्थापना गर्ने भनिएकोमा स्थानीय तहमा अहिले विद्यमान आयुर्वेदीय औषधालयहरूको संख्या २१६ मात्र रहेको छ। यो संख्यालाई झण्डै चौवर पुऱ्याउनु पर्छ नीतिले लिएको लक्ष्यसम्म पुग्न। तर, नीति लागू भएको १२ औं वर्ष पछि पनि हामी जहाँको तहीँ छौँ। नीति अनुरूप पूर्वाञ्चल क्षेत्रमा १८१ वटा आयुर्वेदीय स्वास्थ्य संस्थाको आवश्यकता रहेको पाइन्छ। तर, विद्यमान स्थानीय तहका आयुर्वेद औषधालयहरूको संख्या जम्मा ३९ मात्र छ। नीतिको लक्ष्यमा पुग्न पूर्वाञ्चलमा हालको संख्यामा झण्डै ५ गुणा थप्नु पर्ने आवश्यकता देखिन्छ। आयुर्वेद स्वास्थ्य केन्द्र तथा औषधालयहरूको भवननिर्माण गरी परिसरमा नमूना जडीबुटी उद्यान लगाउने परिकल्पना आयुर्वेद स्वास्थ्य नीतिले गरेको पाइन्छ। तर विद्यमान परिस्थिति भने अर्कै छ। प्रायशः औषधालयहरू १-२ कोठाको घर जो पायक पर्ने ठाउँमा पनि छैनन्, त्यस्तो ठाउँमा खुम्चिएर आयुर्वेद स्वास्थ्यकर्मीहरूले काम गर्नु परिरहेको पनि छ। आयुर्वेद क्षेत्रसित समन्वयका लागि वन, आरक्षण क्षेत्र, वातावरण, दुर्गम- क्षेत्र- विकास- समिति, कृषि, शिक्षा आदि क्षेत्रका सरकारी एवं गैहं-सरकारी तहमा राष्ट्रियस्तरदेखि ग्रामीणस्तरसम्म समन्वय कायम गर्ने नीतिको परिकल्पनालाई साकार पार्ने खालका ठोस कार्यक्रमहरू केही अघि सारिएका छैनन्। हिमाल, पहाड र तराईमा नमूना जडीबुटी उद्यानको विकास गरी जडीबुटीहरूको गुणस्तरयुक्त व्यापार गर्ने नीति पनि ठोस रूपमा कार्यक्रम लिई अगाडि बढ्न सकेको छैन। हो, हाल केही परम्परागत स्वास्थ्यकर्मीसँग अन्तरक्रिया, औषधोपयोगी जडीबुटी सम्बन्धी चेतनामूलक कार्यक्रम तथा विद्यालय- आयुर्वेद- शिक्षा कार्यक्रम लिएर आयुर्वेद क्षेत्रले समुदायमा प्रवेश गर्न शुरु गरेको छ। तर, कार्यक्रममा निर्धारित वजेट विनियोजन पनि यती न्यून छकि कुखुरालाई कनिका छर्ने काम मात्र पनि भएको छैन। सही जडीबुटीको परिचय गरी स्वदेशी व्यापार एवं विदेशी पैठारीमा स्तरीयता कायम गर्न तथा देशमा स्थापित वा स्थापना हुने सरकारी एवं गैह्र सरकारी क्षेत्रका आयुर्वेद औषधि संहिता (GMP) को आधारमा गुणस्तरयुक्त औषधि निर्माणमा प्रोत्साहित गर्ने नीतिले राखेको लक्ष्यमा डोऱ्याउने खालका ठोस कार्यक्रमहरू अझै पनि सञ्चालन गर्न सकिएका छैनन्। राष्ट्रका अन्य क्षेत्रजस्तै पूर्वाञ्चल क्षेत्र पनि यी सबै परिस्थितिको समान भागीदार रहेको छ। प्रस्तुत गरिएका तालिका १ र २ को राम्ररी विश्लेषण गरी अध्ययन गर्दा वर्तमान आवश्यकता एवं समस्याहरूको यथार्थ चित्र पाउन सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समस्या एवं चुनौतीहरू :

विगतको द्वन्द्वको अवसान भइसकेको छैन । तृणमूल (Grassroot) तहसम्म राज्यको उपस्थिति र उपयोगिता सिद्ध हुन सकेको छैन । द्वन्द्वको राहत पुनःस्थापना र भत्केका संरचनाहरूको पुनर्निर्माण गर्ने थप दायित्व सृजना भएको छ। पिछडिएको क्षेत्र र समुदायलाई विकासका प्रतिफलमा समान सहभागी तुल्याउनुपर्ने थप उत्तरदायित्व बढेको छ। दक्ष जनशक्तिको विकास हुन नसक्नु, मौद्रिक, आर्थिक क्रियाकलापमा न्यूनता, उत्पादनशील क्षेत्रमा लगानीको अभाव जस्ता राष्ट्रिय समस्याहरू अझै ज्यूँका त्यूँ छन् । राजनीतिक परिवर्तनको प्रसवावस्थाको व्यवस्थापन पनि त्यत्तिकै चुनौतीपूर्ण रहेको छ । यी सबै समस्या र चुनौतीहरूबाट पूर्वाञ्चल क्षेत्र अछुतो रहन सक्दैन । तर, विद्यमान समस्या र चुनौतीहरूभित्र नयाँ नयाँ अवसरहरू पनि रहेका छन् । तिनीहरूको पहिचान र उपयोग गर्न सके आयुर्वेद र जडीबूटीका क्षेत्रले पनि नयाँ गति लिन सक्ने कुरामा विश्वास गर्न सकिन्छ । वर्तमान राजनीतिक समझदारी र सहमतिपूर्ण स्थितिलाई अवसरको रूपमा उपयोग गरी आयुर्वेद तथा जडीबुटी क्षेत्रलाई आर्थिक समृद्धिका लागि एवं जनस्वास्थ्यको अभिवृद्धिका लागि उपयोग गर्ने मौका आएको छ । जनतामा नयाँ उत्साह आएको वेलामा देशको भू-धरातलीय बनोट एवं जैविक एवं पर्यावरणीय विविधताको प्रचुरताको उपयोगका लागि नेपाललाई सहयोग गर्ने अन्तर्राष्ट्रिय चासोको सफल उपयोग गर्ने शिलशिलामा वन, वनस्पति र आयुर्वेदीय चिकित्सा पद्धतिलाई सामेल गर्ने उपयुक्त अवसर सृजना भएको छ। शान्ति कायम भएपछि स्वेदशी तथा विदेशी लगानीका अनुकूल वातावरणहरूलाई आयुर्वेद तथा जडीबुटीको क्षेत्रमा पनि आकर्षित गर्ने समय आएको छ । विदेशमा कार्यरत नेपालीहरूबाट वर्षेनी भित्रिने विप्रेषणको केही अंशको उपयोग तथा गैह्र-आवासीय नेपालीहरूको लगानीलाई समेत प्रोत्साहित गरी आयुर्वेदीय अर्थतन्त्रको नवीन परिकल्पना गर्न सकिने सम्भावना बढेको छ। वर्तमान समयमा उपलब्ध वैज्ञानिक खोज, आविष्कार आदिलाई समेत आयुर्वेद-क्षेत्रमा उपयोग गर्दै आधुनिक युग सापेक्ष आयुर्वेदीय चिकित्सा पद्धतिको प्रणयन गर्ने अवसर पनि आएको छ ।

८. तीन वर्षे योजना र आयुर्वेद एवं जडीबुटी :

वर्तमान विकास योजनाहरूलाई सरसर्ति हेर्दा कृषिक्षेत्र, वनक्षेत्र, वातावरण व्यवस्थापनको क्षेत्र एवं स्वास्थ्यक्षेत्रमा आयुर्वेद बाँडिएको पाइन्छ । हालको संक्रमणकालीन अवस्थालाई मध्यनजर राखी तीनवर्षे अन्तरिम योजना २०६४/०६५-०६६ पारित गरी लागू गरिएको छ। यस अन्तरिम योजनामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि उपर्युक्त क्षेत्रहरूमा नै आयुर्वेद एवं जडीवुटीको उपस्थिति खोज्नु पर्ने देखिन्छ। जनस्तरसम्म प्रत्यक्ष महशूस गर्न सकिने कार्ययोजना भएजस्तो पाइँदैन भन्ने कुरा हाम्रा योजना र कार्यक्रमका पूर्व-स्थितिहरूले देखाएका छन्। तै पनि पारित योजनाको परिधिभित्र रहेर नै अगाडि वढ्नुपर्ने परिस्थिति हामीमा विद्यमा नरहेको कुरालाई अस्वीकार गर्न सकिँदैन।

कृषिक्षेत्रका अन्न दाल, तेलहन, आलु, चिनी, तरकारी, फलफूल, माछा-मासु, दूध, कुखुरा र हाँसका फूल यी सवै वस्तुमा आयुर्वेद विद्यमान छ। योजनामा निर्धारित यी वस्तुको कार्यक्रममा आयुर्वेदीय सिद्धान्तको पुट जस्ता ध्यानदिनुपर्ने कुरामा ध्यान दिन सके जनस्तरमा आयुर्वेदको पहुँच अझ व्यापक हुन्छ। आहार-विहार र औषधि आयुर्वेद भनेको यही हो जसले आहारलाई पहिलो प्राथमिकता दिएको छ। चिराइतो, अल्लो र केशरजस्ता उत्पादनका प्रविधिको विकास एवं विविधीकरणको तथा स्थानीय कार्यक्रम अन्तर्गत "वीउ-वैंक" को स्थापना भएका कुरालाई आयुर्वेदीय उपयोग गर्नु आवश्यक छ। अव उक्त वीउ-वैंकमा रक्तशाली, महाशाली जस्ता लुप्तप्रायः तर, आयुर्वेदमा वर्णित सर्वोत्तम आहारद्रव्यहरूको वीउ समेत सुरक्षित र संरक्षित गर्न सके आयुर्वेदले पनि कृपिक्षेत्रबाट धेरै कुरा ग्रहण गर्न पाउनेछ। तीन वर्षमा कृपिक्षेत्रले निम्न लिखित प्राथमिकता दिएको पाइन्छ।

(क) उच्च पहाड– याक, चीज, स्याउ र जडीवुटी।

(ख) मध्य पहाड – दूध, मासु, सुन्तला, जुनार, अलैंची, सूठो, लहसुन, कफी र मह

(ग) तराई– दूध, मासु, माछा, उखु, परवर, प्याज, लहसुन र मह।

प्रस्तुत प्राथमिकतालाई सरसर्ति हेर्दा चिया, कफी मात्र त्यस्ता वस्तु हुन् जसको उपयोग गर्दा सावधानी अपनाइनुपर्ने देखिन्छ। वाँकी सबै पदार्थ आयुर्वेदका महत्त्वपूर्ण आहार औषधि रहेका छन्। कृपिक्षेत्रले यी प्राथमिकता प्राप्त योजना कार्यान्वयन गर्दा आयुर्वेदीय सिद्धान्तसँग तालमेल गर्न आयुर्वेद क्षेत्रसँग समन्वय राखी गरेमा यो उपलब्धिलाई पनि आयुवेद तथा जडीवुटी क्षेत्रको उपलब्धि मान्न सकिने थियो। वनक्षेत्र अर्को आयुर्वेदको महत्त्वपूर्ण क्षेत्र हो। वन क्षेत्रले अन्तरिम योजनामा –

(१) वन, वनस्पति, जैविक-विविधता, संरक्षण तथा संरक्षित क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापनद्वारा सन्तुलित वातावरण कायम राख्नुका साथै वन-पैदावारका आपूर्तिमा दिगो वृद्धि गरी विपन्न तथा निमुखा समुदायको पहुँच र अधिकारलाई सुनिश्चित गरी उनीहरूको सामाजिक एवं आर्थिक सशक्तीकरण गर्ने।

(२) वनजन्य उत्पादनमा आधारित उद्योग एवं व्यवसाय-प्रवर्द्धनलाई वढावा दिई रोजगारीका अवसर सृजना गर्दै आन्तरिक बजारको विकास एवं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्यात प्रवर्द्धन गर्ने ।

(३) विपन्न वर्गका दलित, आदिवासी, जनजाति, मधेसी, उत्पीडित, अपांग एवं अन्य पछाडि परेका एवं पारिएका महिला तथा पुरुषको आयवृद्धि गर्दै वन पैदावारको यथोचित वितरण प्रणालीवाट गरिबी- न्यूनीकरण गरी समतामूलक विकासमा सघाउ पुऱ्याउने । यी तीन उद्देश्य राखेको पाइन्छ । तर वन, वनस्पति, वनौषधि र आयुर्वेद क्षेत्रले वनबाट पर्याप्त आड र भरोसा पाउने स्पष्ट दृष्टिकोण पाउन सकेको छैन । वनक्षेत्र भित्रका ठूला रूख, वन्यजन्तु, एवं सिमसार एवं जलक्षेत्रीय जलज द्रव्य भन्दा पनि स-साना झारपात जो त्यत्तिकै खेर गइरहेका छन्, तिनीहरूको संरक्षण र उपयोग गर्ने खालका कार्यक्रमहरू सञ्चालन भएनन् र त्यस्ता कार्यक्रममा आयुर्वेद क्षेत्रलाई सँगसँगै लगिएन भने आयुर्वेदको मुख्य आधार क्षेत्र वनक्षेत्रले आयुर्वेदको अतिक्रमण गरेको ठहर्ने कुरालाई हामी सवैले महशूस गर्नु आवश्यक देखिन्छ । प्रमुख कार्यक्रमहरूमा निर्धारित वंशाणु-वनस्पति स्रोतविकास, जैविक विविधता संरक्षण, जैविक सुरक्षा र अनुसन्धान (९.३), जडीबुटी तथा गैह्र-काष्ठ वन व्यवस्थापन (९.४) अनुसन्धान तथा प्रचार प्रसार कार्यक्रम (९.६) राष्ट्रिय वन क्षेत्रवाट काठ दाउरा संकलन (९.१०) नमूना कार्यक्रम (९.१२) जडीबुटी तथा सुगन्धित तेल प्रशोधन कार्यक्रम आदिमा आयुर्वेद क्षेत्रसित समन्वय गरी कार्य सञ्चालन गरिने स्पष्ट दृष्टिकोण पाइँदैन । उदाहरणका लागि काठ दाउराका नाममा कैयौँ महत्त्वपूर्ण र बहुमूल्य आयुर्वेदीय औषधिहरू विस्थापित प्रतिस्थापित हुन सक्छन् । दाउराको भाउमा वहुमूल्य औषधि विक्रीभईरहेको परिस्थितिलाई निराकरण गर्न वनक्षेत्रले सञ्चालन गर्ने हर कार्यक्रममा आयुर्वेदक्षेत्रको उपस्थितिलाई अपरिहार्य ठानियो भने सञ्चालित कार्यक्रमको राम्रो प्रभावकारिता सिद्ध हुने कुरालाई हृदयंगम गर्नु अत्यन्त जरुरी छ ।

स्वास्थ्य क्षेत्रले तीनवर्षे अन्तरिम योजनामा आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रममा राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२ बमोजिम आगामी तीन वर्षभित्र पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ३०-३० शैय्याका क्षेत्रीय आयुर्वेद चिकित्सालयहरू र प्रति वर्ष ३० का दरले आयुर्वेद औषधालय स्थापना गर्ने हो भने अहिल्यै पहल गर्नु आवश्यक देखिन्छ । औषधिजन्य जडीबुटी, यसमा संलग्न प्रविधि, योग, उत्पादनको ज्ञान, लिखित वा अलिखित परम्पराको संरक्षण र यस क्षेत्रमा आर्थिक रूपले निर्भर जनताहरू-स्वयं प्रयोगकर्ता, संकलक, व्यवसायी, अन्वेषकको वृहत्तर हित एवं आर्थिक विकासका लागि आवश्यक कार्यक्रम बनाइने, देशका विविध भागमा रहेका औषधोपयोगी जडीबुटी एवं परम्परागत स्वास्थ्य चिकित्सा व्यवसायीहरूको ज्ञान सीप, प्रविधिसम्बन्धी बौद्धिक सम्पदाको तथ्यांक संकलन, अभिलेख तथा संरक्षण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्वर्द्धन विकास, सदुपयोगीका लागि विशेष कार्यक्रमहरूको सञ्चालन गरिने जस्ता कुराहरू अहिले होइन, पहिले नै हुनुपर्ने कुराहरू थिए। यी लगायत आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रमका सम्पूर्ण कुराहरू कुरामा सीमित हुनुभन्दा काममा परिणत भएमा भविष्यको वाटो फराकिलो हुने आशा गर्न सकिन्छ। तर नीति निर्धारण हुने, कार्यक्रम नहुने, कार्यक्रम तय भइहाले पनि कार्यान्वयन नहुने तीतो अनुभवको रूपमा आयुर्वेद क्षेत्रले विगतदेखि भोगिरहेको यथार्थलाई हामीहरूले कहिल्यै भुल्नु हुँदैन। पूर्वाञ्चल क्षेत्रमा पनि निर्धारित कार्यक्रमहरूलाई अधिक भन्दा अधिक पाउन अहिल्यै देखि पहल र अग्रसरता देखाउनु अत्यन्त जरुरी छ।

९. भविष्यका सम्भावनाहरू :

समय फेरिएको छ। द्वन्द्वको अवस्था पनि क्रमशः व्यवस्थापनको दिशामा बढिरहेको छ। राजनीतिक परिवर्तनले स्थायित्व र अग्रगति लिनसक्यो भने आयुर्वेद तथा जडीबुटीहरूका पनि प्रशस्त संभावनाहरू रहेका छन्। नेपाल जैविक विविधताको धनी देश मानिएको छ। हिमाली, उच्च पहाडी, मध्य पहाडी, चूरे भावर, भित्री मधेश एवं तराई एवं दून क्षेत्र साथै सिमसार क्षेत्र समेत प्रशस्त रहेको भौगोलिक विविधतायुक्त यस देशमा एकातिर ऋषिकालदेखि आर्ष-परम्पराद्वारा शाश्वत चिन्तन रहेको अनादि आयुर्वेद छ भने अर्कोतिर प्रचुर संभावना रहेको जडीबुटीहरूको त्यस्तै ओखति-मूलो गर्ने हाम्रो मौलिक र जातीय सम्पदा पनि छ। आधुनिक रहनसहन र रासायनिक संघटनद्वारा निर्मित औषधिहरूको विभिन्न पार्श्वप्रभावयुक्त औषधिहरूले परेशान भएको मानव-समाजले अर्को विकल्प खोजिरहेको छ। पश्चिमका विकसित देशहरूले समेत आयुर्वेदीय तथा जडीबुटी जन्य औषधिहरूको सुरक्षित प्रयोगमा चासो दिइरहेको बेला प्राकृतिक स्रोत र परम्परागत प्रविधिका धनी हामीहरूले त्यो विकल्प दिन सक्यौँ भने हाम्रो देशमा खेर गइरहेका झारपातबाट समेत हामी हाम्रो अर्थतन्त्रलाई सम्पन्न तुल्याउन सक्दछौँ। केवल ध्यान पुग्नु परेको छ हाम्रा योजनाकारहरूको, हाम्रा नीतिकारहरूको र हाम्रा व्यवस्थापकहरूको। अझ जल, जंगल, जडीबुटी, जमीन, जनशक्ति आदि विभिन्न "ज" को प्रयोग गरी आर्थिक समृद्धि ल्याउछौँ भन्नेहरूको समूह नेतृत्वमा पुगिरहेको कुरालाई हामीहरूले नवीन अवसरको रूपमा उपयोग गर्न सक्नुपर्दछ। परिवर्तनकारी राजनीतिक प्रतिवद्धता बोकेकाहरूले आ-आफ्ना घोषणापत्र र प्रतिबद्धतापत्र अनुसार आयुर्वेद तथा जडीबुटीको उचित विकास गरेर देखाउने बेला आएकोले यस्ता सम्भावनाहरूमा अरू थप बल पुगिरहेको छ। काम गर्नु धेरै छ। सम्भाव्यताहरूको अध्ययन, योजना-निर्माण, योजना कार्यान्वयन यी धेरै कुराहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो विगतमा हुन सकेनन् ती सबै कार्य सम्पन्न गर्नैपर्ने छन् । समयले दिएको सोचलाई यथार्थमा परिणत गराउन सके नेपालको लागि आयुर्वेद तथा जडीबुटीको क्षेत्र स्वास्थ्य, समृद्धि एवं विकासका अरू थप नयाँ संभावनाहरू लिएर खडा भएको छ । यदि राज्यले सम्यक् व्यवस्थापन गरेर लैजाने हो भने अरू क्षेत्रवाटभन्दा यी क्षेत्रहरूवाट प्रतिफल पनि छिट्टै हासिल गर्न सकिने कुरामा पूरा विश्वास गर्न सकिन्छ । अतः यो क्षेत्र अनन्त संभावना बोकेर खडा भएको क्षेत्र हो भन्दा अत्युक्ति हुने छैन ।

१०. थप केही सुझावहरू :

(क) आयुर्वेद तथा जडीबुटीहरूको क्षेत्रमा कुराहरू भएका छन्, तर, काम भएका छैनन् । यस क्षेत्रको महत्त्व र उपयोगिताको सम्वन्धमा धेरै प्रशस्ति गाइने गरेको पाइन्छ तर कार्यान्वयन पक्ष भने ज्यादै फितलो मात्र होइन भएकै छैन भने पनि हुन्छ । उही परम्परा निर्वाह हुने कार्य भएका छन् । अतः नीति-निर्माण भएपछि त्यसको साकार कार्यान्वयन अति महत्त्वपूर्ण कुरा हो । हालको सन्दर्भमा भन्दा आयुर्वेद-स्वास्थ्य-नीति २०५२ लाई अक्षरशः सर्वाङ्ग कार्यान्वयन पहिलो आवश्यकता हो ।

(ख) समय धेरै अगाडि वढेको छ । अतः आयुर्वेद स्वास्थ्य नीति २०५२ मा आजका थप आवश्यकताहरूलाई जोड्नु अत्यन्त आवश्यक भइसकेको छ ।

(ग) नीति वनाउने, तर, नीति अनुसार कार्यक्रमहरूको तर्जुमा नगर्ने गर्नाले यो क्षेत्र अन्योलग्रस्त भएको छ । अतः व्यापक रूपमा नीति अनुसारका योजना र कार्यक्रमहरू तर्जुमा गरेर कार्यान्वयन गर्दै जानु अत्यन्त आवश्यक छ ।

(घ) आयुर्वेदीय लोपोन्मुख जडीबुटीहरूको खोजी तथा संरक्षण, आयुर्वेदीय परम्परागत प्रविधिहरूको समसामयिकीकरण तथा प्रयोग, आयुर्वेदीय शल्य-शालाक्य एवं प्रसूतितन्त्र आदिको यथोचित उपयोग गर्न अध्ययन अनुसन्धान एवं प्राज्ञिक उन्नयनका लागि साधन सम्पन्न प्रतिष्ठानको स्थापना गर्नु आवश्यक छ । पूर्वाञ्चलमा पूर्वाञ्चल विश्वविद्यालयले आफ्नो परिसरमा जडीवुटी खेती गर्ने योजना गरेको बुझिएको छ । त्यति मात्र होइन विश्वविद्यालयले BPKIHS सरहको आयुर्वेद विज्ञान प्रतिष्ठान बनाउनु पर्ने हो । BPKIHS ले पनि स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्णता हाँसिल गर्न आयुर्वेद-विज्ञानको साधन सम्पन्न अध्ययन संस्थान नवनाइकन कसरी सक्ला ? यसतर्फ सम्वन्धित निकायको ध्यान आकृष्ट हुनु अत्यन्त आवश्यक भएको छ ।

(ङ) परम्परागत ढंगले मात्र होइन अब जडीवुटी विज्ञानको पनि समसामयिक पाठ्यक्रम तयार गरी जैविक विविधता लगायतका क्षेत्रलाई समेत समेट्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी नवीन विषयको रूपमा विश्वविद्यालयहरूले अध्यापन गर्नुपर्ने वेला आइसकेको छ ।

(च) नेपाल संस्कृत विश्वविद्यालयले उच्च सुविधा सम्पन्न शिक्षण अस्पताल सहितको स्नातकोत्तर आयुर्वेद-विज्ञान-प्रतिष्ठान एवं जडीवुटी-विज्ञान-प्रतिष्ठान बनाएर संस्कृतको कर्मकाण्डीय, धर्मशास्त्रीय र फलित ज्योतिषीय अधिकताको भानलाई मेट्दै आयुर्वेद विज्ञान, खगोल-विज्ञान, योगविज्ञान, दर्शन आदि सम्पूर्ण विभागको विश्वजनीन विश्वविद्यालयको रूपमा आफूलाई प्रतिष्ठित तुल्याउनु पर्छ ।

(छ) वन क्षेत्रमा आयुर्वेदीय विशेषज्ञहरू विशेषतः द्रव्यगुणविज्ञहरूको दरवन्दी सृजना गरी जडीवुटी पहिचान संरक्षणका कार्यमा नियुक्त गर्नु पर्दछ ।

(ज) अत्यावश्यक आयुर्वेदीय जडीवुटी सूचीमा भएका जडीवुटीहरूको संरक्षण सम्वर्द्धनमा वनक्षेत्र, कृषिक्षेत्र, वातावणको क्षेत्रमा काम गर्ने सवै सरकारी गैह्र-सरकारी संस्थाहरू आयुर्वेदविज्ञहरूसित सहकार्य गरी अघि वढ्नु पर्दछ ।

(झ) खालि परम्परा- निर्वाहमा धर्म-निर्वाह खातिर होइन अव राष्ट्रिय अर्थतन्त्रको विकास एवं स्वस्थ जनशक्तिको निर्माणका लागि सघन रूपमा योजना लगिनु पर्दछ । यो देशमा आउने पर्यटकहरू जडीवुटी-चिकित्सा पनि गर्न आऊन, चिकित्सा पर्यटनको रूपमा । यस क्षेत्रलाई विशेष योजना सहित विश्वकै नमूना बनाउने सोचले नयाँ नयाँ कार्यक्रमहरूको तर्जुमा गर्नु आवश्यक भएको छ ।

(ञ) अरू क्षेत्रभन्दा जागरूक र जडीवुटीमा विशेष संभावना देखिएको पूर्वाञ्चल क्षेत्र अझ वढ्ता जागरूक र सक्षम भई लागेको खण्डमा यी उल्लेख गरिएका कुराहरू मनगढन्ते मात्र होइन, अति यथार्थपरक हुनेछन् भन्ने कुरामा शंका लिनु पर्दैन ।

११. निष्कर्ष :

आयुर्वेद र जडीबुटी क्षेत्रले अतीतमा जति गऱ्यो त्यति आज हुन सकेको छैन । असल नीतिको अभाव, देशको आवश्यकताको पहिचान हुन नसक्नुको कारण यस्तो हुन गएको हो । अव नवीन सन्दर्भमा एक्काइसौं शताब्दीको जन-जीवनका लागि यसको पुनर्जागरण गर्ने ढंगले नीति र योजना साथ अगाडि वढ्न सकेका खण्डमा यो क्षेत्रले हाम्रो देश मात्र होइन विश्वलाई नै केही दिन सक्छ भन्ने कुरामा शंका गर्नु पर्दैन । तर, अवस्था भने वडो दयनीय छ । प्राचीन ज्ञानहरू लुप्तप्रायः भइसके । परम्परागत रूपमा जडीबुटीको प्रयोग गर्ने धामी, झाँक्री, आम्ची, ओझा आदिमा पनि जडीबुटीको ज्ञान हराइसक्यो । अतः नयाँ पुस्ता विलकुल ज्ञानाभावको अवस्थामा गुज्रिरहेको छ । आयुर्वेदका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचार्य सुश्रुतले भिपक्व्यक्तिको रूपमा गोठाला, तपस्वी, शिकारी एवं अन्य वन जंगलमा घुमफिर गर्ने व्यक्ति तथा वनका फलफूलको मात्र आहार गर्ने व्यक्तिलाई उल्लेख गरेका थिए -

गोपालास्तापसाः व्याधाः ये चान्ये वनचारिणः ।
मूलाहाराश्च ये तेभ्यो भेषजव्यक्तिरिष्यते ॥

हाम्रा वनचर जाति, कुसुण्डा, राउटे आदिलाई समयमै भेषजव्यक्ति बनाई अभिलेखमा राख्न सकेको भए यस्तो अवस्था आउने थिएन । त्यसैले अव सवभन्दा पहिले लुप्त हुन लागेको जडीबुटीको यथाशक्य पहिचान गरी अभिलेखीकरण गर्ने आयुर्वेदीय तथा परम्परागत जडीबुटीको द्रव्य-गुण-वैज्ञानिक ज्ञानलाई समन्वय गरी थप द्रव्य-गुण-ज्ञानका कुराहरूको पनि अभिलेखीकरण गर्दै जाने यो काम पहिला गर्नु आवश्यक छ । यसपछि प्राचीन ज्ञान र वर्तमान विज्ञानलाई समन्वित ढंगले आयुर्वेद तथा जडीबुटीको क्षेत्रमा प्रशस्त उपयोग (Apilied) गरी यस क्षेत्रको बृहत् विकासमा लाग्नुपर्ने देखिएको छ । हिमालको सगरमाथा, सप्तगंगाको कौशिकी क्षेत्र, रुद्राक्षारण्यको प्रभावक्षेत्र बोकेको यस पूर्वाञ्चल पेत्रले सूझ-बूझका साथ आफ्नो अथाह सम्पदाको सच्चा उपयोगमा ध्यान पुऱ्याएमा यस क्षेत्रको योगदान देशभरि रहने भएकोले सभ्यताको अरूणिमा मात्र होइन विकासका अनि आर्थिक समृद्धिका अनन्त संभावनाहरू पनि यसै क्षेत्रकी रत्नगर्भाको पोल्टावाट कामधेनु गाईलाई दुहे जसरी नै दुहुन (झिक्न) सक्दछ भन्ने कुरामा पूरा भरोसा गर्न सकिन्छ । संस्कृत वाङ्मयको प्राच्य सम्पदालाई पूर्वाञ्चलले आयुर्वेद तथा जडीबुटी विज्ञानको विश्वस्तरीय प्रतिष्ठान मार्फत जीवन्त तुल्याउन सक्ने प्रशस्त सम्भावना रहेको अन्तिम निष्कर्ष निकाल्दा बढ्ता बोलेको ठहर न गराउँला । अस्तु ।

आयुः कामयमानेन धमार्थसुखसाधनम् ।
आयुर्वेदोपदेशेषु विधेयः परमादरः ॥ (अङ्गाष्ट संग्रह) ।

सन्दर्भ :

१. चरकसंहिता ।
२. सुश्रुतसंहिता ।
३. आयुर्वेद स्वास्थ्य-नीति २०५२, आयुर्वेद विभाग ।
४. तीन वर्षीय अन्तरीम योजना २०६४-०६५-०६६-०६७ । राष्ट्रिय योजना आयोग, नेपाल ।
५. अत्यावश्यक आयुर्वेद औषधि सूची, आयुर्वेद विभाग ।
६. Populaton Census 2001 National Report, National Planning Commission, Nepal, Central Bureau of Statistics. Jan. 2002.
७. पत्रपत्रिका तथा लेखहरू ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२

१. औचित्य :

आयुर्वेद नेपालको चिकित्सा पद्धति हो हिमालय र जलस्रोतजस्तै सम्पदाको रूपमा आयुर्वेद चिकित्साको मौलिक परम्परा, पाण्डुलिपि, अभिलेख र प्रशस्त पाइने जडीबुटीहरूको औषधीय प्रयोग नेपालमा स्थान लिएको छ। श्री ५ को सरकारको आयुर्वेद चिकित्सा पद्धति प्रतिको प्रतिवद्धलाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने उद्देश्यले राष्ट्रिय आयुर्वेद नीति २०५२ प्रस्तुत गरिएको छ।

२. उद्देश्य :

राष्ट्रिय स्वास्थ्य नीति २०४८ द्वारापरिलक्षित उद्देश्य परिपूर्तिका लागि परापूर्वकालदेखि स्वास्थ्य रक्षा र रोगका उपचार गर्दै आएको चिकित्साको विशिष्टता समयसापेक्ष छ। सुलभ र निरन्तर प्रयोग हुन सक्ने स्थानीय जडीबुटी एवं औषधि द्रव्यहरूको आधिकारिक उपयोगद्वारा वहुसंख्यक जनताको स्वास्थ्यस्तरमा वृद्धि गर्न र स्वास्थ्य सेवामा स्वावलम्वी वनाउनु यसको प्रमुख उद्देश्य रहेको छ।

३. आयुर्वेद चिकित्सा सेवाको स्वरूप :

आयुर्वेद चिकित्सा विज्ञानको स्वरूप दोष-दूष्य सिद्धान्त, विशिष्ट चिकित्सा प्रविधि, उपलब्ध स्थानीय जडीबुटी, खनिज, जान्तव द्रव्यहरूको उपयोगमा आधारित छ। आयुर्वेद चिकित्सालाई देशको विशिष्ट पद्धतिको रूपमा क्रमबद्ध विकास गरिनेछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.१. आयुर्वेद विभागको वर्तमान संगठनमा आवश्यक सुधार गरी विभिन्न शाखाहरूको सञ्चालनका साथै सुदृढीकरण गरिनेछ। स्वास्थ्य मन्त्रालय अन्तर्गतका अन्य विभाग र इकाइहरूसँग समन्वयात्मक कार्यविधि अपनाइने छ। आयुर्वेद चिकित्सा सेवा, शिक्षा अनुसन्धान एवं औषधि निर्माण सम्बन्धी सरकारी एवं गैह्र-सरकारी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरूको क्रियाकलापको समन्वय विभागले गर्नेछ। प्राकृतिक चिकित्सा, होमियोपेथी एवं अन्य वैकल्पिक चिकित्सा पद्धतिहरूको सेवालाई विकास एवं विस्तार गर्नका लागि समेत विभाग अन्तर्गत इकाइहरूको स्थापना गरिनेछ।

३.२. केन्द्रीय स्तरमा रहेको आयुर्वेद चिकित्सालय नरदेवीलाई हाल १०० शैय्यामा परिणत गरी आयुर्वेदको विशिष्ट सेवा दिने अस्पतालको रूपमा आयुर्वेदका विभिन्न विभागहरूको स्थापना गरी संचालन गरिनेछ। यस चिकित्सालयलाई विकास समिति अन्तर्गत सञ्चालन गरिनेछ।

३.३. श्री ५ को सरकारद्वारा सिद्धान्त स्वीकृत भै वर्तमान सिंहदरवार वैद्यखानालाई स्वायत्तता दिई व्यवसायीकरण गर्ने नीति अनुरूप आयुर्वेद औषधि उत्पादन एवं आपूर्ति व्यवस्थालाई सुव्यवस्थित र प्रभावकारी गराउनुका साथै अन्तर्राष्ट्रिय गुणस्तरका औषधिहरूको निर्माण गरी निर्यात प्रवर्द्धनवाट राष्ट्रिय अर्थतन्त्रलाई प्रवल बनाउन टेवा पुऱ्याइने छ।

३.४. हाल सञ्चालित १५ वेदयुक्त आर्युद चिकित्सालय दाङ्लाई मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालयको रूपमा परिणत गरी आवश्यक तथा साधनयुक्त औषधि निर्माण शाखा सहितको विशेष सेवा दिने चिकित्सालयको रूपमा सञ्चालित गरिनुका साथै निर्माणाधीन आवश्यक भवनहरूको निमांण पूरा गरिनेछ।

३.५. बाँकी चार विकास क्षेत्रहरूमा १५ शैय्यायुक्त १-१ वटा औषधि निर्माण शाला सहितको क्षेत्रीय चिकित्सालयहरूको स्थापना गरी सञ्चालन गरिनेछ।

३.६. आयुर्वेद औषधालयहरूको प्राविधिक, प्रशासनिक कार्यहरूको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र प्रेषणप्रणालीलाई प्रभावकारी बनाई स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटीहरूको उत्पादन, संकलन, संरक्षण सम्वर्द्धनका साथै आयुर्वेद चिकित्सामा त्यसको अधिकाधिक परिचालनका लागि हाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूको सुदृढीकरण तथा बाँकी जिल्लाहरूमा समेत जिल्लाका सदरमुकाममा रहनेगरी आवश्यक जनशक्ति र साधनयुक्त १-१ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको स्थापना गरिने छ ।

३.७. हाल सञ्चालित भइरहेका आयुर्वेद औषधालयहरूलाई साधन युक्त बनाई श्री ५ को सरकारबाट पठाइने औषधिका अतिरिक्त स्थानीय रूपमा उपलब्ध हुने जडीबुटीहरूको उत्पादन, संरक्षण, सम्वर्द्धन प्रविधि र चिकित्सामा त्यसको अधिकाधिक उपयोगका लागि सक्षम बनाइनुका साथै जनघनत्व, स्थानीय माग एवं जनसहभागिताको आधारमा कम से कम हरेक पाँच गाउँ विकास समितिको बीचमा पर्ने गरी औषधालयहरूको स्थापना गरिँदै लगिने छ ।

३.८. आयुर्वेद स्वास्थ्य केन्द्र तथा औषधालयहरूको भवन निर्माण गरी परिसरमा नमुना जडीबुटी उद्यानको विकास गरिँदै लगिने छ ।

४. अन्तर संस्थागत एवं जनसहभागिताको परिचालन :

४.१. ग्रामीण क्षेत्रमा परम्परागत रूपमा जडीबुटीहरूको माध्यमबाट औषधि गरिरहेका स्वास्थ्यकर्मीहरू, धाँमी, झाँक्री, महिला स्वयंसेविका, सुडेनी, सामाजिक संघ संस्थाका कार्यकर्ताहरूलाई जडीबुटी उत्पादन, सम्वर्द्धन, संकलन, संरक्षण र प्रयोगको तालिम दिई आयुर्वेद चिकित्सा सेवामा जनसहभागिताको परिचालन गरिनेछ ।

४.२. आयुर्वेद क्षेत्रसँग समन्वयका लागि जडीबुटी, वन, आरक्षण क्षेत्र, वातावरण, दुर्गम क्षेत्र विकास समिति, कृषि, शिक्षा आदि क्षेत्रका सरकारी एवं गैह्र सरकारी तहमा राष्ट्रियस्तरदेखि ग्रामीणस्तरसम्म अन्तरसंस्थान समन्वय समितिहरू कायम गरिनेछन् ।

५. जडीबुटी खेती औषधि उत्पादन एवं व्यवसाय :

५.१. हिमाल, पहाड तराईमा नमूना जडीबुटी उद्यानहरूको विकास गरी जडीबुटीहरूको घरेलु उपचारमा प्रयोग उत्पादन, सम्बर्द्धन, संरक्षण प्रबर्द्धन बारे जनस्तरमा ज्ञान दिई जडीबुटीहरूको गुणस्तरयुक्त व्यापारमा प्रोत्साहन गरिनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.२. सही जडीबुटीहरूको परिचय गरी स्वदेशी व्यापार एवं विदेश पैठारीमा स्तरीयता कायम गर्न जडीबुटीहरूसँग सम्बद्ध सरकारी एवं गैह्रसरकारी संस्थासँग कायम गरिनेछ ।

५.३. देशमा स्थापित वा स्थापना हुने सरकारी एवं गैह्र सरकारी क्षेत्रका आयुर्वेद औषधि निर्माण कम्पनीहरूलाई "असल औषधि निर्माण संहिता" को आधारमा गुणस्तरयुक्त औषधि निर्माणमा प्रोत्साहन गरी आयातमा कमी गर्दै निर्यात प्रवर्द्धन गरिनेछ । सो कार्यका लागि औषधि व्यवस्था विभाग एवं सम्बद्ध सरकारी निकायहरूसँग समन्वय कायम गरिनेछ ।

५.४. विदेशवाट आयात हुने वा स्वदेशमा निर्माण गरिने आयुर्वेदीय औषधिहरू गुणस्तर एवं अन्य प्राविधिक कार्यका लागि एक आयुर्वेदीय औषधि परीक्षण समिति र प्रयोगशालाको विकास गरिने छ ।

५.५. नेपाल आयुर्वेद भेषज्यावली (Nepal Ayurveda Pharmacopoeia) को समसामयिक संकलन गरी प्रकाशन गरिनेछ ।

६. आयुर्वेद शिक्षा एवं जनशक्ति विकास :

६.१. चिकित्साजस्तो प्राविधिक क्षेत्रमा योग्य, दक्ष र कर्तव्यनिष्ठ जनशक्तिको अहं भूमिकालाई मनन गरी आयुर्वेद क्षेत्रमा समर्पित भै कार्य आयुर्वेद-निष्ठ जनशक्तिको प्रभावकारी उत्पादन र यसका विविध पक्षहरू (शिक्षा सेवा औषधि निर्माण) को गुणस्तरमा आभवृद्धि तथा उत्तरोत्तर विकास गर्दै लैजानको लागि आवश्यक साधनयुक्त अनुसन्धान केन्द्र सहित "राष्ट्रिय आयुर्वेद अध्ययन संस्थान" को स्थापना धि.वि.वि. अन्तर्गत गरिनेछ ।

६.२. भविष्यमा स्नातकोत्तर विद्यावारिधि (पी.एच.डी.) स्तरीय आयुर्वेद शिक्षा प्रदान गर्ने उद्देश्य अनुरूप भौतिक पूर्वाधारहरूको विकास गर्ने गरी स्नातक स्तरीय आयुर्वेदीय जनशक्ति उत्पादन गर्ने कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

६.३. देशको प्राकृतिक स्रोतलाई अधिकाधिक परिचालन गरी जनतालाई प्रभावकारी अल्पव्ययसाध्य, सुलभ र अपेक्षाकृत निरापद चिकित्सा सेवा प्रदान गर्ने परिप्रेक्ष्यमा आयुर्वेदको संरक्षण र यसको सर्वाङ्गीण विकास हेतु उच्चस्तरीय जनशक्ति आवश्यक हुने हुँदा यस्तो स्तरीय जनशक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ को सरकारलाई आवश्यक हुने संख्यामा सीमित नराखी उत्पादन प्रक्रियालाई निरन्तर सञ्चालन गरिनेछ ।

६.४. मध्यम तथा आधारभूत स्तरीय आयुर्वेदीय जनशक्तिको उत्पादन गरिनेछ र सोको लागि शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.५. आयुर्वेद चिकित्सा शास्त्रको परिचयात्मक ज्ञान प्राप्त गर्ने जिज्ञासु स्वदेशी र विदेशी नागरिकलाई अध्ययनको अवसर प्रदान गरिनेछ ।

६.६. देशभित्र उत्पादन हुन नसक्ने जनशक्तिहरूको आवश्यकता अनुसार विदेशमा अध्ययन एवं तालिमको व्यवस्था मिलाइने छ ।

७. आयुर्वेद जनशक्ति व्यवस्थापन :

७.१. आयुर्वेद जनशक्ति व्यवस्थापन पक्षको सुदृढीकरणका लागि आयुर्वेद समूह अन्तर्गत विभिन्न सांगठनिक स्वरूपलाई उत्तरदायी एवं सेवामुखी बनाइने छ ।

७.२. आयुर्वेद चिकित्सा तथा आयुर्वेद स्वास्थ्यकर्मीहरूलाई अन्य पद्धतिका चिकित्सक एवं स्वास्थ्यकर्मीहरूले पाए सरह वा पाउने भत्ता तथा विशेष सुविधाहरू उपलब्ध गराइने छ ।

८. आयुर्वेद अनुसन्धान :

८.१. आयुर्वेद, औषधि द्रव्य प्रयोग तथा आयुर्वेद चिकित्सासँग सम्वन्धित विषयमा अन्तर्राष्ट्रियस्तरको अनुसन्धानको लागि आवश्यक साधन सम्पन्न आयुर्वेद अनुसन्धान संस्थाको स्थापना गरिनेछ ।

८.२. देशमा उपलब्ध आयुर्वेदीय हस्तलिखित ग्रन्थहरूको संरक्षण, अभिलेख वैंक, सन्दर्भ पुस्तकालयको स्थापना र समसामयिक सन्दर्भ ग्रन्थको प्रकाशन गरिनेछ ।

८.३. देशमा उपलब्ध जडीबुटीहरूको संरक्षण, खेती प्रवर्द्धन, उपयोग प्रविधि, वातावरणीय शिक्षासम्वन्धी पत्र पत्रिका पुस्तक प्रकाशन तथा राष्ट्रिय अभिलेख तयार गरिनेछ ।

८.४. परम्परागत स्वास्थ्यकर्मीहरूको ज्ञानको संरक्षण एवं सान्दर्भिकतालाई अक्षुण राख्ने अभियान चलाइनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८.५. उपर्युक्त कार्यहरूका लागि आयुर्वेद अनुसन्धान संस्थान, राष्ट्रिय आयुर्वेद अध्ययन संस्थान, आयुर्वेद चिकित्सालयहरू, सरकारी तथा गैह्र सरकारी आयुर्वेद औषधि कम्पनीहरू एवं अन्य सम्बद्ध अनुसन्धान संस्थाहरूसँग समन्वय राखिने छ ।

९. स्रोत परिचालन व्यवस्था :

आयुर्वेदका विविध कार्यक्रमहरूको लागि आर्थिक टेवा पुऱ्याउन जडीबुटी एवं निर्मित औषधीहरूको निर्यात प्रवर्द्धन गरी आर्जित आर्थिक स्रोतको परिचालनका साथै उक्त कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउन स्वदेशी दातृ संस्थाहरूको सहयोग उपलब्ध गराइनेछ ।

१०. नेपाल आयुर्वेद चिकित्सा परिषद् :

आयुर्वेद शिक्षा तथा सेवाको मापदण्ड निर्धारणका साथै चिकित्सकहरूको पंजीकरण, अधिकार क्षेत्रको निर्धारण अनुगमन एवं मूल्याङ्कनको सुव्यवस्थाका लागि राष्ट्रियस्तरमा लागु हुनेगरी नेपाल आयुर्वेद चित्सा परिषद्को गठनको व्यवस्था गरिनेछ ।

तीनवर्षीय अन्तरिम योजना २०६४-०६५-०६६-०६७ मा आयुर्वेद तथा वैकल्पिक चिकित्साका कार्यक्रमहरू :

- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा शादा र क्षेत्रीय स्वास्थ्य निर्देशनालयस्थित आयुर्वेद इकाईहरूको सङ्गठनात्मक सुदृढीकरण गरी प्रभावकारी बनाइनेछ ।
- राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२ अनुसार आगामी तीन वर्षभित्र पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ३०-३० शैयाका क्षेत्रीय आयुर्वेद चिकित्सालयहरू र प्रतिवर्ष ३० का दरले आयुर्वेद औषधालयहरू स्थापना गर्न पहल गरिनेछ ।
- सिंहदरबार वैद्यखाना विकास समितिमा गुणस्तरीय, सुरक्षित एवं प्रभावकारी आयुर्वेद औषधिहरू पर्याप्त मात्रामा उत्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाइनेछ ।
- औषधिजन्य जडीबुटी, यसमा संलग्न प्रविधि, योग, उत्पादनको लिखित वा अलिखित परम्पराको संरक्षण र यस क्षेत्रमा आर्थिक रूपले निर्भर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनताहरू (स्वयं प्रयोगकर्ता, संकलक, व्यवसायी, अन्वेपक) को वृहत्तर हित एवं आर्थिक विकासका लागि आवश्यक कार्यक्रम बनाइनेछ ।

- आयुर्वेद चिकित्सा जनशक्ति विकास गर्न समकक्षता वा मान्यताको कार्यप्रभावकारी ढंगले अगाडि बढाइने, प्राविधिक दक्षता अभिवृद्धि, तालिम, आयुर्वेद क्याम्पसको संरचनागत सुदृढीकरण एवं तालिम केन्द्रको जनशक्ति विकासका लागि आयुर्वेद अध्ययन संस्थान स्थापना, राष्ट्रिय आयुर्वेद अनुसन्धान एवं तालिम केन्द्रको जनशक्ति उत्पादनलगायत कार्यक्रम सञ्चालन गरिनेछ ।
- होमियोप्याथी, युनानी र प्राकृतिक चिकित्सा पद्धतिलाई पनि मन्त्रालय मातहत योजनाबद्ध ढंगले सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । दुईवटा विकास क्षेत्रमा प्राकृतिक चिकित्सा केन्द्रको शुरूवात गरिनेछ । साथै निजी क्षेत्रबाट सञ्चालित प्राकृतिक चिकित्सा सेवाको नियमनको लागि संयन्त्र तयार गरिनेछ ।
- आयुर्वेद चिकित्सालय-औषधालय-स्वास्थ्यकेन्द्र-फार्मेसीहरूमा आवश्यक जनशक्ति पूर्वाधार र साधन-स्रोत व्यवस्था गरी कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अनुगमन, मूल्याङ्कन प्रणाली व्यवस्थित गरिनेछ ।
- स्वास्थ्यसम्बन्धी तालिम र राष्ट्रिय कार्यक्रम सञ्चालनमा जिल्ला तथा सोभन्दा मुनिका आयुर्वेद संस्थामा कार्यरत जनशक्ति र संस्थालाई समान मान्यता-सुविधाविहत परिचालनको व्यवस्था मिलाइनेछ ।
- प्रयोगशाला तथा रोग-निदानसम्बन्धी सेवा प्रदायक संस्थाहरूको उपयोग सबै प्रणालीका संस्थाहरूबाट समन्वयात्मक रूपमा हुन सक्ने व्यवस्था मिलाइनेछ ।
- देशका विभिन्न भागमा रहेका औषधोपयोगी जडीबुटी एवं परम्परागत स्वास्थ्य चिकित्सा व्यवसायीहरूको ज्ञान-सीपप्रविधिसम्बन्धी बौद्धिक सम्पदाको तथ्याङ्क संकलन, अभिलेख तथा संरक्षण-सम्बर्द्धन-विकास-सदुपयोगका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली निजी तथा साधारण विद्यालयमा संस्कृतको अपरिहार्यता

✍ जनार्दन घिमिरे
सदस्य जयतु संस्कृतम्

जयतु संस्कृतम् आन्दोलन २००४ नेपालको राजनीतिक र शैक्षिक जगत्का लागि एउटा विशेष महत्त्वको दिन हो । यसै दिन राजनीतिक महत्त्वको "जयतु संस्कृतम्" छात्र आन्दोलनको सूत्रपात भएको हो । संस्कृत शिक्षामा सुधार हुनुपर्छ र यसमा आधुनिक विषयहरूको पनि सन्निवेश हुनुपर्छ भन्ने नारा यसै दिन लागेको हो । त्यत्तिखेर आधुनिक विषयको पठनपाठन संस्कृतमा भित्र्याउन आवश्यक थियो भने आज ५० वर्ष पछि पठनपाठनमा संस्कृतलाई कसरी स्थापित गर्ने, भित्र्याउने, लोकप्रिय बनाउने भन्ने समस्या पैदा भएको छ । त्यतिखेर देशमा २३२ भाषा पाठशाला र १०/१५ वटा विद्यालयहरू थिए । आज करिब ५० हजार शैक्षिक संस्था छन् र तिनमा करिब १० हजार जति निजी विद्यालय महाविद्यालय छन् । तिनमा अङ्ग्रेजीको पठनपाठन छ । ४० हजार जति अङ्ग्रेजी पठनपाठन हुने विद्यालय छन् । ती अङ्ग्रेजी जान्न, पढ्न, बोल्न विद्वान् बन्न मरिहत्ते हाल्नेहरू छन् । संस्कृतको व्युत्पत्ति प्रक्रिया जानेर अङ्ग्रेजीमा पनि त्यही आँखाले खोतलेर हेर्न जान्ने हो भने अङ्ग्रेजीको गहिर इसम्म पुग्न सकिन्छ ; एसिया र युरोपका अनेक भाषा प्रवेश पाउन सकिन्छ । अतः नेपालका निजी तथा साधारण विद्यालयमा संस्कृतको पठनपाठन (भएमा) गर्न-गराउन सकिएमा विद्यार्थीहरू व्युत्पन्न हुने थिए । अतः त्यस किसिमको नूतन पद्धति युक्त पठनपाठनतिर आकर्षित गर्न यो कार्यपत्र तयार गरिएको छ ।

अब एक छिन त्यो बेलाको समाजतिर जाऔं :

समाज भर्खरै आफूलाई पुरातनपन्थबाट आधुनिकतातर्फ लम्किरहेको बोध गरिरहेको थियो । राणा शासकहरू आफैं पनि आफ्नो शासनको साँस्कृतिक विरासतलाई भुल्दै संस्कृतलाई रूढीवादी ठान्न थालेका थिए । राणा र अन्य भाइ भारदारका लागि भने वि.सं. १९१० मा दरबार हाइस्कुल खोलिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो। उनीहरूमा अंग्रेज र अंग्रेजीप्रतिको मोह बढ्दै जान थालेको थियो। संस्कृत शिक्षालाई बाहिरबाट केही भन्न नसकिहाले तापनि भित्रबाट यो औचित्यहीन रहेको उनीहरूको ठम्याइ थियो।

त्यो बेला दरबार हाइस्कुल सम्भ्रान्त राणाहरूका लागि अङ्ग्रेजी पढाउन खोलिएको विद्यालय थियो। तर त्यहाँ पनि संस्कृत पढ्नु आवश्यक ठानेर भण्डारकरको The First Book of Samskrit र The Second Book of Samskrit भन्ने पुस्तकहरू पढाइन्थ्यो। अङ्ग्रेजी माध्यमबाट संस्कृत पढाउन मिल्ने भएकाले यी पुस्तकहरू उत्तरवर्ती राणाकालमा पाठ्यक्रमभित्र समावेश गरिएका थिए। अङ्ग्रेजले २०० वर्षसम्म शासन गरेको भारतमा शासकीय भाषाका रूपमा अंग्रेजी देखापरेको हो। अङ्ग्रेजी बोल्नेलाई शासक सम्झने भारतीय मानसिकता नेपालमा पनि छिरेको छ र त्यही अनुरूपको जनमानसिकता हाल नेपालमा पनि बन्दै गएको छ।

यस्तो बेला "जयतु संस्कृतम्" संस्थाले लिने र चाल्ने भूमिका निकै महत्वपूर्ण हुने निर्विवाद छ। हाल नेपाली भाषा हाम्रो सम्पर्क भाषा र राष्ट्रभाषा भए तापनि विश्वमा बढ्दै गएको शब्द सामर्थ्यसँग नेपाली भाषा क्रमश : टुहुरो बन्दै गएको महसुस हुन थालेको छ। नेपाली भाषा अभियन्ताहरू पनि संस्कृतसँग आफ्नो सामीप्य बढाउनुभन्दा त्यसबाट अलिक पृथक बस्दाखेरि नै समाजमा आफू आधुनिक देखिने भावनाबाट ग्रसित छन्। संस्कृत साहित्यबाट नेपालीलाई अलग्याएर कहिले झर्रोवाद र कहिले अन्य वादहरू निकालिरहेका छन्। नेपाली भाषाका पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्ने तहसम्म यस्तै खाले व्यक्तिको हालीमुहाली हुनु झनै आश्चर्यलाग्दो छ। यो प्रवृत्तिले गर्दा नेपाली भाषा पनि क्रमशः निरीह बन्दै गएको छ।

संस्कृत र अंग्रेजी भाषाका बीचमा के साँच्चिकै त्यस्तै विभेद छ त ? भन्ने कुरा खोतल्दै दरबार हाइस्कुलको स्थापना कालपछिदेखि नेपाली शिक्षा क्षेत्रमा देखापरेका दुई धारलाई एकै धारमा उभ्याउन पहल गरेर शिक्षामा रहेको अप्राकृतिक विभेदलाई कम गर्दै Boarding School लाई पनि संस्कृतको धारतर्फ आउनुपर्छ भन्ने सन्देश दिनु नै यो कार्यपत्रको मूल उद्देश्य हो। नेपाली भाषाका पाठ्यक्रम र पाठ्यपुस्तक निर्माताहरू आधुनिक बन्ने नाममा आफू भड्किएर संस्कृतभन्दा पर भाग्ने कोसिस गर्नु आत्मघाती कदम हो भन्ने पनि प्रस्तुत कार्यपत्रको उद्देश्य हो।

उद्योग र प्रविधिको वर्तमान युगमा संस्कृतको अपरिहार्यता

१. संस्कृतमा 'ज्या' शब्दको अर्थ पृथिवी पनि हो। यही "ज्या" शब्दबाट प्रभावित भएर नेवारीमा ज्यापू र ज्यामी शब्द आएका देखिन्छन्। ज्यापू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेवारी समाजमा धूलो, छारो र माटोसँग तदाकार भई काम गर्ने कृषकवर्ग हो भने ज्यामी भनेको पनि माटो र ढुङ्गासँग मितेरी लाउँदै काम गर्ने श्रमिक वर्ग हो ।

अब संस्कृतको त्यो "ज्या" शब्दसँग अपरिचित नेपाली साहित्यले Greek को समानार्थक Roman र अंग्रेजीको Geo का लागि थप शब्द खोज्नुपर्ने हुन्छ र Geology शब्द नेपाली भाषाका लागि अतिरिक्त शब्द बन्न पुग्छ जबकि संस्कृतका लागि त्यो ज्या शब्दकै तद्भव रूप मात्र हो ।

२. ऋग्वेदको सातौं, पाँचौं र प्रथम मण्डलमा प्रयुक्त हर्म्य शब्दको अर्थ विशाल महल, प्रासाद वा भवन हुन्छ । इस्लाम धर्ममा मुस्लिम महिलाहरूलाई बस्नका लागि harim बनाइएको हुन्थ्यो, पछि अर्थविस्तार हुँदै जाँदा त्यहाँ बस्ने नारीहरूलाई पनि Harim भन्न थालिएको थियो । हाल अंग्रेजीमा जसलाई harem भनिन्छ । Arabic भाषामा त्यसैलाई harim भनिन्छ । नेपाली साहित्यमा 'हर्म्य' शब्दको प्रयोग नै नभएकाले Harem वा Harim शब्द बुझ्न नेपाली साहित्य भन्दा एक खुड्किलो उक्लेर संस्कृतमा नपुगी सुखै छैन ।

३. ऋग्वेदमा प्रथम, द्वितीय र चतुर्थ मण्डलहरूमा बहुधा प्रयुक्त "दम" शब्दको अर्थ घर हुन्छ । त्यसैबाट Latin मा Domus, English मा Dome र German मा Dom शब्द घर अर्थमै प्रयुक्त छन् । उत्तरवर्ती संस्कृत साहित्यमै घर अर्थको दम शब्दको प्रयोग पाइँदैन । त्यसैले संस्कृतको सम्यक् ज्ञानविना नेपाली साहित्यको सतही ज्ञानले मात्र पाश्चात्य शब्द प्रयोगको यथार्थ तात्पर्यबोध हुन सक्दैन ।

४. ऋग्वेदको प्रथम मण्डल र यजुर्वेदको २५ औं अध्यायमा वर्णित "यूप" शब्दको प्रभाव स्वरूप Latin मा Jus, Old salvic मा Jucha, Old French मा Jus. English मा Juice शब्दको प्रयोग देखिन्छ । तर हिन्दी नेपालीमा यो शब्दको प्रचलन त्यति देखिँदैन ।

५. ऋग्वेदको प्रथम मण्डलमा बहुधा प्रयुक्त स्वसृ (स्वसर्) शब्दको Lithuanian मा Seuso, German मा Schwester, Dutch मा Zuster, Swedish मा Syster, Danish मा Soster/ English मा Sister आदि शब्दको प्रयोग पाइन्छ । यो शब्दको पाश्चात्य जगत्मा जति प्रयोग देखिएको छ त्यस मात्रामा पूर्वीय जगत्मा प्रभाव भेटिँदैन ।

६. ऋग्वेदको प्रथम र द्वितीय मण्डलमा बहुधा प्रयुक्त "ग्ना" शब्दको निरुक्तकारले 'गच्छन्ति एना (पुरुषाः)' निरुक्त ३।२१।२ भन्ने विग्रह गर्नुभएको छ । यसको अर्थ पुरुषहरू संसर्गको कामनाले जुन नारीसँग जान्छन् त्यस्ती संसर्ग सम्बन्धित नारीलाई ग्ना भनिएको छ । यसैबाट Greek मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Gune, German मा पनि Gune र English मा Gynae र यसैबाट Gynaecology शब्द बनेको छ। संसर्ग सम्बन्धित पुरुषमा हुने रोगलाई Ganeria भनिन्छ। "गना" शब्दको बोधविना पाश्चात्य संरचनाको स्पष्ट बोध सम्भव छैन।

७. यजुर्वेदको २९ औं अध्यायमा वर्णित "उरु" शब्दको अर्थ जांघ वा तिघ्रा हो। यसैको प्रभावस्वरूप Greek भाषामा जांघलाई eury भनिन्छ। जो संस्कृतको उरु शब्दसँग नजिक छ र यसैका आधारमा Zoology मा उरुपृष्ठ प्रजातिलाई Eurynotus, उरुपर्णप्रजातिलाई Euryphylla (Botany) उरुकटि वंशलाई Eury pygidae र उरुरोमप्रजातिलाई Euryćoma भनिन्छ। "उरु" शब्दको सम्यक् ज्ञानविना पाश्चात्य भाषाका यी शब्दहरूको बोध सम्भव हुँदैन।

यी केही नमुना शब्द मात्र हुन्, संस्कृतको प्रभावमा अङ्ग्रेजीमा रहेका अनेक शब्द छन्।

यी त केही प्रतिनिधि उदाहरणहरू मात्र हुन्। आज पाश्चात्य भाषामा विशेष गरी विज्ञान र प्रविधिले ल्याएका शब्दहरूसँग तदाकार गरी अफ्नो विशिष्ट पौरस्त्य वाङ्मयसँग समन्वय गर्न संस्कृत भाषाको ज्ञान नभई हुँदैन। तर आज नेपालका Boarding School हरूले अंग्रेजीमात्रै रटाएर सबै काम सिद्ध हुन्छ भन्ने भान दिइरहेका छन्। आज ती Boarding School मा आफैँ पुगेर अंग्रेजी साहित्यको पनि विशद ज्ञानका लागि संस्कृत साहित्यको अपरिहार्यता अब जयतु संस्कृतम् संस्थाले तार्किक ढङ्गबाट प्रस्तुत गर्नुपर्छ र यसका लागि १ पत्र नेपाली विषयमात्र पढाएर पुग्दैन भन्ने कुरा यथार्थ ढङ्गले राखिदिनुपर्छ। अंग्रेजी जान्नलाई अंग्रेजीमात्र पढाएर पुग्दैन। जसरी नेपाली साहित्यका विद्वान्हरू, साहित्यकारहरू र अन्य सर्जकहरू संस्कृत भाषाका प्रकाण्ड विद्वान् थिए त्यसैगरी बंगाली साहित्य, हिन्दी साहित्य मैथिली साहित्य, मराठी साहित्य आदि सबै साहित्य विकासमा संस्कृतकै योगदान रहेको छ। त्यसैगरी अंग्रेजी साहित्यको ज्ञानका लागि पनि संस्कृतको अपरिहार्यता छ भनेर हामीले आजका Boarding School लाई बुझाउन नसक्नु ठूलो कमजोरी रहेको छ।

संस्कृतको विश्वव्यापी : साँस्कृतिक प्रभाव

१.१. हामी नागको पूजा गर्छौं

नागको रङ्ग रातो-रातो सुन्तला रङ्गको हुन्छ। त्यसैले संस्कृतमा सुन्तलालाई नागरङ्ग भनिन्छ। यसैबाट नारङ्ग शब्दको विकास भएको पाइन्छ, जसको अर्थ सुन्तला नै हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सम रूपमा नेपाली साहित्यले पनि यसलाई स्वीकारेको छ। 'नृ" शब्दबाट अङ्गच् प्रत्यय लागी वृद्धि भएपछि नारङ्ग शब्दको निर्माण भएको पाइन्छ। पूर्वीय जगत्मा यसले विविध भाषाहरूमा प्रभाव पारेको छ।

नारङ्ग नागरंग (The Indian Materia medica, K M Nadkarn)

नारंग (Monier Williams) नारंगी (हिन्दी)

नारेंगा (बंगाली) नारंग (कन्नड)

नारङ्गाई (Cylon) मधुर नारन्ना (मलयालम)

नारिंग (मराठी) नारंगम (तामिल)

नारङ्गमु (तेलेगु)

यसैगरी पाश्चात्य जगत्मा पनि नारङ्ग शब्दको प्रभाव भेटिन्छ।

Narang (Arabic) Orenge (French) नारङ्ग Naranj (Spanish)

Organe (English) Narang (Persian)

फ्रेञ्च भाषामा प्रत्यक्ष रूपमा शब्दकोशमा नै Orenge शब्द राखिएको छैन तथापि दक्षिणपूर्वी फ्रान्समा सुन्तलाको व्यापारका लागि केन्द्रका रूपमा विकसित भएको एउटा ठाउँ छ र त्यसलाई नै Orenge शब्दले व्यवहार गरिएको प्रसिद्ध सोपपत्तिक व्याख्याता John Ayto ले आफ्नो पुस्तक word orgins को पृष्ठ सं ३७४ मा उल्लेख गर्नुभएको छ।

१.२. संस्कृत व्याकरणमा उक्ष् धातुको अर्थ अभिषेक गर्नु हो। मान्छे मरेको १२ दिनको दिन साँढे साँढी छोड्ने बेलामा गाई र गोरुको पुच्छर समातेर संकल्पपूर्वक अभिषेक गरिन्छ। दान गरेको गाई गोरुको पुच्छर समातेर वैतरिणी तरिन्छ भन्ने विश्वास रहेकैले यहाँ अभिषेक गरिएको हो। त्यसैले गोरु वा साँढेलाई संस्कृतमा उक्षन् भनिन्छ।

तर वैतरिणीमा विश्वास नगर्ने, साँढे साँढी नछाड्ने पाश्चात्य संस्कृतिका अनुयायीले पनि यो उक्षन् शब्दलाई कसरी ग्रहण गरेका छन् एकपटक हेरौं त

उक्षन्

Uksin (Indo European) Okhson (Old German)

Ochse (low German) Okse (Danish)

Oxe (Swedish) Ox (English)

Oss (Irish) Os (Dutch)

उक्ष् धातुबाट कनिन् प्रत्यय लागेर बनेको 'उक्षन्" शब्दमा रहेको नकारान्त पाठको क्रमसँगै संस्कृतमै पनि पछि नकार हेरेर "महोक्षः 'वृद्धोक्षः" आदि शब्दहरूको निर्माण भए जस्तै पाश्चात्य जगत्मा पनि Okse, Oxe, Ox जस्ता नकाररहित 'उक्ष" शब्दको अभ्यास गरिएको देखिन्छ। यस्ता अनगिन्ती उदाहरणहरु दिन सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत र अंग्रेजीको एकरूपता : व्याकरणात्मक कसौटीमा

मैले प्राचीन संस्कृत साहित्यमा समेत प्रयुक्त शब्दहरू पाश्चात्य भाषामा र विशेष गरी अङ्ग्रेजीमा कसरी अन्य ध्वनीमा समेत प्रयुक्त भएका छन् भन्ने केही उदाहरण संकलन गरेको छु ।

दान - Donate	सामान्य - Common
दमन - Dominate	समिति - Commmittee
वमन - Vomit	समूह - Commune
तान - Tone	द्वार - Door
न - No	

वर्तमान धर्मसभाका राष्ट्रिय अध्यक्ष डा. माधव भट्टराईज्यूले संस्कृत भाषामा साईचरित्रको बारेमा एउटा काव्य तयार गर्नुभएको छ । जसको नाम 'सत्यसाईचरितम्' राखिएको छ । तर पुस्तकको मुखपृष्ठमै 'सत्य' लाई रोमन लिपिमा लेख्दा 'sathya' यस्तो spelling लेख्नुभएको हो । किनकि दक्षिण भारतका धेरै भाषाहरूमा 'त्' को रोमन उच्चारण गर्दा 'तज' लेखिन्छ । अझ दक्षिण भारतमा सत्यको उच्चारण गर्दा 'सद्य' यस्तो हुनुपुग्छ । तर यो दक्षिण भारतमा मात्र नभएर संस्कृत शब्दलाई अङ्ग्रेजी भाषामा उच्चारण गर्दा पनि 'त्' ध्वनि कतै विकल्पले त कतै नित्य 'तज' स्वरमा परिवर्तन हुन्छ । जस्तै :

मातृ / मातर्	Mater / mother
भ्रातृ / भातर	Frather / brother
तत् - that	ते – they
त्वम् - thou	तनु – thin
पितर - Pater/Father	

संस्कृत व्याकरण अध्ययन गर्दा "उरण् रपरः" (पा.सू. १।१।५१) मा 'र' उच्चारण गर्दा र प्रत्याहारको बोध हुने भएकोले "कृष्ण ऋद्धिः" मा अर् गुण भई कृष्णर्द्धिः र 'तव लृकारः'मा अल् गुण भई तवल्कारः रुपसिद्धि गरिएको छ । अझ "रलयोरभेदः" यस नियम अनुसार रकार र लकारको अभेद सम्बन्ध मानिएको छ । त्यसैले संस्कृत शब्दहरूमा त्यही शब्द उही अर्थमा कतै 'र' ध्वनीयुक्त र कतै 'ल्' ध्वनीयुक्त प्रयोग गरिएका छन् । र दुवैलाई शिष्टप्रयोग मानिएको छ । जस्तै-

श्रथः	=	श्लथ
श्रीलः	=	श्लीलः
रोहित	=	लोहित

यहाँ यी सबै शब्द एउटै अर्थमा प्रयोग भएका छन् । यसलाई 'रलयोरभेदः' को प्रत्यक्ष उदाहरणका रूपमा मान्न सकिन्छ । यसै अनुरूप संस्कृत शब्दको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंग्रेजी उच्चचारणमा पनि कतै 'र्' को 'ल' र कतै 'ल' र कतै 'ल' को र गरिएको छ ।

संस्कृतको 'सप्ताह' शब्दलाई पनि हिन्दी भाषामा हफ्ता र नेपाली भाषामा हप्ता भनिन्छ । हाम्रै देशमा पनि जुम्लीहरू प्रायः 'स' लाई 'ह' उच्चारण गर्दछन् । यसरी संस्कृत शब्दमा स् ध्वनि ती भाषाहरूमा ह. मा परिवर्तन भए जस्तै अंग्रेजी भाषामा पनि 'स्' ध्वनिको कतै विकल्पले त कतै नित्य हत्व भएको छ । जस्तै :

सम - same /hom	सूर्य - Helio
षष् - six/hex/hexa	श्रु/श्रृ - hear
शत - cent/hector	सर्प - serpent /herpes

(ग) जश्त्व र चर्त्व

यस्तै संस्कृत साहित्यमा वर्गीय तृतीय अक्षर प्रथम अक्षरमा परिवर्तन हुने प्रक्रियालाई 'चर्त्व' भनिन्छ भने प्रथम अक्षर तृतीय अक्षरमा परिवर्तन हुने प्रक्रियालाई 'जश्त्व' भनिन्छ । जश्त्व र चर्त्व यी दुवै शब्द संस्कृत व्याकरणका पारिभाषिक शब्द हुन् ।

यसै अनुरुप गै- अयध, कोण - Gon (Trigonometry) जस्ता थुप्रै उदाहरणहरू यस प्रसङ्गमा फेला पर्दछन् । फरक यति हो कि संस्कृतमा जश्त्व र चर्त्व पदान्त वर्गहरूमा गरिन्छन् तर भाषान्तरको पक्षमा चाहि पदादिवर्णहरूमा पनि यो नियम लागु भएको देखिन्छ ।

भुर्ज - Birch (ज् को च् मा परिवर्तन)
स्फुलिङ्ग - spark (ग् को क् मा परिवर्तन)
गम् come -ग् को क् मा परिवर्तन
मरिचिका - mirage (च् को ज् मा परिवर्तन)
पुर (borough (प् को ब् मा परिवर्तन)
लंगुल : लङ्गर -anchor (ग् को क् मा परिवर्तन)

बंगाली भाषामा ठाकुर भन्ने श्रेष्ठ पदवी हो । आफ्ना स्वामी मालिकदेखि लिएर ईश्वरलाई समेत 'ठाकुर' भनिन्छ । रवीन्द्रनाथले बंगाली साहित्यमा पुऱ्याएको योगदानस्वरुप उनी सर्वत्र प्रसिद्ध भए । तर उनको नाम भन्दा पनि रवीन्द्रनाथ 'ठाकुर' को ठाकुर पदचाहि यति लोकप्रिय बन्यो कि अङ्ग्रेजहरूले यही 'क' लाई 'ग' ध्वनिमा परिवर्तन गरेर Tagore भन्न थाले ।

आफ्नो अध्ययनक्रममा 'भ्' अक्षर चाहिँ 'ब्' र 'फ्' दुवै ध्वनिमा परिवर्तन भएको पाएको छु । उदाहरणका लागि

भ् को ब् मा परिवर्तन भ् को 'फ' मा परिवर्तन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्रातर -brother	भूज्- birch	कुम्भ - cymbal
भ्रातर -frater	भीः -fear	भास्व -Phospho (Phophorus)

(घ) लोप र आगम

वर्णागम र वर्णलोप संस्कृत व्याकरणमा चलेको अर्को पद्धति हो । कुनै शब्द निर्माण गर्दा वर्णको आगम हुने र कुनै शब्दका निर्माण गर्दा वर्णलोप गरी इष्ट रुप सिद्ध गर्ने । प्रक्रिया आगम वा लोपप्रक्रिया हो । कुक् नुम् टुक् डुक, णुट् नुट्, सुट् जस्ता थुप्रै आगमहरूको विधान पाणिनीय व्याकरणमा गरिएको छ। साथै **हल्न्त्यम् षः प्रत्ययस्य, उपदेशे क जनुनासिक इत्** जस्ता थुप्रै सूत्रहरूको वर्णको इत् संज्ञा गरेपछि लोप हुने गर्दछ। संस्कृत भाषाबाट अङ्ग्रेजी भाषामा पनि यस्तै आदि वर्णलोप भएको देखिन्छ ।

(अ) आदि बर्णलोप भएका केही उदाहरणहरू

नारङ्ग - Orange	शोक - wpe
तैल - Oil	स्राव - rrhoea
हंस - Anser	अतः - thus
रुद्राक्ष - Utrasum	लङ्गुलः लङ्गर - anchor

आ) आदि वर्णागम भएका केही उदाहरणहरू

ओटज - cottage (c)	उप - hypo (h)
इतर - hetero (h)	उपरि - hyper (h)
अध - Batho (B)	रुप - Morpho (morning) (m)

वर्णविपर्यास

स्फोटज्ञानका लागि संस्कृतमा प्रशस्त चिन्तन गरिएका छन् । स्फोटलाई चित्स्वरूप, कुटस्थ र नित्य मानिएको छ। यसैगरी जुन क्रमले शब्दोच्चारण भएको छ वा चित्तका भित्तिमा ध्वनिजनित संस्कार परेको छ त्यही क्रमले ध्वनिरूप व्यञ्जनबाट स्फोटरूप आत्मा अभिव्याप्त हुन्छ भएको छ । त्यसैले सरो रस, नदी, दीनः इत्यादि पदहरूमा अभेद सम्भावना हुन सक्दैन । **(येन क्रमेण च चित्ते संस्कारस्तेनैव क्रमेण व्यञ्जकपरूषितता तस्येति स्वीकारान्न सरो रस इत्यनयोरविशेषः। वैयाकरणासिद्धान्तलघुमञ्जूषा)** किनकि "सर" मा सकारोत्तरवर्ति अकार, अकारोत्तरवर्ति अकार र रकारोत्तरवर्ति अकार रहेको छ सोही क्रमोत्तरवर्तिता रसमा पाइँदैन त्यसैले दुवैमा अभेदबोधको सम्भावना हुँदैन भनिएको हो । यसैले स्फोटज्ञानका लागि पौर्वाप बोधको पनि त्यतिकै अपरिहार्यता रहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत : केका लागि ?

(१) इस्लाम धर्म, समुदाय र संस्कृतिको ज्ञान र श्रीवृद्धिका लागि

संस्कृतको सम्बन्ध जिन्द अवेस्तासँग भएकाले इस्लाम सभ्यता पनि यससँग अन्तर्सम्बन्धित छ। जस्तै :

कोहल (संस्कृत) alcohol (अरेवियन) अल उपसर्गका साथ अङ्ग्रेजी प्रयोग, अलजजिरा, अलकायदा, अलविदा।

सत् (संस्कृत) -सच्च (पाली) - हक्क (अरेवियन) हकीकत (उर्दू)

हर्म्य (संस्कृत) - Harim (a house where muslim women are kept)

(२) गणित शिक्षाको ज्ञान र श्रीवृद्धिका लागि

कोण gon - pentagon , hexagon, (Trigonometry) corn-corner

चत्वार - square

विन्दु बुन्द - बूँदा - बूँद Punta (Spanish) point (English)

ऊन - Uni – Unitary Method

रिङ्ग - रिङ्गटा (रिङाउनु) Ring

स्फुर - sphere

मध्य - Med– median

एक - equa – equation

(३) विज्ञान अध्ययनका लागि संस्कृत

ग्ना - Gynae (Gyanaecology)

स्त्री - Oestro (British)

estro (American)

क्रम - chronology

पठ् - pedagogy

भण् - phonology

(४) पौरस्त्य वाङ्मयको ज्ञान र श्रीवृद्धिका लागि

पौरस्त्य वाङ्मयको अध्ययन संस्कृत वाङ्मयको अध्ययनबिना काँचो र अधूरो हुन्छ किनभने पौरस्त्य वाङ्मयको अथाह ज्ञानराशि संस्कृत भाषामा लिपिबद्ध छ।

(५) मातृभाषाको ज्ञान र श्रीवृद्धिका लागि

संस्कृत भाषा नेपालका जनजातिको पनि सम्पोषक भाषा हो। जस्तै :

कर्कट (संस्कृत)	काँकड (मेचे)
दधि (संस्कृत)	धौ (नेवारी)
अनड्वाह (संस्कृत)	डों (नेवारी)
क (संस्कृत)	क्यू (तामाङ)
देहली (संस्कृत)	दहिल (डोट्याली)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(६) पूर्वी एसियाली भाषाको ज्ञान र श्रीवृद्धिका लागि

पूर्वी एसियाली भाषासँग संस्कृतको सम्बन्धलाई भाषाविद् डा. माधव पोखेलले यसरी चित्रण गर्नुभएको छ :

अ. **कम्बोडियाली :** बक्कदा (कर्कट), कन (कण्ठ, काण्ड), कअ्थामुक (कथामुख) कप्प (कल्प, पालि कप्प), काबो (कर्पुर), काप (काव्य), कार्नइ (कारण), काका, काम, कार्य (काय)।

आ. **थाई :** सुथा (सुधा), कन्नोक (कनक), कुमुत (कुमुद), खनित (गणित), खनिका (गणिका), खन (गण), खोसना (घोषण), चतुबोत (चतुष्पद), चतुर छन्त्र (चन्द्र), छाइ (छायाँ)।

इ. **बर्माली :** कन्या, गदि (गति) कवि, कालनाग, काल (कला), केइथ (केश), गोरी (गौरी), महागिरी, दन (धन), करिया (क्रिया), गज, गोदम (गौतम), गिङगा (गङ्गा) सोय (चोर)।

ई. **मलय :** आचार, अगम, अल्प, अनेक, अङ्स (हंस), अङक अनियाय (अन्याय) अनुगेरह (अनुग्रह), आत्मा, बाहागिया (भाग्य) वहय (भय), वाहु, बक्ति (भक्ति) वङस (वंश)।

उ. **जाभाली :** सब्द (शब्द) सक (शक) समस्त, समाप्त, सयोग्य समस्त, समीप समोद्र (समुद)) सन्ता (सन्त), सप्त सपत (सपथ) सार्दुला (शार्दूल), सर्प, सर्कर (शर्करा), सस्र (सहस्र), सरिर (शरीर)।

ऊ. **इन्डोनेसियाली :** वासाहा (भापा), बाहाया (भय), दार्मा (धर्म) आदिपाति (अधिपति) आक्सारा (अक्षर) बक्ति (भक्ति) बुदिमान (बुद्धिमान) विवाहा (विवाह) वुमि (भूमि), कापुर (कर्पूर)।

ए. **मङगोलियाली :** कुर् (गुरु), पदसम्भो (पदसम्भव), लुङ्पिङ (लुम्विनी), आनान्त् (आनन्द), सुत्रा (सुत्र), तार्मा (धर्म), योक् (योग), तिव (देव), सास्त्रर् (शास्त्र), निर्वान् (निर्माण) पाद्मा (पद्म)।

ऐ. **लाओसी :** समाथि (समाधि) थम्प (धर्म, पालि, धम्म), आचाङ् (अचार्य), फुत् (बुद्ध) च्या (चक्र), सुत् (सूत्र), आनान (आनन्द), फुथि (बोधि), आतमा (आत्मा), अर्यन् (आर्य), थेवा (देव)।

ओ. **चिनियाँ :** फोथ्यो (बुद्ध), न्येफोन (निर्वाण), मोकथ्वो (मगध), फुथि (बोधि) प् च्यामुनि (शाक्यमुनि), च्यापिलो (कपिल), आल्वोथो (अर्हत्र) पन्ना (ध्यान), पिलिको (शारिपुत्र)।

औ. **जापानी :** आजारी (आचार्य), आमिदा (अमिताभ), बोदाइ (बोधि), दारुमा (धर्म) बोकुश्यु (भिक्षु), दारानी (धराणी), मोन्ज्यू (मञ्जुश्री), माया, नामु (नाम), नेहान् (निर्वाण), बारोमोन् (ब्राह्मण), कुश्या (कोश)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(७) पाश्चात्य धातुहरूको अर्थज्ञानका लागि

लोकृ लोचृ दर्शने - Look
भू सत्तायाम् - Be
अस् भूवि - Is (अग्नि-Igni)
दाण् दाने - Donate
दमु उपशमे - Donate
गृध - Greed (मा गृध कस्यस्विद्धनम्)
ईक्ष दर्शने - Examine
फुल्ल विकसने - Flourish

नेपालीका निजी विद्यालयहरू र संस्कृतहीनता

जयतु संस्कृतम् आन्दोलनले संस्कृत शिक्षामा आधुनिकीकरणको माग ज्वलन्त रूपमा उठायो जसको परिणामस्वरूप संस्कृतको आधुनिकीकरण केही मात्रामा गरियो पनि । तर दरबार स्कुल खोलिएकै बेलादेखि आधुनिक शिक्षामा संस्कृतीकरणको माग उठाउन सकेन । यसैको परिणतिस्वरूप भएका संस्कृत संस्थाहरू पनि तीव्र आधुनिकीकरणको चपेटामा परे भने आधुनिक शैक्षिक संस्थाले संस्कृतको महत्त्व बुझ्ने अवसर नै पाएनन् । फलस्वरूप नेपालको शिक्षामा संस्कृत दिनानुदिन ह्रासोन्मुख हुँदै गयो ।

एकपटक २०४७/०४८ सालतिर नेपालका केही संस्कृतविद् संस्कृतको अनिवार्यताका लागि लागे र त्यो बेलामा करिब ७५ जना संसदको हस्ताक्षर गरे तर त्यो सब बेकार भयो जब राजनीतिक दबाबका कारण मदन भण्डारी लगायतका नेताहरूले आफ्नो त्यो हस्ताक्षर फिर्ता लिएको घोषणा गरे ।

त्यसैले अब सरकारी तवरबाट परिवर्तन नखोजेर संस्कृतप्रेमीहरूले निजी विद्यालयहरूबाट परिवर्तनको प्रयास गर्नुपर्छ । आज साँचो मनले भन्ने हो भने जयतु संस्कृतम्ले खोजेका संस्कृतविद्का लागि पढाउने स्कुलको मोडेल नै नेपालमा छैन । कि त एकोहोरो संस्कृत पाराका स्कूल छन् कि त एकोहोरो अङ्ग्रेजी पाराका ।

नेपालीहरूको ठूलो भूल

अङ्ग्रेजी शिक्षालाई संस्कृत शिक्षाको प्रतिरोधी मान्नु नेपालका संस्कृतविद्हरूको अर्को अक्षम्य भूल हो । यहाँका संस्कृतविद्हरूले अङ्ग्रेजी शिक्षालाई संस्कृत शिक्षाको विरोधी शिक्षाका रूपमा मान्छन् त्यसैले वेद विद्याश्रमहरूमा अंग्रेजी भाषालाई पूर्णतः तिरस्कार गरिएको छ । तर यो बाटोले पनि संस्कृतज्ञलाई कुपमण्डूकतावाट माथि उठाउन सकेको छैन ।

वास्तवमा भाषिक रूपमा भन्नुपर्दा कुनै पनि भाषा विशेष संस्कृतका लागि इष्ट र अनिष्ट छैनन् र हुँदैनन् पनि र फेरि नेपालका वेद विद्याश्रममा अध्ययन गर्ने विद्यार्थीहरू भाषान्तर पक्षलाई बुझ्दै नबुझी केवल दौरा, सुरुवाल र पटुकी कसेर अर्थै नबुझी वेद घोकिरहून् भन्ने आग्रह बोक्नु पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यति उपयुक्त हुँदैन । त्यसैले अंग्रेजीलाई 'म्लेच्छको भाषा' भनेर दोपारोपण गर्दै संस्कृतमात्र पढ्ने मूढाग्रह बोक्ने हो भने नेपालमा संस्कृतको स्थिति योभन्दा झन् खस्कने छ भन्ने विचारले ती पक्षलाई झक्झक्याउन पनि मैले यो कार्यपत्र लेखेको हूँ ।

साथसाथै अंग्रेजी मात्र पढ्नेहरूमा पनि एक किसिमको एकाङ्गी दम्भ पलाएको देखिन्छ त्यो के भने 'आधुनिक जमानामा अंग्रेजीले सबै काम चलेकै छ, अंग्रेजी जान्नलाई संस्कृतको आवश्यकता के छ र ? संस्कृत पढ्ने त नेपाली वा हिन्दी जान्नलाई पो हो त, भन्ने भ्रान्त धारणा नेपाली विद्वान्हरूमा प्रशस्त पाइन्छ । त्यसैले English boarding school मा संस्कृतलाई तिरोहित गरिएको छ । यही भ्रान्त धारणाको प्रभावमा आएर नेपालका शिक्षाविद्हरूले पनि संस्कृतलाई साधारण शिक्षातर्फको एसएलसीबाटै हटाइदिएका छन् । नेपालका शिक्षाविद्हरूमा पनि जकडिएर रहेको यो बौद्धिक जडतालाई चिर्नु आजको पहिलो आवश्यकता हो ।

लिनुपर्ने भावी रणनीति

अब जे हुनु भइसक्यो । संस्कृत र अंग्रेजी शिक्षाका नाममा जुन विभेद निम्त्याइयो त्यो निम्ति सक्यो । अब 'जयतु संस्कृतम्' ले एउटा ठूलै शैक्षिक क्रान्ति गर्नुपर्ने बेला भएको छ संस्कृत र अंग्रेजीका नाममा स्थापित विभेदको अन्त्यका लागि ।

त्यसैले स्थापित English Boarding School हरू मध्ये प्रारम्भमा कम्तीमा एउटा स्कुल चयन गर्ने र त्यहाँ १ देखि १२ कक्षासम्म संस्कृत पढाउने व्यवस्था मिलाउने । त्यहाँ संस्कृतको पाठ्यक्रम बनाउँदा पनि समज्ञाति शब्दहरू (Cognitive Words) को बढी प्रयोग गर्नुपर्दछ । यस्तो पाठ्यक्रम Boarding का विद्यार्थीहरूका लागि विशेष लाभप्रद हुने गर्दछ ।

पछि यसै अभियानलाई देशव्यापी बनाउने र प्रत्येक जिल्लाबाट एक एकवटा Boarding School वा निजी विद्यालयलाई यो अभियानमा समेट्नुपर्दछ । जिल्ला जिल्लामा रहेका तर Boarding School मा नै आफ्ना बालबच्चा पठाउन चाहने संस्कृत प्रेमीहरूलाई ती ती विद्यालयमा पढाउन जयतु संस्कृतम्ले सार्वजनिक आह्वान गर्नुपर्दछ । यसो गरेमा संस्कृतप्रति आकर्षण बढ्न गई अरू विद्यालयले पनि त्यसतर्फ सोच्न थालेछन् । त्यसपछि सरकार पनि यसतर्फ सोच्न बाध्य हुनेछ । यति गृहकार्य नगरिकन पहिले नै सरकारलाई गुहार्न पुगेमा त्यसलाई सरकारले जयतु संस्कृतम्को रुन्चे गुनासोको रूपमा बुझ्नेछ जुन हामी सबैका लागि लज्जास्पद अवस्था हो । यो अभियानबाट नेपालमा संस्कृतको अर्कै माहोल सिर्जना भई संस्कृत अध्ययनबाट साँचो अर्थमा 'कौमुदी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

च जगन्माता ऽमरकोशो जगत्पिता' सिद्ध हुनेछ। तर के "जयतु संस्कृतम्" अब एउटा शैक्षिक क्रान्तिमा पनि लाग्ला ? लागेर पनि सफल हुन कोसिस गर्ला ? या २००४ सालको इतिहास देखाएर हिँड्ने एक अतीतजीवीको समूह मात्र भएर रहला ? इतिहासको यो ज्वलन्त प्रश्न 'जयतु संस्कतम्' का सबै सदस्यका लागि हालसम्म अनुत्तरित नै भएर रहेको छ।

यदि 'जयतु संस्कृतम्' ले संस्कृत र अंग्रेजी शिक्षाबीचको विभेद हटाएर साँच्चै शैक्षिक क्रान्ति गर्न प्रारम्भ गरेमा यसप्रति संस्कृत र अंग्रेजी दुवैतिरका विज्ञ तथा शिक्षासेवीको सहयोग जरुरी हुन्छ र त्यस्तो सहयोगका लागि म सबैसँग हार्दिक अनुरोध गर्दछु।

किमधिकं विद्वन्मूर्धन्येषु

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चार्वाक दर्शन : सन्दर्भ सूत्र र भावानुवाद

✍ प्रा.रेवतीरमण खनाल

हरेक विचार वा दर्शनको पक्षविपक्षमा मत हुनु स्वाभाविक छ। वैदिक तथा उपनिषत्कालदेखि आस्तिक दर्शनको विकास हुँदै आएको छ भने त्यसको अर्को पक्षमा नास्तिक विचार, सिद्धान्त वा दर्शनको त्यसै वेलादेखि प्रादुर्भाव हुनु पनि स्वाभाविक छ। त्यसैले उपनिषत्काल अघिदेखि नै चार्वाक दर्शन वा लोकायत विचार र सिद्धान्त समाजमा विकसित हुँदै आएको हो। आस्तिक दर्शनका विद्वान्हरू ईश्वर, वेद, उपनिषद्का उपासक तथा आध्यात्मिक प्रत्ययवादी चिन्तक थिए भने चार्वाक वा लोकायत मतका विचारकहरू नास्तिक र भौतिकवादी थिए। भौतिकवादको मुख्य सिद्धान्त नै द्वन्द्वात्मक छ र हरेक कुराको पक्षऽविपक्षमा विचारको द्वन्द्व हुन्छ भन्ने मान्दछ। पूर्वीय दर्शनमा पनि विचारमा यस्तै भिन्नता भएकाले दर्शनशास्त्रहरू आस्तिक र नास्तिक दुई खेमामा बाँडिएका छन्।

वैशेषिक, न्याय, मीमांसा, योग, साङ्ख्य र वेदान्त यी छ ओटा दर्शनलाई आस्तिक दर्शन भनिन्छ। त्यस्तै नास्तिकमा पनि चार्वाक, बौद्धका चार प्रकार र जैन दर्शन गरी छ ओटा छन्। नास्तिक दर्शनमा परलोक नमान्ने, वेदलाई अपौरुषेय नमान्ने वा निन्दा गर्ने र ईश्वर नमान्ने मध्ये जुन भए पनि नास्तिक मानिएको छ। त्यसमा यी सबै कुरा नमान्ने चार्वाक वा लोकायत दर्शनका विषयमा अध्ययन गर्ने मेरो इच्छा धेरै पहिलेदेखि थियो तर समय मिलेको थिएन। विद्यार्थी अवस्थामा 'तर्कसङ्ग्रह' पढे पनि दर्शन शुष्क र कठिन विषय मानी व्युत्पन्न विद्यार्थीले मात्र दर्शनशास्त्र पढ्ने गर्दथे। नेपालका नाम चलेका विद्वान्हरूमा पण्डितराज सोमनाथ सिग्देल, पद्मप्रसाद भट्टराई, गङ्गाधर पराजुली, डा. हरदेव मिश्र, बडागुरुज्यू जूननाथ पण्डित र बडागुरुज्यू अम्बिकाप्रसाद अधिकारी दर्शनशास्त्रका विद्वान् थिए।

धेरैपछि कानुन पढ्नुपर्ने भयो, कानुन पढेर पढाउन थाले पछि मलाई दर्शनशास्त्र र कानुन पढेको वकील र धर्मशास्त्र र दर्शनशास्त्र पढेको मानिस न्यायाधीश हुने हो भने कानुनको क्षेत्रमा धेरै विकास गर्न सकिने लाग्यो। मेरा समकालीन मित्रहरूले दर्शनशास्त्रका विद्वान् विद्यानाथ उपाध्याय र गोपीनाथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दवाडीहरूलाई कानुन पढेर कानुनी क्षेत्रमा मिलेर काम गर्न आग्रह गरेका पनि थिए[३७]। किनभने, कानुनको न्याय-निसाफ, दण्डविधान र दर्शनशास्त्रको सत्य-निरूपण-प्रक्रिया, बौद्धिक चिन्तन, तर्कप्रधानता अनि प्रत्यक्ष-प्रमाण-मूलक हुँदा मिल्दो-जुल्दो छ। यसैले त्यस्ता कानुन, न्यायशास्त्र र धर्मशास्त्रका विद्वान्‌वाट कानुनका क्षेत्रको विकासमा सहयोग पुऱ्याउने मेरो मनसाय पूरा हुन पाएन।

मलाई अवकाशको समयमा दर्शनशास्त्र पंढ्ने इच्छा जाग्यो। पूर्वीय दर्शनका केही पुस्तक पढेपछि चार्वाक दर्शनलाई लिएर अरू दर्शनकारले खण्डनको निमित्त पूर्वपक्षका रूपमा लेखेका प्रायः उस्तै कुराहरू हेर्ने पढ्ने अवसर मिल्यो तर चार्वाक दर्शनको मूल सूत्र वा भाष्य पढ्ने इच्छा पूरा हुन पाएन। यो दर्शन उपनिषत्काल अघिदेखि नै विकास भएको र लोकमा फैलिएकाले 'लोकायत' दर्शनको नामले पनि प्रचलित रहेको रहेछ, अनुसन्धान गर्दै जाँदा साङ्ख्य-दार्शनिक कपिल मुनि (ई.पू.५०० तिर)-ले साङ्ख्य-दर्शनमा सूत्रग्रन्थ लेखेका रहेछन्, तीमध्ये ईश्वर-असिद्धिमा छ र वेद नाशवान् र अनित्य छ भन्ने विषयमा दुई सूत्र गरी आठ सूत्र प्राप्त भए। न्यायदर्शनका सूत्रकार गौतम (ई.पू.२००-३००)-ले जसको उत्पत्ति हुन्छ त्यसको नाश पनि हुन्छ नाश हुने वस्तु नित्य हुँदैन अतः वेद ब्रह्माबाट उत्पन्न भएकाले नाशवान् र अनित्य छ भनेका छन्। जैमिनि (ई.पू.३००)-ले मीमांसादर्शनमा वेद अनादि होइन र नित्य पनि छैन भनेका छन्। पतञ्जलि (द्वितीय शताब्दीका- व्याकरणकार'ले 'पातञ्जल महाभाष्य' तथा बौद्धशास्त्रीय पुस्तक 'दिव्यावदान-मा लोकायत-भाष्य-प्रवचनम्' भनी उल्लेख गरेका छन्। यसरी लोकायतको भाष्यग्रन्थ भएपछि सूत्रग्रन्थ हुनैपर्छ नत्र केमा भाष्य लेख्ने ? यसरी उपनिषत्कालदेखि द्वितीय शताब्दीसम्म चार्वाक दर्शन लोकमा फैलिइसकेकाले लोकायत भाष्यसमेत बनिसकेको स्पष्ट हुन्छ। लोकायतको व्युत्पत्ति 'लोके आयतम्' लोकमा फैलिएको भन्ने हुन्छ। यस दर्शनमा अरू दर्शनजस्तो चिन्तन मननमा धेरै समय लगाउनु नपर्ने र सरल हुँदा चाँडै नै जनतामा फैलियो।

यस्तो अवस्थामा आदि शङ्कराचार्य (सातौँ शताब्दी) को उदय भयो। उनले सानै उमेरमा ब्रह्मसूत्र आदिको शाङ्करभाष्य लगायत वेदान्त दर्शनमा अनेक कृति लेखेर चार्वाक (लोकायत) मतको खण्डन गरे। चारै दिशामा आफ्ना शिष्यमण्डली पठाएर नास्तिक दर्शनको विरोध गरी आस्तिक दर्शनको पक्षपोषण गर्दै नास्तिक दर्शनलाई समाप्त गर्न मरिमेटेर लागे र चार्वाक दर्शनका कृतिहरू पनि नष्ट गरिए। श्रीकृष्ण मिश्र (एघारौँ शताब्दी)-ले प्रबोधचन्द्रोदयमा चार्वाक दर्शनका विषयमा निकै उल्लेख गरेका छन्। श्रीहर्ष (बाह्रौँ शताब्दी)-ले नैषधीयचरितमा चार्वाक मतको "अर्थकामौ पुरुषार्थौ"-को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयमा निकै लेखेका छन् । माधवाचार्य (चौधौँ शताब्दी)-ले सर्वदर्शन सङ्ग्रहमा चार्वाक दर्शनको सकारात्मक रूपमा नरम भएर लेखेका छन् । यसरी उपनिषत्कालदेखि अनेक विरोध हुँदाहुँदै पनि आजसम्म जीवित एवं प्रमुख दर्शनमध्ये एक भएर रहेकाले पनि चार्वाक दर्शन पढ्ने उत्सुकता बढेको हो ।

मैक्स मूलरहरूले पूर्वकालमै वेदहरूको जर्मन-भाषामा अनुवाद गरी पढेकाले चार्वाक दर्शन पनि लगेर पढे होलान् । युरोप र पछि अमेरिकासम्म यसको प्रचार-प्रसार भयो होला । वेदजस्तै यसका अनुवाद-प्रति पनि पाइन्छन् कि भन्ने विचारले मैले बेलायत, जर्मनी र अमेरिकाका केही राज्यमा पनि यसको खोजी प्रयास गरेँ । पुस्तक छन्/छैनन् थाहा नपाए पनि व्यवहारमा धेरै लागू भएको पाएँ ।

पूर्वका हरेक दर्शनका पछाडि कुनै न कुनै धार्मिक सम्प्रदाय रहेको छ । तिनै धार्मिक समूह वा व्यक्तिले स्वर्गको आशा र नरकको भय देखाएर सिधा सादा जनतालाई आफ्नो पक्षमा पारी शोषण गरे । धर्मलाई आफ्नो फाइदाका लागि एउटा नशाका रूपमा प्रयोग गरे भनेर विरोध गरी अनीश्वरवादी नास्तिक भौतिकवादीका रूपमा पूर्वमा चार्वाकहरूले आस्तिकहरूको आस्थाको विरोधमा विद्रोह गरी नयाँ विचार चार्वाक दर्शन प्रतिपादन गरे । युरोपमा पनि मध्ययुगसम्म धर्म र ईश्वरको नाममा शक्ति-सञ्चय गरी पोपहरूले स्वर्ग जाने टिकट समेत काट्ने गरे । धार्मिक क्षेत्रमा शक्तिशाली भएका पोपले राजालाई आदेश दिने, नमाने राजा हटाई राजाको स्थान आफैं लिने प्रयास गरेपछि राजा र पोपका बीचमा अनेक सङ्घर्ष भए । अनि पोपहरू बिस्तारै राजाबाट हटाइएपछि भेटिकन सिटीमा आफ्नो राज्य बनाई बसे । त्यही सिटीमा धर्मको नाममा राज गर्ने भए । अन्तमा पोप र विशपहरू चर्च, गिर्जा-घरमा सीमित भएपछि राजाहरू शक्तिशाली भए । ती राजाहरूले पनि शक्तिको दुरुपयोग गरेकाले क्रमशः धेरै राजतन्त्र समाप्त भए । धर्मको विरोधबाट त्यहाँका विचारकहरूले पनि चार्वाक दर्शनलाई आफ्नो समाज-अनुकूल बनाई लागू गरेको पाइन्छ । पूर्वमा सुशिक्षित चार्वाक दर्शनले जस्तै पश्चिमका भौतिकवादीहरूले चार्वाक-सिद्धान्तलाई केही परिमार्जित रूपमा लागू गरेको कुरा उनीहरूको व्यवहारले देखाउँछ । उदाहरणका लागि- पश्चिमी समाजमा ईश्वर मानिन्छ । अमेरिकाले त आफ्नो मुद्रामा 'In God we trust' **'ईश्वरमा हामी विश्वास गर्छौं'** भन्ने वाक्य लेखेर ईश्वरप्रति विश्वास भएको घोषणा नै गरेको छ ।[३८] युरोपमा पनि बेलायतको राजतन्त्रले आफूलाई **'धर्मको संरक्षक'** भनी घोषणा गरेको छ । स्विडेनको राजतन्त्रले पनि धर्म मान्नुपर्ने र मानिआएको चर्चको धर्म छोडेमा राजगद्दी उत्तराधिकार पनि छोड्नुपर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्था गरेको छ। त्यस्तै अन्यत्र प्रचलित राजतन्त्र पनि धर्मसँग सम्बन्धित छन्। आम जनतामा पनि ईश्वरप्रति आस्था छ। आपत् परेका वेलामा ईश्वर सम्झने, प्रार्थना गर्ने चलन पश्चिमी समाजमा पनि छ। विश्वकपमा भाग लिने धेरै देशका युवा खेलाडीले पनि खेल जित्न ईश्वरलाई सम्झेर प्रार्थना गर्छन्। पश्चिममा पूर्वका पण्डाहरूले झैँ धर्मका नाममा अन्धविश्वासको डर र परलोकको आशा देखाएर शोषण गर्न पाइँदैन। माग्न पनि आफ्नो कला देखाएर माग्नुपर्छ। पश्चिमाहरू पनि अत्यधिक मात्रामा ईश्वर मान्ने हुँदा आस्तिकमै पर्दछन्।

समाजअनुसार चल्नेलाई गतिशील भनिन्छ। चार्वाकहरू गतिशील र लोकभावनाअनुसार लोक सम्मति हेरी चल्ने हुँदा तिनीहरूको मतलाई लोकायत भनिएको हो। चार्वाक शब्दको व्युत्पत्ति नै मीठो बोली, वचन भएकाहरूको विचार भएकाले सुन्दा मीठो र व्यवहार गर्दा सजिलो छ। भौतिकवादीहरू प्रत्यक्ष नहुने अनुमान र अन्ध विश्वासमा आधारित कुरा मान्दैनन् र त्यस्ता कुरामा विचार र छलफल गरेर समय बिताउन चाहँदैनन्। भारतीय वा पूर्वीय दर्शनमा नीलाम्बर सम्प्रदायको "खाओ पिओ र मोज गर! **बितेको कुरा फर्कंदैन, समय छँदै खाने पिउने र मोज गर्ने कुरा गरेनौ भने पछि पश्चात्ताप मात्र हुन्छ !**" भन्ने आदर्श थियो। समाजमा विकृति आएर अशान्ति र झैं-झगडा बढेकाले राजा भोजले यस सम्प्रदायलाई बन्द गराएका थिए।[३९] (संस्कृत साहित्यमा कवि राजा भोजको 'भोज प्रबन्ध' प्रसिद्ध छ।)

पश्चिमका मानिसले चार्वाक दर्शनलाई सुधार गरी अपनाए। **'सुखवादी'** चार्वाकहरू दुई थरी थिए- सुशिक्षित र धूर्त। यी दुवै थरीबीच अन्तर्विरोध रहिआएको थियो। धूर्त चार्वाकहरू स्वेच्छाचारी, कामाचारी र अश्लील कुरालाई बढावा दिन्थे। यस्ता निराशावादीहरू जीवनमा आफूमात्र आनन्दी हुने कुरा सोच्थे र लागू पदार्थ सेवन गरी झुम्मिएर बस्ने, फाटे टालेका लुगा लगाउने गरी आफूलाई **'हिप्पी'** (आनन्दी) भनाउन थाले। यस व्यवहारले समाजको शान्ति- सुव्यवस्थामा खराब असर पारेकाले त्यो त्याज्य थियो। सुशिक्षित चार्वाकहरू धर्मको सट्टा नैतिकता, इमानदारी, सच्चरित्र र मानव-अधिकार जस्ता कुरामा जोड दिएर समाज सुधार गर्न सकिन्छ र आफू पनि सुख-शान्तिसूग जीवन बिताउन सकिन्छ भन्नेमा लागे।

पश्चिममा पनि चार्वाकको **"यावज्जीवेत् सुखं जीवेद् ऋणं कृत्वा घृतं पिबेत्"** बाँचुञ्जेल सुखपूर्वक बाँच, सुख सुविधा पाउन ऋण गरेर भए पनि मीठो खाऊ, राम्रो लगाऊ, मोज गर, भन्ने सुखवादी सोच पूर्ण रूपमा लागू गरे। छोराछोरी जन्मेपछि कतिपय देशमा बच्चालाई भत्ता र निःशुल्क शिक्षा-दीक्षाको व्यवस्था छ। बालगृहमा बच्चा हेर्ने पढाउने व्यवस्था पनि छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबुआमा पनि बालक १८ वर्ष नपुगेसम्म मात्र पालन-तालन र शिक्षा दिनमा जिम्मेवार छन्। त्यसपछि आफै बालक समर्थ हुन्छ। बाबुआमाले पिर लिन पर्दैन। छोरा-नातिलाई सम्पत्ति कमाइदिन पर्दैन। औषधि-उपचार सरकारले नै गरिदिन्छ। किस्तावन्दीमा ऋण लिएर घर, मोटर आदि किनेर निस्फिक्री जीवन बिताउन पाइन्छ। पाँच दिन दत्तचित्त भएर इमानदारीसाथ काम गर, दुई दिन आनन्दसँग 'खाओ, पिओ, मोज गर' भनेझैं आनन्द गर। आफूले लिएको ऋण किस्तावन्दीमा आफैले तिर, त्यसमा पत्नी छोराछोरी जवाफदेही छैनन्। ऋण बाँकी रहे सरकारले घाटा सहन्छ, जीवनपछि सम्पत्ति बाकी रहे सरकारले लान्छ। चर्च वा कल्याणकारी काममा दिने वा इच्छापत्र गर्ने चलन पनि छ।

धेरैले ईश्वर त मान्छन् तर पूर्ण भक्त भएर त्यसमा लिप्त हुँदैनन्। धर्म पनि मान्छन् तर धर्मको नाममा अन्धविश्वासी भएर स्वर्ग र नरकको कुरा गरी अर्काबाट पैसा खाएर जीविका गर्न प्रोत्साहन गर्दैनन्। मरेपछि पुनर्जन्म हुन्छ भन्नेमा विश्वास गर्दैनन्। "अर्थकामौ पुरुषार्थौ" भन्ने कुरा पूर्व पश्चिम जहाँसुकै लागू भएकै छ। धन भए सबै कुरा हुन्छ। सबै धन कमाउनमा व्यस्त छन्। कामाचार पनि प्राणीमात्रमा हुन्छ। त्यसमा मानिस बुद्धिजीवीसमेत हुँदा समाजमा विकृति नआउने गरी इच्छा भएकासँग वैवाहिक दाम्पत्य सम्बन्ध राख्ने, इच्छा नभए सम्बन्ध विच्छेद गर्ने र अर्कोसँग विवाह गर्ने, एकैपटक बहुपत्नी वा बहुपुरुषसूगै नबस्ने, विवाह नगरी बस्नेले स्वीकृत वेश्यालयबाट कामवासना पूर्ति गर्ने र समाजमा सौता-सौती, जार र साधुको जस्तो अशान्तिको व्यवहार नगर्ने, कानुनले शासन गर्ने, नियम कानुनको अधीनमा सबै बस्ने, धर्मको भय होइन दण्डको भयद्वारा समाजमा अनुशासन कायम गर्ने नीति युरोप र अमेरिकामा लोकव्यवहार भएको छ र **"भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः"** पनि ती मुलुकको समाजमा धेरै चलेको छ। यस्ता सुशिक्षित चार्वाक हुन् किनभने युरोप र अमेरिका लगायत धेरै देशका जनता भौतिकवादी छन्। पूर्वीय आर्थिक तथा राजनीतिक विचारक चाणक्यले आस्तिकवादी तथा पुँजीवादी आर्थिक तथा राजनीति सिद्धान्त **"कौटिलीय-अर्थशास्त्र"** दिएका थिए भने पश्चिमी द्वन्द्वात्मक भौतिकवादी जर्मन दार्शनिक कार्ल मार्क्सले युरोपमा चार्वाकको **"अर्थकामौ पुरुषार्थौ"** मध्ये आर्थिक पुरुषार्थलाई लोकसम्म पुऱ्याउने मार्गदर्शन पूँजी (दासक्यापिटल) मार्फत जनतामा जागरण ल्याए। उनी सुशिक्षित चार्वाक-आर्थिक पुरुषार्थको सिद्धान्तका प्रतिपादक थिए। उनले परम्परागत समाजमा आर्थिक तथा राजनीतिक रूपमा क्रान्तिकारी विचार जनतामा पुऱ्याए। अर्का विकासवादी भौतिकवादी विचारक हुन् डार्विन। उनले आफ्नो सिद्धान्तमा बाँदरबाट विकसित भएर मानिस बनेको हो भनेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । उनको भनाइ सत्य भएको भए अब संसारमा पुच्छर नभएको बाँदर 'एप' जाति नहुनु पर्ने हो किनभने ती 'एप' बाँदर त मान्छे भइसके तर त्यस्तो छैन । अहिले पनि संसारमा पुच्छर नभएको बाँदर कायमै हुँदा डार्विनको सिद्धान्त स्वतः खण्डित हुन्छ तर पनि भौतिकवादीहरू यस्ता विचारका समर्थक छन् ।

विज्ञानका क्षेत्रमा भएका भौतिक विकासले आज संसारको एक कुनामा भएको नयाँ आकर्षक आविष्कारको प्रभाव सर्वत्र तुरुन्त फैलिन्छ । भौतिक सुखबाट मानिस प्रभावित हुन्छन् । यस्तो अवस्थामा कुनै न कुनै आस्तिक दर्शनका अनुयायीले अनुसरण गरेका पुराणका कथाहरूमा सगर राजाका साठीहजार छोरा कपिल मुनिको रिसको अग्निद्वारा भस्म भए वा भगीरथ राजाले दसहजार वर्ष तपस्या गरेर भागीरथी गङ्गा स्वर्गबाट ल्याए अथवा अत्यन्त पापी अजामिलले मर्ने बेलामा आफ्नो छोरा नारायणलाई बोलाएकाले अर्थात् मर्ने बेलामा विष्णुको नाम उच्चारण गरेकाले देवदूतहरूले स्वर्ग लगे जस्ता पत्याउनै नसकिने कथा भनेर विज्ञानवादी मानिस अन्धभक्त हुन कठिन छ । त्यसैले चार्वाक वा लोकायत विचारलाई परास्त गर्न त्यस्ता कुरामा सुधार हुनु आवश्यक छ । आस्तिकहरूमा **वेदवाक्यं प्रमाणम्** भनेजस्तै ती कथा पुराणका त्यस्ता कुरा बदलिन सक्तैनन् तर नयाँ रूपमा व्याख्या गरी श्रोतालाई विश्वास दिलाउन सकेमात्र बचाउन सकिन्छ नत्र प्रत्येक दिन लोकायत मतको विस्तार रोक्न कठिन छ । आजका जनता सचेत र वैज्ञानिक भौतिकवादका प्रभावमा परिसकेका छन् त्यसैले किस्ताबन्दीमा ऋण लिएर मोटर, बङ्गला आदि किनेर सुख भोग गर्न अग्रसर छन् ।

भौतिकवादीले अध्यात्मवादीले जस्तो अनिश्चित परलोक, स्वर्ग, नरक तथा धर्मका विषयमा अनेक चिन्तन र तर्क-वितर्क गर्दैनन् । तर, यस लोकका विषयहरूमा अनेकौं तर्क/वितर्क, अन्वेषण/अनुसन्धान र खोज गरी नयाँनयाँ विचार आविष्कार गर्छन् त्यसैले भौतिकवादी विचारले यस युगका जनतामा प्रभाव जमाउँदै लगेको हो । चार्वाकहरूमा दया र करुणाको मात्रा कम हुन्छ र मनमा शान्ति हुँदैन भन्ने अध्यात्मवादीहरूको भनाइ छ । जे भए पनि चार्वाक दर्शनका विषयमा पाएसम्म बृहस्पतिद्वारा प्रतिपादित बार्हस्पत्य सूत्र र अन्य दार्शनिकहरूले उल्लेख गरेका सूत्र तथा उनीहरूका विचार थाहा पाउन सजिलो होस् भनी अन्य ग्रन्थबाट पनि सन्दर्भ सूत्र सङ्कलन गरी त्यसको अनुवाद यहां प्रस्तुत गर्ने प्रयास गरेको छु । बाँकी मूल्याङ्कन त विद्वान् पाठकहरूबाट हुने नै छ ।

(यस कार्यपत्रको पूर्ण अंश जयतु संस्कृतम् कै प्रकाशन चार्वाक दर्शनमा समावेश गरिएको छ ।)

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

CULTURE AND IDENTITY IN SOUTH ASIA

✍ Mohan Raj Gouli
Faculty of Nepal Sanskrit University

The crisis of South Asian Culture, in relation to identity, expresses in many levels. Here are two levels, which are easily recognized. At the level of national culture, there is apprehension or feeling of uncertainty and loss, arising from the swamping of distinctive cultural practices and form by commodified international culture (as produced in cultural factories like Hollywood and Bollywood). As a result, uniqueness of nation through tradition, folk lore and high culture all seem slipping away. At this critical point, intellectual and government try to resist this kind of cultural import. And second level relates to the supposed threat to national culture from imported ethnic culture. Dress codes imposed by males in Islamic nation is one of such examples.

To begin with, we are fortunately or unfortunately affected by globalization. Fortunate in the sense that we are very close to understand each other because globalization has completely broken the distance between us. Unfortunate in the sense that our identity is in the process of vanishing day by day. Here, it is clear that globalization is not only an economic matter but it has significant role to the issues of cultural meanings. In this regard, Chris Barker argues:

> Globalization is not just an economic matter but it is concerned with issues of cultural meaning. While the values and meanings attached to place remain significant, we are increasingly involved in networks which extend to far beyond our immediate physical locations. We are not of course part of a world state or unitary world culture, but we can identify global cultural processes of cultural integration and disintegration, which are independent of inter-state relations. (113)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Owing to globalization, remote and different cultures have become accessible as signs and commodities. Television, radios, films, supermarkets and shopping centers have obviously affected our day to day life and we naturally tend to adopt the foreign cultures. This is the age, which is influenced by worldwide cultural transactions for twenty-four hours a day. And these transactions are conducted by capable organizations which posses the capabilities of the latest technologies in information transfer. In this regard, Michael de Certeau argues:

The 'making' in question is a production, a poiests- but a hidden one, because it is scattered over areas defined and occupied by systems of 'production' (television. Urban development, commerce, etc), and because the steadily increasing expansion of these systems no longer leaves 'consumers' any place in which they can indicate what they make or *do* with the products of these systems.

To a rationalized, expansionist and at the same time centralized, clamorous, and spectacular production corresponds *another* production, called 'consumption'. The latter is devious, it is dispersed, but it insinuates itself everywhere, silently and almost invisibly, because it does not manifest itself through its own products, but rather through its *ways of using* the products imposed by a dominant economic order. (484)

As a result, South Asian culture is at the mercy of the cultural factories like Hollywood and Bollywood. Therefore, western commodities, values, priorities and ways of life influence South Asians. Furthermore, the global flows of cultural discourses are constituted as one-way traffic and the predominant flow of cultural discourse remains from west to South Asia. In this regard we can take the Valentine-Day as one of the most important examples of western influence. South Asian youths have been found celebrating this particular day so enthusiastically that they do not celebrate any auspicious South Asian festival if that falls on same day. For instance, in 2001, most of the Hindu youths were fond of celebrating the Valentine-Day instead of observing the Shiva Ratri, one of the most important Hindu festivals. Michael de Certeau further points out:

In our societies, as local stabilities break down, it as if, no longer fixed by a circumscribed community, tactics wander out of orbit, making consumers into immigrants in a system too vast to be their

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

own, too tightly woven for them to escape from it. But these tactics introduce a Brownian movement into the system.

They also show the extent in which intelligence is inseparable from the everyday struggles and pleasures that it articulates. Strategies, in contrast, conceal beneath objective calculations their connection with the power that sustains them from within the stronghold of its own 'proper' place or institution. (490)

Globalization and global cultural flows are understood as a series of overlapping, overdetermined, complex and chaotic conditions, which cluster around key nodal points. As a result, metaphors of uncertainty, contingency and chaos are replacing those of order, stability and systematicity. Unpredictable and elaborate overdeterminations have led not to the creation of an ordered global village, but to the multiplication of points of conflict, antagonism and contradiction. This argument emphasizes on the cultural diversity and fragmentation and it runs counter to the common idea that globalization is a uniform process of homogenization. The cultural homogenization thesis proposes that the globalization of consumer capitalism involves a loss of cultural diversity. It stresses the growth of sameness and a presumed loss of cultural autonomy, which is cast as a form of cultural imperialism. This argument revolves around the domination of one culture by another, usually conceived of in national terms. Consequently, cultural imperialism is the outcome of a set of economic and cultural processes implicated in the production of global capitalism. In this regard, Robins argues that "for all that it has projected itself as transhistorical and transnational and modernity, global capitalism has in reality been about the westernization- the export of western commodities, values, priorities, ways of life" (25).

As a result, as another illustration, we are proud of adopting the western music such as Rap, Pop and Jazz, and we easily tend to forget our traditional ones. It is only because South Asians are completely brain-washed by the commodified international culture through modern means of information technology. Our life is always motivated and guided by the western civilization and culture. While we are all part of a global society, knowingly or unknowingly participate in the activities generated by globalization. In this context, Mathew Arnold points out:

For a long time. [. . .] the strong feudal habits of subordination and deference continued to tell upon the working class. The modern

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

spirit has now almost entirely dissolved those habits, and the anarchical tendency of our worship of freedom in and for itself, of our superstitious faith, as I say, in machinery, is becoming very manifest. More and more, because of this our blind faith in machinery, because of our want of light to enable us to look beyond machinery to the end for machinery is valuable, this and that man, and this and that body of men, all over the country, are beginning to assert and put in practice and Englishman's right to do what he likes; his right to march where he likes, meet where he likes, enter where he likes, hoot as he likes, threaten as he likes, smash as he likes. All this, I say, tends to anarchy [.] (8-9)

At the same time nationalism and nation-state continue to co-exist with cosmopolitanism weakening of national identities. Nation-states are forged within a global system and contemporary rise in nationalist, sentiment can be regarded as an aspect of globalization. The effect of globalization weakens cultural coherence in all individual nation-states. It operates at a level above the nation-state. As such, it has consequences for the nation-state and its cultural aspects. Thus, we are bound to watch decisive cultural changes and shifts that emerge in the society. It is so because the idea if cultural imperialism has strength where people are denied cultural experience and particular social groups or local concerns fail o be represented in the media as a result of multinational control of the economics of production. In this context, we may think that Bollywood should work on the behalf of South Asian culture. But, unfortunately it is completely guided by Hollywood and it has been broadcasting the western culture through its productions. Apart from it the present films are full of western music and dance which are responsible to remove the traditional culture that can preserve the identity of South Asian country in the world because in the culture industry the limitation brings absolute change. Ultimately, people cease to follow anything but style. In this regard, Theodor Adorna and Max Horkheimer claim "[T]oday is still the function of the market... significantly, the system of the culture industry comes from the industrial nations, and all its characteristic media, such as movies, radio jazz, and magazines, flourish there" (209).

Thus, to save the traditional culture that exhibits the true identity, intellectual and government should try to resist the western cultural import to their nation. They should come up with new schemes and

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

strategy to remove the feeling of the uncertainty and loss which is generated due to the swamping distinctive cultural practices and form by a commodified international culture. Intellectual and government of South Asia should make their citizens aware of their tradition, folklore and high culture. They should disseminate their own cultural value and awake the people to adopt their valuable cultural tradition, which is far better than the western tradition. In this regard, males of Islamic nation have imposed the dress codes so that they can resist the supposed threat to national culture. The role of intellectual and government is like the role of genius people of the time of modernity in western countries who were responsible to emancipate the people from the state of chaos. Then only we can live successfully making our life meaningful and demonstrating our traditional cultural values.

Works Cited

- Adorna, Theodor and Max Horkheimer. "The Cultural Industry: Enlightenment as Mass Deception." Eds. Hazard Adams and Leroy Searle. *Critical Theory Since 1965*. Course Packet. 202-219
- Arnold, Mathew. "Culture and Anarchy." Ed. John Storey. *Cultural Theory and Popular Culture A Reader*. Athens: The University of Georgia Press, 1998.
- Barker, Chris. "Global Cultural Flows." *Cultural Studies: Theory and Practice*. London: Sage,2000. 113.
- Certeau, Michael de. "The Practice of Everyday Life." Ed. John Storey. *Cultural Theory and Popular Culture A Reader*. Athens: The University of Georgia Press, 1998.
- Robins, K. "Tradition and Traditional: National Culture in its Global Context." Eds. J. Corner and S. Harvey. Enterprise and Heritage: Crosscurrents of National Culture. London: Routledge, 1991. 15-35.



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरस्कृत व्यक्ति तथा कृतिचर्चा

ऋतुविचारः सानुवादः भिन्न सानो दृष्टि

✍ रामरञ्जन पौडेल



अध्ययन र अध्यापन सधैंको पेसा डा. लक्ष्मीकान्त पन्थी (२०१० जेठ १६) को परिचय हो । त्यसैले अध्यापन पेसा अंगालेको ३ दशकभन्दा बढी भइसक्दा पनि आफूलाई विद्यार्थी नै हुँ भन्न रुचाउँछन्, उनी । नेपाल संस्कृत विश्व विद्यालयबाट २ वटा विषयमा आचार्य र त्रिभुवन विश्व विद्यालयबाट २ वटा विषयमा स्नातक गरी विद्यावारिधि समेत गर्छन् । यो अध्ययनको लामो शृङ्खलाले उनलाई नेपाली र संस्कृत भाषाको सेतुका रूपमा समेत परिचित गराएको छ । नेपाली काव्यात्मकतालाई आत्मसाथ गरेका पन्थीले लेखनाथ पौडेलद्वारा रचित ऋतुविचार काव्यलाई संस्कृत भाषामा अनुवाद गरेर नेपाली र संस्कृत भाषा प्रेमीका लागि ठूलो गुण लगाएका छन् ।

लेखनाथ पौडेल आधुनिकतासँग परिचित तर वैदिक साहित्य र संस्कृतिबाट अनुप्राणित कवि हुन् । शब्दगत सरलताभित्र काव्यात्मकता प्रस्तुत गर्नु पौडेलको विशेषता हो । नेपाली साहित्यमा काव्यमाधुर्य र कलाको बेजोड नमुनाका रूपमा उनको ऋतुविचारलाई लिइन्छ । नेपाली भाषामा अलङ्कार प्रयोगका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टिले ऋतुविचारसँग तुल्य काव्य भेट्न मुस्किल पर्छ। प्रकृतिसँगको सामिप्यतामा कविता कस्तो हुनुपर्छ ? ऋतुविचारले उत्तर दिन्छ ।

नेपाली साहित्यको यो उत्कृष्ट कृतिलाई डा. लक्ष्मीकान्त पन्थीले संस्कृत भाषामा अनुवाद गरेर सार्वजनिक गरेका छन् । नेपाली भाषाको कृति तत्समछन्दमा संस्कृत भाषामा अनुवाद भंएर संस्कृत साहित्यका पाठकका लागि पनि उत्कृष्ट कृति वन्नु यसको सफलता हो । वेदमा ५ ऋतुको वर्णन, वाल्मीकिरामायण र श्रीमद्भागवतमा गरिएको ऋतु वर्णन अनि ऋतु र प्रकृतिलाई नै आधार बनाएर लेखिएको कालिदासको ऋतु संहारजस्ता कृति यसको पृष्ठभूमिमा हुन सक्छन् तैपनि पूर्व काव्यात्मकतालाई परिपाक रुपमा प्रस्तुत गर्ने लेखनाथको यो कृति अवश्यमेव महत्त्वपूर्ण छ ।

नेपालीको मिठासपूर्ण अभिव्यक्तिलाई पन्थीले संस्कृतमा कति सहजरुपमा प्रस्तुत गरेका छन्, उदाहरण हेरौं-

न सर्दी छ न गर्मी छ न वर्षा छ न घाम छ
अपूर्व यो शरत्काल सबैको सुखधाम छ ।
न शैत्यं न च घर्मोऽपि न वर्षा नाधिकोष्णता
अपूर्वोऽयं शरत्कालः सर्वेषां हि सुखास्पदम् ॥
शरद्विचार २१

अनुकरणात्मक शब्द प्रत्येक भाषाका आफ्ना मौलिक हुन्छन् । त्यसलाई अनुवाद गर्न सकिँदैन तर कति सरलतासँग पन्थी त्यसलाई प्रस्तुत गर्छन्-

स्याँ स्याँ भै दम उर्लन्छ, सुकेको छ सबै मुख
पियारो मित्र झैं लाग्छ त्यो बेला मार्गको रूख ॥
श्वासोच्छ्वासाधिकं जातं मुखं सर्वं विशुष्यति
पथि यः पादपः प्राप्तः स लग्नः प्रिय मित्रवत् ॥
गृष्मविचार ३७

प्राकृतिकता, सामाजिकता, शृङ्गारिकता र दार्शनिकताले भरिपूर्ण नेपाली ऋतुविचार संस्कृत भाषामा अनुवाद भएपछि सबै संस्कृत प्रेमीका लागि पठनीय र मननीय बनेको छ। यसले नेपाली भाषा र नेपाली समाजलाई चिन्न संस्कृत प्रेमीका लागि सजिलो बनाएको छ। यसर्थ संस्कृत संस्कृतिको उन्नयनमा लागेको जयतु संस्कृतम् संस्थाले ऋतुविचारः सानुवादः कृतिका लागि डा. पन्थीलाई २०६ को जयतु संस्कृतम् पुरस्कारले सम्मानित गरेको हो ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद्यपुष्पाञ्जलि परिचय



पद्यपुष्पाञ्जलि प्रा.डा. टीकाराम अधिकारीद्वारा लिखित संस्कृत कवितासङ्ग्रह हो ।

यस कृतिले २०६४ जयतु संस्कृतम् पुरस्कार प्राप्त गरेको थियो । यस कवितासङ्ग्रहमा प्रा.डा. अधिकारीद्वारा विभिन्न समयमा लेखिएको महत्त्वपूर्ण संस्कृत कविताहरू सङ्कलित छन् ।

प्रतिभाशाली कवि प्रा.डा.टीकाराम अधिकारी वाल्मीकि विद्यापीठ, साहित्यशिक्षण विभागाध्यक्ष समेत भएकाले आफ्नो विभागमा समस्यापूर्ति संस्कृत कवितालेखनमा विभागका सबै व्यक्तिलाई प्रेरित गर्दै आफूसमेत त्यस कार्यक्रममा सहभागी भएर विभागमा प्रस्तुत गरिएका कतिपय कविताहरूसमेत उक्त सङ्ग्रहमा सङ्गृहीत छन् । निरन्तर नेपाली तथा संस्कृत कविता लेखनमा डुबिरहने र रमाइरहने प्रकृति भएका विशिष्ट कवि डा. अधिकारी धेरै प्राध्यापक, विद्यार्थी र कविहरूको प्रेरणास्रोत बनेर नेपाली भाषामा थुप्रै कविताकृति प्रकाशित गरिसक्नुभएकोमा संस्कृतमा समेत कवितासङ्ग्रह प्रकाशित गरी संस्कृत कविता लेखनका सहित प्रेरक बन्नुभएको देखिन्छ । पद्यपुष्पाञ्जली कवितासङ्ग्रहमा सङ्कलित संस्कृत कविताहरूलाई विषयगत वैविध्यका आधारमा तीन स्तवकमा बाँडिएको छ । प्रथम स्तवकमा देवीदेवता, पवित्रस्थल, स्वदेश र महापुरुषहरूका विषयमा लेखिएका कविताहरू समाविष्ट छन् भने रसिक शैलीशिल्पमा लेखिएका कतिपय प्राकृतिक कविताहरू शृङ्गारस्तवकअन्तर्गत सङ्कलित छन् । त्यसैगरी महत्त्वपूर्ण व्यक्तिका मृत्यु तथा राष्ट्रका विषम परिस्थितिप्रति शोकविह्वल र करुणार्द्र भई लेखिएका महत्त्वपूर्ण रचनाहरू करुणास्तवकमा राखिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत साहित्यका प्राध्यापक र काव्य साधनाका सफल व्यक्ति भएका कारण प्रा.अधिकारीले यस कवितासङ्ग्रहमा विभिन्न शीर्पकलाई विभिन्न छन्दमा सफलतापूर्वक खेलाउनुभएको छ। यस सङ्ग्रहमा द्रुतविलम्बित, शशिवदना, वियोगिनी, पुष्पिताग्रा, मालिनी, इन्दिरा, उपजाति, शिखरिणी, शार्दूलविक्रीडित, रथोद्धता, वसन्ततिलका, मन्दाक्रान्ता, भुजङ्गप्रयात, गीति, अनुष्टुप्, शालिनी, र स्वागता छन्दहरूलाई विषयानुकूल र भावानुकूल बनाई प्रायोग गरिएको छ। प्रस्तुत कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा शब्दालङ्कार, अर्थालङ्कार, गुण, रति, वक्रोक्ति, रस, ध्वनिजस्ता कुराहरूको यथास्थानमा औचित्यपूर्ण किसिमले विधान गर्ने कविप्रयत्न सफल देखिन्छ। शास्त्रमर्यादाअनुसार नै सरस्वतीको वन्दनाको रूपमा देववाणी संस्कृत भाषाको महत्त्वगान गर्दै शुरु गरिएको यस सङ्ग्रहका कविताहरूमा देशमा शान्ति होस्, सबैले संस्कृत पढून्, संस्कृतको जय होस्, विद्वान्हरूको आदर सम्मान होस्, नयाँ वर्षहरू शान्तिप्रद हुन्, ईश्वरीय शक्तिको आविर्भाव होस्जस्ता भावहरू व्यक्त गर्नुका साथै महाकवि कालिदास, विद्वच्छिरोमणि कुलचन्द्र गौतम, यागी नरहरिनाथ, स्वामी रामदेवलगायतका विद्वान्हरूप्रति आदरभाव प्रकट गरिएको छ। त्यसैगरी यस कवितासङ्ग्रहमा नेपालको प्राकृतिक सौन्दर्य, काठमाडौँ उपत्यकाको परिदृश्य, पर्वतलाई ढाकेर बस्ने मेघमालाको दृश्य, वनको सौन्दर्य, शरद् ऋतुको समृद्धिजस्ता विषयहरू पनि तत्तत् शीर्षकअन्तर्गत अत्यन्त मनोरम परिपाकपूर्ण काव्यभाषामा अभिव्यक्त छन्। कविताको समाप्तितिर कविहृदय बढी करुणार्द्र, भावुक र कोमल बन्दै कारुणिक कविता रचनातिर प्रवृत्त देखिन्छ। नेपाली र संस्कृत दुबै भाषाका काव्यनियम र वैशिष्ट्यलाई समन्वय गरी लेखिएका यस सङ्ग्रहका सबै कविताहरू श्रुतिरमणीय, आनुप्रासिक, कोमल कान्त पदावलीयुक्त र साङ्गीतिक झङ्कृतिले अत्यन्त गेय र सुश्रव्य बनेका छन्। यस कुराको उदाहरणमा सबै कविताका अधिकांश पद्यहरूलाई उपस्थापन गर्न सकिन्छ। नमूनाका लागि निम्नलिखित पद्यलाई हेरौँ :

पदनिकुञ्जचरी रसनिर्झरी
निगमपञ्चमनादमनोहरी।
स्मितमुखी कलहंसविहारिणी
भवतु मे वदनाम्बुजचारिणी॥

यसरी प्रस्तुत **पद्यपुष्पाञ्जली कविताङ्ग्रहः** राष्ट्रप्रेम, संस्कृतिप्रेम, प्रकृतिप्रेम र महापुरुष वन्दनाको सुन्दर काव्यदर्पण बन्नपुगेको छ र कविको सरल, हार्दिक, कोमल, कारुणिक र मानवतावादी हृदय परिलएर यस सङ्ग्रहको रूप धारण गरेको छ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीरामः शरणं मम. को शरण पर्दा

✍डा. चन्द्रमणि नेपाल
धरान-१४



भगवान् श्रीरामचन्द्र एवं जनकनन्दिनी सीतामातामा अतुलनीय भक्तिसुधारस प्रवाहित गर्दै पण्डित लोकनाथ लुइँटेलज्यूले लेख्नुभएको रचना भक्तिसाहित्य अन्तर्गतको एक लघुकाव्य हो । विश्वकै सर्वप्राचीन एवं आदिग्रन्थ वेदको भाषा संस्कृत साहित्य, दर्शन, भाषाविज्ञान तथा अन्य ज्ञानविज्ञानसँग सम्बन्धित विविध ग्रन्थरत्नहरूले अत्यन्त समृद्ध छ । यस्ता इष्टदेव देवी तथा अन्य अलौकिक शक्तिहरूको आराधना, उपासना, स्तुतिपाठ, एवं आख्यान आदिले समेत यो संस्कृत वाङ्मय प्रमुख रूपमा नै उपकृत छ । तर कुनै पनि विधामा संस्कृत भाषामा ग्रन्थ रचना गर्ने काम डेढ दुई शतकदेखि ह्रास हुँदै आएकोमा आज आएर सानै आकारको भए पनि यस प्रकारको ग्रन्थको उदय हुनु भनेको खडेरी वृष्टि झैँ निकै महत्त्व राख्तछ नै । भौतिक वस्तुको असिन पसिन तथा रमझमभन्दा पनि आध्यात्मिकताको अगाध जलनिधिमा चुर्लुम्म डुबेर अनुपम आनन्दमा मग्न हुनेहरूको त संस्कृत साहित्य सागरमा अत्यन्त बाहुल्य छ । कवि लुइँटेलको यो कृति पनि आध्यात्मिकताकै एक पुष्प हो ।

वि.सं. १९९७ मा तेह्रथुमको सोल्मामा प्रथम पाइला राख्न पुगेका कविजी अध्ययनका सिलसिलामा सुनसरीको धार्मिक नगरी धरानमा बस्तैजाँदा कर्मथलो पनि यसैलाई बनाई अस्थायी बसोबासको व्यवस्था नै यतै गर्न पुग्छन् । संस्कृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साहित्य विपयमा आचार्य सम्मको योग्यता हासिल गर्न सफल कवि जीवन गुजाराका लागि शिक्षण पेशामा संलग्न भई ३५ वर्षको दीर्घ सेवाका बावजुद हाल सेवानिवृत्त भएर फुर्सदको समय पाई लेखनकार्यमा लागेर बाँकी समयको सदुपयोग गरिरहेका पाइन्छन्। त्यसवाहेक हिन्दुसंस्कृतिअनुसार मित्रहरूका देवकार्य, पितृकार्यहरूमा संलग्न रहेर संस्कृति संरक्षणमा लागिरहेको पनि पाउन सकिन्छ।

कृतित्व तथा व्यक्तित्व

कवि लुइँटेलजीको तीखो कलम जीवनको उत्तरार्द्धमा आएर भक्तिसाहित्यको विकासमा वेजोड हिसावले चलेको पाइन्छ। सरकारी सेवावाट निवृत्त हुनु सँगसँगै संस्कृत भापामा नै **गोपेश्वरमाहात्म्यनामक गोपेश्वर महादेव**को महिमा वर्णन गरिएको ग्रन्थ प्रकाशन गरेर कविले दोस्रो कृतिका रूपमा **श्रीरामः शरणं मम** प्रकाशन गरेका थिए। त्यसपछि तीर्थभ्रमणका सिलसिलामा आफूले भ्रमण गरेका तीर्थस्थलहरूको वर्णन गर्दै नेपाली भाषामा **श्रीभगवद्दर्शन** नामक ग्रन्थ प्रकाशित गरेर नेपाली साहित्यको यात्रास्मरण विधामा समेत एक इट्टा थपेका छन्। उनका प्रकाशित कृतिमध्ये प्रचलित केही देवीदेवताको पूजा गर्ने विधिहरू समेटिएका छन्।

रामानुजीय श्रीवैष्णव सम्प्रदायमा दीक्षित कविजीले **श्रीविष्णुव्रतामृतम्** नामक ग्रन्थ रचना गरी वैष्णव संस्कारको उन्नयनमा अर्को नयाँ इँट्टा थपेका छन्। उनका प्रकाशित कृतिमध्येका अन्तिम कृति **सरलपूजाविधि** हो, जसमा हिन्दुपरम्परामा प्रचलित केही देवीदेवताको पूजा गर्ने विधि सरल रूपमा समेटिएका छन्। श्रीरामानुज, श्रीवैष्णव सम्प्रदायमा दीक्षित कविजीले **श्रीविष्णुव्रतामृतम्** नामक ग्रन्थरचना गरी वैष्णव संस्कारको उन्नयनमा अर्को एक नयाँ इँट्टा थपेका छन्, जुन कृति प्रकाशोन्मुख छ। यसवाहेक पूर्वीय दार्शनिक क्षितिजमा फस्टाएका विविध दर्शनहरूको सारसंक्षेपीय प्रस्तुति **दर्शनसारामृतम्** र **सरलषोडशसंस्कारविधि** उनका प्रकाशित कृतिहरू हुन्। उनका यी समस्त कृतिहरूमा विहङ्गम दृष्टि दिँदा कवि संस्कृत र सांस्कृतिक आस्थाको फूलाबारीमा नै हाँसीखुसी वढी रमाइरहेका पाइन्छन्। शारीरिक रूपले मध्यम कद, मोटा र पोटिला गाला, कुर्तासुरुवालको सामान्य पोशाक, सरल, शान्त र हँसिलो अनुहार तथा फराकिलो ललाटमा अङ्कित रामानुजीय ऊर्ध्वपुण्ड्रले झट्ट उनलाई देख्ने मानिस यिनको आध्यात्मिक जीवनचर्याको कुनै पनि बेर अन्दाज गर्न लाउँदैनन् भने उनीसँग पूर्वपरिचित र निकै हिमचिम भएका व्यक्तिहरू उनलाई आत्मविश्वासका धनीका रूपमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि चिन्दछन्। उनी यहाँसम्म आत्मविश्वासी छन् कि कतिपय शास्त्रीय विषयको विधिविधान र प्रक्रियामा समेत उनको अन्तरात्मा एक्लै आफ्नै ढङ्गले अगाडि सरेर नीतिमार्गमा नयाँ बाँध बाध्न तम्सन्छ। निष्कर्षमा भन्नसकिन्छ कि उनी सामाजिक रूपले पनि चाहिने मान्छेको पङ्क्तिमा परेका एक शिष्ट व्यक्ति नै हुन्।

श्रीरामशरणं मम मित्रको काव्यकारिता

कवि लोकनाथ अन्तरात्मामा आफ्ना इष्टदेवप्रति अगाध भक्तिरस उम्लिएर छचल्किएको प्रेमसागरलाई यो लघुकाव्य गागरमा भर्न उद्यत देखिएका छन् र सफल पनि छन्। भूमिकामा उनी रहस्य खोल्छन् कि वाल्यावस्थामा कवि कहीँ लडेर बेहोस भएको अवस्थामा आमाले रामकसम खाएर आफ्नो आयु दिएकी थिइन्। यसरी उनी रामकृपाद्वारा नै जीवित छन्। त्यसैले पनि स्तुतिपरक काव्य लेखेर उंनले आफ्ना इष्टदेवप्रति कृतंकृत्यता प्रकट गरेका छन्। सात काण्ड र त्यसमा निहित ६४५ सर्गमा प्रस्तुत आदिकवि वाल्मीकिद्वारा रचित रामायणको विस्तृत कथावस्तुलाई उनले **श्रीरामशरणं मम** को ५७ श्लोकको पूर्वार्द्ध र ७४ श्लोकको उत्तरार्धमा अटाएर गागरमा सागर भर्ने काम गरेका छन्। पूरै शिखरिणी छन्दमा लेखिएको संस्कृत भाषाको मूल ग्रन्थ र भजनको शैलीमा कतै लोकलय छन्द र कतै भुजङ्गप्रयात नामक शास्त्रीय छन्दमा नेपाली भाषामा भावानुवाद समेत समावेश गरिएको यस लघुकाव्यको पूर्वार्द्धभाग दशरथको पुत्रेष्टि यज्ञबाट शुरु गरी स्वयं भगवान् विष्णु छवि हविरूप पायस बनी त्यसबाट श्रीरामको रुपमा प्रकट भएका र विष्णु भगवान्की अर्धाङ्गिनी लक्ष्मीले धर्तीको गर्भबाट जगज्जननी सीताको रूपमा जन्म लिएको, उनीहरूको दाम्पत्य, वनगमन, भरतचिन्ता, गुरु वसिष्ठको वचनबाट भरतको अयोध्या निवृत्ति, श्रीरामचन्द्रको विविध ऋषिमुनिसँग भेट, अस्थिकङ्कालको रास देखेर राक्षससंहारको प्रतिज्ञा, विराध राक्षसको अन्त्यसम्म पुगिसकिएको छ। उत्तरार्द्धमा शूर्पणखाको कामासक्तता, नासाच्छेदन, रावणद्वारा सीताहरण, श्रीरामको विह्यलता, शवरीसँग भेट, किष्किन्धागमन, सुग्रीवसँग मित्रता, बालिनिग्रह, हनुमान्द्वारा सीताप्राप्ति, शिवाराधनाबाट समुद्रमा सेतुबन्धन तथा अन्य सहचरसहित रावणवध, अग्निपरीक्षापश्चात् सीताग्रहण गरी ग्रन्थ समाप्त गरिएको यस काव्यमा 'प्रियौ सीतारामौ मम मनसि नित्यं निवसताम्' भन्ने समस्यापूर्ति प्रत्येक श्लोकमा जोडिएको छ।

भक्तिभावबाट विह्वल हुँदै कवि लुइँटेल भगवान् रामलाई लक्ष्मीपति र जनकनन्दिनी सीतालाई समुद्रपुत्री लक्ष्मीको रुपमा चित्रण गर्दै भन्छन्-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रमानाथो रामो जलधितनया लोकजननी
सदाचारैःधार्थ दुरितमभिहन्तुं हि जनितौ
सदा सौम्यौ शान्तौ निगम उदितौ पूर्णविभवौ
प्रियौ सीतारामौ मम मनसि नित्यं निवसताम् ॥ पूर्वार्द्ध श्लो १० ।

अर्थात् सदाचारको अभिवृद्धि र दुराचारको निर्मूल गर्न धर्तीमा अवतरित सौम्य, शान्त, शास्त्रस्तुत, षडैश्वर्यसम्पन्न भगवान् सीताराम मेरो हृदयमा नित्य वास गरून् ।

यसलाई नेपाली लोकलय छन्दमा नेपालीको भजन शैलीमा कवि यसरी भावानुवाद प्रकट गर्दछन्-

रमापति श्री राम हुन् साक्षात् लक्ष्मी सीता
सदाचार रक्षा गर्ने कष्ट हर्ने माता ।
वेदगीत भव्यमर्ति परमात्मालाई
अर्पित छ भजन पुष्प सीतारामलाई ॥

चार पुरुषार्थ धर्म, अर्थ, काम र मोंक्षमध्ये परमात्मा (सीताराम) को कृपादृष्टिबाट नै मानव मोक्षपदमा प्राप्त हुनसक्तछ भन्ने शास्त्रसिद्धान्तलाई कवि यसरी प्रस्तुत गर्दछन्-

द्वयोर्दृष्टिः यस्मिन् पतति स भवेत् मोक्षपदभाक् । पूर्वार्द्ध श्लो ४७ ।

काव्यकारिता

कविले माधुर्यवृत्ति र माधुर्यगुणकै प्रयोग गर्दै सरल भाषामा कतैकतै सामान्य अलङ्गारहरूको समेत प्रयोग गरेका छन् । समास गरे पनि शब्दहरू लम्बायमान छैनन् । अलङ्गारहरूमा अत्यन्त न्यून मात्रामा उपमाको प्रयोग देखिन्छ- जस्तै :

भविष्यन्त्यस्माकं समिध इव वह्नौ हि रिपवः । उत्तरार्द्ध श्लो २७ ।

अर्थात् अग्निमा दाउरा होमिएझैँ श्री रामको पराक्रमसामुन्ने शत्रुहरू होमिने छन् ।

उपमाबाहेक अनुप्रास अलङ्गारको प्रयोग पनि ठाउँठाउँमा भेटिन्छ । रावणले अपहरण गरेर लैजाँदै गरेको अवस्थामा वनवासीहरूले सीतालाई कस्तो रुपमा देखे ? यसको वर्णन गरिएको श्लोकमा क, र, ण, न वर्णको पुनरावृत्तिले श्लोकलाई निकै श्रुतिमधुर बनाएको पाइन्छ । जस्तै :

किरन्ति कन्दन्ति करचरणयोर्भूषणचयान्
रथैर्नीतां नारीं वनचरजनास्तत्र ददृशुः । उत्तरार्द्ध श्लो २० ।

यसको भावानुवाद-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रथभित्र थुनिएकी रुने चिच्याउने
रथबाट गहनाको पोको खसाउने
वनवासी जनताले सीतालाई देखे
दुराचार अन्त्य गर्ने प्रण मनमा लेखे ।

ग्रन्थसमाप्तिको भागमा रामको बाँणद्वारा रावणको वध गरिएको प्रसङ्ग कोट्याइएको निम्नलिखित श्लोकमा र व वर्णको पुनरावृत्तिले प्रस्तुतिलाई पठनीय बनाएको छ । जस्तै :

स्थिते शकाल्लब्धे गगनगरथे श्रीरघुवरे
शराः रामाक्षिप्ताः रुधिरमपिवन् रावणतनोः
मृतो लङ्गाधीशो दिवि विजयवाद्यं समवजत् । उत्तरार्द्ध श्लो ६७ ।

मात्रै अर्थबोधका लागि उनकै भावानुवाद-

इन्द्रबाट पठाएको दिव्यरथ आयो
रथ चढी युद्ध गर्ने अनि पालो आयो
दश शिर काटे पनि वीर हाँसिरह्यो
अग्निबाँणप्रहारले परंधाम गयो । आदि ।

सर्वांशमा **श्रीरामशरणं मम** स्वरुप भाव, रीति, वृत्ति, अलङ्कार आदिले सानो भए पनि कविको भक्तिभावना, उत्साह एवं संस्कृतिप्रतिको लगाव स्तुत्य छन् । संस्कृत भाषामा कुनै पनि विषयका ग्रन्थ लेख्नसक्ने व्यक्तिहरूको दिनप्रतिदिन ह्रास हुँदै गइरहेको अवस्थामा जे भए पनि यो प्रशंसनीय कार्य देखिएको कुरा चाहिँ के हो भने संस्कृत भाषा बहुभाषाको जननी हुँदाहुँदै र यस भाषामा अमूल्य ग्रन्थरत्न र विशाल ज्ञानभण्डार हुँदाहुँदै पनि यसप्रति लगनशील भई ज्ञान आर्जन गर्न चाहने सच्चा जिज्ञासुहरूको कमी नै छ भने त्यो पनि कता कता विद्यमान भएकाहरू दुई ज्ञाताहरूमा जानलाई पनि कृतिको प्रकाशद्वारा सदा अमर राख्ने प्रवृत्ति विरलै पाइन्छन् । तसर्थ यहाँ कविको कवित्वप्रवृत्तिको म हृदयदेखि नै उच्च मूल्याङ्कन गर्दछु । मलाई लाग्छ यसै कारणले पनि नेपालकै पुरानो संस्था **जयतु संस्कृतम्** को केन्द्रीय समितिले २०६७ मा आफ्नो स्थापनादिवस मनाउने क्रममा यस ग्रन्थलाई पुरस्कृत गरेर कविलगायत संस्कृत जगत्का सम्भावित अन्य प्रतिभाहरूलाई प्रेरणा प्रदान गरी उनीहरूलाई कल्पवृक्षको रूपमा अङ्कुरित हुने सुअवसर प्रदान गरेर गौरवपूर्ण कार्य गरेको छ, यो हृदयदेखि नै प्रशंसनीय छ । अस्तु ।

२०६८।६।४

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम पुरस्कार भावावर्तः काव्य



जयतु संस्कृतम् को दशौं पुरस्कार **भावावर्त** कृतिका लागि स्व. रोहिणीबल्लभ पोखरेलकी धर्मपत्नी रत्नकुमारी पोखरेललाई २०६८ चैत्र १२ गते प्रदान गरियो। २६ वटा कृतिका स्रष्टा पोखरेलका ६ वटा कृतिमात्र प्रकाशित छन्। यो कृति २०६८ सालमा उपप्राध्यापक नुरापति पोखरेलले सम्पादन गरी रत्नकुमारी पोखरेलले प्रकाशित गर्नुभएको हो। पोखरेल संस्कृतका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो। साहित्याचार्य पोखरेल बनारसका विद्वत् मण्डलीबाट समेत प्रशंसित हुनुभएको पाइन्छ।

वहाँले जनकपुर र धरानमा समेत विश्वविद्यालयका विद्यापीठमा लामो समयसम्म प्राध्यापन गर्नुभएको पाइन्छ। विद्याव्यसनी पोखरेल काव्य साधनामा लीन हुनुभएको देखिन्छ। वहाँका कृतिहरू धेरैजसो काव्यविधामा सम्बद्ध छन्। वि.सं २०६७ मा छापिएका संस्कृतका ग्रन्थहरूमध्ये मूल्याङ्कनका आधारमा प्रदान गर्ने जयतु संस्कृतम् पुरस्कार कृतिगत मूल्याङ्कनको आधारमा स्व. रोहिणीबल्लभ पोखरेललाई प्रदान गरिएको थियो। वहाँको **भावावर्तः** कृतिले पुरस्कार प्राप्त गरेको हो। १२६ (६२+६४) पृष्ठमा फैलिएको प्रस्तुत कृतिमा भूमिका खण्ड, प्रथम खण्ड, द्वितीय खण्ड र तृतीय खण्ड रहेका छन्। भूमिका खण्डमा सम्पादकले ६२ पेज लगाएर विश्लेषणात्मक भूमिका तयार पारेको देखिन्छ। रोहिणीबल्लभको जीवनीलाई संक्षिप्त चर्चा गर्दै उनका कृतिहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिचय प्रदान गरिएको हो । २४ वटा प्रकाशित-अप्रकाशित कृतिहरको परिचय प्रस्तुत गर्दै **भावावर्त** कृतिको विस्तृत रूपमा चर्चा गरिएको छ । उनका धातुपाठ, कारिकावली, यक्षयुधिष्ठिरसंवाद, क्षमाप्रार्थना, अनुग्रह, विनतिपुष्पाञ्जली, धरानविजयपुरपरिचय, अभिनवमेघदूतम्, मेघदूतम्, काव्यमीमांसा, बकसंहार, नेपालगौरवम्, बुद्धिविनोदः, मिथिलासौरभम्, नैतिकता, काव्यप्रणयम् आदि पोखरेलले तयार गरेका ग्रन्थहरूको परिचय प्रस्तुत गरिएको छ ।

प्रस्तुत **भावावर्त** कवितासङ्ग्रहमा विभिन्न कालखण्डमा लेखिएका कविताहरू सङ्कलन र सम्पादन गरी प्रस्तुत गरिएका छन् । पहिलोमा १९, दोस्रोमा १६, तेस्रोमा ५ गरी जम्मा ४० वटा कविताहरू रहेका छन् । विभिन्न समयका भावहरूको **आवर्त** लाई आलेखन गरिएकाले कृतिलाई **भावावर्त** नाम दिइएको हो । यस कृतिमा ज्यादै प्रौढ र प्राञ्जल कविताहरू रहेका छन् । जस्तो पहिलो खण्डबाट

ज्योत्स्नावितानविमलोऽप्यमृतप्रभोऽपि
सम्पोषयन्नु निखिलौषधिवीरुधोऽपि ।
उद्गच्छति प्रखरकृत्यपरे गहेशे
भव्यो भवन्नपि भवाति कलानिधिर्वा ॥

यस श्लोकमा भाव, अर्थ र प्रस्तुतीकरणमा सौन्दर्य भेटिन्छ, भाषामा प्रौढता छ, भावमा शालीनता छ, शब्दालङ्कार र अर्थालङ्गारले कविता सुशोभित छ ।

दोस्रो खण्डमा पनि सुन्दरताका पद्यहरू छन्, तीमध्ये निम्नलिखित कविता पनि अन्यतम देखा पर्दछ-

विभूतिसम्भावितभव्यवर्ष्मा
दिगन्तरोल्लासविभावितात्मा ।
एषोऽच्छमूर्तिस्तुहिनांशुभाषा
हिमालयो वा महिमालयो वा ॥

यस पद्यमा हिमालयको वर्णन अत्यन्त सुन्दर शैलीमा गरिएको छ । भाषा प्रौढ र प्राञ्जल छ, भावमा शालीनता छ, यहाँ प्रकृतिवर्णनको कुशलता छ । हिमालय महिमालयका रूपमा रहेको छ भनी गरिएको हिमालको महत्त्वगान महिमामण्डित छ ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"जयतु संस्कृतं धर्मभूतये जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये जयतु संस्कृतं विश्वभूतये ।।"

जयतु संस्कृतम्

सपुरस्कारमभिनन्दनपत्रम्

(२०६३)

लब्धानेकस्नातकोत्तरोपाधीनां वेद-वेदान्त-धर्मशास्त्र-साहित्याद्यनेकविषयमहार्णवावगाहिनां संस्कृत-नेपाली-हिन्दी-प्रभृतिभाषाविज्ञानां कविताकामिनीविलासव्यसनिनां विविधपुरस्कार-विद्याभूषण- भूषितानां सततं सुरभारतीसेवा-समासक्तानां परमास्तिकानां सत्यधर्मदृढव्रतानां परमनैष्ठिकानां पन्थिवंशविभूषणानां विद्वद्धौरेयमहाकविभीमकान्तनीलमायाङ्गजनुषां विद्वन्मण्डलप्रसृत-यशसां कविशिरोमणि-लेखनाथ-विरचितसुप्रसिद्ध-ऋतुविचार-काव्यस्यानुवादकानां श्रीमल्लक्ष्मीकान्तपन्थीमहाभागानां करकमलयोर्जयतु संस्कृतं नाम्नीयं संस्था 'जयतुसंस्कृतपुरस्कार'सहितं सादरं समभिनन्दति

गुल्मीमण्डलविश्रुते सुखकरे सस्याढ्यशैलावृते
धुर्कोटस्थलमध्यभागविततेवाग्लाबडाचौरके ।
जन्मासाद्य हि भीमकान्ततनयाः श्रीनीलमायासुता
लक्ष्मीकान्तबुधोत्तमाः सुकवयः शोभायमाना इह ॥१॥
विद्याऽऽलोकविभासिताः सहृदयाः संस्कारवह्न्युज्ज्वलाः
शास्त्राध्यापनलेखचिन्तनपराः सत्काव्यसेवारताः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यानामनुवादकर्मकुशला विश्लेषणे तत्पराः
शास्त्रानेकविचक्षणाः कुशलिनः प्राध्यापकाः सूरयः ॥२॥
विद्यावारिधयः स्मिताननधनाः सद्धर्मनिष्ठाव्रताः
विद्याभूषणभूषिताः सुकृतिनः सम्मानिताः सत्कृताः ।
पन्थीवंश-सुदीपकाः सुचरिताः सैद्धान्तिका नैष्ठिकाः
श्रद्धेयाः कविपण्डिताः प्रतिपदं वः संस्मरामो वयम् ॥३॥
नानाग्रन्थमहोदधिप्रणयिनो वेदान्ति-साहित्यिकाः
वन्द्याः शास्त्रविचारकाव्यकवितालेखादिचिन्तारताः ।
नैपाल्याः सुरवाचिवर्णनविधौ पारङ्गताः कोविदाः
सत्काव्यैर्विविधैः सतां नयनयोर्नृत्यन्ति नित्यं हि-ते ॥४॥
काव्ये संस्कृतशुभ्रभावभरिते वो मानसं मोदते
काव्यानामनुवादकर्मकुशला वो लेखनी शोभते ।
वारं-वारमनेकलेखरचनैः सम्पूरिताः पत्रिका
युष्माकं धिषणाऽमला सुविशदाऽस्माभिस्सदाऽऽकर्णिता ॥५॥
ग्रन्थानामनुवादकर्मसु यदा सम्प्रेषिता लेखनी
रम्या 'प्राकृतपोखरा' समभवद् गीर्वाणवाणीमयी ।
नैपाल्यामृतुवर्णनात्मकतया ख्यातिङ्गतं सुन्दरं
काव्यं चापि विनिर्मितं सुरगवि प्रेम्णा यशोवर्द्धकम् ॥६॥
'ऋतुविचार'काव्यस्य सुन्दरं सुमनोहरम् ।
समवृत्तादिसम्पूर्णमनुवादं सलक्षणम् ॥७॥
प्रसमीक्ष्य मुदाऽस्माभिर्भवतामभिनन्दनम् ।
परितोषिकसंयुक्तं भवद्भ्योऽत्र समर्प्यते ॥८॥

....

विदुरः पौडेलः **हेमराजो ज्ञवाली**

प्रमुखातिथयः अध्यक्षाः

दिनाङ्काः– संवत् २०६४ आषाढस्य प्रथमदिवसे शुक्रवासरे शुभं भूयात् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"जयतु संस्कृतं धर्मभूतये जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये जयतु संस्कृतं विश्वभूतये ।।"

जयतु संस्कृतम्

अनवरतं सुरभारतीसमुपासकानां, रचनानुवादभाषानुसन्धानादि-कर्मपराणां, सुललितकाव्यप्रणयनप्रतिभावतां, सविद्यावारिधिकानां,प्राध्यापकानाम् अधिकारी कुलभूषणानां, श्रीमतां टीकारामशर्ममहोदयानां करकमलयोः पद्यपुष्पाञ्जलिकृति-माधृत्य २०६४ तमे वैक्रमाब्दस्य 'जयतु संस्कृतम्' पारितोषिकसहितं समर्पितं

समभिन्दनदलम्

कास्कीमध्ये जयति मिजुरेग्रामभागो गिरिस्थो
येषां ख्यातोऽजनि च जनकस्तत्र देवीप्रसाद :।
माता स्नेहद्रुतिविलसिता प्रेममाया च येषां
टीकारामाः प्रकृतिसरलाः स्वर्गिरा ते लसन्ति ॥१॥

नेपाल्यां वा सुरगवि च ये काव्य नैपुण्यवन्तो
भाषारूपान्तरनिपुणता भाति येषाञ्च सम्यक्।
यत्काव्येषूच्छलति नितरां पूर्णशृङ्गारभावो
वाङ्मातुस्ते प्रतिदिनमहो ! सन्ति सौभाग्यभाजः ॥२॥

नानाकाव्य-प्रणयनकला-कोविदानाञ्च येषां
सम्प्राप्यन्ते विविधकृतयो भावगाम्भीर्यरम्या।
राष्ट्रप्रेम्णा विलसिततया ताश्च चन्द्रप्रभाद्या
स्तेषां काव्येष्वनुपमकलां स्पष्टमुद्द्योतयन्ति ॥३॥

प्रावीण्यं ये दधति विदुषां पद्यमालाभिवन्दे
येषां काव्ये सुललितपदन्यासशैली विभाति
नानाच्छन्दोरमणकुशलैः पद्यपुष्पाञ्जलिस्तै-
र्दत्ता नुत्ला कृतिरिह चतुः षष्टिसङ्ख्ये गताब्दे ॥४॥

येषां प्रज्ञा-प्रचुरमहितं पद्य-पुष्पाञ्जलिं तं
रम्यं लब्ध्वा मुदितमनसा तान् कवीन् मानयन्ती
संस्था चेयं जयतु सुरवाङ्नायिका शंसते यन्
नेपालेऽस्मिन् प्रथितयशसो गौरवं ते भजन्तु
पुरस्कारप्रदानेन भवतां सततं शुभम्।
काङ्क्षते सुरगीः प्रेम्णा संस्था "जयतु संस्कृतम्"

.....	.....
नवराज कट्टेल	**हेमराज ज्ञवाली**
सदस्य सचिव	अध्यक्ष

दिनाङ्का २०६५ आषाढमासस्य प्रथम दिवस :।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"जयतु संस्कृतं धर्मभूतये जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये जयतु संस्कृतं विश्वभूतये ।।"

जयतु संस्कृतम्

ऊनसप्ततिवर्षपूर्वं गौरवास्पदेन स्वजन्मना तेद्दथुममण्डलान्तर्गतसोल्मा ग्रामसमलङ्कुर्वत भीमभीमालुइँटेलतनुजानां साहित्याचार्याणां दीर्घशिक्षासेवापदक-विभूषितानां स्निग्ध सरलहृदयानां विद्वदग्रगण्यानां स्वकर्तव्या चारादिवैशिष्ट्यैं लोकनाथायमानानां लोकनाथलुइँटेलमहाभागानां करकमलयोः समर्पितं

समभिनन्दनपत्रम्

नेपाले प्रथिते त्रयोदशशुभंप्रस्थाञ्चिते मण्डले ।
सोल्माग्रामविकासभूमिनिकटं तत्कालिमाटीस्थले ॥
लब्ध्वाजन्म निषेव्य शुभ्रचरितं विभ्राजमानाः सदा ।
भीमाभीमसुताः प्रशान्तहृदयाः श्रीलोकनाथाभिधाः ॥
सम्मानधन्ये लुइँटेलवंशे जाता भवन्तो विषये सुरम्ये ।
सेवा भवद्भिर्विहिताः प्रशस्या वयं कथं नो भवतां स्ववश्याः॥
विष्णुव्रतं पूजनसिद्धिमार्गं गोपेश्वरस्योपकृतिं महत्त्वम् ।
श्रीरामभक्तिञ्च पुराणशक्तिं प्रसारयन्तोऽलमहो भवन्तः ॥
सुदीर्घसेवा विहिता समाजे विद्याभिरामा हि मनुष्यवर्गे ।
प्राप्तञ्च शिक्षापदकं प्रशस्तिः संगीयते वो मनुजैर्महद्भिः ॥
अध्यक्षताऽनेकसमित्सुभाति साहित्यबोधो भवतां विभाति ।
पुरस्कृर्तिवोऽस्तु कलेर्विनाशे पौराणिकत्वेन सतां समाजे ॥
श्रीरामः शरणं ममेति मधुरं काव्यं यशोवर्धकम् ।
भक्तिप्रेमरसायनं च भवतां कल्याणदं पुण्यदम् ॥
आस्वाद्यं रसभावरीतिभरितं मत्वा महत् निर्मलम् ।
सम्मानं शुभपारितोषिकयुतं भक्त्याऽर्पयामो वयम् ॥
सुस्वास्थ्यं दीर्घमायुष्यं सदा कामयतेऽनिशम् ।
विद्वदाराध्य संस्थेयं नाम्ना जयतु संस्कृतम् ॥

....

नवराज कट्टेल — सदस्य सचिव

विद्यानाथ उपाध्याय — अध्यक्ष

दिनाङ्का २०६६ आषाढमासस्य प्रथमदिवस : ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधीतव्याकरणसाहित्यशास्त्राणां निरन्तरं सुरभारतीसमुपसकानां कविताकामिनीविलासानाम्, आत्रेयकुलदीपानां साहित्यरत्नानां दिवङ्गतानां प्राध्यापकानां रोहिणीवल्लभपोखेलमहाभागानां भावावर्तकृतिमाधृत्य तद्धर्मपत्न्याः श्रीमत्या रत्नकुमारीमहाभागायाः कर-कमलयोः जयतु संस्कृतम् संस्थया २०६७ तमे वैक्रमाब्दस्य

जयतुसंस्कृतम

पारितोषिकसहितम् समर्पितं यशः प्रशस्तिपत्रम्

ज्ञानप्रसिद्धे मिथिलाप्रदेशे,ख्याते सिराहाभिधमण्डलेऽस्मिन् ।
धन्यौ भवानीपुरवासिनौ तौ विष्णुप्रियाश्रीरघुनाथसंज्ञौ ॥१॥
पुत्रो यदीयो जयतीह कीर्त्या पुण्यैर्निजैरत्रिकुलार्जितश्रीः ।
स रोहिणीवल्लभ एष धन्यः कविश्च प्राध्यापकताङ्गतोऽपि ॥२॥
यो विश्वविद्यालयतः प्रसिद्धाद्भुवीह कामेश्वरसिंहनाम्नः ।
ख्यातिङ्गतोबुद्धिविशेषगम्यं चा ऽधीत्य सम्यक् पदशास्त्रजातम् ॥३॥
यस्त्रिंशदब्दावधिञ्च कालं निनाय प्राध्यापनसेवयाऽसौ ।
तथो ऽ प्यनन्यप्रतिभावलेन स काव्यरत्नानि ततान भूमौ ॥४॥
आश्वादवत्काव्यनिबन्धनेन तं दिव्यसारस्वतलोकमाप्तः ।
अद्यापि लोके यशसा विभाति शिष्यप्रशिष्यैः स च पुण्यमूर्तिः ॥५॥
माधुर्यपूर्णानि हितानि भावावर्तादिमुख्यानि बुधप्रियाणि ।
काव्यानि स्तुत्वाऽमरभाषितानि दृष्ट्वाऽधुना विंशतिसंख्यकानि ॥
विविच्य मेधां कविवल्लभस्य महाकवे रोहिणीवल्लभस्य
आश्चर्यभाजां वयमत्र नित्यं सञ्चिन्तयामश्चरितं प्रशस्तम् । ६ ।७
श्लेषोपमारूपकसारमुख्यैरादीपितं सुन्दरकाव्यधर्मैः ।
रसध्वनिं व्यञ्जयतीति भावावर्ताभिधं काव्यसुमं हि हृद्यम् ॥ ८॥
सम्मानयोग्यः शुभद्रव्यराशिस्तद्धर्मपत्न्यै च वितीर्यते ऽसौ ।
सम्प्रार्थयामश्च वपुस्तदीयमखण्डमाकल्पमिदं यशस्यम् ॥९॥
सम्प्रार्थयामश्च यशस्तदीयमखण्डमाकल्पमिदं तनोतु ।

.....	.....	.....
नवराजकट्टेल	परमानन्दझा	प्रा. विद्यानाथ उपाध्यायः
सदस्यसचिवः	उपराष्ट्रपतिः	अध्यक्षः
	प्रमुखातिथिः	

दिनाङ्काः २०६८।१२।१२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राकृतपोखरा
(वर्णनात्मकं काव्यम्)



प्राकृतपोखरा (वर्णनात्मकं काव्यम्) जयतु संस्कृतम्द्वारा प्रकाशित अनुदित कृति हो। यो चर्चित छन्दकवि मुकुन्दशरण उपाध्यायद्वारा लिखित पोखराको सम्पूर्ण सौन्दर्यलाई समेट्न खोज्ने मदनपुरस्कारविजयी सुन्दरकाव्यको अनुवाद हो। वि.सं. २०६७ मा जयतु संस्कृतम्द्वारा प्रकाशित प्रस्तुत कृतिको अनुवाद नेपाली तथा संस्कृत भाषाविज्ञ डा.लक्ष्मीकान्त पन्थीले गर्नुभएको हो। अनुवाद परम्परामा यो पन्थीको नौलो प्रयोग हो। विशेष गरी संस्कृत भाषामा लेखिएका ग्रन्थहरूलाई नेपालीमा अनुवाद गर्ने परम्परा चलिआएकोमा पन्थीले त्यसलाई चुनौती दिँदै नेपालीका सुन्दर रचनालाई संस्कृतमा पनि अनुवाद गर्नुपर्छ भन्ने अभियान चलाउन खोज्नुभएको बुझिन्छ। यसअघि पनि लेखनाथ पौड्यालद्वारा लिखित ऋतुविचार खण्डकाव्यको संस्कृतमा समच्छन्दी अनुवाद गर्नुभएको थियो र त्यस कृतिलाई जयतु संस्कृतम् पुरस्कारद्वारा सम्मानित गरिएको थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वत्पन्थीकुलमा जन्मनुभएका लक्ष्मीकान्त पन्थी पिता भीमकान्त पन्थीभैँ स्वयंमा संस्कृत र नेपाली दुवै भाषामा राम्रा कविता लेख्नसक्ने व्यक्तित्व भएकाले यस प्राकृतपोखरा काव्यको अनुवादमा पनि ऋतुविचारको अनुवादमा जस्तै सफलता पाउनुभएको छ। मौलिक कृतिमा रहेका विशिष्ट भावहरूलाई हुवहु भाषान्तरण गर्नु अत्यन्त कष्टकर कार्य भएकाले डा.पन्थीलाई अनुवादमा थुप्रै कठिनाई नपरेको होला भन्न सकिँदैन तथापि यस प्राकृतपोखरामा उहाँले यथासम्भव अनुवादकीय धर्म निर्वाह गर्न प्रयत्न गर्नुभएको देखिन्छ। अनुवादका क्रममा मूल लेखकका काव्यभित्रका शीर्षकहरूलाई समेत संस्कृतमय बनाउँदै प्रत्येक पद्यको भाव अनुदित पद्यमा अटाउँने प्रयत्न गर्दा मूल रचनामा रहेको माधुर्य सम्पूर्णतः अट्न नसक्ने वाध्यता पन्थीले वेहोर्नुपरेको देखिन्छ तर कतिपय ठाउँमा अनुवादकले नेपालीमा भन्दा विषयलाई अझ वढी स्पष्ट भन्नसक्ने सामर्थ्यसमेत देखाएको अनुभव गर्नसकिन्छ। उदाहरणार्थ तलका मूल र अनुदित पद्यलाई हेर्न सकिन्छ :

मूल : भयौ प्रकृतिका राजा तिमी नै अजरामर।
श्रीपेच पैह्रियो छैन विश्वमा यो बरावर॥
भनी निश्चय व्रह्मालै पैह्राए शिरपेच यो।
नभए हिमको डाँडो कसरी गिरिराज भो॥

अनु : राजासि प्रकृतेस्त्वं हि त्वमेव चाजरामर।
मुकुटं परिधेहीदं विश्वेऽस्मिन् नास्ति चेदृशम्॥
इत्थं निश्चित्य धाताऽपि मुकुटं पर्यधापयत्।
नो चेत्तुहिनशैलोऽयं गिरिराजोऽभवत्कथम्॥

यसरी अनुवादक पन्थीको संस्कृतमोह र अनुवादसामर्थ्य **प्राकृतपोरखरा** (वर्णनात्मककाव्यम्) मा प्रतिबिम्बित भएको छ।

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतमको गतिविधि

जयतु संस्कृतम् आन्दोलन २००४ को २०५४ मा स्वर्ण महोत्सव समारोह मनाइयो। स्वर्ण महोत्सवले संस्कृत संस्कृतिको क्षेत्रमा क्रियाशील एउटा सामाजिक संस्थाको आवश्यकता महसुस गरी २०५५ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत दर्ता भई गैरसरकारी, विशुद्ध सामाजिक, प्राज्ञिक र गैरनाफामूलक संस्थाका रूपमा जयतु संस्कृतम् संस्था अद्यापि यस क्षेत्रमा सक्रिय छ। श्रीभद्र शर्माको नेतृत्वमा स्थापित यो संस्थाले स्थापना कालदेखि २०६२ सम्म आफ्ना सम्पूर्ण गतिविधि जयतु संस्कृतम् पत्रिकामा प्रकाशित गरिसकेको छ। त्यस यताका कार्यक्रमहरूलाई यथा शक्य लिपिबद्ध गर्ने प्रयत्न यहाँ गरिएको छ।

संस्थाले अल्पकालीन र दीर्घकालीन गरी दुई किसिमका कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषतः नेपालमा संस्कृत भाषा वाङ्मयको संरक्षण, संवधर्न र प्रचार-प्रसार गर्नु नै यसको दीर्घकालीन लक्ष्य हो। यसका लागि नियमित रूपमा गरिने केही कार्यक्रमहरू रहेका छन्।

क) जयतु संस्कृतम पुरस्कार तथा जयतु संस्कृतम् दिवस

संस्थाले प्रत्येक वर्ष संस्कृत काव्यसर्जकलाई कृतिका आधारमा जयतु संस्कृतम् पुरस्कार प्रदान गर्दछ। यसै क्रममा २०६३ को जयतु संस्कृतम् पुरस्कार लेखनाथ पौडेलको ऋतुविचारलाई संस्कृत भाषामा अनुवाद गरी प्रकाशन गरेकोमा डा. लक्ष्मीकान्त पन्थीलाई प्रदान गरियो। २०६४ मा पद्यपुष्पाञ्जलिका लेखक प्रा.डा. टीकाराम अधिकारीलाई उक्त पुरस्कार दिइएको थियो। २०६५ मा श्रीराम शरणम् म का लेखक लोकनाथ लुइटेललाई प्रदान गरियो भने २०६७ मा भावावर्त का रचनाकार रोहिणीबल्लभ शर्मा पोखरेललाई मरणोपरान्त सम्मानित गरियो। संस्थाले हरेक वर्षका असार १ गतेलाई जयतु संस्कृतम् दिवसका रूपमा मनाउँदै आएको छ। जयतु संस्कृतम् दिवसका दिन नै जयतु संस्कृतम् पुरस्कार दिने परम्परा रहे पनि ०६७ को पुरस्कार भने अन्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनमा दिने वतावरण वनेको थियो । जयतु संस्कृतम् दिवसमा प्रभात फेरी जस्ता कार्यक्रम सञ्चालन गरी पुरस्कारको व्यवस्था पनि गरिएको छ ।

ख) ग्रन्थ प्रकाशन

संस्थाको आठौँ पुष्पका रूपमा जयतु संस्कृतम् पत्रिका २०६२ चैत ४ गते लोकार्पण गरेपछि संस्थाले नवौं पुष्पका रूपमा प्रा. मुकुन्दशरण उपाध्यायको रचना प्रा.डा. लक्ष्मीकान्त पन्थीद्वारा संस्कृत भाषामा अनुदित कृति प्राकृत पोखरा प्रकाशन गऱ्यो । दसौं पुष्पका रूपमा डा. काशीनाथ न्यौपानेद्वारा नेपाली भाषामा अनुवाद गरिएको लंकावतार सूत्रम्, एघारौं पुष्पका रूपमा रेवतीरमण खनालद्वारा सङ्कलित सम्पादित कृति चार्वाक दर्शन, बाह्रौं पुष्पमा प्रा. पद्मप्रसाद भट्टराईद्वारा अनुदित गौतम न्यायसूत्र । तेह्रौं पुष्पका रूपमा प्रा.डा. दीर्घराज घिमिरेद्वारा अनुदित ब्रह्म सूत्र प्रकाशित गरिसकेको छ । यो मुखपत्र चौधौं पुष्पका रूपमा यहाँहरू समक्ष प्रस्तुत छ ।

ग) संस्कृत कवि गोष्ठी

जयतु संस्कृतम्को वार्षिका कार्यक्रम अन्तर्गत २०६३ को संस्कृत कवि गोष्ठी जेठ २६ मा सम्पन्न भयो । यसै गरी २०६४ को कवि गोष्ठी जेठ ३० मा । ०६५ को कवि गोष्ठी जेठ ३० मा ०६६ को कवि गोष्ठी जेठ २९ मा ०६७ को कवि गोष्ठी असार ४ मा र ०६८ को कवि गोष्ठी जेठ ३० मा सम्पन्न भयो । कवि गोष्ठीमा संकलित कवितालाई १५ औं पुष्पका रूपमा प्रकाशित गर्ने प्रयत्नमा संस्था लागेको छ ।

घ) संस्कृत सम्भाषण शिविर

संस्कृत भित्रका भाषिक, सांस्कृतिक, वैज्ञानिक र आचरणगत कुराहरूलाई भषाशिक्षणका माध्यमले प्रचार प्रसार गर्दै संस्कृत विद्याको संरक्षण र संवर्द्धन गर्ने पावन उद्देश्य लिएर दशदिवशीय संस्कृत सम्भाषण शिविर सञ्चालन गर्दै आएको छ । जसलाई व्यवस्थित गर्न प्रा.डा. ऋषिराम पोखरेल संयोजक र सह संयोजक सहप्रा. डा. श्रीराम अधिकारी रहेको उपसमिति गठन गरिएको छ । आधुनिक शिक्षा लिइरहेका छात्रछात्राहरूलाई संस्कृतसँग परिचय गराउने र संस्कृत भित्रका विविध विशेषताहरूको प्रचारप्रसार गर्न यस किसिमको शिविर कोसेढुङ्गा सावित हुने निश्चित छ । यसै अन्तर्गत ०६४ र ०६५ मा मूलपानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिविर सञ्चालन भएका थिए। यसै गरी काठमाडौं उपत्यकाको मध्यभाग बानेश्वरमा जयसंगत आश्रम परिसरमा २०६७ वैशाखमा दशदिवसीय संस्कृत सम्भाषण शिविर सम्पन्न भयो भने २०६८ मा जोरपाटीमा ज्योतिष तथा कर्मकाण्ड सेवा समाजको कार्यालयमा, संस्कत छात्रावास तीनधारा र भक्तपुरको दुवाकोटमा गरी तिन वटा संस्कृत शिविर सञ्चालन भइसकेका छन्। यी सबै कक्षामा करिब ५० जना प्रशिक्षार्थी सहभागिता रहँदै आएको छ।

ङ) विचार गोष्ठी

संस्थाको उद्देश्य अनुसार २०६४ असार १५ गते संस्कृत विद्याको संरक्षण र संवर्धन विषयक विचार गोष्ठी सम्पन्न भयो। जसमा कार्यपत्र प्रस्तोता प्रा. डा. माधावशरण उपाध्याय हुनुहुन्थ्यो। त्यसै अनुसार धरान शाखाको सक्रियतामा २०६५ असार २० रुकमणी मास्केको कार्यपत्र नेवार संस्कृति एक अध्ययन र डा. छत्रपति दाहालको पूर्वाञ्चलमा आयुर्वेद र जडीवुटीः वर्तमान स्थिति र सम्भावनाहरू विषयमा दुईवटा कार्यपत्र प्रस्तुत गरी कार्यक्रम सम्पन्न भयो। ०६५ पुसमा २९ गते पशुपतिको पूजाअर्चनाका विषयमा अन्तक्रियात्मक कार्यक्रम सम्पन्न भयो। जसमा प्रा. विद्यानाथ उपाध्यायले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। ०६७ मा चैतमा जनार्दन घिमिरेको कार्यपत्र नेपाली निजी तथा साधारण विद्यालयमा संस्कृतको अपरिहार्यता विषयमा विचार गोष्ठी सम्पन्न भयो। जसमा संस्कृत सेवा परिपदको सहकार्य रहेको थियो। ०६८ मा प्रज्ञाप्रतिष्ठानसँगको सहकार्यमा चैत ३० गते चार्वाक दर्शन सन्दर्भ सूत्र र भावानुवाद विषयक विचार गोष्ठी सम्पन्न भयो। जसमा रेवतीरमण खनालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

च) सांस्कृतिक हाजिरी जवाफ

विद्यालयस्तरीय विद्यार्थीमा हाम्रा सांस्कृतिक धरोहरवारेमा जानकारी गराउन प्रश्नोत्तरको माध्यम नै सही र सरल हुने विश्वासका साथ विद्यालयस्तरीय सांस्कृतिक हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्दै आएको छ। धर्म, धार्मिक सम्प्रदाय, धर्मगुरुहरू, प्रसिद्ध नदीनाला ताल तलैया आदिका विषयमा प्रश्नोत्तर गरिन्छ। यसै आधारमा भएका सांस्कृतिक हाजिरी जवाफ प्रतियोगितामा २०६३ जेठ १२ र १३ मा सांस्कृतिक हाजिरी जवाफ सम्पन्न भयो। यसैगरी ०६४ मा जेठ २५ र २६ मा ०६५ मा जेठ २३ र २४ मा ०६६ मा जेठ २१ र २२ मा ०६७ मा जेठ २६ र २७ मा सांस्कृतिक हाजिरी जवाफ सम्पन्न भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहकार्य

समान उद्देश्य भएका संस्थासँग सहकार्य गर्ने योजना अनुसार संस्कृत सेवा परिषदसँग मिलेर यसले विभिन्न समयमा कार्यक्रमहरू गरेको छ। यसै गरी प्रभाश्री फाउन्डेसनसँगको सहकार्यमा ०६५ वैशाख २६ गते अक्षतृतीयाका दिन तारा-अंशु प्रतिभा पुरस्कार वितरण गरियो ; अक्षयकोषमा सहयोग। डीएभी सुशील केडीया विश्व भरती विद्यालयसँग पनि संस्थाले सहकार्य गरेको छ। तीनधारा संस्कृत छात्रावाससँगको सहकार्यमा गरिएका बौद्धिक क्रियाकलापमा हाम्रो प्रत्यक्ष संलग्नता रहेको छ। यसै गरी वाराणसी शाखाले पनि कार्यक्रमलाई अगाडि बढाएको छ। विभिन्न सञ्चार माध्यमसँगको सहकार्यमा अन्तरक्रियात्मक कार्यक्रम पनि सञ्चालन भएका छन्। पुस्तक प्रकाशनका लागि विशिष्ट विद्वानहरूबाट ठूलो धनराशि सहयोग भएको छ। समयसमयमा सरकारबाट पनि संस्थालाई सहयोग प्राप्त भएको छ।

विरोध

संस्थाको २०६३ जेठ ४ गते बसेको बैठकले नेपाललाई धर्म निरपेक्ष राष्ट्र बनाउनु हतारको विषय भएको ठहर गर्दै संविधानसभाले नै टुङ्गो लगाउनुपर्ने धारणा व्यक्त गर्दै संसदको निर्णय प्रति विरोध जनाएको थियो। त्यसै गरी संस्कृत विश्वविद्यालयमा भएको आन्दोलनले विश्वविद्यालय सञ्चालन हुन नसकेको प्रति चासो दिंदै ०६३ भाद्र १६ गतेको बैठकले यथाशक्य छिटो सञ्चालन गर्ने वातावरण मिलाउन सम्बद्ध निकायसँग अनुरोध गरेको थियो। यसै बैठकले बन्द भएका संमाविहरू यथावत सञ्चलन गर्ने वातावरण मिलाउन पनि अनुरोध गरेको थियो। पशुपति पूजा अर्चनामा देखिएको विवादमा स्वतन्त्र ट्रष्टको व्यवस्था गर्न अनुरोध गरेको थियो।

गुमाएको

संस्थाले यसै समयमा संस्थाका संस्थापक श्रीभद्र शर्मालाई गुमाउन पुगेको छ। संस्थाले शर्माको श्रद्धाञ्जलि कार्यक्रम पनि सम्पन्न गऱ्यो। यसै गरी संस्थाका आजीवन सदस्य विदुरविक्रम अधिकारी, संस्थापक तथा आजीवन सदस्य दैवज्ञराज न्यौपाने, आजीवन सदस्य कुलशेखर शर्मा, आजीवन सदस्य टीकाराम पन्थी लगायत केही व्यक्तित्वहरू गुमाएको छ। यसरी समग्रतामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही असहज, केही सहज र थोरै असफलता भित्र संस्थाले धेरै सफलता पाएको आभाष हामीलाई भएको छ ।

हाम्रा शाखाहरू

आफ्ना क्रियाकलापहरू विकेन्द्रीकृत होऊन् भन्ने उद्देश्यका साथ शाखा गठन गर्ने नीति लिएको यस संस्थाका (१) चुँदी शाखा, तनहुँ (२) वाराणसी (३) कुमारीगाल (काठमाडौं) (४) देवघाट (५) धरान शाखा (६) दमौली महर्षि वेदव्यास सं.मा.वि. शाखा (७) गायत्री सं.मा.वि. शाखा, विराटनगर (८) कञ्चनपुर महेन्द्रनगर शाखा (९) हजारी जनक विद्यापीठ जनकपुर शाखा (१०) दाङ शाखा गरी जम्मा १० वटा शाखा रहेका छन् । औपचरिकरूपमा १० वटा शाखा गठन भए पनि अनौपचारिक रूपमा भने १४ वटा शाखा गठन भइसकेका छन् । यसको अझ विस्तार हुने सम्भावना जीवन्त रहेको छ ।

हाम्रा आजीवन सदस्यहरू

१. श्री राजेश्वर देवकोटा, २. श्री रामचन्द्र शर्मा पौडेल रम्घाली, ३. श्री हेमराज ज्ञवाली, ४. श्री अच्यूत राज रेग्मी, ५. श्री विद्यानाथ उपाध्याय ६. श्री शरद कुमार भट्टराई, ७. श्री पुराणराज शास्त्री, ८. श्री श्रीराम पौडेल, ९. श्री कमलराज रेग्मी १०. श्री ज्ञानमणि नेपाल ११. श्री जयराज आचार्य, १२. श्री मुकुन्दशरण उपाध्याय, १३. श्री पीताम्बर शर्मा दाहाल, १४. श्री बद्री पोखरेल, १५. श्री तुलसी प्र. भट्टराई, १६ श्री दीर्घराज घिमिरे, १७. श्री सीताराम अधिकारी, १८. श्री भैरव रिसाल, १९. श्री ऋषिराम पोखरेल, २०. श्री रामचन्द्र गौतम, २१. श्री खिलानाथ वस्ताकोटी, २२. श्री शिवहरि मरहट्टा, २३. श्री पद्मप्रसाद भट्टराई, २४. श्री हरिप्रसाद गौतम, २५. श्री विष्णुराज आत्रेय, २६. श्री विष्णुप्रसाद शर्मा देवकोटा २७. श्री भेषराज शर्मा, २८. श्री चन्द्रमणि नेपाल २९. श्री विद्याकुमारी वज्राचार्य, ३०. श्री नवराज कट्टेल ३१. श्री काशीनाथ न्यौपान, ३२. श्री केशव भट्टराई, ३३. श्री जीवन अधिकारी, ३४. श्री मोदनाथ खनाल, ३५. श्री मुकुन्द लामिछाने ३६. श्री जनार्दन घिमिरे ३७. श्री श्रीराम अधिकारी, ३८. श्री हरिहर शर्मा प्रदीप, ३९. श्री शम्भु निरौला दुर्गम ४०. श्री रामरञ्जन पौडेल, ४१. श्री जयन्त आचार्य, ४२. श्री पीपलमणि सिग्देल, ४३. यदुप्रसाद पन्थी ।

प्रस्तुति : रामरञ्जन पौडेल

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'जयतु संस्कृतम्' संस्थाको बाह्रौं साधारण सभामा सदस्यसचिव नवराज कट्टेलद्वारा प्रस्तुत

वार्षिक प्रतिवेदन

(०६७ साउनदेखि ०६८ असारसम्म)

सभापति महोदय,
साधारण सभाका सदस्यज्यूहरू,

यस ऐतिहासिक 'जयतु संस्कृतम्' संस्थाको तह्रौं साधारण सभामा आफ्ना व्यक्तिगत जीवनका व्यस्ततालाई पन्छाएर पनि सहृदयतापूर्वक र उत्सुकता एवं तत्परतापूर्वक उपस्थित हुनुभएकोमा समितिको तर्फबट हार्दिक स्वागत तथा आभार प्रकट गर्दछु। 'जयतु संस्कृतम्' को भावना र कार्यक्रमलाई आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरू र संघसंस्थाहरूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१. जयतु संस्कृतम्

'जयतु संस्कृतम्' भनेको संस्कृत वाङ्मयको संस्कृत वाङ्मयनिष्ठ भावना र विचारको जय होस्, उत्थान होस्, भनेको हो। संस्कृत वाङ्मयमा निबद्ध विश्वजनीन कुराहरू अर्थात् सह-अस्तित्व, विश्वबन्धुत्व, विश्वकल्याण, सहयोग, सद्भावना, धार्मिक सहष्णिुता आदि भावनाको जय होस्, यी भावनाहरू कार्यन्वयित हऊन् भन्ने विचार नै 'जयतु संस्कृतम्' को मूल विचार हो। यिनै विचारलाई यस संस्थाले आत्मसात् गर्दै अगाडि बढिरहेको छ।

२. 'जयतु संस्कृतम्' र यसको प्रथम अधिवेशन तथा साधारण सभा

'जयतु संस्कृतम्' एक ऐतिहासिक आन्दोलनको नाम हो, यो आन्दोलन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२००४ सालमा संस्कृतका विद्यार्थीहरूले सञ्चालन गरेका थिए । यस आन्दोलनले ५० वर्ष पूरा गरेको सन्दर्भमा ०५४ सालमा स्वर्ण महोत्सव विभिन्न कार्यक्रमका साथ मनाइएको कुरा यहाँहरूलाई अवगत नै छ । सोही अवसरमा सो समितिले संस्कृत र सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउन, पुनर्जागरणको शङ्खघोष गर्न २०५५ असार १२ गते स्वर्णमहोत्सवको समापन समारोहमा यस संस्थाको स्थापनाको औपचारिक रूपमा घोषणा गरिएको कुरा म पुनः यहाँ स्मरण गराउन चाहन्छु । ०५५ साल भाद्रमा संस्था दर्ता भई ०५६ साल जेठ ३१, ३२ गते प्रथम अधिवेशन सम्पन्न भएको कुरा पनि म यहाँ दोहोऱ्याउन चाहन्छु । हालसम्म यस संस्थाका १२ वटा वार्षिक साधारण सभाहरू सम्पन्न भइसकेका छन् भने अहिले हामी १३ औं साधारण सभामा उपस्थित भएका छौं । ४वटा त्रैवार्षिक साधारण सभा (राष्ट्रिय अधिवेशन) सम्पन्न भई ४ वटा कार्य समिति गठन भई आआफ्ना कार्यसमयमा विविध कार्य सम्पादन गरेको कुरा पनि म यहाँ पुनः स्मरण गराउन चाहन्छु ।

अधिवेशन	कार्यकाल	सभापति	मुख्यकार्य
प्रथम	०५६ असार १ देखि ०५९असार १ सम्म	श्रीभद्र शर्मा	पुरस्कार, प्रकाशन, नाटक, टेलिसृंखला, वेवसाइट
दोस्रो	०५९ असार १ देखि ०६२ असार १ सम्म	श्रीभद्र शर्मा	"
तेस्रो	०६२ असार १ देखि ०६५ असार १ सम्म	हेमराज ज्ञावली	प्रकाशन, पुरस्कार बृहतभेला
चौथो	०६५ फागुन १२ देखि ०६८ फागुन सम्म	विद्यानाथ उपाध्याय	१० दर्शनको अनुवाद प्रकाशन, वार्षिक कार्यक्रम

३. चौथो साधारण सभाबाट गठित कार्य समिति

१.	अध्यक्ष	:	श्री विद्यानाथ उपाध्याय
२.	उपाध्यक्ष	:	श्री शरदकमार भट्टराई
३.	सचिव	:	श्री नवराज कट्टेल
४.	कोषाध्यक्ष	:	श्री बद्री पोखरेल
५.	सदस्य	:	श्री विष्णुप्रसाद देवकोटा
६.	सदस्य	:	श्री ऋषिराम पोखरेल
७.	सदस्य	:	श्री चन्द्रमणि नेपाल
८.	सदस्य	:	श्री विद्याकुमारी वज्राचार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९. सहा-सचिव : श्री श्रीराम अधिकारी
१०. सदस्य : श्री जीवन अधिकारी
११. सदस्य : श्री मुकुन्द लामिछाने
१२. सदस्य : श्री जनार्दन घिमिरे
१३. सदस्य : श्री तोयराज नेपाल (पदेन)
१४. सदस्य : श्री रमेश रिजाल (पदेन)

४. यस संस्थाका सल्लाहकारहरू निम्न अनुसार रहनुभएको कुरा पनि म निवेदन गर्न चाहन्छु–

१. डा. स्वामी रामानन्द गिरी
२. कमलराज रेग्मी
३. अच्युतराज रेग्मी
४. राजेश्वर देवकोटा
५. विदुर पौडेल
६. रामचन्द्र शर्मा पौडेल
७. ज्ञानमणि नेपाल
८. अङ्गुरबाबा जोशी

४.१ सल्लाहकार हेमराज ज्ञवाली

४.२ उपसमितिहरू

संस्थाको विभिन्न काम सरल, सहज र छिटो छरितो सम्पन्न गर्न विभिन्न उपसमितिहरू गठन भई विभिन्न गतिविधि अगाडि बढिरहेको कुरा पनि म यस सम्मानित सभामा अवगत गराउँन चाहन्छु।

(क) प्रकाशन उपसमिति–
संयोजक– प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटा
सदस्य– डा. जीवन अधिकारी
सदस्य– मुकुन्द लामिछाने
सदस्य–

(ख) संस्कृत संभाषण शिविर सञ्चालन–
संयोजक– प्रा.डा. ऋषिराम पोखरेल
सदस्य– श्रीराम अधिकारी,

(ग) संस्कृत कवि सममेलन सञ्चालन उपसमिति–
संयोजक– जीवन अधिकारी, सहसं मुकुन्द लामिछाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(घ) गोष्ठी सञ्चालन उपसमिति–
संयोजक– प्रा.डा. ऋषिराम पोखरेल

(ङ) सांस्कृतिक उपसमिति–
संयोजक–

(च) 'जयतु संस्कृतम्' पत्रिका सम्पादन/प्रकाशन– नवराज कट्टल, श्रीराम अधिकारी, जीवन अधिकारी र मुकुन्द लामिछाने

(छ) पुरस्कार छनोट उपसमिति : संयोजक शरद्कुमार भट्टराई, सदस्य नबराज कट्टेल, श्रीराम अधिकारी

५. 'जयतु संस्कृतम्' का अधिवेशन र साधारण सभा

जयतु संस्कृतम्को प्रथम अधिवेशन ०५६, दोस्रो ०५९ जेठ ३२, तेस्रो ०६२ जेठ, चौथो ०६५ फागुनमा साधारण सभा एवं राष्ट्रिय अधिवेशन भई नयाँ कार्य समितिको गठन भयो भने प्रत्येक सालको जेष्ठान्तमा वार्षिक साधारण सभा भई १२ वटा सभाहरू सम्पन्न भई सकेका छन् र हामी अहिले १३ औं साधारण सभामा भेला भएका छौं।

६. संस्थाबाट भए गरेका कामहरूको विवरण

६.१ गोष्ठी

६.१.१. जयतु संस्कतम् र ने.रा.प्र.प्र. को संयुक्त आयोजनामा प्रज्ञाभवनमा केही वर्षदेखि गरिदै आएको गोष्ठी केही वर्षदेखि पदाधिकारीहरूको अभावमा सम्पन्न हुन सकेको छैन। हाल पदाधिकारीहरू आएकाले संयुक्त कार्यक्रमलाई अगाडी बढाउने आश्वासन प्राप्त भएको छ।

६.१.२ जयतु संस्कृतम् र संस्कृत सेवा परिषद्को आयोजनामा फागुन १६ गते साधारण निजी स्कुलमा संस्कृत शिक्षा विषयमा संस्थाका सदस्य जनार्दन घिमिरेद्वारा कार्यपत्र प्रस्तुत गरियो। शिक्षा सहसचिव जनार्दन आचार्यको प्रमुख आतिथ्यमा गोष्ठी सम्पन्न भयो। गोष्ठीमा करिव ५० जनाको सहभागिता रहेको थियो।

६.२ संस्कृत कवि सम्मेलन

०५४ सालदेखि शुरु भएको संस्कृत कवि सम्मेलनले १४ वर्ष पूरा गरेको छ। १५ औं संस्कृत कवि सम्मेलन असार १७ गते सम्पन्न भएको कुरा पनि म यहाँहरूसमक्ष निवेदन गर्न चाहन्छु। उक्त वाल्मीकि क्यम्पसमा सम्पन्न गोष्ठीमा करिव २५ जना कविहरूले भाग लिएका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. प्रकाशन

७.१ संस्थाको प्रत्येक वर्ष कम्तीमा एक-एक ओटा संस्कृतको पुस्तक प्रकाशन गर्ने नीतिअनुरूप ०६६ सम्ममा १० वटापुस्तकहरूको प्रकाशन कार्य भएको कुरा पनि यहाँहरूलाई अवगत नै छ। यस वर्ष मुकुन्दशरण उपाध्यायको प्राकृतपोखराको लक्ष्मीकान्त पन्थीद्वारा संस्कृतमा अनुवाद गरिएको प्राकृतपोखरा प्रकाशन गरिएको कुरा म यहाँहरू समक्ष अनुरोध गर्दछु।

७.२ यसै वर्ष ०५९ मा संस्कृत कवितासंग्रहको प्रकाशन कार्य भएको थियो भने यस वर्ष संस्कृत कविता संग्रहको दोस्रो भाग जयतु संस्कृतम् पत्रिक र संस्कृत कविता संग्रहको प्रकाशनका लागि अन्तिम तयारी भइरहेको कुरा पनि निवेदन गर्दछु।

७.३ गत वर्ष प्रारम्भ भएको संस्कृत भाषामा निबद्ध दशवटा दर्शनको नेपालीमा अनुवाद गरी गराई प्रकाशन गर्ने योजना अन्तर्गत गत वर्ष बौद्ध दर्शनअन्तर्गत लंकावतार सूत्र डा. काशीनाथ न्यौपानेबाट अनुवाद भई कम्प्युटर टाइपमा पठाइएकोमा सो कार्य पूरा भएको ब्यहोरा पनि सादर जानकारी गराउँदछु। अन्य ग्रन्थहरूमा दीर्घराज घिमिरेद्वारा अनुदित ब्रह्मसूत्र र पद्मप्रसाद भट्टराईद्वारा अनुवाद भएका ग्रन्थको टङ्कन संशोधन कार्य अन्तिम चरणमा पुगेको कुरा पनि निवेदन गर्दछु। त्यस्तै रेवतीरमण खनालज्यूद्वारा संकलन सम्पादन भएको चार्वकदर्शन प्रकाशनार्थ प्रेसमा पठाइ सकिएको कुरा पनि अनुरोध गर्दछु। अन्य ग्रन्थहरू मीमांसा दर्शनमा प्रा.डा. ऋषिराम पोखेल, योगदर्शनमा प्रा.डा. दुर्गाप्रसाद दवाडी, सांख्यमा सहप्रा जगत् उपाध्याय, जैनदर्शनमा जैनाचार्य श्री सुमन्तभद्र, वैशेषिकमा प्रा. शिवहरि मरहट्टाले आवश्यक कार्य गर्दै रहनुभएको जानकारी पनि प्राप्त भएको छ।

८. 'जयतु संस्कृतम्' पुरस्कार

८.१ प्रत्येक वर्ष संस्कृतमा छापिएका पुस्तकलाई दिइने 'जयतु संस्कृतम्' पुरस्कार गत वर्षसम्म ८ कृतिका स्रष्टाहरूले प्राप्त गरी सक्नुभएको छ। ०६६ मा सो पुरस्कार श्री लोकनाथ लुइँटेल लुइटेल (धरान) को 'श्रीराम शरणं मम' कृतिका लागि प्रदान गरिएकौ थियो।

८.२ गत वर्ष पनि पुरस्कारका लागि पत्रिकामार्फत सूचना प्रकाशित गरिएको थियो। तर पुरस्काह्र कृति उपलब्ध हुन सकेन र सो पुरस्कार वितरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्य स्थगित रहेको थियो। ०६७ मा प्रकाशित भएको रोहिणीवल्लभ पोखरेलको भावावर्त्तः नामक कविता संग्रहलाई यस वर्षको जयतु संस्कृतम् पुरस्कार प्रदान गर्ने निर्णय भएको कुरा पनि निवेदन गर्दछु। राष्ट्रपतिबाट पुरस्कार वितरण गर्नका लागि सल्लाह भई तदनुसार राष्ट्रपतिभवनमा पत्राचार भएको छ। उताबाट उत्तर अएको छैन।

९. उत्तरमहाभारत

यस र्कामा नेपाल पर्वअन्तर्गत गण्डकी क्षेत्र उपपर्वका ५ हजार ६००० श्लोक प्रा.डा. टीकाराम अधिकारीले तयार गर्नुभएको छ भने जापान पर्वका ४ भाग करिब ५ हजार श्लोक प्रा.डा. टीकाराम पन्थीले तयार गर्नुभएको छ। बौद्धावतार पर्वका १० हजार श्लोक तयार भए पनि यसलाई अगाडि बढाउने काम पनि भइरहेको कुरा अवगत गराउन चाहन्छु। तर यो याजनाले गति लिन नसकेको कुरा पनि अनुरोध गर्दछु।

१०. संस्कृत संभाषण शिबिर

१०.१ २०६६ चैत्र (५-१३)मा १० दिने संस्कृत संभाषण शिविर बनेश्वरमा सम्पन्न गरिएको थियो भने यस वर्ष सो शिबिर जोरपाटीमा सम्पन्न भयो। ४० जनाले उक्त शिविरमा भाग लिएका थिए। समारोहको उद्घाटन प्राज्ञ नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव रनत रेग्मीले गर्नुभएको थियो। कार्यक्रम सञ्चालनको सबै जिम्मा र नेतृत्व श्री श्रीराम अधिकारीले लिनु भएको थियो। संयोजन प्रा.डा. ऋषिराम पोखेलले गर्नुभएको थियो। यसमा कलाकार, पत्रकार, शिक्षक, व्यापारी, विद्यार्थी विभिन्न वर्गका मानिसहरूको सहभागिता रहेको थियो। उक्त गोष्ठी ज्योतिष तथा कर्मकाण्ड सेवा समाज (जोरपाटी) र जयतु संस्कृतम्को संयुक्त आयोजनामा सम्पन्न भएको हो।

१०.२ संस्कृत संभाषण शिबिर : अर्को १० दिने संस्कृत संभाषण शिविर संस्कृत छात्रावासमा सम्पन्न भयो। ४० जनाले उक्त शिविरमा भाग लिएका थिए। समारोहको सुभारम्भमा संस्थाका सदस्यंसचिव र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो। उद्घाटन गर्नु भएको थियो। कार्यक्रम सञ्चालनको सबै जिम्मा र नेतृत्व श्री श्रीराम अधिकारीले लिनु भएको थियो। यसमा ३ दिन डा. गुरुप्रसाद सुवेदीज्यूले प्रशिक्षण गर्नुभएको थियो भने ७ दिन सहायक प्रशिक्षकका रुपमा केशव शरणज्यूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्य गर्नुभएको थियो । यसमा सदस्यसचिव र प्रा.डा. विष्णुप्रसाद शर्मा देवकोटाज्यूको निरन्तर उपस्थिति र अनुगमन रहेको थियो । जेठ २५ गते देखि शुरु भएको कार्यक्रम असार ४ गते सम्म सम्पन्न भएको थियो ।

१०.३ सांस्कृतिक हाजिर जवाफ : गत ७।८ वर्षदेखि उपत्यका व्यापी मा.वि. स्तरीय सांस्कृतिक हाजिरी जवाफ प्रतियोगिता सञ्चालन हुदै आएको कुरा यहाँहरूलाई अवगत नै छ । यस वर्ष सो कार्यक्र गर्ने लक्ष्य रहेपनि सबै साथीहरू विश्वविद्यालय सेवाको परीक्षा तयारीमा रहेकाले पनि असारान्त सम्म सो कार्यक्रम सम्पन्न गर्न नसकिएको कुरा यहाँहरूलाई अनुरोध गर्न चाहन्छु ।

११. जयतु संस्कृतम् दिवस

६५ औं जयतु संस्कृतम् दिवस ०६८ असार १ गते उपत्यका बन्दको घोषणा भएको कारण गर्न सकिएन र असार १ गते नै उक्त दिवस जयतु संस्कृतम्को स्मारक स्तम्भमा माल्यार्पण गरी संस्कृत छात्रावासमा सभाको आयोजना गरी संपन्न भएको थियो । व्यवस्थापनको सबै जिम्मा छात्रावासका सुपरीक्षक डिल्लीराम शर्मा र छात्रहरूले लिनुभएको थियो ।

१२. वेवसाइट निर्माण र विस्तार

जयतु संस्कृतम् संस्थाले ०५९ सालमा नै वेवसाइड निर्माण गरी सूचना सञ्जालमा आफूलाई जोडेको हो । हजारौ व्यक्तिहरूले उक्त वेवसाइड अवलोकन गरेको कुरा बुझिन्छ । यस संस्थालाई हजारौं इमेल प्राप्त भएको कुरा पनि अवगत गराउन चाहन्छु । हाम्रो वेवसाइडलाई संस्कृतका अन्य वेवसाइडले पनि लिंकमा लिएका छन् । संस्कृत डट कम लागायतका वेवसाइडमा हाम्रो वेवसाइड पनि हेर्न सकिन्छ । हालको वेवसाइडलाई विस्तृत र नयाँ सुविधायुक्त बनाउन गृहकार्य भए पनि यसले खास गति लिन सकेको छैन । सो कार्य सम्पन्न भएपछि जयतु संस्कृतम्का सबै प्रकाशन वेवसाइडमा नै हेर्न सकिन्छ, । अवलोकन कर्ताले विभिन्न प्रश्न राख्न सक्छ र संस्थाले उत्तर दिन सक्छ । संस्कृत समाचार वेवपत्रिका सम्पादन गर्न सकिन्छ । वेवसाइडबाट अनलाइन संस्कृत पढाउन पनि सकिन्छ । अमेरिका, जापान, बेलायत, भारत आदिमा रहेका नेपाली वा अन्य संस्कृतानुरागीहरूले तत् तत् ठाउँबाट नै पत्रिका सम्पादन, लेखरचना प्रकाशन लगायतका कार्य गर्न सक्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. शाखा गठन

(क) संस्थाको शाखा विस्तार गर्ने क्रममा संस्कृत मा.वि.हरूलाई आधार बनाई अगाडि बढ्नु उचित ठानिएको छ। तर यस वर्ष यस दिशामा ठोस काम गर्न सकिएको छैन। संस्कृत विश्वविद्यालयअन्तर्गत गठन भएका शाखाहरूमध्ये केही शाखाहरूमात्र क्रियाशील रहेको पाइएको छ। गठन भएका शाखाहरूलाई सुसंगठित र क्रियाशील पार्न पनि विशेष पहल गर्नुपर्ने देखिएको छ।

(ख) विदेश शाखा– वनारसमा अध्ययनरत नेपाली शिक्षक एवं विद्यार्थीहरूको सक्रियतामा 'जयतु संस्कृतम्' वनारस शाखाको गठन भएको छ। र सो शाखाले कार्यत्रमहरू गर्दै रहेको बुझिएको छ।

(ग) वेल्जियममा पनि जयतु संस्कृतम् संस्था गठन भएको छ। यो शाखा नभएर स्वतन्त्र संगठन हो तर यसका उद्देश्यहरू जयतु संस्कृतम् का उद्देश्यसंग मिल्दाजुल्दा छन्। उनीहरूसंग सम्पर्क भएको छ।

(घ) हाल देशका विभिन्न भागमा १०० भन्दा बढी गुरुकुल रहेकाले गुरुकुलसंग समन्वय गरी शाखा विस्तार अभियानलाई अगाडि बढाउन सकिने संभावना रहेको छ।

१४. संस्थाले आफ्नो छुट्टै जग्गा र भवन प्राप्ति गर्न र भवन निर्माण गर्न आवश्यक गृहकार्य गर्नुपर्ने देखिन्छ।

१५. त्यस्तै संस्थाको अक्षय कोषको रकम बढाउँदै लैजाने नीतिअनुरूप हाल मुद्दती खातामा १९ लाख नगद बैंक मौज्दात रहेको कुरा पनि सहर्ष अनुरोध गर्दछु। अक्षयकोषमा रकम बढाउँदै लैजानु पर्ने कुरा पनि निवेदन गर्दछु। गत दुई वर्षदेखि मान्त्रालयबाट रकम प्राप्त हुन नसकेकामा दुई वर्षदेखिको निरन्तर प्रयासबाट यस वर्ष दुई लाख रुपयाँ प्राप्त भएको छ। कोषाध्यक्ष डा. बद्री पोखेलज्यूको अनवरत प्रयत्नबाट उक्त रकम प्राप्त गनै सकिएको हो। आगामी आर्थिक वर्षका लागि पनि नियमित बजेटभित्र रकम निकासाका लागि प्रयत्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको छ। हाल सञ्चालन भइरहेका योजनाहरूको पूर्णताका लागि पनि बाहिरबाट थप रकम व्यवस्था गर्नुपर्ने देखिन्छ।

१६. संस्थाको आजीवन सदस्यता वृद्धिको अभियानलाई पनि अगाडि बढाइएको छ।

१७. संस्थाको नियमित कार्यक्रम

जयतु संस्कृतम्को नियमित रूपमा सञ्चालन भइरहेका कार्यक्रम,

(१) जयतु संस्कृतम् पुरस्कार,

(२) संस्कृतको वा संस्कृत विषयक ग्रन्थ प्रकाशन,

(३) पत्रिका प्रकाशन,

(४) संस्कृत कवि सम्मेलन,

(५) संस्कृत-संस्कृतिविषयक गोष्ठी,

(६) जयतु संस्कृतम् दिवस,

(७) संस्कृत संभाषण शिविर

(८) सांस्कृतिक हाजिर जवाफ जस्ता स्थायी कार्यक्रम यथावत सञ्चालन गर्दै सांस्कृतिक कार्यक्रम, टेली शृङ्खलाको निर्माण, संस्कृतका गीतहरूको र नृत्यहरूको संकलन संपादन, छायाङ्कन, संस्कृत नाटको लेखन प्रदर्शनजस्ता कार्यक्रम र प्रचारात्मक कार्यक्रमलाई अगाडि बढाउनुपर्छ भन्ने मान्यता संस्थाको रहिआएको र यस मान्यतालाई अगाडि बढाउनुपर्छ भन्ने कुरा पनि पुनःसंस्मरण गराउन चाहन्छु।

१८. अन्य विषयवस्तु

संस्कृतको उन्नतिका लागि संस्थाले राष्ट्र र सरकारका सामु महत्त्वपूर्ण सबालहरू उठाउनुपर्ने भएको छ। जसमा नेपाल प्रज्ञा प्रतिष्ठानमा संस्कृत विभाग गठनको माग, गोरखापत्रमा संस्कृत पृष्ठको माग, खुल्ला विश्वविद्यालयमा संस्कृतका विषयहरूको प्रवेश, सबै विश्वविद्यालयहरूमा संस्कृतका विषय र भाषाको प्रवेश, संस्कृत एकेडेमीको स्थापना, संस्कृत शिक्षा र गुरुकुलहरूलाई दिइने रकमको वृद्धि, द्वन्द्वकालमा बन्द भएका संस्कृत विद्यालयहरूमा संस्कृतको पठनपाठनको पुनः सञ्चालन, संस्कृत विश्वविद्यालयको सुधार, विकास विस्तार, नेपालका मठमन्दिर, धार्मिक तीर्थस्थलको संरक्षण, पूजाआजा, जात्रापर्व, उत्सव,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेला आदिको संरक्षण, अन्तर्राष्ट्रिय संस्कृत पुस्तकालयको स्थापना जस्ता विषयवस्तु पनि राज्यसामु यस संस्थाले उठाउनुपर्ने भएको छ।

१९. अन्त्यमा :

यस समिति गठन भएपछि यी विभिन्न कामहरू भएका छन् तर जति गर्न चाहेका थियौं त्यही मात्रामा सबै काम सम्पन्न हुन भने सकेका छैनन्। जति काम भएका छन् ती सबै साथीहरूको सहयोगबाट, प्राध्यापक, विद्यार्थीहरूको सहयोग सद्भावनाबाट सम्भव भएका हुन्। कमीकमजोरी हाम्रो हो, यहाँहरूसमक्ष कमीकमजोरीहरूलाई सुधार्दै लैजाने प्रतिवद्धता पनि अनुरोध गर्दछु। अन्त्यमा पुनः सबैलाई हार्दिक धन्यवाद दिदै यो विवरण यही अन्त्य गर्दछु॥

जयतु संस्कृतम्।

२०६८। ५। १७ गते

नवराज कट्टेल
सदस्य-सचिव

❋❋❋

Jayatu Sanskritam, Kathmandu, Nepal

CG-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम्

अनामनगर काठमाण्डौं

आय तथा व्यय विवरण

आ.व.२०६७/०६८

खर्च			आम्दानी		
गत वर्षको	विवरण	यस वर्षको	गत वर्षको	विवरण	यस वर्षको
४७,०००.००	तलब	४१,०००.००	१५९,५३९.४६	बैंक ब्याज प्राप्त	२०४,८१६.२०
५७,०७२.००	विविध खर्च	३,२६५.००		नेपाल सरकारबाट सहयोग प्राप्त	२००,०००.००
	कार्यक्रम खर्च	३९,६९१।००	६,२३५.००	विभिन्न व्यक्तिबाट सहयोग प्राप्त	१७,२००.००
२२,३०५.८७	संचार खर्च	९,६२८.५८	१,०००।००	विविध आम्दानी	
१०,०००.००	घरभाडा	१०,०००.००			
३,०००.००	लेखापरीक्षण खर्च	३,०००.००			
१०,५००.००	भ्रमण खर्च				
	ट्रासकट्टी खर्च	१,४२२।९९			
	पुस्तक प्रकाशन खर्च	२८,०००।००			
१६,८९६.५९	बचत (खर्च भन्दा आम्दानी बढी)	२८६,००८.६३		घाटा (आम्दानी भन्दा खर्च बढि)	
१६६,७७४.४६	जम्मा	४२२,०१६.२०	१६६,७७४.४६		४२२,०१६.२०

डा बद्री पोखेल
कोषाध्यक्ष

प्रा. विद्यानाथ उपाध्याय
अध्यक्ष

उदयप्रसाद पौडेल
लेखापरिक्षक

Jayatu Sanskritam, Kathmandu, Nepal

जयतु संस्कृतम्

अनामनगर काठमाण्डौं

वासलात

आ.व.२०६७/०६८

दायित्व				सम्पत्ति			
गत वर्षको	विवरण	रकम	यस वर्षको	गत वर्षको	विवरण	रकम	यस वर्षको
२,१४५,८९०.९४	साधारण कोष		२,४२४,९८०.८३		नगद मौज्दात:का.स.निम्मा।		५९.००
	गत वर्षको	२१६८,९७२.२०			पेत्रली बाँकि (नयराम कट्टेल।		२,८५३.००
	यस वर्षको	२८६,००८.६३		२१८८,६७७.६१	बैंक मौज्दात		२,४१०,७८७.२३
	जम्मा	२,४२४,९८०.८३			रा.वा.बैंक (बचत)	३७८,०३०.०१	
४८,४७८.६१	दिन बाँकि रकम		१३,७३५.६१		काठमाण्डौ फाइनान्स (बचत।	२३,७७३.०९	
	श्रीराम अधिकारी	४,७३५.६१			ने. आ. तथा वित्त कम्पनी (बचत।	१०८,९८४.१३	
	भवानी मर्थान अधिकारी	९,०००.००			काठमाण्डौ फाइनान्स (मुद्दति)	९५०,०००.००	
	जम्मा	१३,७३५.६१			ने. आ. तथा वित्त कम्पनी (मुद्दति)	५००,०००.००	
					नागरिक लगानी कोष	४५०,०००.००	
					जम्मा	२,४१०,७८७.२३	
				१,६८७५०	फर्निचर		१,२६५.६३
				४,००४।४४	कार्यालय उपकरण		२३,७५९.५८
२,१९४,३६९.५५	जम्मा		२,४३८,७१६.४४	२,१९४,३६९.५५	जम्मा		२,४३८,७१६.४४

डा.बद्री पोखेल
कोषाध्यक्ष

प्रा. निधानाथ उपाध्याय
अध्यक्ष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम

अनामनगर, काठमाडौं

आ.व. २०६७/०६८

स्थिर सम्पत्ति

क्र.सं.	विवरण	ह्रास कट्टी दर %	गत वर्षको अ.ल्या.	यस वर्षको थप	जम्मा	ह्रास कट्टी दर	जम्मा
१	फर्निचर	२५	१,६८७.५०		१,६८७.५०	४२१.८८	१,२६५.६३
२	प्रिटींग उपकरण	२५	४,००४.४४		४,००४.४४	१,००१.११	३,००३.३३
३	कम्प्युटर			१२,८००.००	१२,८००.००		१२,८००.००
४	साउण्ड सिस्टम			१४,८७५.००	१४,८७५.००		१४,८७५.००
	जम्मा		५,६९१.९४	२७,६७५.००	३३,३६६.९४	१,४२२.९९	३१,९४३.९६

प्रमाणित

Jayatu Sanskritam, Kathmandu, Nepal

जयतु संस्कृतम्

अनामनगर काठमाण्डौं

नगद प्रवाह विवरण

आ.व.२०६७/०६८

विवरण	यस वर्षको	गत वर्षको
क. सचालन गतिविधिको नगद प्रवाह		
आयकर अघिको बचत	२८६,००८.६३	१४,९९९.३६
समायोजन		
ह्रास कट्टी	१,४२२.९९	१,८९७.२३
कार्यशील पूजि परिवर्तन अघिको सचालन नगद प्रवाह	२८७,४३१.६२	१६,८९६.५९
चालु दायित्वमा भएको कमि	(३४,७४३.००)	३१,७३७.६१
पेश्कि, सापटी तथा धरौटीमा भएको वृद्धि	(२,८५३.००)	
सचालन गतिविधिको खुद नगद प्रवाह	२४९,८३५.६२	४८,६३४.२०
ख. लगानी गतिविधिको नगद प्रवाह		
सम्पत्ति खरीद	(२७,६७५.००)	
लगानी गतिविधिको नगद प्रवाह	(२७,६७५.००)	
ग. वित्तिय गतिविधिको नगद प्रवाह		
नगदमा भएको कुल कमि	१९४,४८५.६२	४८,६३४.२०
वर्षको प्रारम्भमा नगद तथा बैंक मोज्दात	२,१८८,६७७.६१	२,१४०,०४३.४१
वर्षको अन्त्यमा नगद तथा बैंक मोज्दात	२,३८३,१६३.२३	२,१८८,६७७.६१

डा. बद्री पोखेल
परीक्षाध्यक्ष

प्रा. विश्वनाथ उपाध्याय
सभापति

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्बिरमा जयतु संस्कृतम्का झलकहरू

जयतु संस्कृतम् शाखा धरानको विचार गोष्ठीमा सहभागीहरू

शाखा धरानको विचार गोष्ठीमा मञ्चआसीन व्यक्तित्व

शाखा धरानको विचार गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै रुक्मिणी मास्के

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोरपाटीमा आयोजित संस्कृत सम्भाषण शिविरमा सहभागी विशिष्ट व्यक्तित्व

दुवाकोटमा आयोजित दश दिवसीय संस्कृत सम्भाषण शिविरमा बोल्दै संस्थाका सदस्य सचिव नवराज कट्टेल र अन्य

दुवाकोटमा आयोजित संस्कृत सम्भाषण शिविरको झलक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जतयतु संस्कृतम् दिवस असार-१ मा जयतु संस्कृतम् स्तम्भमा माल्यार्पण गर्दै संस्थाका अध्यक्ष विद्यानाथ उपाध्याय (बार्या) र सदस्य सचिव नवराज कट्टेल

जतयतु संस्कृतम् दिवस असार-१ मा सहभागी सं.मा.वि. विद्यार्थीहरू

जतयतु संस्कृतम् दिवस असार-१ प्रभातफेरीमा डीएमी स्कुलका विद्यार्थीहरू

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जतयतु संस्कृतम् दिवसमा आयोजित वार्षिक कार्यक्रममा सहभागीहरू

डीएभी प्राङ्गणबाट जयतु संस्कृतम् दिवसको प्रभातफेरीमा विद्यार्थीहरू

ललितपुरमा जयतु संस्कृतम् दिवसको प्रभातफेरीमा विद्यार्थीहरू

CC-0. Digitized by eGangotri and MIDF- Delhi



डीएभी स्कुलबाट निस्किएको जयतु संस्कृतम प्रभातफेरीमा सहभागी हात्ती

दुवाकोटमा आयोजित दशदिवशीय संस्कृत सम्भाषण शिविरमा स्वस्ति वाचन गर्दै कान्तिभैरव गुरुकुल विद्यालय उत्तरगयाका विद्यार्थीहरू

संस्कृत सम्भाषण शिविर कार्यक्रममा सहभागीहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत कवि सम्मेलनमा कविता वाचन गर्दै डा. लक्ष्मीकान्त पन्थी

संस्कृत कवि सम्मेलनमा कविता वाचन गर्दै कृष्णप्रसाद न्यौपाने

संस्कृत कवि सम्मेलनमा कविता वाचन गर्दै मुकुन्द लामिछाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डीएमीद्वारा आयाजित जयतु संस्कृतम् दिवसको प्रभात फेरीमा छात्रावासका विद्यार्थीहरू

संस्कृत सम्भाषण शिविर जोरपाटीमा आतिथ्य ग्रहण गर्दै संस्थाका पदाधिकारीहरू

दशदिवसीय संस्कृत सम्भाषण शिविरका सहभागीहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मरणोपरान्त रोहिणी बल्लभ पोखरेललाई सम्मानित जयतु संस्कृतम् पुरस्कार २०६७ ग्रहणपछि उपराष्ट्रपति परमानन्द झाका साथमा पोखरेलकी धर्म पत्नी लगायत

जयतु संस्कृतम् पुरस्कार २०६७ वितरण कार्यक्रममा सहभागीहरु

तिनधारा संस्कृत छात्रवासमा आयोजित दशदिवसीय संस्कृत सम्भाषण शिविरमा सहभागीहरुलाई प्रमाण पत्र वितरण भर्नुहुँदै संस्थाका अध्यक्ष प्रा. विद्यानाथ उपाध्याय

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नववर्ष २०६९ को सुखद उपलक्ष्यमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

- जयतु संस्कृतम्
- वाल्मीकि विद्यापीठ
- संस्कृत सेवा परिषद्
- नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघ, (के.स.)
- प्राध्यपक संघ, वाल्मीकि विद्यापीठ एकाई समिति
- स्वतन्त्र विद्यार्थी यूनियन वाल्मीकि विद्यापीठ
- संस्कृत माध्यमिक विद्यालय, रानीपोखरी
- तीनधारा संस्कृत छात्रवास दरवार मार्ग काठमाडौं
- प्रजातन्त्रवादी प्राध्यापक संघ, संस्कृत विश्वविद्याल समन्वय समिति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ॥

जयतु संस्कृतम् का प्रकाशनहरू

१.	मङ्गलग्रहः (काव्यम्)	- डा. टीकाराम पन्थी
२.	कृष्णाभिसर्पणम् (काव्यम्)	- महाकवि भरतराज मन्थलीय
३.	मीमांसातर्कभाषा	- डा. काशीनाथ न्यौपाने
४.	चन्द्रप्रभा (काव्यम्)	- डा. टीकाराम अधिकारी
५.	संस्कृतकवितासङ्ग्रहः	- संयुक्त सम्पादन
६.	कलमाक्षरचरितकाव्यम्	- प्रा. तेजकेशरी शर्मा
७.	संस्कृतमा के छ ?	- संयुक्त लेखन
८.	जयतु संस्कृतम् (मुखपत्र)	- संयुक्त सम्पादन
९.	प्राकृतपोखरा (संस्कृतमा)	- अनु डा. लक्ष्मीकान्त पन्थी
१०.	लङ्कावतारसूत्रम्	- डा. काशीनाथ न्यौपाने
११.	चार्वाकदर्शन	- प्रा.रेवतीरमण खनाल
१२.	गौतमन्यायसूत्रम्	- अनु. प्रा. पद्मप्रसाद भट्टराई
१३.	ब्रह्मसूत्रम्	- अनु. प्रा. डा. दीर्घराज घिमिरे
१४.	जयतु संस्कृतम्	- मुखपत्र

जयतु संस्कृतम्
केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
दूरभाष: ४-३७०३७१

Jayatu Sanskritam, Kathmandu, Nepal